राष्ट्रिय योजना आयोगको सचिवालय

राष्ट्रिय योजना तथा अनुगमन क्षमता सुदृढीकरण आयोजना

---

# वन तथा भूसंरक्षण मन्त्रालयद्वारा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमको स्वतन्त्र मूल्याङ्कन प्रतिवेदन

# २०७३




साउथ एसिया इन्स्टिच्युट अफ एड्भान्स्ड स्टडिज (सिआस)
एनके सिंह मार्ग -३०६, मीनभवन-३४
पोष्ट बक्स नं.: २३४९९, काठमाडौं, नेपाल
फोन- ९७७ १ ४४६९८०१,
वेबसाइटः www.sias-southasia.org

सार परामर्श सेवा प्रालि,
किर्ति मार्ग वालकुमारी, कोटेश्वर, काठमाडौं
फोन नं ९७७ ०१५१४७०३८,
वेबसाइटः www.sarr.edu.np

# शब्दसार

| संक्षिप्त रुप | पूर्ण रुप | संक्षिप्त रुप | पूर्ण रुप |
|---|---|---|---|
| सा.व. | सामुदायिक वन | CF | Community Forest |
| स.आ.व.व्य.प. | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली | CBFM | Community Based Forest Management |
| व.उ.स. | वन उपभोक्ता समूह | FUG | Forest User Group |
| स्था.व.स. | स्थानीय वन समूह | LFG | Local Forestry Group |
| व.स.व.का. | बहुसरोकारवाला वन कार्यक्रम | MSFP | Multi-Stakeholder Forestry Programme |
| के.का. | केन्द्रित कार्यक्रम | CP | Core Programme |
| वि.का. | विषयगत कार्यक्रम | TP | Thematic Programme |
| गा.वि.स. | गाउँ विकास समिति | VDC | Village Development Committee |
| गै.स.स. | गैह्र सरकारी संस्था | NGO | Non-Government Organisaiton |
| जि.वि.स. | जिल्ला विकास समिति | DDC | District Development Committee |
| व.वि. | वन विभाग | DoF | Department of Forest |
| स.आ.व.का. | समूहमा आधारित वन कार्यक्रम | CBFP | Community Based Forestry Program |
| जि.व.अ. | जिल्ला वन अधिकृत | DFO | District Forest Officer |
| क्षे.व.नि. | क्षेत्रीय वन निर्देशक | RDF | Regional Director of Forest |
| जि.व.का. | जिल्ला वन कार्यालय | DFO | District Forest Office |
| का.स.इ. | कार्यक्रम सहयोग इकाई | SSU | Service Support Unit |
| का.स.का. | कार्यक्रम संयोजकको कार्यालय | PCO | Programme Coordinator's Office |
| व.स.नि.स | बहुसरोकारवाला निर्देशन समिति | MSSC | Multi Stakeholder Steering Committee |
| जि.व.क्षे.स.स | जिल्ला वन क्षेत्र समन्वय समिति | DFCC | District Forest Sector Coordination Committee |
| ल.स.छ. | लक्षित समूह छलफल | FGD | Focus Group Discussion |

| | | | |
|---|---|---|---|
| मु.जा.अ. | मुख्य जानिफकार अन्तर्वार्ता | KII | Key Informant Interview |
| वा.क्रि.यो. | वार्षिक क्रियाकलाप योजना | YPO | Yearly Plan of Operation |
| जि.व.क्ष.यो. | जिल्ला वन क्षेत्र योजना | DFSP | District Forestry Sector Plan |
| मा.श्रो.वि. | मानविय स्रोत विकास | HRD | Human Resource Development |
| व.उ.म | वन उद्यम महाशाखा | FED | Forest Enterprise Division |
| ने.उ.वा.म. | नेपाल उद्योग वाणिज्य महासंघ | FNCCI | Federation of Nepalese Chambers of Commerce and Industries |
| जि.डि.पी. | कुल ग्रार्हस्थ उत्पादन | GDP | Gross Domestic Product |
| स्था.अ.का.यो. | स्थानीय अनुकूलन कार्यक्रम योजना | LAPA | Local Adaption Plan of Action |
| सा.अ.यो. | सामुदायिक अनुकूलन योजना | CAP | Community Adaption Plan |
| एस.डि.सी. | स्वीस विकास नियोग | SDC | Swiss Agency for Development and Cooperation |
| डि.एफ.आ.डि. | अन्तर्राष्टिय सहयोग विकास बिभाग | DFID | Department for International Development |
| ला.ला.अ. | लाभ लागत अनुपात | BCR | Benefit Cost Ratio |
| अ.आ.प.द. | आर्थिक आन्तरिक प्रतिफल दर | EIRR | Economic Internal Rate of Return |
| वि.आ.प्र.द. | वित्तीय आन्तरिक प्रतिफल दर | FIRR | Financial Internal Rate of Return |
| हि.वा.क.लि. | हिमालयन वायो ट्रेड कम्पनि लिमिटेड | HBTCL | Himalayan Bio-trade Company Limited |

# विषय सूची


**कार्यकारी सारांश** **१**

**परिच्छेद १ : बहुसरोकारवाला वन कार्यक्रमको मूल्याङ्कन विधि** **१४**

*१.१ मूल्याङ्कनको पृष्ठभूमि* *१४*

*१.२ मूल्याङ्कनको उद्देश्य* *१४*

*१.३ मूल्याङ्कनबाट आशातित उपलब्धी* *१४*

*१.४ मूल्याङ्कनको प्रारुप* *१५*

*१.५ मूल्याङ्कन विधि* *१५*

*१.६ तथ्याङ्क विश्लेषण* *२३*

*१.७ मूल्याङ्कनको सीमा* *२६*

*१.८ मूल्याङ्कन प्रतिवेदनको स्वरुप* *२६*

**परिच्छेद २: बहुसरोकारवाला वन कार्यक्रमको आधारभूत जानकारी** **२७**

*२.१ बहुसरोकारवाला वन कार्यक्रमको परिचय* *२७*

*२.२ कार्यक्रमका उद्देश्य तथा अपेक्षित उपलब्धी* *२७*

*२.३ कार्यक्रमका मुख्य क्रियाकलापहरु* *२७*

*२.४ कार्यक्रमको भौगोलिक कार्य क्षेत्र र कार्यक्रम कार्यान्वियन गर्ने निकायहरु* *२८*

*२.५ बहुसरोकारवाला वन कार्यक्रमको कार्यान्वियन ढाँचा* *२९*

*२.६ कार्यक्रमको बजेट* *२९*

**परिच्छेद ३ : तथ्याङ्क तथा नतीजाको विश्लेषण** **३१**

*३.१ कार्यक्रमको प्रथम चरणको कार्य सम्पादनको अवस्था* *३१*

*३.२. कार्यक्रमको सान्दर्भिकता* *३६*

*३.३ कार्यक्रमको प्रभावकारिता* *४१*

*३.४ कार्यदक्षता* *५२*

*३.५ प्रभाव* *५६*

*३.६ कार्यक्रमको दिगोपना* *६३*

*३.७ समग्र मूल्याङ्कन नतीजाको सारांश* *६५*

**परिच्छेद ४ : मूल्याङ्कनको सारांस र सिफारिसहरु** **६६**

*४.१ कार्यक्रम कार्यान्वियन गर्ने ढाँचाको (संरचना) व्यवस्था* *६६*

*४.२ कार्यक्रमको प्रथम चरणको कार्य सम्पादनको अवस्था* *६७*

*४.३ कार्यक्रमको सान्दर्भिकता* ६८

*४.४ कार्यक्रमको प्रभावकारिता* ६९

*४.५ कार्यक्रमको कार्यदक्षता* ७०

*४.६ कार्यक्रमको प्रभाव* ७०

*४.७ कार्यक्रमको दिगोपना* ७१

*४.८ अधिकारवालाहरुको सन्तुष्टि र समावेशिता* ७१

*४.९ निष्कर्ष* ७५

*४.१० सिकाईहरु* ७६

*४.११ सुझाव तथा सिफारिसहरु* ७७

*४.१२ कार्य योजना* ८०

**अनुसूचीहरु** **८१**

**अनुसूची १ः छनौटमा परेका स्थानीय वन समूहहरुको विवरण** **८२**

**अनुसूची २ः प्रश्नावलीहरु** **८६**

**अनुसूची ३ : सरोकारवालाहरुसँगको छलफलको लागि चेकलिष्ट** **९९**

**अनुसूची ४ : घटना अध्ययन** **१०९**

**अनुसूची ५ : कार्यक्रमको सोच तालिका** **११४**

**अनुसूची ६ : जिल्लास्तरमा छलफल गरिएका निकायहरु, सर्वेक्षण गरिएका संस्थाहरु, सहजकर्ता र सर्वेक्षकहरुको विवरण** **१२६**

**अनुसूची ७ः मूल्याङ्कनको क्रममा छलफल गरीएका संस्था तथा सहभागीहरुको सूची** **१२९**

**अनुसूची ८ः सहायक तालिकाहरु** **१३३**

**अनुसूची ९ः मूल्याङ्कनको क्रममा विभिन्न स्रोतबाट प्राप्त जानकारीहरुको त्रिभूजीकरण विश्लेषण** **१३९**

**अनुसूची १० : बहुसरोकारवाला वन कार्यक्रमको सहयोगमा सञ्चालित विभिन्न क्रियाकलापहरुका झलक** **१४१**

**सन्दर्भ सामाग्री** **१४४**

**मुख्य तालिका सूचीः**

तालिका १: मूल्याङ्कनका लागि छनौट भएका जिल्लाहरु १६
तालिका २: छनौट गरिएका नमूना घरधुरीको संख्या १७
तालिका ३: छनौट गरिएका नमूना घरधुरीको संख्या १८
तालिका ४: जिल्लाका वन समूहको साधारण जानकारी १९
तालिका ५: घरधुरीको खाद्य सुरक्षाको अवस्था २०
तालिका ६: छनौटमा परेका वन समूहहरुको आमभेला तथा समिति बैठकको अवस्था २१
तालिका ७: जिल्ला, गाविस, वन समूह, घरधुरी र संस्था छनौट गर्ने आधारहरु २२
तालिका ८: त्रिभूजिकरणको खाका २४
तालिका ९: मूल्याङ्कन नतीजा स्तरीकरणका मापदण्ड र निर्णयाधारहरु २५
तालिका १०: केन्द्रित कार्यक्रम सञ्चालित जिल्लाहरुमा वन समूहहरुका प्रकार र संख्या २८
तालिका ११: कार्यक्रमको बजेट तथा बजेटको विनियोजन २९
तालिका १२: बजेट प्रवाहको माध्यम ३०
तालिका १३: कार्यक्रमको आशातित उपलब्धी अनुसार बजेटको विनियोजन ३०
तालिका १४: कार्यक्रमको प्रथम चरणको मुख्य लक्ष्य तथा उपलब्धी ३५
तालिका १५: वन कार्यक्रमको सान्दर्भिकता र उपयोगिता ३७
तालिका १६: कार्यक्रमको कार्यान्वयन गर्ने निकायहरुबाट उपलब्ध भएका सेवाहरुको अवस्था तथा अधिकारवाला उपभोक्ताको सन्तुष्टि ४३
तालिका १७: कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको सहयोग र क्रियाकलापको सन्तुष्टि ४४
तालिका १८: कार्यक्रमबाट महिला, विपन्न र दलित लाभान्वितको अवस्था ४६
तालिका १९: व.उ.स. को कोष व्यवस्थापन ४७
तालिका २०: व.उ.स.को कोष व्यवस्थापनमा सदस्यहरुको बुझाई ४८
तालिका २१: उपभोक्ताको आवश्यकता अनुसारका क्रियाकलाप ४९
तालिका २२: लाभ र लागत विश्लेषण ५३
तालिका २३: कार्यक्रमको उपलब्धी अनुसार बजेट विनियोजन तथा खर्च विश्लेषण ५५
तालिका २४: कार्यक्रमको सहयोगमा वन उद्यम तथा रोजगारीको सिर्जना ५७
तालिका २५: वन उद्यम सम्बन्धी सहयोग ५७
तालिका २६: आयआर्जन तथा जिविकोपार्जन सुधारमा सहयोगको अवस्था ५८
तालिका २७: जलवायु परिवर्तन सम्बन्धी प्राप्त सहयोग र त्यसको उपयोग ५९
तालिका २८: व.उ.स.ले प्राप्त गरेको जलवायु परिवर्तन सम्बन्धी सहयोग ६०
तालिका २९: महिला, गरिब र दलित वर्गको सहभागिता ६२
तालिका ३०: सरोकारवाला निकायले गरेको क्रियाकलापको सन्तुष्टि ६३
तालिका ३१: बाह्य सहयोग विना व.उ.स को क्रियाकलापको निरन्तरता ६४

## चित्र सूची:


चित्र १: बहुसरोकारवाला वन कार्यक्रमको ढाँचा २
चित्र २: मूल्याङ्कन गरिएका जिल्लाहरु १६
चित्र ३: उत्तरदाताको सम्पन्नता स्तरीकरण २०
चित्र ४: बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयनको ढाँचा २९
चित्र ५: जि.व.का ले गरेका काम सेवाको सन्तुष्टि ४३
चित्र ६: जिल्ला वन कार्यालयको कामप्रति नमूना घरधुरीका उत्तरदाताको प्रतिक्रिया ४६
चित्र ७: कार्यक्रमको कार्यान्वयन गर्ने निकायहरु बीचको समन्वय ५०
चित्र ८: औसत लाभ लागत अनुपात ५३
चित्र ९: कार्यक्रमको बजेट विनियोजन ५४
चित्र १०: कार्यक्रमको बजेट प्रवाह माध्यम ५५
चित्र ११: दिगो बन व्यवस्थापन र वन क्षेत्रमा आएका सकारात्मक परिवर्तन ६१


## अनुसूची तालिका सूची:


अनुसूची तालिका १: छनोटमा परेका स्थानीय वन समूहको विवरण ८२
अनुसूची तालिका २: कार्यक्रमको सोच तालिका ११४
अनुसूची तालिका ३: जिल्लास्तरमा छलफल गरिएका निकायहरु, सर्वेक्षण गरिएका संस्थाहरु, सहजकर्ता र सर्वेक्षकहरुको विवरण १२७
अनुसूची तालिका ४: जिल्लास्तरमा छलफल गरीएका संस्था तथा सहभागीहरुको सूची १२९
अनुसूची तालिका ५: समुदायस्तरमा छलफल गरिएका व्यक्तिहरुको सूची १३०
अनुसूची तालिका ६: राष्ट्रियस्तरमा छलफल गरिएका संस्था तथा व्यक्तिहरुको सूची १३२
अनुसूची तालिका ७: ब.स.व.का.को उपभोक्ताको आवश्यकता अनुसारको क्रियाकलाप १३३
अनुसूची तालिका ८: ब.स.व.क अन्तर्गत व.उ.स.बाट प्रदान गरिएको विभिन्न सहयोग १३४
अनुसूची तालिका ९: कार्यान्वयन गर्ने निकायहरुको कामको सन्तुष्टता १३४
अनुसूची तालिका १०: गैसस छनौटका आधारहरु १३५
अनुसूची तालिका ११: जि.ब.का ले. गरेका कामको सन्तुष्टता १३५
अनुसूची तालिका १२: व.स.व.का. अन्तर्गत गैससहरुले गरेको खर्च १३५
अनुसूची तालिका १३: ब.स.व.का.को दिगोपना १३५
अनुसूची तालिका १४: जि.व.का र गैससबाट गरिएका सहयोगहरु १३७
अनुसूची तालिका १५: मूल्याङ्कनको क्रममा विभिन्न स्रोतबाट प्राप्त जानकारीहरुको त्रिभूजीकरण विश्लेषण १३९

# कार्यकारी सारांश

बहुसरोकारवाला वन कार्यक्रम फिनल्याण्ड सरकार, स्वीस विकास सहयोग नियोग (एसडीसी) र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय सहयोग विभाग (डिएफआइडी) को संयुक्त आर्थिक सहयोगमा नेपाल सरकारद्वारा २०६८ सालबाट सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम २०७३ असारमा समाप्त भएको छ । यस कार्यक्रमको लक्ष्य नेपालका विपन्न र पछाडि पारिएका व्यक्तिहरुको जीविकोपार्जनमा सुधार ल्याउनु तथा जलवायु परिवर्तनवाट हुने जोखिम वहन क्षमता बृद्धि गर्नु रहेको थियो । यो कार्यक्रममा दिगो वन व्यवस्थापन, समावेशी आर्थिक विकास, गरिबी न्यूनीकरण र जलवायु परिवर्तनको सामना गर्ने कार्यमा वन क्षेत्रको योगदान बढाउने खालका विभिन्न क्रियाकलापहरु समावेश गरिएका थिए । कार्यक्रमका प्रमुख लाभान्वित वर्ग नेपालका ग्रामीण समुदायहरु, विशेष गरेर विपन्न तथा पछाडि पारिएका घरधुरीहरु थिए । वन तथा भूसंरक्षण मन्त्रालय, गैह्र सरकारी संस्थाहरु र निजी क्षेत्रको सहभागितामा यो कार्यक्रमको कार्यान्वयन भएको थियो । कार्यक्रमको बजेट रु ४ अर्ब ४५ करोड थियो ।

बहुसरोकारवाला वन कार्यक्रमले राखेका उद्देश्य तथा लक्ष्यहरु के कति प्राप्त भए र कार्यक्रमबाट के कस्ता सिकाई भए भन्ने कुराको लेखाजोखा गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगबाट स्वतन्त्र मूल्याङ्कनकर्ता मार्फत यस कार्यक्रमको मूल्याङ्कन गरिएको थियो । यस मूल्याङ्कनको मुख्य उद्देश्य बहुसरोकारवाला वन कार्यक्रमको कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपनाबारे लेखाजोखा गर्नु रहेको थियो । यस मूल्याङ्कनका लागि केन्द्रित रुपमा कार्यक्रम सञ्चालन भएका २३ जिल्ला र विषयगत रुपमा कार्यक्रम सञ्चालन भएका २० जिल्ला समेत गरी ४३ जिल्लालाई कार्यक्रम क्षेत्र मानी कार्यसर्तमा दिईएका आधारहरु अनुसार बहुसरोकारवाला वन कार्यक्रम लागु भएका जिल्लाहरुबाट सातवटै प्रदेश र तीनवटै पारिस्थितिकीय क्षेत्रको प्रतिनिधित्व हुने गरी ७ जिल्ला (सुर्खेत, अछाम, पर्वत, कपिलवस्तु, धनुषा, रामेछाप र संखुवासभा) छनौट गरिएको थियो । यस मूल्याङ्कनका क्रममा घरधुरी सर्वेक्षणका लागि कार्यक्रमबाट सहयोग प्राप्त गरेका घरधुरी (जसलाइ intrevention group भनिएको छ) र कार्यक्रमबाट सहयोग नपाएका घरधुरी (जसलाई comparision group भनिएको छ) दुवै गरी १,५८४ घरधुरी छनौट गरिएको थियो जसमध्ये १,१८४ घरधुरी intervention समूहमा र ४०० घरधुरी comparision समूहमा रहेका थिए । मूल्याङ्कनका लागि छनौट भएका जिल्लाहरुमा कार्यक्रम कार्यान्वयन गर्ने १८ गैह्र सरकारी संस्थाहरु (गैसस) र २८ वटा गाँउ विकास समिति (गाविस) का ५६ वटा वन उपभोक्ता समूहहरु ( व.उ.स) गरी ८१ वटा संस्थाहरुको संस्थागत सर्वेक्षण गरिएको थियो ।

यस मूल्याङ्कनका लागि प्राथमिक र द्वितियक दुबै किसिमको तथ्याङ्क सङ्कलन गरिएको थियो र तथ्याङ्कहरु मात्रात्मक र गुणात्मक दुबै प्रकारका छन् । यी तथ्याङ्कहरु सङ्कलन गर्नका लागि विभिन्न प्रक्रिया, औजारहरु तथा प्रश्नावली प्रयोग गरिएको थियो । यो मूल्याङ्कन कार्यसर्त अनुसार समग्रमा आएका नतीजालाई स्तरीकरण गरी मूल्याङ्कनबाट निष्कर्ष निकाली नीतिगत तथा कार्यगत सिफारिस गरिएको छ । यस कार्यक्रमको कार्यान्वयन सुरु भएको ४ वर्ष मात्र भएको र पछिल्ला २ वर्षमा मात्र अधिकांश क्रियाकलाप सम्पन्न भएकाले वनस्रोत तथा जीविकोपार्जनमा परेको पूर्ण प्रभाव हेर्ने बेला भइनसकेको हुनाले यो मूल्याङ्कनले कार्यक्रमको प्रारम्भिक प्रभाव मूल्याङ्कन गरेको छ र यो अध्ययन प्रक्रिया मूल्याङ्कनमा बढी केन्द्रित छ ।

## कार्यक्रमको प्रथम चरणको कार्य सम्पादनको अवस्था

कार्यक्रमको प्रथम चरणका लागि २ वटा मुख्य कोसेढुंगा (Milestones) : राष्ट्रिय वन रणनीतिको तयारी र राष्ट्रिय वन संयन्त्रको तयारीमध्ये राष्ट्रिय वन रणनीतिको तयारी भइ स्वीकृत पनि भइसकेको र राष्ट्रिय वन संयन्त्रको निर्माण हुन नसकेको पाइयो । नेपालमा सहभागितामूलक बैज्ञानिक वन व्यवस्थापन (Scientific Forest Management) कार्यक्रम परिक्षणको रुपमा सञ्चालन गर्न वन तथा भूसंरक्षण मन्त्रालयलाई सहयोग गरी ६ जिल्लाबाट बैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सुरुवात भई हाल कार्यक्रमको सबै जिल्लामा विस्तार भएको पाइयो ।

समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रको विस्तार (समुदायमा आधारित वन व्यवस्थापन समूहको गठन तथा वन हस्तान्तरण) ४०,००० हेक्टरमा (हे.) गर्ने लक्ष्य राखिएकोमा ५१,०५० हे.मा विस्तार भएको, वन क्षेत्रबाट रोजगारी सिर्जना ३२,००० जनालाई गर्ने लक्ष्य राखिएकोमा करिव २५,००० जनालाईमात्र रोजगारी सिर्जना भएको, २,२०,००० घरधुरीलाई जलवायु जोखिम कम गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिएकोमा करिव २,३०,००० घरधुरीलाई सहयोग पुऱ्याएको देखिन्छ । ७८,४०६ विपन्न घरपरिवारको आयआर्जन तथा जिविकोपार्जनमा सहयोग पुऱ्याएको देखिन्छ ।

प्रथम चरणको कुल बजेटमध्ये रु ३,६९,०६,८९,४८५ (८३ %) खर्च भएको देखिन्छ । १७ % बजेट खर्च हुन नसक्नुका कारणहरुमा कार्यक्रम ढिला सुरु हुनु, कार्यान्वयन गर्ने गै.स.स निकायहरुको छनौट ढिला हुनु तथा डलरको सटही दरबाट थप रकम प्राप्त हुनु रहेको पाइयो । कार्यक्रमले ७०% भन्दा माथि बजेट स्थानीयस्तरमा पुऱ्याउने लक्ष्य राखेकोमा करिव ८०% बजेट स्थानीय तथा समुदायस्तरमा पुगेको देखिन्छ ।

कार्यक्रम कार्यान्वयन ढाँचाका अनुसार वन तथा भूसंरक्षण मन्त्रालय वा सरकारी निकायले कार्यक्रमको नेतृत्व गर्ने भन्ने परियोजना दस्ताबेजमा उल्लेख भएता पनि कार्यक्रमको स्वामित्व सरकारी निकायले पूर्ण रुपमा लिन सकेको पाइएन ।

**चित्र १: बहुसरोकारवाला वन कार्यक्रमको ढाँचा**



बजेटको ठूलो हिस्सा गैह्र सरकारी निकाय मार्फत समुदायमा जाने भएकोले सरकारी निकायले त्यस प्रति जवाफदेहिता लिएको देखिएन । गैह्र सरकारी कार्यान्वयन निकाय पनि कार्यक्रमको ढाँचासँग सन्तुष्ट देखिएनन् । कार्यक्रम कार्यान्वयनमा धेरै तह रहेको हुनाले कतिपय अवस्थामा स्पष्ट रुपमा सञ्चार नहुने समस्या आएको पाइयो । यस कार्यक्रमका ३ वटा दातृ निकायहरुले विगतमा यस्ता वन कार्यक्रमहरु आफ्नै तरिकाले छुट्टाछुटै सहयोग तथा सञ्चालन गरी रहेकामा यस कार्यक्रम मार्फत संयुक्त रुपमा सहयोग गरेको सन्दर्भमा दातृ निकायहरुका आ-आफ्नो प्राथमिकता तथा चासोलाई व्यवस्थापन गर्नु महत्वपूर्ण कार्य थियो । तर ३ वटा दातृ निकायहरु बीच  प्रभावकारी रुपमा समन्वय गर्ने काम दातृ निकायका सम्बन्धित कर्मचारीहरुबाट हुन नसकेको पाइयो जसले गर्दा दातृ निकायहरु बीच कार्यक्रमलाई हेर्ने दृष्टिकोण फरक फरक रह्यो । समग्रमा कार्यक्रमसँग सम्बन्धित तीनवटै पक्ष नेपाल सरकार, दातृ निकाय र कार्यक्रम कार्यान्वयनमा सघाउने गैह्र सरकारी निकाय सन्तुष्ट नदेखिएको हुँदा कार्यक्रम कार्यान्वयन गर्ने संरचना त्यति सफल देखिएन । माथि उल्लेखित कारणहरुले गर्दा कार्यक्रम कार्यान्वयनको प्रभावकारितामा असर पर्‍यो ।

यद्यपि कार्य सम्पादनको समग्र प्रगतिका हिसावले कार्यक्रमको प्रथम चरणका गतिविधीहरुको कार्य सम्पादन सन्तोषजनक पाइयो ।

## कार्यक्रमको सान्दर्भिकता

यस कार्यक्रमका प्राथमिकताका क्षेत्र तथा क्रियाकलापहरु नेपाल सरकारको नीति, प्राथमिकता तथा कार्यक्रम अनुसार नै भएको पाइयो । नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको लक्ष्य, उद्देश्य तथा प्राथमिकताका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग पुग्ने गरी कार्यक्रमको दस्तावेज तयार भएको र सोही अनुसार कार्यान्वयन भएको पाइयो । कार्यक्रमको सोच तालिकाको विश्लेषण गर्दा कार्यक्रमको लक्ष्य गरिबी न्यूनीकरणमा योगदान गर्ने रहेको थियो जुन नेपाल सरकारको तेह्रौ त्रिवर्षीय योजनाको उद्देश्यसँग मिल्छ ।

जिल्लास्तरमा कार्यक्रमको प्राथमिकता जिल्ला विकास समितिको जिल्ला आवधिक योजना तथा जिल्ला वन क्षेत्रगत कार्यक्रमले निर्दिष्ट गरे अनुसार भएको पाइयो । नेपाल सरकारको योजना तर्जुमा प्रक्रिया अनुसार नै कार्यक्रमको योजना तर्जुमा हुने तथा कार्यक्रमका सबै योजनाहरु जिल्ला परिषद्मा प्रस्तुत भई छलफल तथा स्वीकृत भएपछि मात्र कार्यान्वयन हुने गरेको पाइयो । यसरी नेपालको वन क्षेत्रको विकासमा यो कार्यक्रम सान्दर्भिक नै देखिन्छ ।

## कार्यक्रमको प्रभावकारिता

कार्यक्रमको प्रभावकारिताका बारेमा विभिन्न सरोकारवालाहरुको विभिन्न बुझाइहरु रहेको पाइयो । वन तथा भूसंरक्षण मन्त्रालय वा सरकारी निकायले कार्यक्रमको नेतृत्व गर्ने भन्ने कार्यक्रम  दस्तावेजमा उल्लेख भएता पनि कार्यक्रमको स्वामित्व सरकारी निकायले सोच अनुरुप लिईएको पाईएन । कार्यक्रम संयोजकको कार्यालयमा पर्याप्त कर्मचारीको अभाव, छिटो छिटो कर्मचारीको परिवर्तन (४ वर्षमा ४ जना कार्यक्रम संयोजक रहनु भएको), बजेटको ढिला स्वीकृत तथा निकासा आदि कारणले गर्दा कार्यक्रम संयोजकको कार्यालयले अपेक्षा गरे अनुरुप भूमिका खेल्न नसकेको पाइयो । बहुसरोकारवाला वन कार्यक्रमको निर्देशन समिति (Steering Committee) मा परियोजना संयोजकको कार्यालय जुन दक्षताका साथ उपस्थित हुन सक्नुपर्दथ्यो, त्यो तहमा हुन नसकेको फलस्वरुप कार्यक्रममा दातृ निकायहरु र गैसस निकायहरु हावी भएको कुरा वन तथा भूसंरक्षण मन्त्रालय भित्रका केही अधिकारीहरुले अनुभूत गरेको पाइयो । साथै, कार्यक्रममा दैनिक भत्ता तथा कार्यालय सञ्चालन खर्चका बारेमा भएका अस्पष्टताले पनि कार्यक्रम सञ्चालनमा अप्ठेरो परेको पाइयो । वन तथा भूसंरक्षण मन्त्रालय, वन विभाग र जिल्ला वन कार्यालयका सम्बन्धित अधिकारीहरुसँग छलफल गर्दा यो कार्यक्रममा दातृ निकाय स्वयम् र गैह्र सरकारी संस्थाहरु बढी सक्रिय भएको र उनैले नेतृत्व गर्ने कार्यक्रम भएको बुझाइ पाइयो । तर स्थानीय तहमा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा सरोकारवालाहरुसँग र स्थानीय जानिफकारसँग छलफल गर्दा कार्यक्रम बारे माथिल्लो तहमा के कस्ता विवाद छन् भन्ने बारेमा जानकारी नभएको पाइयो र नीतिगत तहमा भएका

संरचनागत सवालहरुले समुदायस्तरमा कार्यक्रमको प्रभावकारितामा खासै असर नपरेको पाइयो । यद्यपि कार्यान्वयन ढाँचामा नेपाल सरकार वन मन्त्रालय, दातृ निकाय र साझेदारी गैह्र सरकारी संस्था कुनै पनि सन्तुष्ट नभएको पाइयो र वन मन्त्रालयको अपनत्व र नेतृत्व नहुँदा करीव यो कार्यान्वयन मोडेल जटिल बन्न गइ कार्यान्वयन ढाँचा कम प्रभावकारी देखियो ।

त्यसै गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट गर्न वन तथा भूसंरक्षण मन्त्रालय, दातृ निकाय, निर्देशन समिति, कार्यक्रमको संयोजकको कार्यालय तथा कार्यक्रम सहयोग इकाईको प्रतिनिधि सम्मिलित एक कार्यदल गठन गरी उक्त कार्यदलले २ महिना लगाएर सबै सरोकारवालासँग छलफल गरी टेन्डर दस्तावेज तयार गरेको थियो । उक्त टेन्डर प्रतिवेदनमा संस्था छनौटका मापदण्ड तथा प्रक्रिया, टेन्डरको समयावधी, प्रस्तावना मूल्याङ्कनका विस्तृत आधारहरु, कार्यान्वयन निकायको भूमिका, कार्यान्वयन निकायले कार्यान्वयन गर्नुपर्ने मुख्य क्रियाकलापहरु उल्लेख गरी संस्था छनौटका लागि निर्धारित मापदण्ड, आधारहरु तथा प्रक्रिया स्पष्ट रुपमा तोकिएको र सार्वजनिक गरेको पाइयो । संस्था छनौटका लागि मुख्य मापदण्डमा संस्थाको दर्ता तथा कानुनी हैसियत, संस्थाको कार्य अनुभव तथा प्रोफाइल, संस्थाको मानवीय स्रोत, कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक विधि तथा पद्धति रहेको पाइयो ।

तर सबै मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट गरिए पनि उक्त छनौट प्रक्रिया विवादरहित भने रहेन । कार्यक्रमको सुरुवातमै गरिएको टेन्डरको नतीजा प्रकाशित भए पछि उक्त प्रक्रियामा चाखहरुको द्वन्द्व भयो भनि विरोध आए पछि निर्देशन समितिको निर्णय अनुसार उक्त प्रक्रिया रद्द गरिएको थियो । दोस्रो पटक पुनः विज्ञापन गरी मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट प्रक्रिया सचेतता पूर्वक गरेको भएता पनि प्रक्रिया पुरा गर्न करीव ६ महिना लागेको देखिन्छ जस्ले गर्दा कार्यक्रमको कार्यान्यवनको सुरुवात नै ढिलो भएको पाइयो ।

तर कार्यक्रमको ४ वर्ष अवधिको लक्ष्य र उपलब्धीलाई विशलेषण गर्दा रोजगारी सिर्जना गर्ने, राष्ट्रिय वन संयन्त्र बनाउने र निजी क्षेत्रको लगानी आकर्षित गर्ने बाहेकका अन्य लक्ष्यहरु पूर्ण रुपमा हासिल गरेको पाइयो । समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रको विस्तार ४०,००० हे. गर्ने लक्ष्य राखिएकोमा ५१,०५० हे.मा विस्तार भएको, २,२०,००० घरधुरीलाई जलवायु जोखिम कम गर्न सहयोग पुर्‍याउने लक्ष्य राखिएकोमा करिव २,३०,००० घरधुरीलाई सहयोग पुर्‍याएको देखिन्छ । १५ वटा वन व्यवस्थापन सम्बन्धी राष्ट्रियस्तरका नीतिगत दस्ताबेजहरु जस्तै नीति, रणनीति, योजना, मार्गदर्शनहरुको तयारी तथा पुनरावलोकन गर्ने लक्ष्य राखिएकोमा १६ वटा नीतिगत दस्ताबेजहरु तयार भएका र २ करोड विरुवा उत्पादन र वृक्षारोपण गर्ने लक्ष्य राखिएकोमा २ करोड २० लाख विरुवा वृक्षारोपण गरेको पाइयो ।

## कार्यक्रमको कार्यदक्षता

कार्यक्रमको कुल बजेटमध्ये यस मूल्याङ्कनको बेला सम्ममा ८३ % खर्च भएको पाइयो । कार्यक्रमले वार्षिक रुपमा बजेट प्रवाह विश्लेषण (Fund Flow Analysis) गरी बजेटलाई कार्यक्रमको उद्देश्य अनुरुप खर्च भए नभएको हेर्ने तथा सोही अनुरुप पुनः योजना बनाउने गरेको पाइयो ताकि लक्षित क्षेत्रमा बजेट विनियोजन सुनिश्चित होस । कार्यक्रमले बजेट प्रवाह विश्लेषण गरी ७० % भन्दा माथि बजेट जिल्ला तथा स्थानीयस्तरमा पुऱ्याउने लक्ष्य राखेकोमा समग्रमा कार्यक्रमको करिब ८० % बजेट जिल्ला तथा स्थानीयस्तरमा पुगेको पाइयो ।

कार्यक्रमको बार्षिक बजेट विनियोजनलाई विश्लेषण गर्दा आ.व.२०६८/६९ देखि आ.व. २०७१/७२ सम्म बजेट क्रमशः बढ्दै गएको पाइयो । आ.व.२०६८/६९ मा रु ५९,२०,००,००० भएको बजेट आ.व.२०७१/७२ मा रु १,५५,३०,००,००० भएको पाइयो । कुल खर्चको विवरण हेर्दा कुनै पनि उपलब्धीमा शत प्रतिशत खर्च नभएको देखियो । उपलब्धी १ (सरकारी र गैह्र सरकारी क्षेत्र नागरिक समाज, गैह्र सरकारी संस्था, समुदाय र निजी क्षेत्रले मिलेर वन क्षेत्रको समावेशी रणनीति, नीति र योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्ने छन), ३ (ग्रामीण समुदाय - खासगरी गरिब, पछाडि परेका र जलवायु परिवर्तनको जोखिममा भएका व्यक्ति तथा परिवारहरु - स्थानीय वन व्यवस्थापन र अन्य लगानीबाट लाभान्वित हुने छन्) र ४ (सरकार, समुदाय र निजी क्षेत्रले वन एवं रुखबिरुवाको दिगो व्यवस्थापन र अनुगमन गर्दै जलवायु परिवर्तनको सामना गर्न सक्ने वहन क्षमता बृद्धि गर्ने छन्) को लागि विनियोजन गरिएको बजेटमध्ये दुई तिहाई भन्दा वढी बजेट खर्च भएको तर उपलब्धी २ (निजी क्षेत्र - किसान, उद्यमी र वित्तीय संस्थाले वन क्षेत्रमा लगानी र रोजगारी बढाउने छ) मा निकै कम (३३%) खर्च भएको देखिन्छ । कार्यक्रमको प्रगति हेर्दा पनि उपलब्धी २ निजी क्षेत्र (किसान उधमी र वित्तीय संस्था) ले वन क्षेत्रमा लगानी र रोजगारी बढाउने उद्देश्यको प्रगति लक्ष्य अनुसार नभएको देखिन्छ । कार्यक्रमको उपलब्धी ३ का लागि कार्यक्रमले सबैभन्दा बढी बजेट (४८%) बिनियोजन गरेको देखिन्छ जुन कार्यक्रमको मुख्य लक्षित वर्ग विपन्न तथा पछाडि पारिएकाको जिबिकोपार्जन सहयोग तथा जलबायु परिवर्तन जोखिम कम गर्ने क्रियाकलापसँग सम्बन्धित छ । यस उपलब्धीमा विनियोजित बजेट मध्ये ६६% बजेट खर्च भएको देखिन्छ । कार्यक्रमको उपलब्धी ४ जुन वन व्यवस्थापनसँग सम्बन्धित छ, सबैभन्दा बढी प्रतिशत (७८%) खर्च भएको देखिन्छ । यसरी कार्यक्रमको प्रगति तथा खर्चको बीच सिधा सम्बन्ध रहेको देखिन्छ ।

सुरुका वर्षहरूमा संस्था छनौट लगायतका प्रक्रिया ढिलो भएको हुँदा कार्यक्रमका अन्य गतिविधिहरूमा खर्च नहुने अवस्थामा बजेट कम विनियोजन हुनु स्वाभाविक देखिन्छ । यसका साथसाथै संस्था छनौटका प्रक्रिया पुरा भएपछि संस्थाहरूलाई प्रदान गरिने सहयोग पनि किस्तामा प्रदान गर्नुपर्ने नियमलाई अवलम्बन गर्दै आंशिक रकम प्रदान गरिएको हुँदा बजेट सुरुका वर्षमा केही कम खर्च भएको देखिन्छ । तर कार्यक्रमका अन्तिम वर्षहरूमा सबैभन्दा धेरै बजेट विनियोजन हुनु तथा बजेट खर्च गर्न छिटो काम गर्नुपर्ने अवस्थाले कार्यक्रमको कामको गुणस्तरमा चुनौती थपेको देखियो ।

त्यसैगरी निकासा तथा खर्च सम्झौता अनुरूप समुदायमा लैजानका लागि केही कार्यान्वयन गर्ने निकायहरूले स्थानीय स्तरमा कार्यान्वयन गर्ने संस्थालाई सम्झौतामा तोके अनुसार समयमै किस्ता पठाउन नसक्नु र स्थानीय साझेदार संस्थाहरूमार्फत काम गर्दा कार्यक्रमका बारेमा साझा बुझाइ बन्न नसक्नु जस्ता कुराहरू चुनौतीको रूपमा रहेको पाइयो । जिल्लामा बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको बजेट विनियोजन र उपयोग क्षमताको कमी हुनु र दातृ निकायबाट ढिला बजेट स्वीकृत तथा निकासा हुनु आदि कारणले बजेट पूर्ण रूपमा उपयोग हुन नसकेको पाइयो । कार्यक्रमको समाप्ति हुने बेलातिर कार्यान्वयन गर्ने निकायहरू बजेटको ठूलो अंश समुदायमा पठाउने हतारमा हुनुले पनि कार्यक्रमको कुशल कार्यदक्षता देखिएन ।

## कार्यक्रमको प्रभाव

कार्यक्रम कार्यान्वयन भएको ४ वर्षको अवधिमा कार्यक्रमको पूर्ण प्रभाव हेर्ने अवस्था भई नसकेको भएता पनि कार्यक्रमबाट प्रारम्भिक प्रभावहरु हासिल भएका छन् । कार्यक्रमको सहजीकरण तथा निजी क्षेत्र समेतको सहभागितामा ६३३ वनमा आधारित वन उद्यमहरुको सवलीकरण गरी २५,४७४ जनालाई रोजगारी सिर्जना गरेको पाइयो । सिर्जना भएको रोजगारीमध्ये ४०% महिला तथा ६०% विपन्न वर्गकाले पाएका छन् । ७८,४०६ विपन्न घरधुरीहरुलाई विभिन्न खालका आयआर्जन तथा जीविकोपार्जनका क्रियाकलापहरु सञ्चालन गर्न कार्यक्रमले सहयोग पुऱ्याएको देखिन्छ । कार्यक्रमले करीव २,३०,५१७ जोखिममा परेका घरधुरीहरुलाई जलवायु परिवर्तनका जोखिम वहन गर्न सक्ने क्षमता वढाउन समुदायमा आधारित अनुकूलन योजना मार्फत सहयोग पुऱ्याएको पाइयो । हाल नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयले वैज्ञानिक वन व्यवस्थापनलाई आन्तरिकीकरण गरी प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा देशभरी नै विस्तार गर्दै लगेको छ । ३,१५० स्थानीय वन समूहहरुको विधान तथा कार्ययोजनाको परिमार्जन गरी यसलाई समय सापेक्ष, उपभोक्ताको आवश्यकतालाई सम्बोधन गर्ने, समूहको क्रियाकलापलाई विपन्न र पछाडि पारिएको वर्ग लक्षित बनाउने, जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न तथा समुदायको जोखिम वहन क्षमता वढाउन क्रियाकलापहरु समेटने गरी बनाउन सहयोग पुऱ्याएको पाइयो । विगत ४ वर्षमा वन उपभोक्ता समूहको निर्णय प्रक्रियामा महिला, दलित, विपन्न तथा मधेसी वर्गका उपभोक्ताहरुको सहभागिता बढ्दै गएको साथै वन समितिको संरचनामा उनीहरुको सहभागिता र संख्यामा बृद्धि भएको देखिन्छ । निष्कर्षमा यो कार्यक्रमलाई ठिकै प्रभाव पारेको कार्यक्रमको रुपमा स्तरीकरण गरिएको छ ।

## कार्यक्रमप्रति लाभग्राहीको सन्तुष्टि र कार्यक्रममा समावेशिता

कार्यक्रमको कार्यान्वयन गर्ने सरकारी तथा गैह्र सरकारी निकायहरुको सेवा प्रति स्थानीय वन समूहहरुको मिश्रित सन्तुष्टि रहेको पाइयो । घरधुरि सर्वेक्षणको नतीजा अनुसार अधिकांश उपभोक्ताहरुले (८०%) सरकारी र गैह्र सरकारी निकायहरुको काम प्रति सन्तुष्ट रहेको बताए भने सर्वेक्षण गरिएका ५६ वन उपभोक्ता समूहहरुमध्ये करिब ७२ % ले गै.स.स र जिल्ला वन कार्यालयको क्रियाकलाप प्रति सन्तुष्ट रहेको पाइयो ।

विगत ४ वर्षमा वन उपभोक्ता समूहको निर्णय प्रक्रियामा महिला, दलित, विपन्न तथा मधेसी वर्गका उपभोक्ताहरुको सहभागिता बढ्दै गएको भनाई सामूहिक छलफलमा सरोकारवालाहरुले व्यक्त गरे । योजना तर्जुमा प्रक्रियामा महिला, दलित र विपन्नको सहभागिता बृद्धि हुदै गएको देखियो । साथै वन समितिको संरचनामा महिला, विपन्न, दलित र मधेसीको सहभागिता र संख्यामा बृद्धि भएको भनाई सबै जिल्लाका सरोकारवालाहरुको थियो । समूहस्तरमा विपन्न, दलित महिलाको सहभागिता बढेको र धेरै समूहको कार्य समितिमा पछिल्लो समयमा आएर करीव ५०% महिला रहने गरेको वन समूहसँगको छलफलमा व्यक्त गरेका थिए ।

सर्वेक्षणको नतीजा अनुसार ९८.२ % र ७३.२ % वन उपभोक्ता समूहले गै.स.स. र जि.व.का. द्वारा सहयोग गरिएका क्रियाकलापहरुले महिला, विपन्न, दलित र जनजातिले फाइदा पाएको बताए । यस अर्थमा तुलनात्मक हिसाबले हेर्दा जि.व.का. ले गरेका कामको तुलनामा गै.स.स. ले गरेका कामहरु बढी यी वर्ग प्रति लक्षित भएको र यी वर्गले फाइदा पाएको देखियो । यसबाट दलित, महिला, विपन्न वर्गको लागि गै.स.स.को क्रियाकलाप बढी प्रभावकारी देखियो ।

जिल्ला तहका सरोकारवालाहरु तथा जानिफकार व्यक्तिहरुको भनाइमा विपन्न, महिला तथा पछाडि पारिएकाहरुलाई लक्षित गरी योजना बनाएको र वन उपभोक्ता समूहमा आर्थिक स्तरीकरण गरी विपन्न घरधुरीलाई विभिन्न आयमूलक क्रियाकलापहरु सञ्चालन गर्न कार्यक्रमले गरेको सहयोग कार्यलाई प्रभावकारी रुपमा लिएको पाइयो । रोजगारी पाएका घरधुरीहरु मध्ये ४०% महिला तथा ६०% विपन्न वर्ग भएको पाइयो ।

## कार्यक्रमको दिगोपना

बहुसरोकारवाला वन कार्यक्रम विद्यमान संरचना तथा स्थानीयस्तरमा वन उपभोक्ता समूहहरु मार्फत कार्यान्वयन भएका कारणले गर्दा कार्यक्रमका केहि गतिविधिहरु जस्तै वन समूहको संस्थागत विकास, घुम्ती कोष मार्फत

आयआर्जनका क्रियाकलापहरु आदिले निरन्तरता पाउने संभावना देखिन्छ । यस कार्यक्रमले सहयोग गरे मध्येको वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमले जिल्ला वन कार्यालयको नियमित कार्यक्रम मार्फत निरन्तरता पाइसकेको छ । तर यस कार्यक्रमले सहयोग गरेका केही गतिविधिहरु जस्तै वन उद्यमहरु तथा अनुकूलन योजनाहरुको हालको प्रकृति हेर्दा निरन्तरता पाउने संभावना कम देखिन्छ ।

## मूल्याङ्कनको समग्र निष्कर्ष

| क.स | निर्णयाधार | मूल्याङ्कन (१-५) | निष्कर्ष |
|---|---|---|---|
| १ | कार्यसम्पादन | (३) सन्तोषजनक | बहुसरोकारवाला वन कार्यक्रमको प्रथम चरणको लागि कार्यक्रम सोच तालिकामा उल्लेखित मुख्य लक्ष्य (targets) हरुमध्ये धेरै सूचकहरु हासिल भएको (समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रको विस्तार ४०,००० हे. गर्ने लक्ष्य राखिएकोमा ५१,०५० हे.मा विस्तार भएको, कार्यक्रमले ३१५० वटा स्थानीय वन समूहको विधान तथा कार्ययोजनालाई उपभोक्ताको आवश्यकतालाई सम्बोधन गर्ने गरी परिमार्जन गरेको २,२०,००० घरधुरीलाई जलवायु जोखिम कम गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिएकोमा करिव २,३०,००० घरधुरीलाई सहयोग पुऱ्याएको, १५ वटा वन व्यवस्थापन सम्बन्धि राष्ट्रियस्तरका नीतिगत दस्ताबेजहरु तयारी तथा पुनरावलोकन गर्ने लक्ष्य राखिएकोमा १६ वटा नीतिगत दस्ताबेजहरु तयार भएका र २ करोड विरुवा उत्पादन र वृक्षारोपण गर्ने लक्ष्य राखिएकोमा २ करोड २० लाख विरुवा वृक्षारोपण गरेकोमा ६० प्रतिशत विरुवा बाँच्न सफल र ७८,४०६ विपन्न घरधुरीहरुलाई जीविकोपार्जनका क्रियाकलापहरु सञ्चालन गर्न सहयोग पुऱ्याएको ।<br><br>तर कार्यक्रमको सहयोग तथा सहजीकरणमा निजी क्षेत्र समेतको सहभागितामा वनमा आधारित वन उद्यमहरुको सवलीकरण गरी ३२००० जनालाई रोजगारी दिने लक्ष्य राखेकोमा २५,४७४ जनालाई मात्र रोजगारी सिर्जना हुन सकेको (८० % मात्र प्रगति) । राष्ट्रिय वन संयन्त्र निर्माण गर्ने लक्ष्य हासिल हुन नसकेको । |
| २ | सान्दर्भिकता | (२) निकै सान्दर्भिक | यस कार्यक्रमका प्राथमिकताका क्षेत्र तथा क्रियाकलापहरु नेपाल सरकारको नीति, प्राथमिकता तथा कार्यक्रम अनुसार नै भएको । नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको लक्ष्य, उद्देश्य तथा प्राथमिकताका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग पुग्ने गरी कार्यक्रमको योजना तथा क्रियाकलापहरु सम्पन्न भएको । कार्यक्रमको लक्ष्य गरिबी न्यूनीकरणमा योगदान गर्ने रहेको । जिल्लास्तरमा कार्यक्रमको प्राथमिकता जिल्ला विकास समितिको जिल्ला आवधिक योजना तथा जिल्ला वन क्षेत्रगत कार्यक्रमले निर्दिष्ट गरे अनुसार भएको । लक्षित समूह तथा |

| | | | |
|---|---|---|---|
| | | | जनसंख्याको आवश्यकता र मागलाई प्रत्यक्ष रुपमा सम्बोधन गर्ने प्रयास भएको । |
| ३ | प्रभावकारिता | (४) ठिकै प्रभावकारी | कार्यक्रमको स्वामित्व सरकारी निकायले सोच अनुरुप नलिइएको । बजेटको स्वीकृती तथा निकासा ढिला भएको । कार्यक्रममा दातृ निकायहरु र सरकारी निकाय बीचको समन्वयको कमी । कार्यान्वयन मोडलमा नेपाल सरकार वन मन्त्रालय, दातृ निकाय र साझेदारी गैह्र सरकारी संस्था कुनै पनि सन्तुष्ट नभएको ।<br><br>कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट गर्न टेन्डर दस्ताबेज तयार गरी संस्था छनौटका मापदण्ड तथा प्रक्रिया, टेन्डरको समयावधी, प्रस्तावना मूल्याङ्कनका विस्तृत आधारहरु, कार्यान्वयन निकायको भूमिका, कार्यान्वयन निकायले कार्यान्वयन गर्नु पर्ने मुख्य क्रियाकलापहरु उल्लेख गरी संस्था छनौटका लागि निर्धारित मापदण्ड, आधारहरु तथा प्रक्रिया स्पष्ट रुपमा तोकिएको र सार्वजनिक गरेको । संस्था छनौटका लागि मुख्य मापदण्डमा संस्थाको दर्ता तथा कानुनी हैसियत, संस्थाको कार्य अनुभव तथा प्रोफाइल, संस्थाको मानवीय स्रोत, कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक विधि तथा पद्धति आदि रहेको । पहिलो पटकको टेन्डर प्रक्रिया रद्द गरी दोस्रो पटक पुनः विज्ञापन गरी मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट प्रक्रिया सचेतता पूर्वक गरेको भएता पनि प्रक्रिया पुरा गर्न करीव ६ महिना लागेको र कार्यक्रमको कार्यान्यवनको सुरुवात नै ढिलो भएको ।<br><br>तर रोजगारी सृजना गर्ने, राष्ट्रिय वन संयन्त्र बनाउने र निजी क्षेत्रको लगानी आकर्षित गर्ने बाहेकका अन्य लक्ष्यहरु पूर्ण रुपमा हासिल गरेको । समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रको विस्तार ४०,००० हे. गर्ने लक्ष्य राखिएकोमा लक्ष्य भन्दा बढी उपलब्धी भएको (१२७ % प्रगति), २,२०,००० घरधुरीलाई जलवायु जोखिम कम गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिएकोमा लक्ष्य भन्दा बढी (१०५ %) प्रगति, १५ वटा वन व्यवस्थापन सम्बन्धि राष्ट्रियस्तरका नीतिगत दस्ताबेजहरु पुनरावलोकन गर्ने लक्ष्य राखिएकोमा लक्ष्यभन्दा बढी (१०७ %) प्रगति र २ करोड विरुवा उत्पादन र वृक्षारोपण गर्ने लक्ष्य राखिएकोमा लक्ष्यभन्दा बढी (११०%) प्रगति भएको । |
| ४ | कार्यदक्षता | (३) कार्यदक्ष | कार्यक्रमको कुल बजेटको ८३ प्रतिशत खर्च भएको । विनियोजन गर्दा विपन्नमुखी र समुदायमुखी बजेटलाई प्राथमिकता दिएको । कार्यक्रमको करिब ८०% बजेट जिल्ला तथा स्थानीयस्तरमा पुगेको । कार्यक्रमले राखेका अधिकांश लक्ष्यहरु (३ वटा बाहेक) हासिल गर्न सफल भएको (लक्ष्य र |

| | | | |
|---|---|---|---|
| | | | प्रगतिको विवरण यस तालिकाको नं ३ को प्रभावकारितामा उल्लेख गरिएको छ) । तर स्थानीयस्तरमा कार्यान्वयन गर्ने संस्थालाई सम्झौतामा तोके अनुसार समय मै किस्ता पठाउन नसकेको । स्थानीय साझेदार संस्थाहरु मार्फत काम गर्दा कार्यक्रमका बारेमा साझा बुझाइ बन्न नसकेको । |
| ५ | प्रभाव | (४) ठिकै प्रभाव पारेको | कार्यक्रम कार्यान्वयन भएको ४ वर्षको अवधिमा कार्यक्रमको पूर्ण प्रभाव हेर्ने अवस्था भइनसकेको । तर कार्यक्रमबाट केही महत्वपूर्ण उपलब्धीहरु भएको र कार्यक्रमको समुदायस्तरमा केही प्रारम्भिक सकारात्मक प्रभाव देखिन थालेको – जस्तै वन स्रोतको अवस्थामा सुधार भएको, विपन्न तथा महिलाको आयआर्जनका गतिविधिहरु सञ्चालन गरी आम्दानी गर्न सुरु गरेको, केही रोजगारी सिर्जना भएको आदि । |
| ६ | दिगोपना | (४) ठिकै दिगोपना | कार्यक्रम मार्फत सञ्चालन भएका वैज्ञानिक वन व्यवस्थापनले निरन्तरता पाउने संभावना भएको । वन संरक्षण र व्यवस्थापन क्रियाकलापहरु वातावरणीय दिगोपनाका हिसावले कार्ययोजनाहरु बनेको । वन उपभोक्ता समूहहरु मार्फत कार्यक्रम कार्यान्वयन हुने तथा यस्ता क्रियाकलापहरु समूहले आन्तरिकीकरण गरेकाले यस्ता गतिविधिले निरन्तरता पाउने संभावना । तर यस कार्यक्रमले सहयोग गरेका केही गतिविधिहरु जस्तै वन उद्यमहरु तथा अनुकूलन योजनाहरुले निरन्तरता पाउने संभावना कम रहेको । |
| ७ | अधिकारवालाको सन्तुष्टि | (२) निकै सन्तुष्ट | सर्वेक्षण गरिएका मध्ये ८० प्रतिशत वन समूहहरु ( अधिकारवालाहरु) कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुको सहयोग र क्रियाकलापहरु प्रति सन्तुष्ट रहेको ।<br><br>विपन्न, महिला तथा पछाडि पारिएका वर्गहरुलाई लक्षित गरी योजना बनाइएको र वन उपभोक्ता समूहमा आर्थिक स्तरीकरण गरी विपन्न घरधुरीलाई विभिन्न आयमूलक क्रियाकलापहरु सञ्चालन गर्न कार्यक्रमले सहयोग गरेको । रोजगारी पाएका घरधुरीहरुमध्ये ४०% महिला तथा ६०% विपन्न वर्ग भएको, वन उपभोक्ता समितिको संरचनामा महिला, विपन्न र दलितको सहभागिता र संख्यामा बृद्धि भएको, सर्वेक्षणको नतीजा अनुसार ९८.२ % र ७३.२ % वन उपभोक्ता समूहले क्रमशः गै.स.स. र जि.व.का.द्वारा सहयोग गरिएका क्रियाकलापहरुले महिला, विपन्न, दलित र जनजातिले फाइदा पाएको भनाइ । |
| ८ | समग्र निष्कर्ष | (३) सन्तोषजनक | यो कार्यक्रम कार्य सम्पादन, सान्दर्भिकता, कार्यदक्षता र अधिकारवालाहरुको सन्तुष्टिका आधारमा औसत भन्दा माथि |

| | | | |
|---|---|---|---|
| | | | देखिन्छ र प्रभावकारिता, प्रभाव र दिगोपनाका आधारमा मूल्याङ्कन गर्दा औसत भन्दा तल पाइएकाले १–५ को स्केलमा स्तरीकरण गर्दा समग्रमा सन्तोषजनक (३) मा स्तरीकरण गरिएको छ । |

मूल्याङ्कन मापनका आधारहरु

| क्र.स | मापदण्ड | निर्णयाधार |
|---|---|---|
| १ | कार्यसम्पादन | १.अति सन्तोषजनक २.निकै सन्तोषजनक ३.सन्तोषजनक<br>४.ठिकै सन्तोषजनक ५.सन्तोषजनक नभएको |
| २ | सान्दर्भिकता | १.अति सान्दर्भिक २. निकै सान्दर्भिक ३.सान्दर्भिक<br>४.ठिकै सान्दर्भिक ५.सान्दर्भिक नभएको |
| ३ | प्रभावकारिता | १.अति प्रभावकारी २.निकै प्रभावकारी ३. प्रभावकारी<br>४. ठिकै प्रभावकारी ५. प्रभावकारी नभएको |
| ४ | कार्यदक्षता | १.अति कार्यदक्ष २. निकै कार्यदक्ष ३. कार्यदक्ष<br>४.ठिकै कार्यदक्ष ५. कार्यदक्ष नभएको |
| ५ | प्रभाव | १.अति प्रभाव पारेको २.निकै प्रभाव पारेको ३. प्रभाव पारेको<br>४.ठिकै प्रभाव पारेको ५. प्रभाव नपारेको |
| ६ | दिगोपना | १.अति दिगोपना देखिएको २.निकै दिगोपना देखिएको ३. दिगो देखिएको ४. ठिकै दिगोपना देखिएको ५. दिगोपना नदेखिएको |
| ७ | अधिकारवालाको सन्तुष्टि | १.अति सन्तुष्टि २.निकै सन्तुष्टि ३.सन्तुष्टि<br>४.ठिकै सन्तुष्टि ५.सन्तुष्टि नभएको |
| ८ | समग्र निष्कर्ष | १.अति सन्तोषजनक २.निकै सन्तोषजनक ३.सन्तोषजनक<br>४.ठिकै सन्तोषजनक ५.सन्तोषजनक नभएको |

यसरी माथि उल्लेख गरिएका मापदण्डहरुको आधारमा कार्यक्रमको मूल्याङ्कन गर्दा कार्यक्रम सन्तोषजनक भएको पाइयो ।

## कार्यक्रमका सिकाईहरु

- बहुसरोकारवालाहरुले फरक फरक स्वार्थ समूहको प्रतिनिधित्व गर्दछन्, त्यसैले स्वार्थहरु बाभि्कने र तिनलाई व्यवस्थापन गर्ने प्रणालीको कमीका कारणले गर्दा आशातित प्रतिफल हासिल गर्न नसकिने अवस्थाहरु आउन सक्दछन् ।
  दातृ निकाय र सरकार बीच भिन्न भिन्न चाख र स्वार्थ बीचको टकरावले गर्दा कार्यक्रम दोस्रो चरणमा जान नसकेको देखिन्छ । त्यसै गरी गैह्र सरकारी निकाय र दातृ निकाय बीच पनि कार्यक्रमको अन्त्यतिर केही असमझदारीहरु भएको पाइयो ।
- आर्थिक र भौतिक सहयोग वन समूह क्रियाशिल बनाउने माध्यम हो ।
  बहुसरोकारवाला वन कार्यक्रमबाट स्रोत पाएका समूहहरु अन्य समूह भन्दा सकृय र संस्थागत भएको देखिन्छ । सहयोग पाउने समूहले सहयोग लिनको लागि भए पनि बैठकको नियमितता र रेकर्डको अद्यावधिक व्यवस्थापन गरको पाइयो ।
- लगानीको लागि उपयुक्त नीतिगत व्यवस्था तथा आम्दानी सुनिश्चितता हुने भए मात्र निजी क्षेत्रलाई वन क्षेत्रमा लगानी गर्न आकर्षित गर्न सकिन्छ ।
  निजी क्षेत्रको वन क्षेत्रमा सहभागिता तथा लगानी अपेक्षा अनुसार भएको देखिदैन । निजी क्षेत्रलाई आकर्षित गर्ने हो भने नीतिगत सुधार गर्नुपर्छ ।
- निजी क्षेत्रको संलग्नताले वन पैदावारको बजारलाई सुनिश्चितता गर्न मद्दत गर्दछ ।
  वन पैदावारको व्यवस्थापन र विकासको लागि बजार मुख्य समस्याको रुपमा रही आएको छ । बहुसरोकारवाला वन कार्यक्रममा निजी क्षेत्रको संलग्नताले गर्दा गैह्रकाष्ठ वन पैदावारको बजारलाई सुनिश्चित गर्न केही सहजता भएको देखिन्छ ।
- वन क्षेत्रको योजनाहरु स्थानीय निकायको योजनासँग एकाकार भएर जाँदा समन्वय र कार्यान्वयन प्रभावकारी बनाउन सकिन्छ ।
- एउटै प्रकृतिका क्रियाकलापहरु भिन्न भिन्न निकायहरुले कार्यान्वयन गर्दा एउटै प्रक्रिया र आर्थिक कार्यविधि अवलंम्वन गर्नु पर्दछ ।
- एउटै प्रकृतिका गतिविधिहरुमा भिन्न भिन्न अनुदान प्रदान गर्दा वन उपभोक्ताहरु वन कार्यालय प्रति सन्तुष्ठ नरहेको कुरा वन कार्यालयका कर्मचारीहरुले बताए । एउटै कामका लागि भिन्न भिन्न आथिक कार्यविधि अवलंम्वन गर्दा कार्यक्रम कार्यान्वयनमा अप्ठेरो पर्नुका साथै सरोकारवालाहरुको सहकार्य दरो बन्न नसकेको देखिन्छ ।
- कार्यक्रम कार्यान्वयन गर्ने संस्थाका तहहरु (many sub-contracts at many tiers) जति धेरै भए त्यति नै असमझदारीहरु र विवादहरु हुने गर्दछन ।
  कतिपय अवस्थामा मुख्य गैह्र सरकारी कार्यान्वयन निकायहरु र जिल्लास्तरका उनीहरुका स्थानीय साझेदार संस्थाहरु बीच भूमिका तथा जवाफदेहिताबारे अष्पस्टता पाइयो ।

## निष्कर्ष

कार्यक्रमको प्रथम चरणका गतिविधीहरुको कार्य सम्पादन सन्तोषजनक भएतापनि यो कार्यक्रम आँशिक रुपमा मात्र सफल भएको छ । यो कार्यक्रमको कार्यान्वयन ढाँचा अत्यन्त जटिल वनेका कारणले प्रभावकारी बन्न सकेन र यसले वहुसरोकारवालाहरुको चाखको स्वार्थलाई व्यवस्थापन गर्न सकेन । सबै सरोकारवालाहरु संलग्न भई कार्यान्वयन गरिएको कार्यक्रममा कार्यक्रमको अन्त्यतिर आइपुग्दा दातृ निकाय, नेपाल सरकार र गैह्र सरकारी संस्था कसैले पनि कार्यक्रमको स्वामित्व लिन नसकेको देखियो र यसको मुख्य कारण कार्यक्रम कार्यान्वयनको संरचनाको जटिलता नै हो । त्यसै गरी यो कार्यक्रम नेपालको वन क्षेत्रका लागि सान्दर्भिक

तथा समुदायस्तरमा प्रभावकारी हुँदाहुँदै दातृ निकायले राष्ट्रिय वन संयन्त्रको निर्माण गर्नु पर्ने कुरा सर्तकै रुपमा राखेको र उक्त सर्त पुरा नहुँदा कार्यक्रम दोस्रो चरणमा जान नसकेको पाइयो । कार्यक्रम १० वर्षका लागि समझदारी हुनु तर ४ वर्ष मै कार्यक्रम बन्द हुनुले कार्यक्रमको प्रभाव न्यून हुनु स्वभाविक देखिन्छ । त्यसै गरी मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट प्रक्रिया सचेततापूर्वक गरेको भएतापनि प्रक्रिया पुरा गर्न करीव ६ महिना लागेको देखिन्छ जस्ले गर्दा कार्यक्रमको कार्यान्यवनको सुरुवात नै ढिलो भएको पाइयो । यद्यपि अधिकाशं लाभग्राहिहरु कार्यक्रमका कार्यान्वयन निकायहरुको सहयोग र क्रियाकलापहरु प्रति सन्तुष्ट रहेको पाइयो । समग्रमा यो कार्यक्रममा कार्यान्वयन निकायहरु बीच राम्रो सहकार्य र समझदारी हुन नसकेको र यी निकायहरु कार्यक्रम प्रति सन्तुष्ट पनि हुन नसकेको तर अधिकारवालाहरु वा लाभग्राहिहरु कार्यक्रम प्रति सन्तुष्ट रहेको पाइयो ।

## सुझाव तथा सिफारिसहरु

### (क) नीतिगत तह

१. बहुसरोकारवाला पद्धतिमा आधारित परियोजनाहरु निर्माण गर्दा सरोकारवालाहरुको भूमिका स्पष्ट हुनु आवश्यक देखिन्छ । वन तथा भूसंरक्षण मन्त्रालय र अर्थ मन्त्रालयले कार्यक्रम तयारी तथा संझौता गर्दा सम्पन्न गर्न सकिने लक्ष्य तथा भूमिकालाई मात्रै कार्यक्रम दस्ताबेजमा प्रतिवद्धताका रुपमा राख्नु पर्दछ ।

२. बहुसरोकारवाला वन कार्यक्रमको नेतृत्व, व्यवस्थापन तथा कार्यान्वयन नेपाली संस्था तथा जनशक्तिबाट नै गर्ने, कार्यक्रमको बजेटलाई राष्ट्रिय बजेटमा समाहित गर्ने र बढी भन्दा बढी कार्यक्रमको बजेटलाई समुदायस्तरमा पुऱ्याउने राम्रा अभ्यासलाई वन तथा भूसंरक्षण मन्त्रालयले नयाँ परियोजनाहरु निर्माण गर्दा कायम राख्नुपर्ने देखिन्छ । वन क्षेत्रमा प्राप्त हुने वैदेशिक सहयोगलाई क्षेत्रगत पद्धति (Sector Wide Approach) अनुसरण गरी नयाँ परियोजनाहरु डिजाईन गर्नु पर्दछ ।

३. सार्वजनिक जग्गाको व्यवस्थापन तथा वृक्षारोपण गरी हुर्काएको वन स्रोतको हकभोगको सुनिश्चितताको लागि स्पष्ट नीतिगत तथा कानूनी व्यवस्था हुनुपर्ने देखिन्छ । यसको लागि वन तथा भूसंरक्षण मन्त्रालयले भूमिसुधार मन्त्रालय, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी कानूनी खाका तयार गर्नुपर्ने देखिन्छ ।

४. कार्यक्रमको सहयोगमा तयार भएका जलवायु परिवर्तनबाट हुने जोखिम कम गर्न स्थानीय अनुकूलन योजनाहरुको गाविसहरुले अपनत्व लिन नसकेको हुनाले जनसंख्या तथा वातावरण मन्त्रालयले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी अनुकूलन योजनाहरुको वैधानिकता तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु पर्ने देखिन्छ ।

५. कार्यक्रम कार्यान्वयनको तह सकेसम्म थोरै वनाउदा कार्यान्वयन प्रभावकारी हुने देखिन्छ ।

६. वन क्षेत्र तथा स्थानीय वन समूहहरुको अबको लक्ष्य वन स्रोतको सक्रिय तथा न्यायोचित व्यवस्थापन मार्फत गरिबी निवारण र रोजगारी सिर्जनामा केन्द्रित हुनु पर्दछ ।

७..स्थानीय निकायको अगुवाईमा वन, कृषि, कृषिवन तथा वातावरणसँग सम्बधित क्रियाकलापहरु समन्वयात्मक हिसावले सञ्चालन गर्न गा.वि.स.स्तरमा वन, कृषि तथा वातावरण समिति गठन तथा परिचालन गर्नका लागि स्थानीय विकास मन्त्रालयको अगुवाईमा एक मार्गदर्शन तयार गनुपर्ने देखिन्छ ।

**(ख) कार्यगत तह**

१. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सुरुवात भई क्रमशः विस्तार भएको सन्दर्भमा यसलाई वन तथा भूसंरक्षण मन्त्रालयको मुख्य प्राथमिकताको कार्यक्रमको रुपमा निरन्तरता दिन र यसको प्रभावकारी कार्यान्वियनको लागि जिल्ला वन कार्यालयको संस्थागत क्षमतामा वृद्धि र कर्मचारीहरुको वन व्यवस्थापन सम्बन्धी सीप तथा क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ ।

२. समुदायले व्यवस्थापन गरेका वनहरुलाई संरक्षणमूखी वन व्यवस्थापनबाट सक्रिय वन व्यवस्थापन तर्फ डोऱ्याउनको लागि वन कार्ययोजना तयार तथा परिमार्जन गर्दा सक्रिय वन व्यवस्थापनको खाका र योजना बनाउन वन समूहहरुलाई अझ बढी सहजीकरण र सहयोग पुऱ्याउनुपर्ने देखिन्छ ।

३. समूह तथा समुदायलाई वन उद्यम सञ्चालन गर्न सिधै अनुदान दिने विद्यमान प्रचलनलाई निरुत्साहित गरी क्षमता विकास तथा बजार व्यवस्थापनमा सहयोग गर्ने र पूँजीको व्यवस्था समुदाय तथा निजी क्षेत्रको साझेदारीमा नै गर्नुपर्ने देखिन्छ ।

४. वन क्षेत्रको नयाँ नीति तथा रणनीतिले निर्दिष्ट गरे अनुरुप वन क्षेत्रको अबको प्राथमिकता आर्थिक योगदान र रोजगारी सिर्जना हुनुपर्ने र सोही अनुसार वार्षिक योजना बनाउन जिल्ला वन कार्यालय तथा वन समूहहरुलाई अनुदान दिने (बजेट छुट्याउने) परिपाटीको सुरुवात गर्नुपर्ने देखिन्छ ।

५. वन समूहमा अझै पनि विपन्न, महिला तथा दलितहरुको सहभागिता र समावेशीता सुनिश्चितताका लागि यी वर्गका उपभोक्तालाई लक्षित गरी विधान तथा वन कार्ययोजनाको संशोधन, सशक्तीकरण तथा सुशासनका क्रियाकलापहरुमा अझै बढी जोड दिनुपर्ने देखिन्छ । वन समूहहरुको वार्षिक योजना तथा जिल्ला वन कार्यालय लगायतका सहयोगी निकायहरुको वार्षिक योजनामा यी वर्गलाई लक्षित गरी कम्तीमा ३५% बजेट छुट्याउने प्रावधानलाई कडाईका साथ लागु गर्ने र माथिल्लो निकायबाट यसको नियमित र प्रभावकारी अनुगमन हुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

# परिच्छेद १ : बहुसरोकारवाला वन कार्यक्रमको मूल्याङ्कन विधि

## १.१ मूल्याङ्कनको पृष्ठभूमि

बहुसरोकारवाला वन कार्यक्रम (Multi Stakeholder Forestry Programme–MSFP) फिनल्याण्ड सरकार, स्वीस विकास सहयोग नियोग (एसडीसी) र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय सहयोग विभाग (डिएफआइडी) को संयुक्त आर्थिक सहयोगमा २०६८ सालबाट शुरुआत भई २०७३ असारमा समाप्त भएको छ । कार्यक्रमले राखेका उद्देश्य तथा लक्ष्यहरु के कति प्राप्त भए त्यसको लेखाजोखा गर्ने तथा कार्यक्रमबाट भएका सिकाईलाई अभिलेखिकरण गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगबाट स्वतन्त्र मूल्याङ्कन गर्ने परामर्शदाता संस्था मार्फत यस कार्यक्रमको मूल्याङ्कन गरिएको थियो ।

यस मूल्याङ्कनका लागि केन्द्रित रुपमा कार्यक्रम सञ्चालन भएका २३ जिल्ला र विषयगत रुपमा कार्यक्रम सञ्चालन भएका २० जिल्ला समेत गरी ४३ जिल्लालाई कार्यक्रम क्षेत्र मानी कार्यसर्तमा दिइएका आधारहरु अनुसार सूचना संकलन गर्न ७ जिल्लाहरु छनौट गरिएको थियो ।

## १.२ मूल्याङ्कनको उद्देश्य

यस मूल्याङ्कनको मुख्य उद्देश्य बहुसरोकारवाला वन कार्यक्रमको कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपना बारे लेखाजोखा गर्नु रहेको थियो । यस मूल्याङ्कनका विशिष्ठ उद्देश्यहरु निम्नानुसार थिए :

क) बहुसरोकारवाला वन कार्यक्रमको योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन प्रक्रिया र कार्यसम्पादन स्थिति बारे मूल्याङ्कन गर्नु ।

ख) बहुसरोकारवाला वन कार्यक्रमले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न, जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्न र वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरी स्थानीय जनताको जीवनस्तरमा सुधार गर्न पुऱ्याएको योगदानबारे लेखाजोखा गर्नु ।

ग) यो कार्यक्रम कार्यान्वयन भएका क्षेत्रका उपभोक्ताको सन्तुष्टि, उपभोक्ताको कार्यक्रममा पहुँच र समावेशिताकाबारे मूल्याङ्कन गर्नु ।

## १.३ मूल्याङ्कनबाट आशातित उपलब्धी

प्रस्तुत बहुसरोकारवाला वन कार्यक्रमको स्वतन्त्र मूल्याङ्कनको निम्न तीन आशातित उपलब्धीहरु थिए :

क) बहुसरोकारवाला वन कार्यक्रमको योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन प्रक्रिया र कार्यसम्पादन स्थितिको लेखाजोखा ।

ख) बहुसरोकारवाला वन कार्यक्रमले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न, जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्न र वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरी स्थानीय जनताको जीवनस्तरमा सुधार गर्न पुऱ्याएको योगदानको लेखाजोखा ।

ग) यस कार्यक्रमबाट सिकिएका पाठहरुको अभिलेखीकरण गर्ने तथा भविष्यमा सञ्चालन हुने वन कार्यक्रमको प्रभावकारी रुपमा योजना तर्जुमा तथा कार्यान्वयन गर्न सुझाव तथा सिफारिस ।

## १.४ मूल्याङ्कनको प्रारुप

यो मूल्याङ्कनको तथ्याङ्क संकलन र विश्लेषणको लागि सामाजिक अनुसन्धान पद्धतिको मिश्रित विधि अपनाइएको थियो । यसको लागि प्राथमिक र द्बितियक दुबै किसिमको तथ्याङ्क संकलन गरिएको थियो । यी तथ्याङ्कहरु मात्रात्मक र गुणात्मक दुबै प्रकारका छन् । यी तथ्याङ्कहरु संकलन गर्नका लागि तल १.५ मा उल्लेख गरिएको विधि, प्रक्रिया, औजारहरु तथा प्रश्नावलीहरु प्रयोग गरिएको थियो ।

## १.५ मूल्याङ्कन विधि

**द्बितियक तथ्याङ्क संकलन**

मूल्याङ्कनको लागि चाहिने आवश्यक तथ्याङ्कहरु सन्दर्भ ग्रन्थ तथा प्रतिवेदनहरुको समीक्षा (Desk Review) बाट संकलन गरिएको थियो । यस अन्तर्गत बहुसरोकारवाला वन कार्यक्रमसँग सम्बन्धित दस्ताबेज, कार्यक्रम तथा रणनीतिक योजना, सोच तालिका, बार्षिक कार्यक्रमहरु, बार्षिक प्रगति प्रतिवेदनहरु, विभिन्न अवधिमा भएका अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरु, आधाररेखा अध्ययन प्रतिवेदनहरु, वन नीति, योजना तथा कार्यक्रम सम्बन्धी दस्ताबेजहरु र कार्यक्रमका विभिन्न विषयका प्रकाशनहरु अध्ययन गरिएको थियो । यी दस्ताबेजहरुको समीक्षा र विश्लेषणबाट कार्यक्रम, यसका सूचक, आधारहरु, परिणाम र उपलब्धी बारे विस्तृत जानकारी उपलब्ध भएको थियो । यसको साथै प्रगति सम्बन्धी मात्रात्मक सूचक र प्रगतिका तथ्याङ्कहरु पनि संकलन गरिएको थियो ।

**प्राथमिक तथ्याङ्क संकलन**

प्राथमिक तथ्याङ्क कार्यक्रम कार्यान्वयन स्थल (Field) बाट संकलन गरिएको थियो । यी तथ्याङ्क संकलन गर्न तपसिल बमोजिमका संख्यात्मक र गुणात्मक विधिहरु अपनाएको थियो ।

(अ) **संख्यात्मक/मात्रात्मक तथ्याङ्क संकलन**

**नमूना जिल्ला छनौट**

बहुसरोकारवाला वन कार्यक्रम केन्द्रित रुपमा कार्यान्वयन भएका २३ जिल्लाहरु क्रमश तेह्रथुम, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा, रामेछाप, बाग्लुङ्ग, पर्वत, म्याग्दी, नवलपरासी, कपिलबस्तु, रुपन्देही, रुकुम, रोल्पा, सल्यान, प्युठान, दाङ्ग, जाजरकोट, दैलेख, कालिकोट, अछाम र बझाङ्ग रहेका थिए । विषयगत रुपमा कार्यक्रम सञ्चालन भएका २० जिल्लाहरु क्रमशः कैलाली, डोटी, सुर्खेत, बाजुरा, जुम्ला, मुस्ताङ्ग, कास्की, लमजुङ्ग, पाल्पा, अर्घाखाची, गुल्मी, चितवन, मकवानपुर, बारा, रौतहट, सर्लाही, सिन्धुली, महोत्तरी, धनुषा र मोरङ्ग थिए । यी विषयगत कार्यक्रमहरुमा दिगो वन व्यवस्थापन, जलवायु परिर्वतन अनुकूलन योजना र वन उद्यम तथा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरु रहेका थिए ।

यस मूल्याङ्कनका लागि केन्द्रित रुपमा कार्यक्रम सञ्चालन भएका २३ जिल्ला र विषयगत रुपमा कार्यक्रम सञ्चालन भएका २० जिल्ला समेत गरी ४३ जिल्लालाई कार्यक्रम क्षेत्र मानी कायसर्तमा दिइएका आधारहरु अनुसार कार्यक्रम लागु भएका जिल्लाहरुबाट सात वटै प्रदेश र तीन वटै पारिस्थितिकीय क्षेत्रको प्रतिनिधित्व हुने गरी यो मूल्याङ्कनको लागि तपसिल तालिका १ बमोजिम ७ जिल्लाहरु छनौट गरिएका थिए । यी जिल्लाहरु बहुतह नमूना विधि (Multi Stage Sampling Method) अनुसार छनौट गरिएका थिए । यी ७ जिल्लाहरुमध्ये दुई वटामा विषयगत कार्यक्रम र पाँच जिल्लामा केन्द्रित कार्यक्रम सञ्चालन भएका थिए (चित्र नं २) ।

**तालिका १: मूल्याङ्कनका लागि छनौट भएका जिल्लाहरु**

| भौगोलिक क्षेत्र | के. का | वि. का | जम्मा | छानिएका जिल्ला | |
|---|---|---|---|---|---|
| हिमाली | १ | ४ | ५ | संखुवासभा | |
| पहाडी | १४ | ११ | २५ | रामेछाप<br>पर्बत<br>अछाम<br>सुर्खेत | |
| तराई | ४ | ९ | १३ | धनुषा<br>कपिलबस्तु | |

के.का= केन्द्रित कार्यक्रम , वि.का = विषयगत कार्यक्रम

**चित्र २: मूल्याङ्कन गरिएका जिल्लाहरु**



**गा.वि.स र वन समूहको छनौट**

प्रत्येक जिल्लामा घरधुरी सर्वेक्षणका लागि चारवटा गा.वि.स.हरु उद्देश्यमूलक ढंगले (purposive sampling) छानिएका थिए । गा.वि.स छनौटका आधारहरु अधिकतम वन समूहहरु भएका र कार्यक्रमबाट सहयोग प्राप्त गरेका थिए । त्यसै गरी छनौट भएका प्रत्येक गा.वि.स बाट दुई वन समूहहरु पनि उदेश्यमूलक ढंगले (purposive sampling) छनौट गरिएका थिए । कार्यक्रमबाट प्राप्त सहयोगलाई वन समूहहरु छनौटको आधार मानिएको थियो ।

**नमूना घरधुरी छनौट (घरधुरी सर्वेक्षणका लागि)**

यो कार्यक्रमले १७ लाख घरधुरीलाई फाइदा पुऱ्याउने लक्ष्य राखेको थियो । जसमध्ये १३,७५५ रोजगारी पाएका घरधुरी, ४८,००० आयआर्जन तथा जीवनस्तर सुधार गर्न सहयोग पाएका घरपरिवार, ८६,७०१ जलवायु परिवर्तन जोखिम न्यूनीकरण गर्न सहयोग पाएका घरधुरी र बाँकी १५,५१,५४४ घरधुरीलाई नमूना संरचना (Sampling Frame) को रुपमा लिइएको थियो । नमूना छानिएका वन समूहहरुमा रहेका घरधुरीको सूची तयार पारी प्राप्त सूचीलाई आधारमानी Systematic Random Sampling विधि अपनाइ आवश्यक घरधुरी छनौट गरी सर्वेक्षण गरिएको थियो । कार्यक्रमबाट रोजगारी पाएका, जलवायु अनुकूलन न्यूनीकरणको सेवा प्राप्त गरेका, आयआर्जन तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन भएका (जसलाई Intervention group वा लाभ पाएका घरधुरी भनिएको छ) र सहयोग नपाएका ( जसलाई Comparision group वा लाभ नपाएका घरधुरी भनिएको छ ) घरधुरीहरु मध्येबाट ७५% र २५% को अनुपातमा सर्वेक्षणका लागि नमूना घरधुरी छानिएको थियो ।

यी घर परिवारबाट नमूना घरधुरी छनौट गर्न तपसिल बमोजिमको सूत्र प्रयोग गरिएको थियो । Yamane (1967) ले प्रतिवादन गरेको सूत्र यो कार्यक्रम मूल्याङ्कन गर्न प्रयोग गरिएको छ ।

सूत्र

$$n = \frac{N}{1 + N(e)^2}$$

यहाँ,

n = नमूना घरधुरी

N = जनसंख्याको आधार

e = Level of signIoicance (95% confidence level मा यो 0.05 हुन्छ) ।

यो सूत्र प्रयोग गरी तालिका २ तथा ३ मा उल्लेख गरिए अनुसारका नमूना घरधुरी संख्या छनौट गरिएको थियो ।

**तालिका २: छनौट गरिएका नमूना घरधुरीको संख्या**

| क्षेत्र | घरधुरी संख्या | उपयोगी नमूना त्रुटि (५%) | नमूना आकार |
|---|---|---|---|
| नयाँ रोजगारी पाएका घरधुरी | १३७५५ | ०.०५ | ३८९ |
| जलवायु न्यूनीकरणकालागि सहयोग पाएका घरधुरी | ८६७०१ | ०.०५ | ३९८ |
| जीवनस्तर सुधारका लागि सहयोग पाएका घरधुरी | ४८००० | ०.०५ | ३९७ |
| बाँकी घरधुरी–लक्षित घरधुरी तर सहयोग नपाएका | १५५१५४४ | ०.०५ | ४०० |
| जम्मा | १७००००० | | १५८४ |

**बहुसरोकारवाला वन कार्यक्रमबाट सहयोग प्राप्त गरेका तथा नगरेका घरधुरी (Intervention and Comparision Groups) छनौट विधि**

घरधुरी सर्वेक्षणका लागि बहुसरोकारवाला वन कार्यक्रमबाट सहयोग प्राप्त गरेका घरधुरी (जसलाई Intervention Group भनिएको) र सहयोग नपाएका घरधुरी (जसलाई Comparision Group भनिएको) दुवै समूहबाट सर्वेक्षणका लागि घरधुरी छनौट गरिएका थिए । छनौट भएका वन समूहमा रहेका घरधुरीको सूची प्राप्त गरी प्रत्येक घरधुरीको सम्पन्नता स्तरीकरणको सूची मध्येबाट 'घ' र 'ग' वर्गमा रहेका घरधुरीबाट सहयोग प्राप्त गरेका घरधुरी (Intervention group) छानिएका थिए । छनौट गरिएका वन समूहहरुले आफ्ना सदस्य घरधुरीहरुको आर्थिक अवस्थाका आधारमा सम्पन्नता स्तरीकरण गरी सामान्यतया क,ख,ग,घ समूहमा वर्गीकरण गरेको पाइयो । जसमा क समूहमा पर्ने सम्पन्न, ख समूहमा पर्ने ठिकै, ग समूहमा पर्ने विपन्न र घ समूहमा पर्ने अति विपन्न भनि स्तरीकरण गरेको पाइयो । यस प्रकारले प्रत्येक समूहबाट जम्मा २२ Intervention घरधुरी सर्वेक्षणमा परेका थिए । Intervention समूहमा परेका प्रत्येक घरधुरीले प्रत्यक्ष रुपमा जिविकोपार्जन सुधार (livelihood), उद्यम (enterprise) वा रोजगारी (employment) र जलवायु परिवर्तन जोखिम न्यूनीकरणको लागि सहयोग प्राप्त गरेका थिए ।

त्यसै गरी सहयोग प्राप्त नगरेका घरधुरीहरुलाई comparision समूहको रुपमा लिइएको थियो । घरधुरीको सम्पन्नता स्तरीकरण सूचीमा 'घ' तथा 'ग' वर्गमा रहेका घरधुरी जसले कार्यक्रमबाट सघन रुपमा जिविकोपार्जन सुधार (livelihood), उद्यम (enterprise) वा रोजगारी (employment) र जलवायु परिवर्तन जोखिम न्यूनीकरणको लागि सहयोग प्राप्त नगरेको हुनुपर्ने थियो ।

यस प्रकारले प्राप्त सुचीबाट systamatic random sampling विधि अपनाई intervnetion र comparision घरधुरीहरु छनौट गरिएको थियो । यस विधिबाट जम्मा नमूना आकारको ७५% घरधुरी intervention समूहमा छनौट गरिएको थियो भने comparision समूहमा जम्मा नमूना घरधुरीको २५% घरधुरी छानिएका थिए । यसरी जम्मा छनौटमा परेका १,५८४ घरधुरी मध्ये १,१८४ घरधुरी intervention समूहमा र ४०० घरधुरी comparision समूहमा रहेका थिए । एंवम् प्रकारले छनौट भएका प्रत्येक गाविसमा न्यूनतम ४३ घरधुरी intervention समूहमा र १५ घरधुरी comparision समूहमा रहेका थिए । यसरी प्रत्येक गाविसमा न्यूनतम ५८ घरधुरी सर्वेक्षण गरिएको थियो (अनुसूची १: छनोटमा परेका वन समूहको विवरण दिईएको छ) । छनौट गरिएका नमूना घरधुरीको संख्या तलको तालिका ३ मा दिईएको छ :

**तालिका ३: छनौट गरिएका नमूना घरधुरीको संख्या**

| उत्तरदाताको समूह | सर्वेक्षण गरिएका जम्मा घरधुरी संख्या | छनौट भएका प्रत्येक जिल्लामा सर्वेक्षण गरिएका घरधुरी संख्या | छनौट भएका प्रत्येक गाविसमा सर्वेक्षण गरिएका घरधुरी संख्या | छनौट भएका प्रत्येक वन समूहमा सर्वेक्षण गरिएका घरधुरी संख्या |
|---|---|---|---|---|
| लाभान्वित (७५%) | ११८४ | १७२ | ४३ | २२ |
| लाभ नपाएका (२५%) | ४०० | ६० | १५ | ८ |
| जम्मा | १५८४ | २३२ | ५८ | ३० |

औसतमा प्रति जिल्ला २३२ घरधुरी छनौट गरिएका थिए । घरधुरी छनौटको लागि Systematic Random Sampling विधि अपनाइएको थियो । कुनै कारणवश तथ्याङ्क संकलन गर्ने बेला सो घरबाट उत्तरदाता उपलब्ध नभएमा नजिकको घरधुरी लिइएको थियो ।

घरधुरी सर्वेक्षण गर्नको लागि Comparision र Intervention घरधुरी दुवैको लागि प्रश्नावली निर्माण गरिएको थियो । यी प्रश्नावलीहरुको स्थलगत परिक्षण (Field Test) गरी तथ्याङ्क संकलकहरुलाई उचित रुपले प्रशिक्षण गरिएको थियो (प्रश्नावलीको नमूनाहरु यस प्रतिवेदनको अनुसूची २ को २.१ र २.२ मा राखिएको छ) ।

## छनौटमा परेका जिल्ला तथा वन उपभोक्ता समूहको वितरण तथा विशेषता

तल तालिका ४ मा वन उपभोक्ता समूहसँग गरिएको सर्वेक्षणका क्रममा प्राप्त भएका जानकारी जस्तै घरधुरी संख्या, वनको क्षेत्रफल र व.उ.स.मा रहेका महिला, पुरुष र दलितको संख्या प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार सर्वेक्षणमा सहभागी ७ जिल्लाका ५६ व.उ.मा जम्मा १६,७८९.२ हेक्टर वन क्षेत्र रहेको देखियो । साथै यी ५६ व.उ.स.मा जम्मा १०,७७३ घरधुरी सदस्यहरु थिए । सदस्यको सवालमा भने पुरुषको संख्या (५४.९%) महिलाको (४५.१%) तुलनामा बढी रहेको देखियो । तथापि महिला सदस्यको संख्या धनुषा बाहेक अन्य जिल्लामा कम्तीमा ३९% भन्दा बढी देखियो । दलित सदस्यको संख्या समग्रमा १४% मात्र रहे पनि जिल्ला अनुसार संख्या फरक फरक रहेको पाइयो । कपिलवस्तु र सुर्खेतमा दलित सदस्यको संख्या २०% रहेको छ भने संखुवासभामा उक्त संख्या ८.९% मात्र रहेको पाइयो ।

**तालिका ४: जिल्लाका वन समूहको साधारण जानकारी**

| जिल्ला | ब.उ. समूह संख्या | जम्मा घरधुरी संख्या | जम्मा वनको क्षेत्रफल (हे) | ब.उ.समितिमा सदस्य संख्या (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष ( % ) | महिला ( % ) | जम्मा संख्या | दलित ( % ) |
| संखुवासभा | ८ | १३५५ | १३३६.८ | ४८.० (६०.८ ) | ३१.० (३९.२) | ७९ | ७.० (८.९) |
| धनुषा | ८ | २०४३ | ११४.० | ५०.० (६७.६) | २४.० (३२.४) | ७४ | ७.० (९.५) |
| रामेछाप | ८ | १३१६ | १२०४० | ४४.० (५३.७) | ३८.० (४६.३) | ८२ | ९.० (११.०) |
| पर्वत | ८ | २०९१ | ३९२८ | ५९.० (५७.८) | ४३.० (४२.२) | १०२ | १३.० (१२.७) |
| कपिलबस्तु | ८ | ९७५ | ४०७.६ | ४०.० (५३.३) | ३५.० (४६.७) | ७५ | १५.० (२०) |
| सुर्खेत | ८ | १५८९ | १३९८.९ | २५.० (३५.७) | ४५.० (६४.३) | ७० | १४.० (२०) |
| अछाम | ८ | १४०४ | १०९९.१ | ४१.० (५३.२) | ३६.० (४६.८) | ७७ | १३.० (१६.९) |
| जम्मा | ५६ | १०७७३ | १६७८९.२ | ३०७.० (५४.९) | २५२.० (४५.१) | ५५९ | ७८.० (१४.०) |

नमूना छनौटमा परेका वन समूहको सम्पन्नता स्तरीकरण अनुसार विपन्न र अति विपन्न वर्गमा पर्ने लाभ नपाएका समूहका उत्तरदाताको दाँजोमा लाभान्वित समूहका उत्तरदाताको संख्या बढी देखिन्छ । साथै उच्च वर्गमा पर्ने उत्तरदाताको संख्या भने लाभान्वित समूहमा कम रहेको पाइयो । लाभान्वित समूहमध्ये पनि ५३.७ % र २५ % उत्तरदाता विपन्न र अति विपन्न वर्गमा रहेको पाइयो । तसर्थ यस कार्यक्रमको लाभ पाउने व्यक्तिमा विपन्न परिवार र अति विपन्न व्यक्ति बढी रहेको देखिन्छ । यस हिसावले लाभ पाउने र लाभ नपाउने नमूना घरधुरी बीचमा सन्तुलन कायम भएको छ, जस्ले गर्दा लाभ पाउने र नपाउने घरधुरी बीचको छनौटका कारणले (Selection) हुन सक्ने तथ्याङ्कीय त्रुटि (bias) को संभावना अत्यन्त न्यून रहेको छ ।

**चित्र ३: उत्तरदाताको सम्पन्नता स्तरीकरण**




**तालिका ५: घरधुरीको खाद्य सुरक्षाको अवस्था**

| उत्तरदाताको प्रकार | उत्तरदाताको संख्या | आफ्नो उत्पादनले खान नपुग्ने घरधुरी | | आफ्नो उत्पादनले परिवारलाई खान पुग्ने महिना<br>लाभान्वित सं . १०९० <br>लाभ नपाएका सं . ३५८ | | | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | ९ महिना भन्दा बढी | ६-९ महिना | ३-६ महिना | ३ महिना भन्दा कम |
| लाभान्वित | १,२१३ | १,०९७ | ९०.४ | ११६ (१०.७) | २७० (२४.८) | ४०९ (३७.५) | २९५ (२७.१) |
| लाभ नपाएको | ४२८ | ३५८ | ८६.० | २९ (८.१) | ८५ (२३.७) | १४८ (४१.३) | ९६ (२६.८०) |
| जम्मा | १,६४१ | १,४६५ | ८९.३ | १४५ (९.०) | ३५५ (२४.५) | ५५७ (३८.५) | ३९१ (२७) |

तालिका ५ मा आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने घरधुरीको विवरण प्रस्तुत गरिएको छ । सर्वेक्षण गरिएका १,२१३ लाभान्वित समूहका उत्तरदातामध्ये ९०.४% उत्तरदातालाई आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने अवस्था रहेको देखिन्छ । लाभ नपाएका ४२८ उत्तरदाता मध्ये ८६ % उत्तरदाताको सोहि अवस्था रहेको देखिन्छ । आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने अवस्थाका १,०९७ उत्तरदातामध्ये पनि २७ % उत्तरदातालाई आफ्नो उत्पादनले तीन महिना भन्दा कम मात्र पुग्ने देखिन्छ भने २६ % लाभ नपाएका उत्तरदाताको अवस्था समान रहेको छ ।

तल तालिका ६ मा सर्वेक्षण गरिएका ७ जिल्लाका व.उ.स.ले वार्षिक रुपमा गर्ने साधारण सभा, मासिक बैठक र वन कार्ययोजनाको परिमार्जन विवरण प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार अधिकांस व.उ.स.ले वर्षमा एक पटक साधारण सभा गरेको देखियो । जिल्ला अनुसार तथ्याङ्क हेर्दा संखुवासभा जिल्लामा एउटा व.उ.स.ले मात्र वर्षमा एक पटक साधारण सभा गरेको देखियो भने सोही जिल्लामा बाँकी ७ व.उ.स.ले वर्षमा दुई पटक साधारण सभा गरेको देखियो । बैठक सञ्चालन गर्ने सवालमा भने अधिकांश (८९.३५ % ) व.उ.स.ले मासिक एक पटक मात्र बैठक सञ्चालन गरेको देखियो । तथापि कपिलवस्तु र धनुषामा एक व.उ.स ले भने मासिक ४ पटक बैठक सञ्चालन गरेको पाइयो । यस अर्थमा यी दुई वन समूहमा अन्य संस्थाको तुलनामा बढी सक्रिय रहेको देखियो । वन कार्ययोजना नवीकरण गर्ने सवालमा भने कपिलवस्तु बाहेक अन्य जिल्लामा अधिकांश (६०% भन्दा माथि) वन समूहहरुले नवीकरण गरेको देखियो ।

**तालिका ६: छनौटमा परेका वन समूहहरुको आमभेला तथा समिति बैठकको अवस्था**

| जिल्ला | छनौटमा परेका ब.उ.स समूहको संख्या | बार्षिक साधारण सभा संख्या (%) | | व.उ.स को मासिक बैठक संख्या (%) | | | | व.उ.स को कार्ययोजना र विधान नवीकरण (%) |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | १ | २ | ३ | ४ | |
| संखुवासभा | ८ | १ (१२.५) | ७ (८७ .५) | ८ (१००) | ० (० .००) | ० (० .००) | ० (० .००) | ७ (८७ .५) |
| धनुषा | ८ | ७ (८७.५) | १ (१२ .५) | ५ (६२ .५०) | १ (१२ .५) | १ (१२ .५) | १ (१२ .५) | ५ (६२ .५) |
| रामेछाप | ८ | २(२५) | ६ (७५) | ८ (१००) | ० (० .००) | ० (० .००) | ० (० .००) | ८ (१००) |
| पर्वत | ८ | ५ (६२ .५) | ३ (३७ .५) | ८ (१००) | ० (० .००) | ० (० .००) | ० (० .००) | ६ (७५) |
| कपिलबस्तु | ८ | ७ (८७ .५) | १ (१२ .५) | ५ (८७ .५) | २ (२५) | ० (० .००) | १ (१२ .५) | ४ (५०) |
| सुर्खेत | ८ | ५ (६२ .५) | ३ (३७ .५) | ८ (१००) | ० (० .००) | ० (० .००) | ० (० .००) | ७ (८७ .५) |
| अछाम | ८ | ६ (७५) | २ (२५) | ८ (१००) | ० (० .००) | ० (० .००) | ० (० .००) | ८ (१००) |
| जम्मा | ५६ | ३३ (५८.९) | २३ (४१.०७) | ५० (८९ .३) | ३ (५ .३) | १ (१ .७) | २ (३ .७) | ४५ (८०.३६) |

## संस्था सर्वेक्षणको लागि संस्था छनौट विधि

कार्यक्रम सञ्चालित ४३ जिल्लामा नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय अन्र्तगतका निकायहरु – जिल्ला वन कार्यालय, जिल्ला भूसंरक्षण कार्यालय साथै करिव ५० वटा गैह्र सरकारी संस्थाहरुबाट कार्यक्रम कार्यान्वयन भएको थियो । बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन गर्ने संस्था तथा निकायहरुको संस्थागत विश्लेषणका लागि यी संस्थाहरुको संस्थागत सर्वेक्षण गरिएको थियो । संस्था सर्वेक्षण मूल्याङ्कनका लागि छनौट भएका ७ वटा जिल्लामा नै गरिएको थियो । प्रत्येक जिल्लामा कार्यान्वयन गर्ने निकाय (गैह्र सरकारी संस्थाहरु) र तिनका स्थानीय साझेदार गैह्र सरकारी संस्थाहरु तथा छनौट भएका प्रत्येक गाविसका २ वटा वन समूहहरुको संस्था सर्वेक्षण गरिएको थियो । बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन गर्ने निकाय (गैह्र सरकारी संस्थाहरु) नूमना छनौट जिल्लामा परेका ७ वटा मध्ये ७ वटै संस्थाको सर्वेक्षण गरिएको थियो । नमूना छनौट जिल्लामा कार्यक्रम कार्यान्वयन गर्ने निकायका स्थानीय साझेदार गैह्र सरकारी संस्थाहरु १८ वटा मध्ये १८ वटैको संस्था सर्वेक्षण गरिएको थियो । त्यसै गरी २८ वटा गाविसका ५६ वटा वन समूहहरुको सर्वेक्षण गरिएको थियो । यस प्रकारले वन समूह तथा गै.स.स.गरी जम्मा ८१ वटा संस्थाहरुको संस्था सर्वेक्षण गरिएको थियो (संस्था सर्वेक्षण प्रश्नावलीहरु अनुसूची २ को २.३ र २.४ मा र सर्वेक्षण गरेका संस्थाहरुको नाम अनुसूची ३ मा राखिएको छ ) ।

जिल्ला, गाविस, वन समूह, घरधुरी र संस्था छनौट गर्ने आधारहरुको संक्षिप्त विवरण (वहुतह नमूना छनौट गर्ने आधारहरु) तल तालिकामा दिइएको छ ।

**तालिका ७: जिल्ला, गाविस, वन समूह, घरधुरी र संस्था छनौट गर्ने आधारहरु**

| क.स | तह | आधारहरु |
|---|---|---|
| १ | जिल्ला छनौट | • हिमाल, पहाड र तराई क्षेत्र समेटिने गरी<br>• कार्यक्रमको सहयोग पुगेका |
| २ | गा.वि.स छनौट | • सघन कार्यक्रम सञ्चालन भएका गा.वि.स.<br>• अधिकतम संख्यामा वन उपभोक्ता समूहहरु भएका गा.वि.स. |
| ३ | वन समूह छनौट | • कार्यक्रमले सहयोग पुऱ्याएका समूह<br>• १०० भन्दा बढी घरधुरी संख्या भएका समूह |
| ४ | घरधुरी छनौट | • सम्पन्नता स्तरीकरणमा 'ग' तथा 'घ' वर्गमा परेका घरधुरीहरु<br>• Systematic Random Sampling |
| ५ | संस्था छनौट | • मुख्य कार्यान्वयन गर्ने संस्था (गै.स.स.)<br>• स्थानीय साझेदार संस्था (गै.स.स.)<br>• घरधुरी सर्वेक्षणका लागि छनौट भएका वन समूहहरु |

### गुणात्मक तथ्याङ्क संकलन

गुणात्मक तथ्याङ्क संकलन गर्नको लागि तपसिल बमोजिमको विधि अपनाइएको थियो ।

### राष्ट्रिय योजना आयोगसँग छलफल

फिल्डस्तरीय तथ्याङ्क संकलन गर्नु अगाडि राष्ट्रिय योजना आयोगसँग छलफल गरिएको थियो । यो छलफलको मुख्य उद्देश्य मूल्याङ्कनका मुख्य मुद्दाहरुको प्राथमिकीकरण गर्नुका साथै अध्ययन विधि तथा प्रश्नावलीको अन्तिम तयारी गर्नु थियो । यो छलफलबाट नमूना घरधुरीको छनौट, सर्वेक्षण प्रश्नावली, गुणात्मक तथ्याङ्क संकलनको चेकलिष्ट, कार्ययोजना आदि विषयमा सहमति गरिएको थियो ।

### राष्ट्रिय स्तरका सम्बधित निकायसँग छलफल

यस कार्यक्रमका राष्ट्रियस्तरका सरोकारवाला निकायहरु जस्तै वन तथा भूसंरक्षण मन्त्रालय, वन विभाग, दातृ निकाय, सामुदायिक वन उपभोक्ता महासंघ, गैह्र सरकारी संस्था महासंघ आदिसँग छलफल गरी कार्यक्रमको प्रथम चरणको कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव, दिगोपनाको बारेमा धारणा तथा जानकारी लिईएको थियो ।

### जानिफकारसँग अर्न्तवार्ता (Key Informant Interview)

यो अन्तर्वार्ता केन्द्रीय संस्था जस्तै वन तथा भूसंरक्षण मन्त्रालय, वन विभाग, क्षेत्रीय संस्था जस्तै क्षेत्रीय वन निर्देशनालय, जिल्ला स्तरीय संस्था जस्तै सेवा प्रदायक गैससहरु, जिल्ला वन कार्यालय, निजी क्षेत्र (जस्तै वित्तिय संस्था, उद्योग वाणिज्य संघ, वन क्षेत्रमा काम गर्ने व्यापारी तथा कम्पनीहरु आदि), जिल्ला विकास समिति ( जि.वि.स.) र स्थानीयस्तरमा वन उपभोक्ता समूहका प्रतिनिधि, गा.वि.स. आदिसँग गरिएको थियो । यो अन्तर्वार्ताको मुख्य उद्देश्य मूल्याङ्कनका लागि गुणात्मक तथ्याङ्क संकलन गर्ने थियो । संस्थागत रुपमा जानिफकारसँग सूचना संकलन गर्न चेकलिष्ट तयार गरिएको थियो (अनुसूची ३) ।

### सामूहिक छलफल (Focus Group Discussion)

मूल्याङ्कनका लागि वन उपभोक्ता समिति, महिला, विपन्न, दलित समूहको छुट्टाछुट्टै सामूहिक छलफल गरिएको थियो । यस्ता छलफल प्रत्येक नमूना गा.वि.स.बाट कम्तिमा दुई वटा गरी ५६ वटा सञ्चालन गरिएको थियो । यी छलफलमा कार्यक्रम कार्यान्वयन प्रक्रिया, कार्यक्रमका उपलब्धी, कार्यक्रमका नतीजाको गुणस्तर, कार्यक्रमको प्रभाव, रोजगारी सिर्जना, वन हस्तान्तरणमा कार्यक्रमले पुऱ्याएको योगदान, कार्यान्वयनको प्रभावकारिता, कार्यदक्षता, दिगोपन जस्ता विषयमा छलफल गरी गुणात्मक सूचना संकलन गरिएको थियो (अनुसूची ५ - समूह स्तरमा छलफल गरिएका व्यक्तिहरुको जानकारी) ।

### संस्थाहरु सर्वेक्षण तथा अन्तरकृया (Organisational Survey)

यो कार्यक्रमको कार्यान्वयन गर्ने गैह्र सरकारी सेवा प्रदायक संस्थाहरुले कार्यक्रम कार्यान्वयनमा कस्तो भूमिका खेलेका थिए ? उनीहरुले उपलब्ध गराएको प्राविधिक सहयोगको स्तर कस्तो थियो ? सुपरिवेक्षण र निरीक्षणमा कस्तो भूमिका रहेको थियो ? सहयोगको प्राप्तता कस्तो थियो ? जस्ता सूचनाहरु संकलन गर्नका लागि संस्थागत सर्वेक्षण गरिएको थियो । यस प्रयोजनको लागि सूचना संकलन गर्न एउटा संस्थागत सर्वेक्षण प्रश्नावली तयार पारिएको थियो । नमूना छनौटमा परेका सबै स्थानीय वन उपभोक्ता समूहको संस्थागत सर्वेक्षण गरिएको थियो ( अनुसूची २ को २.३ मा संस्था सर्वेक्षण प्रश्नावली र अनुसूची ३ मा सरोकारवालाहरुसँगको छलफलको लागि चेकलिष्ट राखिएको छ) ।

### स्थलगत भ्रमण/अवलोकन (Field Observation)

मूल्याङ्कन टोलीले प्रारम्भिक जाँच पडताल भ्रमण गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायसँग आवश्यक समन्वय, सन्दर्भ सामाग्रीहरुको संकलन र कार्यक्रमको मुख्य क्रियाकलापहरुको अवलोकन गरेको थियो । सो अवधिमा कार्यक्रमका कर्मचारीहरुसँग अध्ययन टोलीले कार्यक्रमका विभिन्न विषयबारे छलफल गरी सूचना संकलन गरेको थियो ।

### घटना अध्ययन (Case studies)

यस मूल्याङ्कनका क्रममा केही घटना अध्ययनहरु गरिएको थियो । यस्ता कथा वा घटना व्यक्ति वा समूहस्तरका थिए । यसले रोजगारीमा वृद्धि, वनजन्य उद्योगहरुको विस्तार, जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, वृक्षारोपण भई वन क्षेत्रको विस्तार, वैज्ञानिक वन व्यवस्थापनमा वृद्धि आदि विषयमा घटना संकलन गरी घटना अध्ययन तयार गरिएको थियो (अनुसूची ४ मा घटना अध्ययन राखिएको छ) ।

## १.६ तथ्याङ्क विश्लेषण

तथ्याङ्कहरुको विश्वसनीयता कायम राख्न प्रत्येक दिन फिल्डमा त्यसको पुनः जाँच गरिएको थियो । तथ्याङ्क शास्त्रीको सहयोगमा तथ्याङ्कहरुको सम्पादन, कोडिङ्ग आदि गर्ने काम गरियो । यी तथ्याङ्कहरुलाई SPSS प्रयोग गरी descriptive विश्लेषण गरियो भने stata program को प्रयोग गरी T_Test गरियो ।

तर अन्य गुणात्मक सूचनाहरुलाई गुणात्मक विश्लेषण विधि जस्तै Matrix जस्ता विधि प्रयोग गरी विश्लेषण गरिएको छ ।

तथ्याङ्कहरुको विश्लेषण गर्दा सामाजिक समूहहरु जस्तै महिला, दलित, जनजाति, मधेसी, महिला र पुरुषले नेतृत्व गरेको घर परिवार, एकल महिला, विभिन्न किमिसले सक्षम व्यक्ति र भौगोलिक क्षेत्र अनुसारको कार्यक्रमबाट भएको सहयोगको प्रकृति अनुसार छुट्टाछुट्टै गरिएको छ ।

### १.६.१. परिमाणात्मक विधि

अध्ययनको लागि छनौटमा परेका घरधुरी, संस्था तथा वन समूह सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरुलाई Statistical Package for Social Science (SPSS) मा राखी विश्लेषण गरिएको छ ।

परिमाणात्मक तथ्याङ्कहरुको विश्लेषण Para metric विधिद्वारा गरिएको छ । Parametric Test जस्तै T-Test गरिएको छ, उदाहरणका लागी अनुसूची ८ को तालिका १५ मा लाभान्वित घरधुरी तथा लाभ नपएका घरधुरी बीचको वनवाट हुने औसत आम्दानीको भिन्नताको तथ्याङ्किय परिक्षण गरिएको छ । यस्तै गरी Frequency, Mean (average), Standard Deviation and Trend Analysis, आदि सामान्य विधिबाट परिमाणात्मक तथ्याङ्को विश्लेषण गरिएको छ ।

### १.६.२. सूचनाहरुको त्रिभुजीकरण

गुणात्मक तथा परिमाणात्मक विधिबाट प्राप्त तथ्याङ्कहरुलाई उस्तै प्रकृतिका प्रश्नहरुबाट प्राप्त जानकारीहरुलाई सँगै राखेर विश्लेषण गरिएको छ । त्यस्तै गरी प्राप्त तथ्याङ्कलाई पहिलेका प्रगति प्रतिवेदन, स्थलगत निरीक्षण, द्वितीय स्रोतबाट प्राप्त सूचनाहरु तथा अन्य सरोकारवालाहरुबाट प्राप्त जानकारीको विश्लेषण गरी राखिएको छ । त्यस्तै गरी प्राप्त तथ्याङ्क रहिरहेको वा नरहेको कुरा कार्यक्रमका पूर्व अध्ययन र अनुगमन प्रतिवेदनहरु, द्वितीय स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कहरु एवंम् सम्बन्धित सरोकारवालाहरुसँगको छलफल तथा स्थलगत अवलोकनको तल तालिकामा दिईए अनुसार त्रिभुजीकरण विधिबाट विश्लेषण गरिएको छ ।

**तालिका ८: त्रिभूजिकरणको खाका**

| क.म. | सवाल | आयोजनाका दस्तावेज र प्रतिवेदन | घरधुरी सर्भेक्षण | जानिफकारसँग अन्तरवार्ता, समूह छलफल, स्थलगत अवलोकन आदि | मूल्याङ्कन कर्ताको अनुभूती, विश्लेषण र निष्कर्ष |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

## आर्थिक तथा वित्तीय पक्षको विश्लेषण

घरधुरी सर्वेक्षणबाट कार्यक्रमको प्रभावकारिता (Effectiveness) सँग सम्बन्धित तथ्याङ्क जस्तै अधिकारवालाको सन्तुष्टि, सहयोगको विवरण, सहभागिता आदि सम्बन्धित, कार्यक्षमता (Efficiency) सँग सम्बन्धित जस्तै लाभ लागतको तुलना (BCR) र प्रभावकारिता (Impact) सँग सम्बन्धित तथ्याङ्कहरु संकलन गरिएका थिए ।

यस सर्वेक्षणको दौरान वन उपभोक्ता समूहहरुको लाभ र लागतको अनुपातको विश्लेषण गरिएको थियो । सो विश्लेषणको लागि लागत अन्तर्गत वन समूहहरुले कार्यक्रमबाट प्राप्त गरेको रकम, वन उद्यम लगायत अन्य जीविकोपार्जन सम्बन्धी काम गर्न सामाग्री किन्न वा संरचना बनाउन गरिएको खर्चको विवरण टिपोट गरिएको थियो । लाभ र लागतको विवरण आ.व. २०६८/६९ देखि २०७२/७३ सम्मको लिइएको थियो र प्रत्येक वर्षको

लाभ र लागतको अनुपात निकालिएको थियो । लाभ लागतको विश्लेषण १० प्रतिशत डिस्काउन्टेड दरमा गरिएको थियो । १० प्रतिशत डिस्काउन्टेड दर विगत ४ वर्षको मुद्रा स्फितिको आधारमा गरिएको हो ।

यस मूल्याङ्कनका क्रममा कतिपय वन समूहहरुले भर्खरै सहयोग प्राप्त गरेको तथा कुनै वन समूहहरुले सहयोग प्राप्त गर्दै गरेको अवस्था पाईएको थियो । त्यसै कारणले तथ्याङ्क सङ्कलनको क्रममा लाभ तथा लागतको तथ्याङ्क आवश्यक रुपमा प्राप्त गर्न सकिएन । लाभ तथा लागतको तथ्याङ्क पूर्ण रुपमा प्राप्त गर्न नसक्नुको अर्को कारण छनौटमा परेका जिल्ला तथा वन समूहका घरधुरीहरुमध्ये अति न्यून घरधुरीले उद्यम विकासको लागि बहुसरोकारवाला वन कार्यक्रमबाट सहयोग प्राप्त गरेको पाइयो । यी माथि उल्लेखित कारणहरुले यस मूल्याङ्कनका क्रममा आर्थिक तथा वित्तीय पक्षको विश्लेषण कम गरिएको छ । तथापि विभिन्न घरधुरीहरुले अन्य किसिमले आय आर्जनका लागि प्राप्त गरेको सहयोगहरुको प्रभावको विश्लेषण गुणात्मक तथा परिमाणात्मक विधिबाट गरिएको छ ।

माथि उल्लेखित कारण कार्यक्रमको अवधि सकिएको अवस्थामा आर्थिक आन्तरिक प्रतिफल दर तथा वित्तिय आन्तरिक प्रतिफल दर निकाल्न प्राविधिक रुपमा घरधुरी सर्वेक्षणबाट सम्भव नभएको हुनाले आर्थिक तथा वित्तिय पक्षको मूल्याङ्कन सामान्य तुलनात्मक आधारमा गरिएको छ । लाभ र लागतको विश्लेषण संस्था सर्वेक्षणबाट गएको ४ वर्षको लागत तथा लाभको तथ्याङ्क प्राप्त गरी गरिएको छ ।

त्यस्तै गरी समूहगत छलफल (FGD) तथा जानिफकारसँग अर्न्तवार्ता (KII) बाट आएका सूचनाका आधारमा पनि आर्थिक तथा वित्तिय पक्षको विश्लेषण गरिएको छ । कार्यसर्तमा दिईएका अन्य पक्षको विश्लेषण घरधुरी सर्वेक्षणबाट गरिएको छ ।

**मूल्याङ्कन नतीजा स्तरीकरण**

मूल्याङ्कनबाट निष्कर्ष निकाली नीति तथा कार्यगत सिफारिस गर्नको लागि यो मूल्याङ्कन कार्यसर्त अनुसार समग्रमा आएका तल तालिका ९ मा उल्लेख गरे बमोजिम स्तरीकरण गरिएको छ ।

**तालिका ९: मूल्याङ्कन नतीजा स्तरीकरणका मापदण्ड र निर्णयाधारहरु**

| क्र.स | मापदण्ड | निर्णयाधार |
|---|---|---|
| १ | कार्यसम्पादन | १.अति सन्तोषजनक २.निकै सन्तोषजनक ३.सन्तोषजनक ४.ठिकै सन्तोषजनक ५.सन्तोषजनक नभएको |
| २ | सान्दर्भिकता | १.अति सान्दर्भिक २. निकै सान्दर्भिक ३.सान्दर्भिक ४.ठिकै सान्दर्भिक ५.सान्दर्भिक नभएको |
| ३ | प्रभावकारिता | १.अति प्रभावकारी २.निकै प्रभावकारी ३. प्रभावकारी ४. ठिकै प्रभावकारी ५. प्रभावकारी नभएको |
| ४ | कार्यदक्षता | १.अति कार्यदक्ष २. निकै कार्यदक्ष ३. कार्यदक्ष ४.ठिकै कार्यदक्ष ५. कार्यदक्ष नभएको |
| ५ | प्रभाव | १.अति प्रभाव पारेको २.निकै प्रभाव पारेको ३. प्रभाव पारेको ४.ठिकै प्रभाव पारेको ५. प्रभाव नपारेको |
| ६ | दिगोपना | १.अति दिगोपना देखिएको २.निकै दिगोपना देखिएको ३. दिगो देखिएको ४. ठिकै दिगोपना देखिएको ५. दिगोपना नदेखिएको |

| | | |
|---|---|---|
| ७ | अधिकारवालाको सन्तुष्टि | १.अति सन्तुष्टि २.निकै सन्तुष्टि ३.सन्तुष्टि<br>४.ठिकै सन्तुष्टि ५.सन्तुष्टि नभएको |
| ८ | समग्र निष्कर्ष | १.अति सन्तोषजनक २.निकै सन्तोषजनक ३.सन्तोषजनक<br>४.ठिकै सन्तोषजनक ५.सन्तोषजनक नभएको |

## १.७ मूल्याङ्कनको सीमा

यो मूल्याङ्कनको सन्दर्भमा सबै प्रक्रिया, अवस्था र विधिहरु पूरा गर्दा गर्दै पनि केही सीमाहरु रहेका थिए । ती सीमाहरुलाई तपसिल बमोजिम बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

(क) विषयगत जिल्लामा कार्यक्रमका गतिविधिहरु सुरु भएको मात्र डेढ तथा दुई वर्ष भएको रहेछ । यसले गर्दा कतिपय कार्यक्रमका गतिविधिहरु सुरु हुने प्रक्रियामा मात्र रहेको पाइयो । साथै केन्द्रित कार्यक्रम कार्यान्वयन भएको पनि ४ वर्षमात्र भएकोले प्रारम्भिक प्रभाव मात्र हेर्न सकियो ।

(ख) कार्यक्रमबाट सहयोग पाउने कतिपय घरधुरीहरुले भर्खरै मात्र सहयोग पाएको हुनाले उल्लेखनीय प्रतिफल हासिल गरिसकेको अवस्था देखिएन र मूल्याङ्कनमा समेट्न सकिएन ।

(ग) परियोजना अवधि छोटो भएकोले लाभग्राहीले यो समयमा आर्थिक लाभ प्राप्त गरे पनि कतिपय अवस्थामा यस्तो लाभको तथ्याङ्क राख्ने प्रणाली नै विकास हुन सकेको देखिदैन । त्यसैले यो मूल्याङ्कन आर्थिक प्रभाव भन्दा प्रक्रिया मूल्याङ्कनमा बढी केन्द्रित छ ।

## १.८ मूल्याङ्कन प्रतिवेदनको स्वरुप

यो मूल्याङ्कन प्रतिवेदन ४ परिच्छेदमा विभाजित छ । परिच्छेद १ मा मूल्याङ्कनको पृष्ठभूमि, मूल्याङ्कनको उद्देश्य तथा आशातित उपलब्धी, मूल्याङ्कनको प्रारुप, विधि तथा तथ्याङ्क विश्लेषण समेटिएको छ । त्यस्तै परिच्छेद २ मा बहुसरोकारवाला वन कार्यक्रमको आधारभूत जानकारी, परिच्छेद ३ मा तथ्याङ्क तथा नतीजा विश्लेषण प्रस्तुत गरिएको छ भने परिच्छेद ४ मा मूल्याङ्कनबाट आएका सिकाईहरु र सिफारिसहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद २: बहुसरोकारवाला वन कार्यक्रमको आधारभूत जानकारी

## २.१ बहुसरोकारवाला वन कार्यक्रमको परिचय

बहुसरोकारवाला वन कार्यक्रम (Multi Stakeholder Forestry Programme – MSFP) नेपाल सरकारले पछिल्लो २० वर्षमा वन क्षेत्रमा सञ्चालन गरेका विभिन्न कार्यक्रमहरु (जस्तैः जीविकोपार्जनका लागि वन कार्यक्रम, नेपाल-स्वीस सामुदायिक वन परियोजना) को सिकाई तथा उपलब्धीको जगमा तयार पारिएको थियो । यो कार्यक्रम फिनल्याण्ड सरकार, स्वीस विकास सहयोग नियोग (एसडीसी) र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय सहयोग विभाग (डिएफआइडी) को संयुक्त आर्थिक सहयोगमा २०६८ पुसबाट २०७३ को आषाढसम्म सञ्चालन भएको थियो ।

## २.२ कार्यक्रमका उद्देश्य तथा अपेक्षित उपलब्धी

यस कार्यक्रमको उद्देश्य नेपालका गरिब र पछाडि पारिएका मानिसहरुको जीविकोपार्जनमा सुधार ल्याउनु तथा जलवायु परिवर्तनबाट हुने जोखिम वहन क्षमता बृद्धि गर्नु रहेको थियो । कार्यक्रमको अन्त्यसम्ममा निम्न चार उपलब्धी हासिल हुने अपेक्षा कार्यक्रमले राखेको थियो ।

*१. सरकारी र गैह्र सरकारी क्षेत्र (नागरिक समाज, गैह्र सरकारी संस्था, समुदाय र निजी क्षेत्र) मिलेर वन क्षेत्रको समावेशी रणनीति, नीति र योजनाहरुको प्रभावकारी कार्यान्वियन गर्ने छन् ।*

*२. निजी क्षेत्र (किसान, उद्यमी र वित्तीय संस्था) ले वन क्षेत्रमा लगानी र रोजगारी बढाउने छ ।*

*३. ग्रामीण समुदाय - खासगरी गरिब, पछाडि पारिएका र जलवायु परिवर्तनको जोखिममा भएका व्यक्ति तथा परिवारहरु स्थानीय वन व्यवस्थापन र अन्य लगानीबाट लाभान्वित हुने छन् ।*

*४. सरकार, समुदाय र निजी क्षेत्रले वन एवं रुख विरुवाको दिगो व्यवस्थापन र अनुगमन गर्दै जलवायु परिवर्तनको सामना गर्न सक्ने वहन क्षमता बृद्धि गर्ने छन् ।*

## २.३ कार्यक्रमका मुख्य क्रियाकलापहरु

यो कार्यक्रममा वनको दिगो व्यवस्थापन, समावेशी आर्थिक विकास, गरिबी न्यूनीकरण र जलवायु परिवर्तनको सामना गर्ने कार्यमा वन क्षेत्रको योगदान बढाउने खालका विभिन्न क्रियाकलापहरु समावेश गरिएका थिए । कार्यक्रमका मुख्य लाभान्वित समूहमा नेपालका ग्रामीण समुदायहरु, विशेष गरेर गरिब, पछाडि पारिएका र जलवायु परिवर्तनको उच्च जोखिममा रहेका घरधुरीहरु थिए । कार्यक्रमले करिब १७ लाख घरपरिवारलाई गरिबीको अवस्थाबाट माथि उठाउन र ८० हजार रोजगारी सिर्जना गर्न सहयोग गर्ने उद्देश्य लिएको थियो ( अनुसूची ५ : कार्यक्रमको सोच तालिका) । साथै समुदायमा आधारित वन व्यवस्थापन, वनबाट हुने जीविकोपार्जन र आयमूलक क्रियाकलापहरु यस कार्यक्रमले सञ्चालन गर्दै आएको थियो । यसले निजी क्षेत्रको वन क्षेत्रमा सहभागिता तथा लगानी वृद्धि गर्ने जस्ता विषय र कार्यक्षेत्रलाई पनि समेटेको देखिन्छ । वन क्षेत्रको माध्यमबाट समुदायलाई जलवायु परिवर्तनको सामना गर्न सक्षम बनाउनु, यसको असर न्यूनीकरण गर्न सहयोग पुऱ्याउनु र वनको कार्बन बजारमा सहभागिता जस्ता स्थानीय समुदाय र राष्ट्रलाई थप लाभ पुऱ्याउने खालका क्रियाकलापहरु पनि कार्यक्रमको कार्यक्षेत्र भित्र रहेका थिए । यस कार्यक्रमले राष्ट्रियस्तरमा वनसँग सम्बन्धित नीति निर्माणमा पनि सहयोग पुग्ने गरी कार्यक्रमहरु सञ्चालन गरेको थियो ।

## २.४ कार्यक्रमको भौगोलिक कार्य क्षेत्र र कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु

वन तथा भूसंरक्षण मन्त्रालयको नेतृत्वमा वनसँग सम्बन्धित सबै सरोकारवालाहरु नेपाल सरकार, गैह्र सरकारी संस्थाहरु र निजी क्षेत्रको सहभागितामा यो कार्यक्रम तयार पारिएको थियो । केन्द्रित कार्यक्रम सञ्चालित जिल्लाहरुमा कार्यक्रमका सबै क्रियाकलापहरु सञ्चालन भएका थिए भने विषयगत जिल्लामा कुनै निश्चित क्रियाकलापहरु मात्र कार्यान्वयन भएका थिए । जस्तै, दिगो वन व्यवस्थापन कार्यक्रम विषयगत कार्यक्रमका रुपमा थप २० जिल्लामा सञ्चालित थियो भने जलवायु परिवर्तन अनुकूलन कार्यक्रम २३ जिल्लाको अतिरिक्त थप ६ जिल्लामा सञ्चालित थिए । त्यस्तै वन उद्यम तथा रोजगारी सिर्जना गर्ने कार्यक्रम विषयगत रुपमा ४ जिल्लामा मात्र सञ्चालित थिए । केन्द्रित कार्यक्रम सञ्चालन भएका जिल्लामा भएका वन समूहहरुको विवरण तालिका १० मा दिईएको छ ।

**तालिका १०: केन्द्रित कार्यक्रम सञ्चालित जिल्लाहरुमा वन समूहहरुका प्रकार र संख्या**

| क्रस | जिल्ला | सामुदायिक वन समूह | कवुलियती वन समूह | साझेदारी वन समूह | सार्वजनिक जग्गा व्यवस्थापन समूह | धार्मिक वन समूह | निजी वन समूह | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | संखुवासभा | २६३ | | | | | १० | २७३ |
| २ | तेह्रथुम | ३२० | १९४ | | | | | ५१४ |
| ३ | धनकुटा | ३६० | | | | | | ३६० |
| ४ | भोजपुर | ५०६ | १८० | | | ३ | २० | ७०९ |
| ५ | खोटाङ्ग | २१६ | १८२ | | | | ६ | ४०४ |
| ६ | ओखलढुंगा | २१९ | १८० | | | | १० | ४०९ |
| ७ | रामेछाप | ३३९ | १३९ | | | २ | ४४ | ५२४ |
| ८ | पर्वत | ३५१ | | | | | | ३५१ |
| ९ | म्याग्दी | २५९ | | | | १ | १० | २७० |
| १० | बाग्लुङ्ग | ३३७ | | | | | | ३३७ |
| ११ | नवलपरासी | १२३ | | १ | १९४ | ५ | ४६ | ३६९ |
| १२ | रुपन्देही | ८५ | | १ | १६० | | १४ | २६० |
| १३ | कपिलवस्तु | २४ | | २ | १६१ | १ | ७६ | २६४ |
| १४ | कालिकोट | १२१ | | | | | | १२१ |
| १५ | रुकुम | ४१२ | | | | १ | ७ | ४२० |
| १६ | रोल्पा | ४८२ | | | | ३ | ४ | ४८९ |
| १७ | प्यूठान | ३७३ | १२५ | | | | २ | ५०० |
| १८ | सल्यान | ४७० | १९४ | | | २ | २७ | ६९३ |
| १९ | जाजरकोट | १९८ | | | | | | १९८ |
| २० | दैलेख | २३२ | | | | | | २३२ |
| २१ | दाङ्ग | ४८० | | | | ३ | २६४ | ७४७ |
| २२ | वझाङ्ग | २७५ | | | | | | २७५ |
| २३ | अछाम | ३२३ | १३४ | | | | | ४७५ |
| | जम्मा | ६७६८ | १३२८ | ४ | ५१५ | २१ | ५४० | ९१९४ |

*स्रोत: वन विभाग, २०१२*

## २.५ बहुसरोकारवाला वन कार्यक्रमको कार्यान्वयन ढाँचा

वन तथा भूसंरक्षण मन्त्रालयको नेतृत्वमा नेपाल सरकार, गैह्र सरकारी संस्थाहरु र निजी क्षेत्रको सहभागितामा निम्न प्रकारको ढाँचा अनुरुप यो कार्यक्रम कार्यान्वयन भएको थियो ।

**चित्र ४: बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयनको ढाँचा**




## २.६ कार्यक्रमको बजेट

फिनल्याण्ड सरकार, स्वीस सरकार र वेलायत सरकारले बहुसरोकारवाला वन कार्यक्रमको लागि संयुक्त रुपमा रु.४ अर्ब ४५ करोडको प्रतिबद्धता जनाएका थिए । कार्यक्रमको बजेट प्रवाह तल तालिकामा दिईए वमोजिम सरकारी र सोझो भुक्तानी दुवै माध्यमबाट भएको थियो ।

**तालिका ११: कार्यक्रमको बजेट तथा बजेटको विनियोजन**

| वार्षिक बजेटको विनियोजन (रु.) | | | | | |
|---|---|---|---|---|---|
| वर्ष | *आ.व २०६८ र २०६९* | *आ.व २०६९ र २०७०* | *आ.व २०७० र २०७१* | *आ.व २०७१ र २०७२* | जम्मा |
| रकम | ५९२,०००,००० | ७८८,०००,००० | १,५१७,०००,००० | १,५५३,०००,००० | ४,४५०,०००,००० |

कार्यक्रम दस्ताबेज अनुसार बजेटको १७ प्रतिशत सरकारी कोषबाट र २० प्रतिशत सरकारी माध्यमबाट सोझै भुक्तानी गरी जम्मा ३७ प्रतिशत सरकारी माध्यमबाट खर्च हुने र ४३ प्रतिशत कार्यक्रम कार्यान्वयन गर्ने गैसस

निकाय मार्फत र बाँकी २० प्रतिशत सिधै कार्यक्रम सहयोग इकाई मार्फत खर्च गर्ने प्रावधान रहेको पाइयो । यसको विवरण तल तालिका १२ मा दिईएको छ ।

**तालिका १२: बजेट प्रवाहको माध्यम**

| | जम्मा बजेट रु. | सरकारी कोष (रातो किताव) रु. | सिधै भुक्तानी सरकार मार्फत खर्च रु | सिधै भुक्तानी -गैह्र सरकारी निकाय मार्फत रु. | सिधै भुक्तानी - कार्यक्रम सहयोग इकाई मार्फत) रु. |
|---|---|---|---|---|---|
| जम्मा | ४,४५०,०००,००० | ७५४,२६०,००० | ८८६,३१९,५०० | १९००,१३०,००० | ९०९,२९०,५०० |
| प्रतिशत | | १७ % | २० % | ४३ % | २० % |
| नोटः यस प्रस्तावित बाडँफाडँलाई कार्यक्रमको आवश्यकता अनुसार वार्षिक योजना तर्जुमा प्रक्रियाबाट सिफारिस भए बमोजिम कार्यक्रमको निर्देशन समितिले परिर्वतन गर्न सक्ने व्यवस्था भएको पाइयो । | | | | | |

कार्यक्रमको ४ वटा आशातित उपलब्धीहरु तथा यससँग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयनका लागि कार्यक्रम दस्ताबेजमा तल तालिका १३ मा उल्लेख भए अनुसार बजेट छुट्याइएको थियो ।

**तालिका १३: कार्यक्रमको आशातित उपलब्धी अनुसार बजेटको विनियोजन**

| | | |
|---|---|---|
| उपलब्धी १ | सरकार र गैह्र सरकारी क्षेत्र (नागरिक समाज, गैह्र सरकारी संस्था, समुदाय र निजी क्षेत्र) ले मिलेर वन क्षेत्रको समावेशी रणनीति, नीति र योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्ने छन् । | ८% |
| उपलब्धी २ | निजी क्षेत्र (किसान, उद्यमी र वित्तीय संस्था) ले वन क्षेत्रमा लगानी र रोजगारी बढाउने छ । | १५% |
| उपलब्धी ३ | ग्रामीण समुदाय - खासगरी गरिब, पछाडि पारिएका र जलवायु परिवर्तनको जोखिममा भएका व्यक्ति तथा परिवारहरु - स्थानीय वन व्यवस्थापन र अन्य लगानीबाट लाभान्वित हुने छन् । | ४८% |
| उपलब्धी ४ | सरकार, समुदाय र निजी क्षेत्रले वन एवं रुखबिरुवाको दिगो व्यवस्थापन र अनुगमन गर्दै जलवायु परिवर्तनको सामना गर्न सक्ने वहन क्षमता बृद्धि गर्ने छन् । | २३% |
| कार्यक्रम व्यवस्थापन खर्च | | ६% |

# परिच्छेद ३ : तथ्याङ्क तथा नतीजाको विश्लेषण

## ३.१ कार्यक्रमको प्रथम चरणको कार्य सम्पादनको अवस्था

बहुसरोकारवाला वन कार्यक्रमको प्रथम चरणको लागि २०६८ पुसमा नेपाल सरकार र दातृ निकायहरुका बीचमा सम्झौता भएता पनि कार्यक्रमको कार्यान्वयन विभिन्न कारणले करीब छ महिना ढिला हुन गएको देखिन्छ । कार्यक्रमको कार्यान्वयन गर्ने गैह्र सरकारी निकायहरुको छनौट २०६९ पुसमा सम्पन्न भई २०६९ वैशाखमा मात्र कार्यान्वयन हुने गरी सम्झौता भएको पाइयो । कार्यक्रमको सुरुवातको केही समय कार्यक्रमको योजना तयारी, कर्मचारीको छनौट आदि कुरामा खर्चिनु परेकाले पनि कार्यक्रमको पूर्ण कार्यान्वयन २०६९ जेष्ठ पछि मात्र भएको रहेछ ।

कार्यक्रमको प्रथम चरणको कार्यान्वयनका लागि आधारभूत जानकारी (Baseline Survey) सम्पन्न गरी कार्यक्रमको सोच तालिकाको लक्ष्य (Target) अनुसार योजना बनाई काम गरेको पाइयो ।

कार्यक्रमको सोच तालिका अनुसार प्रथम चरणका लागि २ वटा मुख्य कोसे ढुँगा (Milestones) राखिएको थियो :

१. राष्ट्रिय वन रणनीतिको तयारी (Forestry Sector Strategy)
२. राष्ट्रिय वन संयन्त्रको तयारी (National Forest Entity)

कार्यक्रमले नेपाल सरकारको नेतृत्वमा यी २ वटा लक्ष्य प्राप्त गर्न प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याएको र यी २ वटा लक्ष्य मध्ये पहिलो लक्ष्य – राष्ट्रिय वन रणनीतिको तयारी भइ नेपाल सरकारबाट स्वीकृत पनि भइसकेको रहेछ । तर दोस्रो लक्ष्य – राष्ट्रिय वन संयन्त्रको खाकाको मस्यौदा तयार भएको तर स्वीकृत भने नभएको पाइयो । राष्ट्रिय वन रणनीतिको तयारी नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको नेतृत्वमा बहुसरोकारवालाहरुको प्रतिनिधित्व भएको एक कार्यदलले व्यापक छलफल तथा सहभागितामूलक प्रक्रियाबाट गरेको रहेछ ।

कार्यक्रमको प्रथम चरणमा निम्न उपलब्धीहरु हासिल भएको देखिन्छ :

(क) कार्यक्रमले वन क्षेत्रको नीति, रणनीति तथा मार्गदर्शनहरुको तयारी, परिमार्जन तथा कार्यान्वयनमा निम्न बमोजिम सहयोग गरेको थियो ।

राष्ट्रिय वन नीति २०७२
राष्ट्रिय वन रणनीति २०७२
सामुदायिक वनको मार्गदर्शन परिमार्जन २०७२
वैज्ञानिक वन व्यवस्थापन मार्गदर्शन २०७२
वन क्षेत्रमा लैगिक तथा सामाजिक समावेशिकरण रणनीतिको समीक्षा २०७१
वन क्षेत्रमा लैगिक तथा सामाजिक समावेशिकरण रणनीतिको विवरणको तयारी (Policy brief)
रेड (REDD) रणनीति २०७२
राष्ट्रिय संरक्षण रणनीतिको समीक्षा तथा पूनरावलोकन
वन तथा भूसंरक्षण मन्त्रालयको सांगठनिक पूनर्गठनको सर्वेक्षण तथा खाका
वनमा आधारित उद्यमको नीति परिमार्जन
सार्वजनिक जग्गा व्यवस्थापन निर्देशिका

(ख) कार्यक्रमले राष्ट्रियस्तरको तल उल्लेख गरिएका अध्ययन गर्न प्राविधिक र आर्थिक सहयोग पुऱ्याएको थियो ।

१. वन क्षेत्रले राष्ट्रिय कूल ग्राहर्स्थ उत्पादनमा पुऱ्याएको योगदान (Forestry sector contribution to GDP) यो अध्ययन पुरा गरी मस्यौदा पेश गरेको ।

२. निजी क्षेत्रको वन क्षेत्रमा सहभागिता तथा लगानीः संम्भावना तथा चूनौतीहरु (Involvement and investment of private sector in forestry sector : opportunities and constraints)

३. बसाई सराइबाट वन क्षेत्रमा परेको प्रभाव (Impacts of Migration on Forestry)

(ग) कार्यक्रमले २३ जिल्लाहरुमा आगलागी नियन्त्रणका लागि प्राविधिक, आर्थिक तथा उपकरणको क्षमता विकासमा सहयोग उपलब्ध गराएको थियो ।

(घ) नेपालमा समुदायस्तरमा सहभागितामूलक वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम परिक्षणको रुपमा सञ्चालन गर्न वन तथा भूसंरक्षण मन्त्रालयलाई सहयोग गरी ६ जिल्लाबाट वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सुरुवात भइ हाल यो कार्यक्रम सबै जिल्लामा विस्तार भइरहेको रहेछ । हाल नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयले वैज्ञानिक वन व्यवस्थापनलाई आन्तरिकीकरण गरी प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा देशभरी नै विस्तार गर्दै लगेको छ ।

(ङ) ३,१५० स्थानीय वन समूहहरुको विधान तथा कार्ययोजनाको परिमार्जन गरी यसलाई समय सापेक्ष, उपभोक्ताको आवश्यकतालाई सम्बोधन गर्ने, समूहको क्रियाकलापलाई विपन्न र पछाडि पारिएको वर्गमा लक्षित गर्ने र जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गर्ने तथा समुदायको जोखिम कम गर्ने क्रियाकलापहरु समेटिएको देखिन्छ ।

(च) केन्द्रित कार्यक्रम सञ्चालित जिल्लाहरुमा जिल्ला वन क्षेत्र योजना बनाई जिल्लाको वन स्रोतको दिगो र योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न सहयोग पुऱ्याएको थियो ।

(छ) १,२५८ गाविसहरुमा गाविसस्तरीय कृषि, वन तथा वातावरण समितिको गठन भइ वन क्षेत्र र स्थानीय निकाय बीचको समन्वय तथा सहकार्यलाई प्रवर्द्धन गर्नुको साथै वन क्षेत्रलाई अझ बढी विकेन्द्रित गराउन तथा बहुसरोकारवाला पद्धतिको गा.वि.स.स्तरमा सुदृढीकरण गर्न टेवा पुऱ्याएको देखिन्छ ।

(ज) कार्यक्रमले समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम (सामुदायिक वन, साझेदारी वन लगायतका) लाई थप सुदृढ तथा विस्तार गर्ने कार्य गरेको पाइयो । कार्यक्रमको प्रथम चरणमा ४०,००० हेक्टर वन समुदायलाई हस्तारन्तरण गर्ने लक्ष्य रहेकोमा ६९९ नयाँ वन समूहहरु गठन भइ ५१,०५० हेक्टर सरकारी वन क्षेत्र समुदायलाई हस्तान्तरण गरी उक्त वनको संरक्षण तथा व्यवस्थापनमा सहयोग गरेको पाइयो । कार्यक्रमले पहिला नै गठन भइसकेका वन समूहहरुको संस्थागत सुदृढिकरण र समुदायलाई हस्तान्तरण भईसकेको वनको संरक्षण तथा व्यवस्थापनमा जोड दिएको थियो । यसरी कार्यक्रमले नयाँ तथा पहिला गठन भइसकेका गरी करिव ११,००० समुदायमा आधारित वन समूहहरुलाई प्राविधिक, संस्थागत, आर्थिक तथा वन संरक्षण तथा व्यवस्थापनमा सहयोग गरेको पाइयो ।

(झ) सबै खालका समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरु तथा समूहहरुलाई (जस्तैः सामुदायिक वन, साझेदारी वन, कवुलियती वन) कार्यक्रमले सहयोग पुऱ्याएको जस्ले गर्दा विभिन्न भौगोलिक क्षेत्र, अवस्था, स्रोत तथा सरोकारवालाहरुको आवश्यकता र चाहनालाई सम्बोधन गर्न मद्दत पुगेको पाइयो । जस्तै तराईमा सामुदायिक वनका साथै साझेदारी वन व्यवस्थापन र सार्वजनिक जग्गा व्यवस्थापनको कामलाई कार्यक्रमले प्राथमिकताका साथ सहयोग पुऱ्याएको देखिन्छ । तराईमा टाढा रहेका उपभोक्ताहरु विशेष गरी पूर्व पश्चिम राजमार्गबाट टाढा दक्षिणमा बस्ने बासिन्दाको वन स्रोत माथिको पहुँच बढेको पाइयो । कार्यक्रमले तराईका जिल्लामा २० साझेदारी वन समूहहरु तथा १,२०० सार्वजनिक जग्गा व्यवस्थापन समूहलाई सहयोग पुऱ्याएको थियो ।

(ञ) कार्यक्रमको सहयोग तथा सहजीकरणमा नीजि क्षेत्र समेतको सहभागितामा ६३३ वनमा आधारित वन उद्यमहरुको सवलीकरण गरी ३२००० जनालाई रोजगारी दिने लक्ष्य राखेकोमा २५,४७४ जनालाई रोजगारी सिर्जना गरेको देखिन्छ । रोजगारी पाएकामध्ये ४०% महिला तथा ६०% विपन्न वर्ग भएको देखिन्छ ।

(ट) ७८,४०६ विपन्न घरधुरीहरुलाई विभिन्न खालका आयआर्जन तथा जीविकोपार्जनका क्रियाकलापहरु सञ्चालन गर्न सहयोग पुऱ्याएको पाइयो ।

(ठ) २,२०,००० जोखिममा परेका घरधुरीलाई जलवायु परिवर्तनका जोखिम वहन गर्न सक्ने बनाउन समुदायमा आधारित अनुकूलन योजना तयारी तथा कार्यान्वयन मार्फत सहयोग पुऱ्याउने लक्ष्य राखेकोमा २,३०,५१७ घरधुरीलाई सहयोग पुऱ्याएको देखिन्छ ।

(ड) २ करोड विरुवाको उत्पादन गरी वृक्षारोपण गर्न सहयोग पुऱ्याउने लक्ष्य रहेकोमा २ करोड २० लाख विरुवा वृक्षारोपण गरिएको र जसमध्ये करिव ६०% विरुवा बाँच्न सफल भएको जानकारी पाइयो ।

(ढ) वैकल्पिक उर्जाको प्रर्वद्धन गरी तराईमा वायोग्याँस प्लान्ट स्थापना गर्न कार्यक्रले सहयोग पुऱ्याएको छ । साथै जैविक उर्जा (Biobriquete) तथा सौर्य उर्जाको प्रयोगमा पनि कार्यक्रमले सहयोग पुऱ्याएको रहेछ ।

यस कार्यक्रमको मुख्य लक्षित वर्ग विपन्न तथा पछाडि पारिएका व्यक्तिहरु भएकाले कार्यक्रमले यी वर्गलाई लक्षित गरी आफ्ना सहयोग तथा कार्यक्रमहरु सञ्चालन गरेको पाइयो । वन उपभोक्ता समूहका घरधुरीहरुको आर्थिक तथा सामाजिक स्तरीकरण गरी आर्थिक रुपले विपन्न घरधुरीलाई आर्थिक उपार्जनका क्रियाकलापहरु तथा सामाजिक रुपले पछाडि पारिएका घरधुरीलाई सशक्तिकरण तथा सामाजिक समावेशिकरणका क्रियाकलापहरु सञ्चालन गरेको थियो । साथै यी वर्गका उपभोक्तालाई लक्षित गरेर वन उपभोक्ता समूहमा विधान तथा कार्ययोजना तयारी तथा परिमार्जन गर्ने गरेको पाइयो ।

सर्वेक्षणमा सहभागी लाभ पाउने र नपाउने घरधुरीको अनुसार गैससले महिला, दलित र विपन्न वर्गलाई सहयोग गरेको छन् तथापि संख्यात्मक हिसाबमा ९२.१% लाभ पाउने घरधुरीले गैसस क्रियाकलाप महिला, गरिब र दलित वर्गलाई लक्षित रहेको पाए भने केवल ७१.१% लाभ नपाउने घरधुरीले सोही अनुभव गरे । यस अर्थमा कार्यक्रमको क्रियाकलापहरु बढी मात्रामा महिला, गरिब र विपन्न वर्ग प्रति लक्षित भएको देखिन्छ । (अनुसूची ८ को तालिका ७) । यसका लागि कार्यक्रमले वन तथा भूसंरक्षण मन्त्रालयको लैंगीक तथा सामाजिक समावेशी रणनीति तथा यसको कार्यान्वयन रुपरेखालाई आधार मानेको थियो । कार्यक्रमले ७० % भन्दा बढी बजेट स्थानीय तथा समुदायस्तरमा प्रवाह गर्ने लक्ष्य राखेकोमा ८०% भन्दा बढी बजेट स्थानीय तथा समुदायस्तरमा पुगेको र यसले समुदायमा जिविकोपार्जनका सम्पत्ति वृद्धि गर्न महत्वपूर्ण टेवा पुऱ्याएको सरोकारवालाहरुको छलफलबाट जानकारी पाइयो । यसका लागि कार्यक्रमले लिएको विपन्न तथा पछाडि पारिएका लक्षित रणनीति तथा विपन्नमुखी पद्धत्ति (Targetting apporach), बजेटको योजना तथा बजेट प्रवाह गर्ने पद्धत्ति (Fund Flow Analysis), वन तथा भूसंरक्षण मन्त्रालयको लैंगिक तथा सामाजिक समावेशी रणनिती, सामुदायिक वनको मार्गदर्शन आदिले सहयोगी भूमिका खेलेको देखिन्छ ।

विपन्न र सामाजिक समावेशीकरणको विषयमा वन समूहरुमा आएको चेतना तथा यो कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुका फिल्ड कर्मचारीहरुको योगदान आदि कारणले जिविकोपार्जनमा अभिवृद्धि गर्न सकारात्मक भूमिका खेलेको देखिन्छ । वन समूहहरुका थुप्रै विपन्न तथा पछाडि पारिएका घरधुरीहरुले विभिन्न खालका आर्यआर्जनका क्रियाकलापहरु सञ्चालन गरिरहेका र यसबाट केही आम्दानी लिइरहेको पाइयो । साथै महिला विपन्न, दलित तथा मधेसी मूलका व्यक्तिहरु वन उपभोक्ता समितिको नेतृत्वदायी तहमा पुगेको पाइयो । विभिन्न सीप तथा क्षमता अभिवृद्धि गर्ने खालका तालिम तथा अन्य क्रियाकलापहरुले गर्दा यी वर्गमा आत्मविश्वास बढदै गएको र आफ्ना कुरा तथा चाहानाहरु वन समिति तथा आमभेलामा राख्न थालेको पाइयो । कार्यक्रमको कार्यक्षेत्रमा २६०० स्थानीय जलवायु परिवर्तन अनुकूलन योजना तयार भएका तर केही मात्र कार्यान्वयन भएको देखिन्छ ।

निजी क्षेत्रको प्रतिनिधीमूलक संस्था – नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) को सहकार्यमा महासंघमा वन उद्यम महाशाखा (Forest Enterprise Division –FED) को स्थापना भइ निजी क्षेत्रको सहभागिता तथा लगानी वन क्षेत्रमा बढाउन विभिन्न क्रियाकलापहरु सञ्चालन भएको पाइयो । नीतिगत तथा कार्यगत तहमा भएका अप्ठ्यारा सवालहरुलाई सम्बोधन गर्ने, नीजि क्षेत्र लगानी मैत्री वातावरण तयार गर्न पहल गर्ने, वन स्रोतको जानकारी तथा सूचना प्रणाली स्थापना गर्ने, वन स्रोतमा निजी क्षेत्रको लगानीका सम्भावित क्षेत्रहरु पहिचान गर्ने तथा निजी क्षेत्रलाई यस बारेमा जानकारी दिने लगायतका कामहरु कार्यक्रमको सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघबाट भएको पाइयो । तथापि यस कार्यक्रमले निजी क्षेत्रलाई एउटा महत्वपूर्ण सरोकारवालाको रुपमा लिइ कार्यक्रमको नीति निर्माण तह (निर्देशन समिति) देखि कार्यान्वयन तहसम्म यस क्षेत्रको सहभागितालाई प्रर्वद्धन गर्ने कार्य गरेको भएता पनि उनीहरुको संलग्नता प्रभावकारी रुपमा भएको पाइएन । अझै पनि थुप्रै नीतिगत तथा प्रक्रियागत चुनौतीहरु रहेको कारणले वन क्षेत्रमा निजी क्षेत्रले लगानी गर्न हिच्किचाउनु परेको देखियो । वन क्षेत्रसँग थुप्रै कानूनी तथा नीतिगत जटिलता रहको, निर्णय प्रक्रिया लामो हुने, वन उद्यम तथा वन क्षेत्रमा गरेको लगानीबाट ढिला प्रतिफल आउने आदि कारणले वन क्षेत्रमा निजी क्षेत्रको लगानी आशातित रुपमा नभएको पाइयो ।

जलवायु परिवर्तनको मुद्दालाई कार्यक्रमले प्राथमिकतामा राखेर यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको पाइयो । यी क्रियाकलापहरु नीतिगत तहदेखि समुदायस्तर सम्मका रहेका छन् । वन उपभोक्ता समूहहरुको कार्ययोजनामा जलवायु परिवर्तन अनुकूलनका क्रियाकलापहरु समावेश गरी जलवायु परिवर्तनको मुद्दालाई योजना प्रक्रियामा नै समाविष्ट गर्ने प्रक्रियाको थालनी भएको थियो । यस्ता अनुकूलनका क्रियाकलापहरु कार्यान्वयन भएको केही वर्ष मात्र भएकोले यसको प्रभाव तथा स्थानीय समुदायको जोखिम वहन गर्ने क्षमतामा भएको प्रभाव बारेमा धेरै जानकारी प्राप्त गर्न सकिएन । घरधुरी सर्वेक्षणको विश्लेषण तथा सामूहिक छलफलबाट जलवायु परिवर्तन अनुकूलन योजनाबाट स्थानीय समुदायहरु लाभान्वित हुन थालेको देखियो । यो अध्ययनको लागी नमूनामा परेका करिब ३२.३ % लाभान्वित उत्तरदाताले जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विभिन्न सहयोग पाएको बताए ( अनुसूची तालिका ८) ।

**कार्यक्रमको सोच तालिका तथा उपलब्धी**

बहुसरोकारवाला वन कार्यक्रमको प्रथम चरणको लागि कार्यक्रम सोच तालिकामा उल्लेखित मुख्य लक्ष्य (targets) हरुमध्ये उपलब्धी नं १, ३ र ४ का धेरै सूचकहरु हासिल भएको देखिन्छ । तर उपलब्धी नं २ का सूचकहरु लक्ष्य अनुसार हासिल हुन सकेका छैनन् (तल तालिका १४ हेर्नुहोस) । कार्यक्रमको सोच तालिकाको उपलब्धी नं १ का २ वटा कोसेढुँगाहरु मध्ये वन क्षेत्रको रणनीति तयारी भएको तर राष्ट्रिय वन संयन्त्र तयार गर्ने लक्ष्य भने हासिल हुन नसकेको देखिन्छ । राष्ट्रिय वन संयन्त्र तयार गर्ने लक्ष्य हासिल हुन नसकेकै कारणले कार्यक्रम दोस्रो चरणमा प्रवेश हुन नसकेको पाइयो । दातृ निकायले कार्यक्रम दोस्रो चरणमा प्रवेश हुनका लागी यी माथि उल्लेखित २ वटा कोसेढुगांहरु अनिवार्य रुपमा हासिल हुनुपर्ने सर्त राखेका थिए ।

उपलब्धी नं ४- समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रको विस्तार गर्ने उद्देश्य लक्ष्य भन्दा बढी हासिल भएको देखिन्छ । त्यस्तै २,२०,००० घरधुरीको जलवायू परिवर्तनको जोखिम कम गर्ने लक्ष्य राखिएकोमा लक्ष्य भन्दा बढी (२,३०,५१७ घरधुरीको) हासिल भएको पाइयो । तर उपलब्धी नं २ का वन क्षेत्रबाट रोजगारी सिर्जना गर्ने लक्ष्य ८०% मात्र हासिल भएको देखिन्छ । रोजगारी सिर्जना गर्ने लक्ष्य हासिल हुन नसक्नुका कारणमा नीतिगत तथा कार्यगत अप्ठ्याराहरु भएको देखिन्छ । अझै पनि निजी क्षेत्र वन क्षेत्रमा लगानी गर्न विश्वस्त नभएको, थुप्रै नीतिगत र प्रक्रियागत झन्झटहरु रहेको तथा कार्यान्वयन निकायहरुमा आवश्यक सहजीकरण क्षमता नभएको कारणले रोजगारी सिर्जना गर्ने लक्ष्य हासिल नभएको देखिन्छ ।

**तालिका १४: कार्यक्रमको प्रथम चरणको मुख्य लक्ष्य तथा उपलब्धी**

| क.स | क्षेत्र | इकाइ | प्रथम चरणको लक्ष्य | प्रथम चरणका उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| १ | समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रको विस्तार (समुदायमा आधारित वन व्यवस्थापन समूहको गठन तथा वन हस्तान्तरण) | हे. | ४०,००० | ५१,०५० | लक्ष्य भन्दा बढी (१२७ %) प्रगति |
| २ | वन क्षेत्रबाट रोजगारी सिर्जना | जना | ३२,००० | २५,४७४ | लक्ष्य भन्दा कम (८० %) प्रगति |
| ३ | जलवायु जोखिममा परेका घरधुरीको जोखिम कम गर्न सहयोग | घरधुरी | २,२०,००० | २,३०,५१७ | लक्ष्य भन्दा बढी (१०५ %) प्रगति |
| ४ | बहुसरोकारवाला पद्धती अनुसरण गरी राष्ट्रिय नीति, रणनीति, योजना, मार्गदर्शनको तयारी तथा पुनरावलोकन | संस्था | १५ | १६ | लक्ष्यभन्दा बढी (१०७ %) प्रगति |
| ५ | विरुवा उत्पादन/वृक्षारोपण | संख्या | २ करोड | २ करोड २० लाख | लक्ष्यभन्दा बढी (११० %) प्रगति |
| ६. | विपन्न वर्गको आयआर्जन तथा जिविकोपार्जनमा सहयोग | घरधुरी | - | ७८,४०६ | - |
| ७. | वन क्षेत्रको रणनीति तयार गर्ने | | | | भयो |
| ८. | वन क्षेत्रका राष्ट्रिय संयन्त्र निर्माण गर्ने | | | | भएन |

कार्यक्रमका उपलब्धी, सिकाई तथा कार्यान्वयनका चुनौतीहरु विषयगत रुपमा अभिलेखिकरण गरेको पाइयो । कार्यक्रमले वार्षिक प्रगती प्रतिवेदन, विषयगत उपलब्धी तथा सिकाईको अभिलेखिकरण, राम्रा अभ्यासहरुको अभिलेखिकरण, कार्यक्रम सम्पन्न प्रतिवेदन तथा रिपोर्ट तयार गरेको पाइयो । अझै पनि स्थानीयस्तरमा भएका कार्यहरु, सिकाईहरु तथा चुनौतीहरु पूर्ण रुपमा अभिलेखिकरण हुन नसकेको र नीतिगत तहमा सिकाईलाई पुऱ्याउने काम प्रभावकारी रुपमा हुन नसकेको देखिन्छ ।

प्रथम चरणका लागि उपलब्ध मानवीय स्रोत, बजेट तथा उपकरण लगायतका स्रोतहरु योजना अनुसार नै प्रयोग भएका देखियो । तापनि प्रथम चरणको बजेट पूर्ण रुपमा खर्च हुन नसकेको देखिन्छ । प्रथम चरणको बजेट रु. ४ अर्ब ४५ करोड मध्ये २०७३ जेष्ठ सम्म जम्मा ८३ प्रतिशत खर्च भएको देखिन्छ । यसका कारणहरुमा कार्यक्रम ढिला सुरु हुनु, कार्यान्वयन गर्ने गै.स.स निकायहरुको छनौट ढिला हुनु तथा डलरको सटही दरबाट थप रकम प्राप्त हुनु रहेको पाइयो ।

कर्मचारीहरुको क्षमता विकासका लागि वार्षिक कार्यक्रममा नै राखी विभिन्न तालिमहरु सञ्चालन गरेको पाइयो । सरकारी निकायहरु - जिल्ला वन कार्यालय, जिल्ला भूसंरक्षण कार्यालयहरुमा दरवन्दी अनुसारका कर्मचारी पदपूर्ति नहुदाँ तथा छिटो छिटो सरुवा हुदाँ कार्यान्वयनमा ढिलाइ तथा अप्ठ्यारो परेको देखिन्छ । प्रथम चरणका लागि आवश्यक गाडी तथा अन्य उपकरणहरु स्वीस राजदुतावास तथा नेपाल सरकारको खरिद प्रक्रिया अनुसरण गरी खरिद गरिएको र प्रचलित नियम अनुसार दाखिला तथा अनुगमन हुने गरेको पाइयो ।

समग्रमा कार्यक्रमको केही लक्ष्यहरु पूर्ण रुपमा हासिल हुन नसकेता पनि कार्य सम्पादनको समग्र प्रगतिका हिसाबले कार्यक्रमको प्रथम चरणका गतिविधीहरुको कार्य सम्पादन सन्तोषजनक पाइयो ।

## ३.२. कार्यक्रमको सान्दर्भिकता

### ३.२.१ कार्यक्रमबाट वन समूहको आवश्यकता सम्बोधन

यस कार्यक्रमको मुख्य लक्षित वर्ग विपन्न तथा पछाडि पारिएका घरधुरी रहेको र समुदायस्तरमा प्राय वन समूह मार्फत नै कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । वन उपभोक्ता समूहहरुलाई सहभागितामूलक तरिकाबाट योजना तथा कार्यक्रमहरु तयार गर्न तथा यी योजनाको कार्यान्वयनमा कार्यक्रमले सहयोग पुऱ्याएको देखिन्छ । तथापि स्थानीय समुदायको बढ्दो आवश्यकता तथा सहयोगको मागलाई पुरा गर्न कार्यक्रमको विद्यमान स्रोतसाधन तथा कार्यान्वयन गर्ने सरकारी तथा गैह्र सरकारी निकायहरुको मानवीय स्रोत, क्षमता तथा कम पँहुचको कारणले चुनौतीपुर्ण रहेको पाइयो ।

जिल्ला वन कार्यालय तथा यसका सेवा केन्द्रहरुले आफ्ना क्रियाकलापहरु तथा सहयोगलाई जिल्ला भरी नै पुऱ्याउने प्रयास भएको पाइयो भने गैसस कार्यान्वयन निकायबाट जिल्लाका निश्चित गाविसहरुमा सहयोग केन्द्रित गरी कार्य सञ्चालन भएको पाइयो । यसरी हेर्दा कार्यान्वयन निकायहरुको कार्यक्रम तथा सहयोग जिल्लाको सबै भौगोलिक क्षेत्र गाविस तथा वन उपभोक्ता समूहहरुमा समान स्तरमा नपुगेको पाइयो । वन उपभोक्ता समूहहरुलाई उनीहरुको अवस्था, क्षमता, आवश्यकता आदिको आधारमा वर्गिकरण गरी (सक्रिय, मध्यम, र निस्क्रिय) सोही आवश्यकता अनुसारको सहयोग पुऱ्याउने सुरुवात कार्यान्वयन गर्ने निकायहरुबाट भएको पाइयो । सामाजिक परिचालन, सशक्तिकरण, समूहको संस्थागत विकास तथा सुशासन, कोषको उचित परिचालन, समूहको स्रोतलाई विपन्न केन्द्रित गरी परिचालन, विभिन्न आयमुलक तथा जीविकोपार्जनका क्रियाकलापहरुको सञ्चालन आदि विषयमा गैसस कार्यान्वयन निकायको बढी सहयोग रहेको पाइयो भने जिल्ला वन कार्यालयबाट वन समूह गठन तथा वन हस्तान्तरण, कार्ययोजनाको तयारी तथा परिमार्जन, वन समूहहरुलाई प्राविधिक सीप तथा सल्लाह, विरुवा उत्पादन तथा वृक्षारोपण, गैह्रकाष्ठ वन पैदावारको विस्तार तथा व्यवस्थापन, अनुगमन सहयोग आदिमा केन्द्रित गरेको पाइयो ।

समुदायस्तरमा गरिएको सामूहिक तथा जानिफकारसँगको छलफलमा कार्यक्रमले स्थानीय वन समूहहरुको आवश्यकता र प्राथमिकता अनुसार कार्यक्रमले सहयोग गरेको र सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको पाइयो । कार्यक्रमले लिएका नीति राष्ट्रिय प्राथमिकतासँग मेल खाने भनाई सरोकारवालाहरुको थियो ।

तालिका १५ मा वन सम्बन्धि सहयोग गर्ने संस्थाको उपलब्धता, उपभोक्ताको आवश्यकता अनुसार नीति तथा कार्यक्रम निमार्ण भए/नभएको साथै वन कार्यक्रमको सान्दर्भिकता र उपयोगिताको विवरण प्रस्तुत गरिएको छ । सर्वेक्षणबाट आएको तथ्याङ्क हेर्दा यी तीनै वटा सूचकहरु सान्दर्भिक देखिन्छन् । ९६.४%, ९२.८६% र ९८.२१% व.उ.स.ले क्रमश वन सम्बन्धि सहयोगी निकायको उपलब्धता हुनु, उपभोक्ताको आवश्यकता अनुसार नीति तथा कार्यक्रम रहेको साथै वन कार्यक्रम सान्दर्भिक र उपयोगी छ भनेबाट वन कार्यक्रम र व.उ.स.का क्रियाकलापहरु सान्दर्भिक रहेको निचोड निकाल्न सकिन्छ ।

त्यस्तै गरी अनुसूची तालिका ९ (अनुसूची ८) अनुसार लाभान्वित समूहका उत्तरदाताहरुले समग्रमा विभिन्न सस्थाले गरेका काम सान्दर्भिक पाएको देखिन्छ । लाभ नपाएका समूहको हकमा भने सान्दर्भिकता महशुस गर्ने उत्तरदाताको संख्या केहि कम रहेको देखिन्छ । व.उ.स.ले गरेका काम राम्रो लाग्ने र उपभोक्ताको आबश्यकता अनुसार भएको महशुस गर्ने उत्तरदाताको संख्या लाभान्वित समूहमा ५५.९६ % र ५३.५३ % र लाभ नपाएका समूहमा ३३.४९ % र ४०.४७ % रहेको देखिन्छ । यस अर्थमा लाभान्वित समूहमा रहेका व.उ.स. को क्रियाकलाप तुलनात्मक रुपमा बढी सान्दर्भिक रहेको देखिन्छ ।

**तालिका १५: वन कार्यक्रमको सान्दर्भिकता र उपयोगिता**

| जिल्ला | व.उ.स. | व.उ.स.लाई सहयोग गर्ने संस्थाको उपलब्धता (%) | उपभोक्ताको आवश्यकता अनुसार व.उ.स. को क्रियाकलाप भएको (%) | वन कार्यक्रमको उपयोगिता र सान्दर्भिकता (%) |
|---|---|---|---|---|
| संखुवासभा | ८ | ६ (७५) | ८ (१००) | ८ (१००) |
| धनुषा | ८ | ८ (१००) | ५ (६२ .५) | ७ (८७ .५) |
| रामेछाप | ८ | ८ (१००) | ७ (८७ .५) | ८ (१००) |
| पर्वत | ८ | ८ (१००) | ८ (१००) | ८ (१००) |
| कपिलबस्तु | ८ | ८ (१००) | ८ (१००) | ८ (१००) |
| सुर्खेत | ८ | ८ (१००) | ८ (१००) | ८ (१००) |
| अछाम | ८ | ८ (१००) | ८ (१००) | ८ (१००) |
| जम्मा | ५६ | ५४ (९६ .४३) | ५२ (९२ .८६) | ५५ (९८ .२१) |

बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको योजना तर्जुमा समुदायस्तरमा नै छलफल गरी तयार गर्ने गरिएकोले योजना गरिएका क्रियाकलापहरु वन समूहको आवश्यकतामा आधारित भएको देखिन्छ । खास गरेर रोजगारी र आयआर्जनसँग सम्बन्धित गतिविधिहरु यस कार्यक्रमका मुख्य विशेषताको रुपमा देखिन्छन् । स्थानीय समुदायको चाहाना बमोजिम कार्यक्रमका कार्यान्वयन निकायहरुले सहजीकरण गरेको देखिन्छ । तर यो कार्यक्रमको समय अवधी अत्यन्तै छोटो भएको र त्यसमा पनि रोजगारी र आयआर्जनसँग सम्बन्धित क्रियाकलापहरु पछिल्लो २/३ वर्ष देखि मात्र सुरुवात गरिएको हुनाले यी गतिविधिहरुले स्थानीय समुदायले पूर्ण लाभ पाउन थालिसकेको अवस्था भने सबै ठाँउमा देखिदैन ।

### ३.२.२ कार्यक्रमको नेपाल सरकारको नीति तथा कार्यक्रमसँगको तारतम्यता

यस कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु तथा योजनाहरु नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार नै तर्जुमा भएको देखिन्छ । नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको लक्ष्य, उद्देश्य तथा प्राथमिकताका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग पुग्ने गरी कार्यक्रमको दस्ताबेज तयार भएको र सोही अनुसार कार्यक्रम कार्यान्वयन भएको देखिन्छ । कार्यक्रमको सोच तालिकाको विश्लेषण गर्दा कार्यक्रमको लक्ष्य गरिबी न्यूनीकरणमा योगदान गर्ने रहेको छ जुन नेपाल सरकारको तेह्रौ त्रिवर्षीय योजनाको उद्देश्यसँग मेल खान्छ । त्यस्तै कार्यक्रमको उद्देश्यहरु दिगो वन व्यवस्थापन, समावेशी आर्थिक विकास, जलवायु परिवर्तनको जोखिमलाई कम गर्ने, वनमा आधारित आयआर्जन तथा उद्यम सञ्चालन गरी रोजगारी तथा जिविकोपार्जनमा टेवा पुऱ्याउने, समाबेशी तथा सुशासनयुक्त वन क्षेत्रको निमार्ण आदि नेपाल सरकारको उद्देश्य अनुरुप नै देखिन्छन् । नेपाल सरकारको प्राथमिकताको कार्यक्रमको रुपमा रहेका समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरु (सामुदायिक वन, साझेदारी वन लगायतको) विस्तार तथा सुदृढिकरणलाई यस कार्यक्रमले मुख्य गतिविधिको रुपमा अंगीकार गरी सञ्चालन गरेको देखिन्छ ।

जिल्लास्तरमा भएको सामूहिक तथा जानिफकारसँगको छलफलमा प्रायः सबै सरोकारवाला तथा सहभागीहरुले यस कार्यक्रमले सञ्चालन गरेका क्रियाकलापहरु जिल्लाको प्राथमिकतासँग मेल खाने भनाई रह्यो । जस्तै दिगो वन व्यवस्थापन, स्थानीय अनुकूलन योजना, एक सामुदायिक वन एक उद्यम, सामुदायिक वन कार्यक्रम आदि । साथै जिल्लास्तरमा कार्यक्रमको प्राथमिकता जिल्ला विकास समितिको जिल्ला आवधिक योजना, जिल्ला वन क्षेत्रगत कार्यक्रम (District Foresty Sector Plan) ले निदृष्ट गरे अनुसार हुने कुरा जिल्लास्तरका सरोकारवालाहरुसँगको

छलफलमा पाइयो । नेपाल सरकारको योजना तर्जुमा प्रक्रिया अनुसार नै कार्यक्रमको योजना तर्जुमा हुने तथा कार्यक्रमका सबै योजनाहरु जिल्ला परिषद्मा प्रस्तुत भई छलफल तथा स्वीकृत भएपछि मात्र कार्यान्वयन हुने गरेको रहेछ ।

### ३.२.३ कार्यक्रमको कार्यान्वयन ढाँचा (मोडालिटि) को विश्लेषण

यो कार्यक्रम विगतमा वन क्षेत्रका परियोजनाहरु भन्दा फरक हिसाबले तयार भएको रहेछ । कार्यक्रमको मोडालिटी विगतका परियोजनाको सिकाईलाई लिदै परियोजना पद्धती (Project Modality) बाट कार्यक्रम पद्धती (Programme Modality) अंगिकार गरिएको देखिन्छ । दश वर्षका लागि कार्यक्रमको सोच भएपनि यसलाई २ चरणमा विभाजन गरिएको र प्रथम चरण जसलाई कार्यक्रम दस्तावेजमा संक्रमणकालीन चरण (Transitional phase) को रुपमा पहिलो ४ वर्षका लागि संभौता भएको थियो । कार्यक्रमको दोस्रो चरणको व्यवस्थापन राष्ट्रिय वन संयन्त्रले गर्ने गरी कार्यक्रमको संभौता भएको रहेछ ।

यो कार्यक्रम तीनवटा मुख्य सरोकारवालाहरु जस्तैः नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय, गैह्र सरकारी संस्थाहरु र निजी क्षेत्रले कार्यान्वयन गर्ने अवधारणा कार्यक्रम दस्ताबेजमा उल्लेख छ । साथै नेपाल सरकारको नेतृत्वमा कार्यक्रम कार्यान्वयन गर्ने अवधारणागत कुरा पनि सोही दस्ताबेजमा उल्लेख छ । सोही अनुरुप वन तथा भूसंरक्षण मन्त्रालयका सचिवको अध्यक्षतामा विभिन्न सरोकारवालाहरु रहेको एउटा बहुसरोकारवाला निर्देशन समिति बनेको पाइयो । कार्यक्रमको प्रथम चरणको लागि दिशानिर्देश गर्न गठित यो समिती १५ सदस्यीय रहेको र यसको नेतृत्व नेपाल सरकार (सचिव वन तथा भूसंरक्षण मन्त्रालय) को रहने व्यवस्था गरिएको रहेछ । यस समितिको मुख्य भूमिका कार्यक्रमलाई नीतिगत दिशानिर्देश गर्ने, कार्यक्रमको नीति निमार्ण गर्ने, कार्यक्रमको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, कार्यक्रमको प्रगतिको समीक्षा गर्ने, कार्यक्रमको वार्षिक प्रतिवेदनको समीक्षा तथा स्वीकृत गर्ने र लेखापरिक्षण प्रतिवेदनको समीक्षा तथा स्वीकृत गर्ने रहेछ । यस समितिको बैठक साधारणतया वर्षमा २ पटक बस्ने र कम्तीमा एउटा बैठक कार्यक्रमको फिल्डमा नै गर्ने गरेको रहेछ । फिल्डमा बैठक गर्दा कार्यक्रमको फिल्ड अवलोकन तथा अनुगमन पनि सँगसगै गर्ने प्रचलन रहेछ । यस समितिको परियोजना अवधिमा १० वटा बैठक सम्पन्न भएको पाइयो ।

यस समितिको निर्देशनमा रही कार्यक्रमको व्यवस्थापन गर्नका लागि नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको तर्फबाट कार्यक्रम संयोजकको कार्यालय (PCO) स्थापना भई कार्यक्रमको समष्टिगत नेतृत्व तथा समन्वय गर्ने भूमिका दिईएको रहेछ । साथै दातृनिकायको तर्फबाट कार्यक्रमको व्यवस्थापन तथा प्राविधिक सहयोगको लागि कार्यक्रम सहयोग इकाई (SSU) स्थापना भइ सञ्चालन भएको रहेछ । कार्यक्रम संयोजकको कार्यालयले कार्यक्रमको समष्टिगत नेतृत्व तथा समन्वय गर्ने, कार्यक्रमको आशातित उपलब्धीहरुमध्ये विशेष गरी उपलब्धी १ तथा ४ को व्यवस्थापन गर्ने, वन क्षेत्रको नीति निमार्णसँग सम्बन्धित लक्ष्य तथा क्रियाकलापहरु ( जस्तै राष्ट्रिय वन रणनीतिको तयारी, राष्ट्रिय वन संयन्त्रको निमार्ण आदिको) सहजीकरण गर्ने, सरकारी निकायहरुसँग समन्वय गर्ने, कार्यक्रमको अनुगमन गर्ने, जिल्लास्तरमा कार्यक्रमको कार्यान्वयनको नेतृत्व तथा समन्वय गर्ने काममा सहजीकरण गर्ने आदि रहेको पाइयो । त्यस्तै, कार्यक्रम सहयोग इकाईले गैह्र सरकारी संस्थाहरुसँगको सहकार्य तथा गैसस कार्यान्वयन निकायको व्यवस्थापन, कार्यक्रमको अनुगमन आदि भूमिका निर्वाह गरेको पाइयो ।

कार्यक्रम संयोजकको कार्यालयबाट सम्पादित कार्यक्रमहरु नेपाल सरकारको खरिद प्रक्रिया तथा आर्थिक नियम अनुसार हुने तथा कार्यक्रम सहयोग इकाईले यस कार्यक्रममा दातृ निकायहरुको तर्फबाट स्वीस राजदुतावासको प्रक्रिया अनुसार कार्य सञ्चालन गरेको पाइयो । राष्ट्रिय स्तरका यी २ वटा कार्यक्रम व्यवस्थापन इकाईहरुको (PCO / SSU) कार्यसञ्चालन तथा आर्थिक प्रवाह प्रक्रिया फरक भएको (नेपाल सरकारको प्रक्रिया तथा स्वीस राजदुतावासको सोभै भुक्तानी प्रक्रिया) कारणले कार्य सम्पादनमा केही अस्पष्टताका साथै बजेट निकासा ढिला हुने गरेको पाइयो ।

कार्यक्रम संयोजकको कार्यालयमा पर्याप्त कर्मचारीको अभाव, कर्मचारीको छिटो छिटो परिवर्तन (४ वर्षमा ४ जना कार्यक्रम संयोजक रहनु भएको), बजेटको ढिला स्वीकृत तथा निकासा आदि कारणले गर्दा कार्यक्रम संयोजकको कार्यालयले अपेक्षा गरे अनुरुप भूमिका खेल्न नसकेको पाइयो । साथै, कार्यक्रममा दैनिक भत्ता तथा कार्यालय सञ्चालन खर्चका बारेमा भएका अस्पष्टताले पनि कार्यक्रम सञ्चालनमा अप्ठ्यारो परेको पाइयो ।

यसरी फरक फरक कार्यान्वयन ढाँचा भएका यी २ वटा इकाईहरु बीचको स्वार्थको लडाइले गर्दा कतिपय कामहरु प्रभावकारी रुपमा नभएको देखिन्छ ।

कार्यक्रम कार्यान्वयन ढाँचाको बारेमा विभिन्न सरोकारवालाहरुको विभिन्न बुझाईहरु रहेको पाइयो । वन तथा भूसंरक्षण मन्त्रालय वा सरकारी निकायले कार्यक्रमको नेतृत्व गर्ने भन्ने परियोजना दस्ताबेजमा उल्लेख भएता पनि कार्यक्रमको स्वामित्व सरकारी निकायले पूर्ण रुपमा लिन सकेको पाइएन । वन मन्त्रालय, वन विभाग र जिल्ला वन कार्यालयका सम्बन्धित अधिकारीहरुसँग छलफल गर्दा यो कार्यक्रम दातृ निकाय स्वयम् र गैह्र सरकारी संस्थाहरुले नेतृत्व गर्ने कार्यक्रम भएको बुझाई पाइयो । बजेटको ठूलो हिस्सा गैह्र सरकारी निकाय मार्फत समुदायमा जाने भएकोले सरकारी निकायको त्यसमा जवाफदेहिता भए पनि नभएपनि हुने भन्ने खालको बुझाई सरकारी निकायमा रहेको पाइयो । खास गरेर वन समूहको कार्यक्रममा भाग लिन जाँदा दैनिक भ्रमण भत्ता लिन नपाउने (गैह्र सरकारी कार्यान्वयन निकायले सरकारी कर्मचारीलाई भ्रमण भत्ता दिन नपाउने कुरा परियोजना दस्ताबेजमा उल्लेख गरिएको) कुराले जिल्ला वन कार्यालयका कर्मचारीहरु कार्यक्रममा भाग लिन निरुत्साहित भएको कुरा गुनासोको रुपमा आयो । जिल्ला वन कार्यालयमा आउने दैनिक भ्रमण भत्ता सिमित मात्रामा हुने र अन्य निकायले गरेका कार्यक्रममा सहजीकरण गर्न जानका लागि उक्त बजेट नपुग्ने कुरा जिल्ला वन कार्यालयका कर्मचारीहरुको थियो । जि.व.का का कर्मचारीहरुलाई आवश्यक दैनिक भत्ताको व्यवस्था नहुँदा काममा बाधा परेको भनाई सबै जिल्लाका सरकारी तथा गैह्र सरकारी कार्यान्वयन निकायको थियो ।

गैह्र सरकारी कार्यान्वयन निकायहरु पनि कार्यक्रमको ढाचासँग पूर्ण रुपमा सन्तुष्ट देखिएनन । खास गरेर कार्यक्रम सहयोग इकाई (SSU) अन्तर्गतको क्ल्ष्टर कार्यालय सहयोगीको भूमिकामा नभई दाताको समानान्तर इकाईको रुपमा रहेको बुझाई पाइयो । कार्यक्रम कार्यान्वयनमा धेरै तह रहेको हुनाले कतिपय अवस्थामा स्पष्ट रुपमा सञ्चार नहुने समस्या आएको कुरा पनि गुनासोको रुपमा पाइयो ।

स्थानीय अनुकूलन योजनाहरु गाविसस्तरमा बनेका र गाविसका अधिकारीहरुको प्रत्यक्ष संलग्नता हुनुपर्ने भएता पनि अधिकांश गाविस सचिवहरु उक्त अनुकूलन योजना बारे अनभिज्ञ रहेको पाइयो । गाविस सचिवको सरुवा भएर अर्को नयाँ सचिव आएपछि नयाँलाई यसबारे जानकारी नभएको पाइयो । यो मूल्याङ्कनका लागि छनौटमा परेका जिल्लाका अधिकांश जिल्ला विकास समितिहरुका अधिकारीहरुलाई बहुसरोकारवाला कार्यक्रमका गतिविधिहरु कमै मात्र जानकारी भएको पाइयो । यस्को एउटा कारण कर्मचारीहरुको छिटो छिटो सरुवा हुनु पनि थियो ।

मन्त्रालयस्तरमा रहेको कार्यक्रम संयोजकको कार्यालयले (PCO) ले जति प्रभावकारी भूमिका निभाउनु पर्ने हो, उक्त भूमिका निभाउन नसकेको अवस्था पाइयो । मन्त्रालयका केही अधिकारीका भनाई अनुसार नै उक्त कार्यालयले समन्वयकारी र नेतृत्वदायी भूमिका निभाउन केही कमी-कमजोरी भएको स्वीकार गरिएको छ । कार्यक्रमको संयोजन गर्ने क्रममा मन्त्रालय भित्र नै पनि बहुसरोकारवाला वन कार्यक्रमबारे पर्याप्त छलफल तथा सहजीकरण हुन सकेन । त्यसै गरी कार्यक्रम संयोजकको कार्यलयको वन विभाग र सरकारी निकायहरुसँग समन्वयको कमी रह्यो । बहुसरोकारवाला वन कार्यक्रमको निर्देशन समितिमा परियोजना संयोजकको कार्यालय जुन दक्षताका साथ उपस्थित हुन सक्नुपर्थ्यो त्यो तहमा हुन सकेन र फलस्वरुप कार्यक्रममा दातृ निकाय तथा गैसस निकायहरु हावी हुदै आएको कुरा वन मन्त्रालय भित्रका केही अधिकारीहरुको अनुभूती थियो । कार्यक्रम सहयोग इकाई गैसस निकायहरुको व्यवस्थापन, कार्यक्रम व्यवस्थापन तथा सरोकारवालाहरुको समन्वयमा बढी केन्द्रित हुन पुगेको देखियो । कार्यक्रम सहयोग इकाइले प्राविधिक सहयोग, अनुगमन तथा गुणस्तर नियन्त्रण जस्ता विषयमा सहयोगहरु पुऱ्याउनुपर्थ्यो तर उक्त कामहरु आवश्यकता अनुसार हुन नसकेको पाइयो । यस इकाईको

सानो कर्मचारीको टिमले लगभग २०० जति संझौताहरु व्यवस्थापन गर्नुपर्ने कारणले कर्मचारीले बढी समय व्यवस्थापनमा दिनुपर्यो जस्ले गर्दा प्राविधिक सहयोग तथा अनुगमन आवश्यकता अनुसार हुन सकेन ।

यस कार्यक्रमका ३ वटा दातृ निकायहरुले विगतमा यस्ता वन कार्यक्रमहरु आफ्नै तरिकाले छुट्टाछुटै सहयोग तथा सञ्चालन गरी रहेकामा यस कार्यक्रम मार्फत संयुक्त रुपमा सहयोग गरेको सन्दर्भमा दातृ निकायहरुका आ-आफ्नो प्राथमिकता तथा चासोलाई व्यवस्थापन गर्नु महत्वपूर्ण कार्य थियो । तर ३ वटा दातृ निकायहरु बीच प्रभावकारी रुपमा समन्वय गर्ने काम दातृ निकायका सम्बन्धित कर्मचारीहरुबाट हुन नसकेको पाइयो जसले गर्दा दातृ निकायहरु बीच कार्यक्रमलाई हेर्ने दृष्टिकोण फरक फरक रह्यो ।

माथि उल्लेखित कारणहरुले गर्दा कार्यक्रम कार्यान्वयन ढाँचा प्रभावकारी हुन सकेन ।

### ३.२.४ कार्यक्रम कार्यान्वयन गर्ने गै.स.स. निकायहरुको छनौट प्रक्रिया

कार्यक्रमको कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट दातृ निकायको नेतृत्व गर्ने स्वीस राजदुतावासको खरिद प्रक्रिया अवलम्बन गरी भएको रहेछ । सन् २०६८ आसारमा गैसस कार्यान्वयन निकायको छनौटको लागि टेन्डर गरी नेपाल सरकार तथा दातृ निकायका प्रतिनिधि सम्मिलित प्रस्तावना मूल्याङ्कन समितिले प्राप्त प्रस्तावनाहरुको मूल्याङ्कन गरी एउटा संस्था छनौट गरेको रहेछ । संस्था छनौट भईसकेपछि सो संस्थासँग सम्झौता गर्नु भन्दा अगाडि केही विवाद भएकोले निर्देशन समितिको निर्णय अनुसार उक्त प्रक्रिया रद्द गरी पुनः २०६८ असोजमा नयाँ टेन्डर आह्वान गरिएको रहेछ ।

यसरी पुन टेन्डर आह्वान गर्नु भन्दा अगाडि कार्यक्रमको निर्देशन समितिबाट वन तथा भूसंरक्षण मन्त्रालय, दातृ निकाय, निर्देशन समिति, कार्यक्रमको संयोजकको कार्यालय तथा कार्यक्रम सहयोग इकाईको प्रतिनिधि सम्मिलित एक कार्यदल गठन गरी उक्त कार्यदलले संस्था छनौटका लागी टेन्डर दस्तावेज (Tender Document) तयार गरेको रहेछ । उक्त कार्यदलले २ महिना लगाएर सबै सरोकारवालासँग छलफल गरी उक्त टेन्डर प्रतिवेदन तयार गरी कार्यक्रमको निर्देशन समितिमा प्रस्तुत तथा छलफल गरी स्वीकृत भएको रहेछ । उक्त टेन्डर प्रतिवेदनमा कतिवटा संस्था छनौट गर्ने, छनौटका मापदण्ड तथा प्रक्रिया, टेन्डरको समयावधी, प्रस्तावना मूल्याङ्कनका विस्तृत आधारहरु, कार्यान्वयन निकायको भूमिका, कार्यान्वयन निकायले कार्यान्वयन गर्नुपर्ने मुख्य क्रियाकलापहरु उल्लेख गरीएको रहेछ । संस्था छनौटका लागि निर्धारित मापदण्ड, आधारहरु तथा प्रक्रिया स्पष्ट रुपमा तोकिएको र सार्वजनिक गरेको पाइयो । संस्था छनौटका लागि मुख्य मापदण्डमा संस्थाको दर्ता तथा कानुनी हैसियत, संस्थाको कार्य अनुभव तथा प्रोफाइल, संस्थाको मानवीय स्रोत, कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक विधि तथा पद्धति तथा बजेट रहेको पाइयो । सर्वेक्षण गरिएका गैससहरुमध्ये ७८.६% गैससले विषयगत अनुभव छनौटको एउटा मुख्य आधार भएको बताए । यो सगैं ५७.१% र ५०% संस्थाले संस्थाको प्रोफाइल र समान भौगोलिक स्थानमा काम गरेको अनुभव पनि छनौटको आधार रहेको बताए (अनुसूची ८, तालिका १०) । संस्था छनौटका लागि खुल्ला विज्ञापन राष्ट्रियस्तरका प्रत्रिकाहरु, कार्यक्रमको website, कार्यक्रमको कार्यालय सूचना पाटी मार्फत सार्वजनिक तथा जानकारी गराइएको रहेछ ।

यसरी स्वीकृत टेन्डर प्रतिवेदनको आधारमा स्वीस राजदुतावासको खरिद प्रक्रिया अवलम्बन गरी सार्वजनिक रुपमा विज्ञापन गरी खुल्ला तथा प्रतिष्पर्धात्मक विधि अपनाई ८ वटा मुख्य गैसस कार्यान्वयन निकायहरु केन्द्रित कार्यक्रम कार्यान्वयन गर्न (नेपाल ग्रामिण पूननिर्माण संस्था, ईकार्डस नेपाल, रिम्स नेपाल, लिवर्ड, रुपान्तरण नेपाल र आइडिएस) विषयगत कार्यक्रम सञ्चालन गर्न (इन्प्रेड र सुन्दर नेपाल) छनौट भएका थिए । त्यसपछि यी निकायहरुले आफ्नो कार्य जिल्लाहरुमा खुल्ला तथा प्रतिष्पर्धात्मक तरिकाले स्थानीय गैसस छनौट गरी यी स्थानीय गैससको साझेदारीमा कार्यक्रमको कार्यान्वयन गरेको पाइयो ।

प्रस्तावना मूल्याङ्कन समितिले पहिला योग्यता जाँच गरेर योग्यता पुगेको संस्था मात्र प्राविधिक प्रस्तावको मूल्याङ्कनका लागि छनौट गरेको र छनौट भएका प्राविधिकि प्रस्तावहरुको पूर्व प्रकाशित मापदण्ड तथा

आधारहरुलाई आधार मानी मूल्याङ्कन गरिएको रहेछ । प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने आधारहरु संस्थाको कार्य अनुभव, कार्यक्रम कार्यान्वयनको प्रस्तावित विधि तथा प्रस्तावित मानवीय स्रोत रहेका थिए । ६० नम्बर प्राप्त गरेका प्राविधिकि प्रस्तावहरु मात्र आर्थिक मूल्याङ्कनका लागि छनौट गरी छनौट भएका आर्थिक प्रस्तावहरुको मूल्याङ्कन गरी प्राविधिक तथा आर्थिक प्रस्तावहरुको कूल योगबाट अन्तिम छनौट गरिएको रहेछ । यसरी छनौट गरिएका प्रस्तावहरुमा कसैको दावी विरोध भए सोको लागि पुनः सार्वजनिक सूचना जारी गरी २० दिनको समय दिइएको रहेछ । साथै यस प्रक्रियामा स्वतन्त्र तथा कानुनी परामर्श दिनको लागि २ जना कानुन विज्ञहरु पनि सम्मिलीत गराइएको रहेछ । कार्यक्रमको कार्यक्षेत्र विस्तार भएपछि विषयगत कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि पनि गैसस कार्यान्वयन निकायहरु सोहि प्रक्रिया अवलम्वन गरी छनौट गरिएको रहेछ ।

प्रस्ताव मूल्याङ्कन समितिमा दातृ निकाय, नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय तथा कार्यक्रम संयोजकको कार्यालय, निर्देशन समितिको तर्फबाट एक नागरिक समाजका प्रतिनिधि तथा कार्यक्रम सहयोग इकाईका प्रतिनिधी रहने व्यवस्था रहेछ । साथै प्रस्ताव मुल्याङ्कन समितिका लागि आचार संहिता बनाई चाखहरुको स्वार्थलाई सम्बोधन गरिएको देखिन्छ ।

त्यसै गरी जिल्लास्तरमा पनि कार्यक्रमको कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुले स्थानीय गैससहरु छनौट गर्दा माथिकै मापदण्ड अनुसार छनौट गरेको देखिन्छ । जिल्लास्तरमा गैससहरु छनौट गर्दा जि.वि.स. र जिल्ला वन कार्यालयमा सूचना टाँस गरी स्थानीय संघ-संस्थाहरुसँग दरखास्त आह्वान गरिएको पाइयो ।

तर सवै मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट गरिए पनि उक्त छनौट प्रक्रिया विवादरहित भने रहेन । कार्यक्रमको सुरुवातमै गरिएको टेन्डरको नतीजा प्रकाशित भए पछि उक्त प्रक्रियामा चाखहरुको द्वन्द्व भयो भनि विरोध आए पछि निर्देशन समितिको निर्णय अनुसार उक्त प्रक्रिया रद्द गरिएको थियो । दोस्रो पटक पुनः विज्ञापन गरी मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट प्रक्रिया सचेततापूर्वक गरेको भएता पनि प्रक्रिया पुरा गर्न करीव ६ महिना लागेको देखिन्छ जस्ले गर्दा कार्यक्रमको कार्यान्यवनको सुरुवात नै ढिलो भएको पाइयो ।

यसरी यो कार्यक्रमको कार्यान्वयनको ढाँचा र सर्तका कारणले केही महत्वपूर्ण उपलव्धीहरु हासिल हुन नसक्दा कार्यक्रम दोस्रो चरणमा प्रवेश गर्न नसकेता पनि नेपालको वन क्षेत्रको विकासमा सरकारको नीति प्राथमिकता र स्थानीय समुदायको आवश्यकता सम्बोधन गर्ने दृष्टिकोणले यो कार्यक्रम निकै सान्दर्भिक देखिन्छ ।

## ३.३ कार्यक्रमको प्रभावकारिता

### ३.३.१ कार्यक्रम सञ्चालनको अवस्था (मूल्याङ्कन शुरु गर्दाको वेला)

यस कार्यक्रमको प्रथम चरण २०७३ साल आसार मसान्तमा सकिएको छ । यस चरणको कार्यक्रमको समापन तथा सहज वहिर्गमन (smooth exit) का लागि कार्यक्रमले केही महिना अघि नै वहिर्गमन योजना (exit plan) तयार गरी कार्यक्रमको निर्देशन समितिमा छलफल भई स्वीकृत भएको रहेछ । उक्त योजना अनुसार यो अध्ययन सुरु गर्दाको समयमा कार्यान्वयन निकायहरु कार्यक्रम समापनको अन्तिम चरणमा थिए ।

### ३.३.२ वन समूहहरु तथा कार्यान्वयन गर्ने निकायहरुको क्षमता अभिबृद्धि

यस कार्यक्रमको मुख्य प्राथमिकताहरु मध्ये एक वन समूहहरुको क्षमता अभिबृद्धि गरी वन स्रोतको दिगो र न्यायोचित व्यवस्थापन र सदुपयोग गर्ने भएकोले यसलाई केन्द्रित गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको रहेछ । कार्यक्रम कार्यान्वयन गर्ने सरकारी तथा गैह्र सरकारी निकायहरुमार्फत वन समूहलाई क्षमता तथा सीप विकासका विभिन्न तालिमहरु, संस्थागत विकासका लागि प्राविधिक तथा आर्थिक सहयोग र अन्य विभिन्न

निकायहरुसँगको समन्वय तथा सहकार्य गर्ने काममा कार्यक्रमले सहयोग पुऱ्याएको रहेछ । केन्द्रित कार्यक्रम सञ्चालन भएका २३ जिल्लाहरुमा वन समूहहरुको क्षमता तथा सहयोगको आवश्यकताका आधारमा वर्गीकरण गरी सोही अनुसारको सहयोग पुऱ्याएको पाइयो । साथै सक्रिय समूहहरुलाई परिचालन गरी कम सक्रिय समूहहरुलाई सहयोग पुऱ्याउने प्रक्रियाको पनि थालनी केही जिल्लाहरुमा भएको पाइयो । वन कार्यक्रमको सहयोगमा वन समूहहरु थप बलियो र सुदृढ भएको भनाइ सातै जिल्लाका सरोकारवालाहरु तथा जानिफकारहरुको थियो । समूहले वनको संरक्षण तथा विकासको मात्र काम नगरी विभिन्न सामुदायिक विकासका कामहरु गरेको र यसबाट पुरै समुदाय नै लाभान्वित भएको भनाई समूहहरुको थियो । हाल कार्यक्रम सञ्चालित जिल्लाहरुमा रहेका वन समूहहरुमध्ये करीब ४० प्रतिशत सक्रिय, ४० प्रतिशत मध्यम र २० प्रतिशत कम सक्रिय रहेको कुरा जिल्लाको सरोकारवालाहरुको छलफलमा आयो । यी ४० प्रतिशत सक्रिय समूहहरुको बाहिरको सहयोग विना पनि समूह सञ्चालन तथा नियमित क्रियाकलापहरु आफै सञ्चालन गर्न सक्ने र कम सक्रिय २० प्रतिशत समूहहरुको अझै सहयोग पुऱ्याउन पर्ने भनाई थियो ।

कार्यक्रमको कार्यान्वयन गर्ने सरकारी र गैह्र सरकारी निकायहरुको क्षमता विकासका लागि कार्यक्रमले बार्षिक योजनामा नै क्रियाकलापहरु राखी सञ्चालन गर्ने गरेको पाइयो । स्थानीय साझेदार गै.स.स.हरुको क्षमता विकास तथा संस्थागत सुसासनका लागि छुट्टै क्षमता अभिबृद्धि कार्यक्रम नै सञ्चालन गरीएको पाइयो । त्यसै गरी सरकारी निकायको क्षमता विकासका लागि कार्यक्रमले विभिन्न प्रकारका तालिमहरु संचालन गरेको पाइयो । । तर सरकारी कर्मचारीहरुलाई उच्च शिक्षाको लागि कार्यक्रममा कुनै व्यवस्था नभएको विषयमा वन तथा भूसंरक्षण मन्त्रालय र यस अन्तर्गतका विभाग तथा जिल्ला वन कार्यालयहरुका गुनासो थियो । साथै जिल्ला वन कार्यालयको सञ्चालन खर्च तथा गाडी खरिदका लागि पनि कार्यक्रममा व्यवस्था नभएका कारणले कार्यक्रमको कार्यान्वयन तथा अनुगमनमा बाधा पुगेको भनाइ सरकारी निकायको थियो ।

माथि विश्लेषण गरिएको सूचनाका आधारमा कार्यक्रमले सञ्चालन गरेको क्षमता अभिवृद्धि कार्यक्रम गैसस र वन समूहहरुका लागी प्रभावकारी नै भएको भएता पनि वन मन्त्रालय अर्न्तगतका निकायहरुका लागि जति प्रभावकारी हुनुपर्ने हो त्यति प्रभावकारी हुन नसकेको देखिन्छ ।

### ३.३.३ कार्यक्रमको कार्यान्वयन गर्ने निकाय (सरकारी, गैह्र सरकारी) बाट उपलब्ध भएका सेवाहरुको अवस्था तथा अधिकारवाला उपभोक्ताको सन्तुष्टि

कार्यक्रमको कार्यान्वयन गर्ने सरकारी तथा गैह्र सरकारी निकायहरुको सेवा प्रति स्थानीय वन समूहहरुको मिश्रित सन्तुष्टि रहेको पाइयो । घरधुरि सर्वेक्षणको नतीजा अनुसार अधिकांश व.उ.स को मत यी दुवै निकायको काम प्रभावकारी रहेको पाइयो । तालिका १६ मा गै.स.स, जि.व.का र वन समूहमा कार्यक्रमका क्रियाकलापको प्रभावकारिता सम्बन्धि व.उ.स.बाट प्राप्त तथ्याङ्क प्रस्तुत गरिएको छ । सर्वेक्षण गरिएका ५६ व.उ.स मध्ये सहयोग प्राप्त गरेका ५१ (९१.१%) मध्ये करिब ७१.४% व.उ.स.ले गै.स.स.को क्रियाकलाप ज्यादै प्रभावकारी भएको बताए । तुलनात्मक हिसाबमा जि.व.का.को क्रियाकलाप ज्यादै प्रभावकारी रहेको भन्ने मत जाहेर गर्ने व.उ.स को संख्या भने कम (३५.७%) देखियो । वन समूहको क्रियाकलापको प्रभावकारिता (ज्यादै प्रभावकारी र प्रभावकारी) को औसतलाई हेर्दा ८०.४% व.उ.स.ले प्रभावकारी रहेको बताए ।

**तालिका १६: कार्यक्रमको कार्यान्वयन गर्ने निकायहरुबाट उपलब्ध भएका सेवाहरुको अवस्था तथा अधिकारवाला उपभोक्ताको सन्तुष्टि**

| जिल्ला | व.उ. समूह संख्या | गै.स.स./जि.व.का. बाट सहयोग प्राप्त भएको (%) | गै.स.स. को क्रियाकलापको प्रभावकारिता (%) | | जि.व.का. को क्रियाकलापको प्रभावकारिता (%) | |
|---|---|---|---|---|---|---|
| | | | ज्यादै प्रभावकारी | प्रभावकारी | ज्यादै प्रभावकारी | प्रभावकारी |
| संखुवासभा | ८ | ८ (१००) | ८ (१००) | ०(० .०) | ३(३७.५) | ४(५०) |
| धनुषा | ८ | ८ (१००) | ४ (५०) | ४(५०) | १(१२.५) | ५(६२.५) |
| रामेछाप | ८ | ८ (१००) | ६ (७५) | २(२५) | ३(३७.५) | ५(६२.५) |
| पर्वत | ८ | ४ (५०) | ८ (१००) | ०(० .०) | ४(५०) | ४(५०) |
| कपिलबस्तु | ८ | ८ (१००) | ६ (७५) | २(२५) | ५(६२.५) | २(२५) |
| सुर्खेत | ८ | ७ (८७ .५) | ६ (७५) | १(१२.५) | १(१२.५) | ६(७५) |
| अछाम | ८ | ८ (१००) | २ (२५) | ६(७५) | ३(३७.५) | ५(६२.५) |
| जम्मा | ५६ | ५१ (९१ .१) | ४० ( ७१.४) | १५(२६.८) | २०(३५.७) | ३३(५५.४) |

चित्र ५ मा जि.व.का.ले गरेका काम प्रति व.उ.स.को सन्तुष्टिको तथ्याङ्क प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्क अनुसार समग्रमा करिव ९८% व.उ.स.ले जि.व.का.को क्रियाकलाप राम्रो वा सन्तोषजनक भने पनि जिल्ला अनुसार सन्तुष्टकर्ताको आंकडा फरक रहेको देखियो । सबैभन्दा बढी रामेछापका व.उ.स. (८७.५%) जि.व.का.को काम प्रति सन्तुष्ट रहेको देखियो भने सबैभन्दा कम सुर्खेत र धनुषाका व.उ.स. (२५%) जि.व.का.को कामप्रति सन्तुष्ट रहेको देखियो । तथापि यी दुवै जिल्लाका ७५% व.उ.स.ले जि.व.का.को काम ठिकै रहेको प्रतिक्रिया दिएका छन् (अनुसूची तालिका ११) ।

**चित्र ५: जि.व.का ले गरेका काम सेवाको सन्तुष्टि**



### गैह्र सरकारी संस्थाको सहयोग र क्रियाकलापको सन्तुष्टि

तालिका १७ मा कार्यक्रम कार्यान्वयन गर्ने गैह्र सरकारी संस्थाले गरेका सहयोग र क्रियाकलाप सम्बन्धि व.उ.स. को सन्तुष्टिको तथ्याङ्क प्रस्तुत गरिएको छ । जस अनुसार ५६ मध्ये २१(३८.२%) र २३ (४१.८%) व.उ.स.हरु, गै.स.स. कार्यान्वयन निकायले गरेका सहयोग र क्रियाकलापप्रति क्रमशः ज्यादै सन्तुष्ट र सन्तुष्ट रहेको देखियो । तीमध्ये धनुषाको एउटा व.उ.स. सन्तुष्ट नरहेको देखियो । समग्रमा ८०% व.उ.स. सहयोगी निकायको सहयोग र क्रियाकलाप प्रति सन्तुष्ट वा ज्यादै सन्तुष्ट रहनुले कार्यक्रमका कार्यान्वयन गर्ने सहयोगी संस्थाको क्रियाकलाप प्रभावकारी रहेको देखियो ।

**तालिका १७: कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको सहयोग र क्रियाकलापको सन्तुष्टि**

| जिल्ला | व.उ.स समूह | ज्यादै सन्तुष्ट (%) | सन्तुष्ट (%) | अलि अलि सन्तुष्ट (%) | सन्तुष्ट छैन (%) |
|---|---|---|---|---|---|
| संखुवासभा | ८ | २ (२५) | ५ (६२ .५) | १ (१२ .५) | ० (० .०) |
| धनुषा | ८ | ० (० .०) | ३ (३७ .५) | ४ (५०) | १ (१२ .५) |
| रामेछाप | ७ | ३ (४२ .९) | ४ (५७ .१) | ० (० .०) | ० (० .०) |
| पर्वत | ८ | ५ (६२ .५) | ३ (३७ .५) | ० (० .०) | ० (० .०) |
| कपिलबस्तु | ८ | ६ (७५) | ० (० .०) | २ (२५) | ० (० .०) |
| सुर्खेत | ८ | १ (१२ .५) | ५ (६२ .५) | २ (२५) | ० (० .०) |
| अछाम | ८ | ४ (५०) | ३ (३७ .५) | १ (१२ .५) | ० (० .०) |
| जम्मा | ५५ | २१ (३८ .२) | २३ (४१ .८) | १० (१८ .२) | १ (१ .८) |

### ३.३.४ योजना तर्जुमा प्रक्रिया तथा समावेशिता

कार्यक्रमले सहभागितामुलक योजना तर्जुमा प्रक्रिया अबलम्वन गरेको र नेपाल सरकारको १४ चरणको योजना प्रक्रियालाई अनुसरण गरेको पाइयो । कार्यक्रमका लक्षित वर्गको सक्रिय सहभागितामा योजना तर्जुमा (bottom up planning) प्रक्रियाको विधि अपनाइ कार्यक्रमको पहिचान तथा प्राथमिकीकरण गर्ने प्रचलन रहेछ । कार्यान्वयन निकायहरुबाट तयार भएको वार्षिक योजनालाई जिल्ला परिषद्बाट स्वीकृत गराउनु पर्ने रहेछ । जिल्ला परिषदबाट अनुमोदित वार्षिक कार्यक्रम सम्बन्धित निकायले क्षेत्रीय योजना तर्जुमा गोष्ठीबाट आवश्यक समायोजन सहित अनुमोदन गराइ वन तथा भूसंरक्षण मन्त्रालय मार्फत राष्ट्रिय योजना आयोगमा अन्तिम स्वीकृतिको लागि पेश गर्नु पर्ने रहेछ । सोझै भुक्तानीबाट सम्पन्न हुने योजना तथा कार्यक्रमलाई (Programme Budget) पनि नेपाल सरकारको वार्षिक योजनामा समाहित गर्नु पर्ने ब्यवस्था रहेछ । वार्षिक योजना तयार गर्दा कुल वार्षिक बजेटको कम्तिमा पनि ३५ प्रतिशत अंश लक्षित वर्गका उपभोक्ताहरुलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रमहरुका लागि छुट्याउनु पर्ने अनिवार्य व्यवस्था पनि गरेको देखिन्छ ।

योजना तर्जुमा प्रक्रियामा वन समूहहरुको सहभागिता बृद्धि हुदै गएको देखियो । विगत ४ वर्षमा वन उपभोक्ता समूहको निर्णय प्रक्रियामा महिला, दलित, विपन्न तथा मधेसी वर्गका उपभोक्ताहरुको सहभागिता बढ्दै गएको भनाई सामूहिक छलफलमा सरोकारवालाहरुले व्यक्त गरे । वन समूहहरुको आम भेला साधारणतया वर्षमा १ पटक गर्ने गरेको पाइयो । साथै वन समितिको संरचनामा महिला, विपन्न, दलित र मधेसीको सहभागिता र संख्यामा बृद्धि भएको भनाई सबै जिल्लाका सरोकारवालाहरुको थियो । समूहस्तरमा विपन्न, दलित महिलाको सहभागिता बढेको र धेरै समूहको कार्य समितिमा पछिल्लो समयमा आएर करिव ५०% महिला रहने गरेको वन समूहसँगको छलफलमा व्यक्त गरेका थिए ।

अध्ययन गरिएका जिल्लाहरुमा छनौट भएका गाविसबाट वन उपभोक्ता समूहका पुरुष उपभोक्ताहरु कामका लागि जिल्ला तथा देश बाहिर जाने प्रचलन अन्य जिल्लाहरुमा जस्तै धेरै नै पाइयो । यसबाट महिला तथा वृद्ध उपभोक्तामा कार्यबोझ थपिएको साथै गाँउस्तरमा धेरै अन्य समूहहरु भएकोले समयको व्यवस्थापन गर्न गाह्रो भएको भनाई धेरै महिला सदस्यहरुको थियो । यसबाट खेती गर्ने प्रचलन कम भई निजी जग्गामा रुख विरुवाको वृद्धि भएको भनाई वन समूहहरुको थियो । विषयगत विभिन्न समूहहरुलाई एकिकृत गरी एउटा वा दुईवटा समूहहरुबाट विकासका कार्यक्रमहरु सञ्चालन गर्दा राम्रो हुने भनाई महिला उपभोक्ताहरुको थियो ।

यस कार्यक्रमको लागि बार्षिक रुपमा समग्र बार्षिक कार्यक्रम (Yearly Plan of Operation - YPO) तयार गरी स्वीकृतीको लागि निर्देशन समिति समक्ष पेश गर्नुपर्ने र समग्र बार्षिक कार्यक्रम (YPO) निर्देशन समितिबाट स्वीकृत भएपछि मात्र कार्यान्वयन गर्नुपर्ने रहेछ । कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले उक्त स्वीकृत YPO अनुसार आफ्नो बार्षिक कार्यक्रम तथा बार्षिक कार्यक्रमको बिस्तृत कार्यान्वयन कार्ययोजना (AIP) तयार गरी कार्यान्वयन गर्ने गरेको रहेछ ।

### ३.३.५ कार्यक्रमको भौगोलिक र सामाजिक पहुँच तथा सेवा

जिल्ला वन कार्यालयबाट कार्यान्वयन भएका कार्यक्रम वार्षिक स्वीकृत योजना अनुसार भौगोलिक हिसाबले जिल्ला भरीनै सञ्चालित भएका छन् भने गैसस कार्यान्वयन निकायहरु निश्चित गा.वि.स.हरुमा केन्द्रित भई कार्यक्रम कार्यान्वयन गरेको पाइयो । गैसस कार्यान्वयन निकायले जिल्लाको करिव ५०% गाविसमा कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । कार्यक्रमको मुख्य लक्षित वर्ग विपन्न तथा पछाडि पारिएका समुदाय भएकोले यी वर्गलाई लक्षित गरी क्रियाकलापहरु सञ्चालन गरिएको रहेछ । जिल्ला तथा समुदायस्तरमा भएको सामूहिक तथा जानिफकारसँगको छलफलमा प्रायः सबै सरोकारवाला तथा सहभागीहरुले यस कार्यक्रमको पहुँच तथा सेवा समूहका लक्षित वर्ग विपन्न, महिला तथा दलित वर्गमा पुगेको भनाई थियो । तर कार्यक्रमको सहयोग सबै गा.वि.स तथा वन समूहहरुमा समान स्तरमा हुन नसक्दा कसैले कार्यक्रमबाट फाइदा पाउने तथा कुनै समूहहरुले लाभ लिन नपाएको देखियो ।

कार्यक्रमले वन समूह मार्फत क्रियाकलापहरु सञ्चालन गर्ने गरेकोले वन समूहमा आवद्ध नभएका घरधुरीहरु कार्यक्रमको पहुँच तथा सेवाबाट बञ्चित हुनुपरेको अवस्था पाइयो । कार्यक्रमले १० वर्षको अवधिमा १७ लाख घरपरिवारको गरिबी न्यूनीकरण गर्ने लक्ष्य राखेको तर प्रथम चरणको लागि लक्ष्य किटान नगरिएको रहेछ । त्यसै गरी कार्यक्रमले १० वर्षको अवधिमा ६१ जिल्लामा कार्यक्रमको भौगोलिक विस्तार लक्ष्य राखिएको भएता पनि प्रथम चरणको लागि लक्ष्य किटान नगरिएको रहेछ । प्रथम चरणको अवधिमा २३ जिल्लाबाट कार्यक्रमको सुरुवात भई ४३ जिल्लामा भौगोलिक रुपमा विस्तार गरिएको रहेछ । यसरी कार्यक्रमको भौगोलिक विस्तार लक्ष्य भन्दा बढी नै देखिन्छ । तर लगानीका हिसाबले कार्यक्रमको फैलावटलाई तुलना गर्दा हतारमा बजेट खर्च गरी प्रगति देखाउन कार्यक्रमलाई क्षमता भन्दा बढी विस्तार गरेको देखिन्छ जसले गर्दा कार्यक्रमको समय अवधि सकिने बेलासम्म पनि बजेट खर्च गर्दै गरेको पाइयो । कार्यक्रमको अन्तिम समयमा गरिएको खर्चको प्रभाव के हुन्छ भन्ने कुरा अन्योल नै रहेको देखिन्छ ।

### ३.३.६ कार्यक्रममा महिला, दलित र विपन्न वर्गको सहभागिता

कार्यक्रमको मुख्य लक्षित वर्ग विपन्न तथा पछाडि पारिएका समुदाय भएकोले यी वर्गलाई लक्षित गरी नीतिगत तहदेखि कार्यान्वयन तहसम्म क्रियाकलापहरु सचालन गरेको पाइयो । तालिका १८ मा गै.स.स. र जि.व.का.को क्रियाकलापहरु दलित, महिला र विपन्न वर्ग प्रति लक्षित भए नभएको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

उक्त तालिका अनुसार ९८.२ % र ७३.२ % ब.उ.स.ले क्रमस: गै.स.स. र जि.व.का.द्वारा सहयोग गरिएका क्रियाकलापहरुले महिला, विपन्न, दलित र जनजातिले फाइदा पाएको बताए । यस अर्थमा तुलनात्मक हिसाबले हेर्दा जि.व.का.ले गरेका कामको तुलनामा गै.स.स. ले गरेका कामहरु बढी यी वर्ग प्रति लक्षित भएको र यी वर्गले

फाइदा पाएको देखियो । यसबाट दलित, महिला, विपन्न वर्गको लागि गै.स.स.को क्रियाकलाप बढी प्रभावकारी देखियो। वन कार्यालयका कर्मचारीको छिटो छिटो सरुवा हुने तथा दरवन्दी अनुसारका कर्मचारी कार्यक्षेत्रमा नहुदाँ वन कार्यालयको कामको प्रभावकारितामा असर परेको देखिन्छ।

जिल्ला तहका सरोकारवालाहरु तथा जानिफकार व्यक्तिहरुको भनाइमा विपन्न, महिला तथा पछाडि पारिएकाहरुलाई लक्षित गरी योजना बनाएको र वन उपभोक्ता समूहमा आर्थिक स्तरीकरण गरी विपन्न घरधुरीलाई विभिन्न आयमूलक क्रियाकलापहरु सञ्चालन गर्न कार्यक्रमले गरेको सहयोग नै सकारात्मक प्रभाव परेको पाइयो । यसबाट आर्थिक रुपले विपन्न उपभोक्ताले केही आम्दानी गर्न सफल भएका र उनीहरुको हैसियतमा स्तर उन्नती भएको भनाई वन उपभोक्ता समूह तथा सरोकारवालाहरुको थियो।

**तालिका १८: कार्यक्रमबाट महिला, विपन्न र दलित लाभान्वितको अवस्था**

| जिल्ला | वन समूह | गै.स.स का क्रियाकलाप महिला, विपन्न र दलित लक्षित भएको (%) | जि.व.का.को क्रियाकलाप महिला, विपन्न र दलित लक्षित भएको (%) |
|---|---|---|---|
| संखुवासभा | ८ | ८ (१००) | ४ (५०) |
| धनुषा | ८ | ७ (८७ .५) | ४ (५०) |
| रामेछाप | ८ | ८ (१००) | ७ (८७ .५) |
| पर्वत | ८ | ८ (१००) | ८ (१००) |
| कपिलबस्तु | ८ | ८ (१००) | ४ (५०) |
| सुर्खेत | ८ | ८ (१००) | ६ (७५) |
| अछाम | ८ | ८ (१००) | ८ (१००) |
| जम्मा | ५६ | ५५ (९८.२) | ४१ (७३ .२) |

**चित्र ६: जिल्ला वन कार्यालयको कामप्रति नमूना घरधुरीका उत्तरदाताको प्रतिक्रिया**







जिल्ला वन कार्यालयको कामप्रति नमूना घरधुरीका उत्तरदाताको प्रतिक्रियामाथिको चित्रमा विभिन्न जिल्लामा दुबै समूहले कार्यक्रमका कार्यान्वयन निकाय - जि.व.का.ले गरेको कामको प्रभावकारिताको सम्बन्धमा उत्तरदाताको

प्रतिक्रियालाई देखाइएको छ । लगभग समान संख्यामा दुबै समूहका उत्तरदाताका बुझाइमा जि.व.का.ले गरेको क्रियाकलापको प्रभावकारिता सन्तोषजनक रहेको देखिन्छ । तथापि जिल्ला अनुसार उत्तरदाताको प्रतिक्रिया फरक फरक रहेको देखिन्छ । कपिलबस्तु र रामेछापका अधिकांस (५६%) लाभान्वित उत्तरदाताको बुझाईमा जि.व.का.को क्रियाकलाप प्रभावकारी थियो भने संखुवासभा र धनुषामा लगभग ३०% मात्र उत्तरदाताको बुझाई प्रभावकारी रहेको देखिन्छ । लाभ नपाएका समूहका उत्तरदाताको सवालमा भने रामेछापमा केवल ११.९% उत्तरदाताले जि.व.का.को क्रियाकलाप प्रभावकारी पाएको देखिन्छ र अधिकांशको बुझाइमा क्रियाकलापको प्रभावकारिता सन्तोषजनक रहेको देखिन्छ (अनुसूची ८, अनुसूची तालिका ११) ।

### ३.३.७ वन समूहको कोष व्यवस्थापन

तालिका १९ मा व.उ.स.को कोष र कोषको सञ्चालन बारे तथ्याङ्क प्रस्तुत गरिएको छ । समग्रमा ९२.९% व.उ.स. को आफ्नै कोष रहेको पाइयो । औषतमा धनुषा बाहेक सबै व.उ.स.को कोषमा रु १,२५,००० भन्दा बढी रकम रहेको पाइयो । बढी औसत कोष (रु ३,७३,४३२.२५) पर्वत जिल्लाका व.उ.स.मा रहेको पाइयो । कोषको परिचालन गर्ने हकमा भने अधिकांशले (४२.९ %) समूह सदस्यको निर्णय अनुसार समितिले गर्ने गरेको बताए । तर पर्वतका व.उ.स.को हकमा भने अध्यक्ष र कोषाध्यक्ष मिलेर कोष सञ्चालन गर्ने गरेको देखियो ।

**तालिका १९: व.उ.स. को कोष व्यवस्थापन**

| जिल्ला | वन समूह | व.उ.स.को आफ्नो खाता रहेको (%) | कोषमा रहेको औसत रकम (रु) | कोष संचालक (%) | | |
|---|---|---|---|---|---|---|
| | | | | अध्यक्ष र कोषाध्यक्ष | अध्यक्ष, सचिब र कोषाध्यक्ष | अन्य |
| संखुवासभा | ८ | ८ (१००) | २४७७८७ .६३ | ० (० .०) | ० .०० | ८ (१००) |
| धनुषा | ८ | ४ (५०) | ३७५०० .०० | १ (१२ .५) | ० .०० | ७ (८७ .५) |
| रामेछाप | ८ | ८ (१००) | ३३४६८३ .०५ | ५ (६२ .५) | ३(३७ .५) | ० (० .०) |
| पर्वत | ८ | ८ (१००) | ३७३४३२ .२५ | ८ (१००) | ० (० .०) | ० (० .०) |
| कपिलबस्तु | ८ | ८ (१००) | १६९२४१ .३८ | ४ (५०) | ३(३७ .५) | १ (१२ .५) |
| सुर्खेत | ८ | ८ (१००) | २९८८१२ .२५ | ० (० .०) | ४ (५०) | ४ (५०) |
| अछाम | ८ | ८ (१००) | १२७२५० .०० | ३ (३७ .५) | १ (१२ .५) | ४ (५०) |
| जम्मा | ५६ | ५२ (९२ .९) | २२६९५८ .०८ | २१ (३७ .५) | ११ (१९ .६) | २४ (४२ .९) |

तल तालिका २० मा उल्लेख गरिए अनुसार व.उ.स.को कोषको सञ्चालन र कोषको रकम बारे जानकारी साथै लगानी गरे अनुसार प्राप्त गरेको प्रतिफल हेर्दा कार्यक्रमले व.उ.स.को कार्यक्षमता अभिवृद्धि गर्न मद्दत पुऱ्याएको देखिन्छ । तथ्याङ्कको हिसाबमा लाभ पाउने घरधुरीले निर्णय प्रक्रिया र कोष सञ्चालनमा पारदर्शिता (७९.४%) भएको बताएका छन् । त्यस बाहेक लाभ नपाउने घरधुरीको तुलनामा करिब १७% बढी लाभ पाउने घरधुरीले समूहले गरे अनुसार प्रतिफल प्राप्त गरेको छ भन्नु प्रभावकारिताको एउटा सूचक हो । यस अर्थमा लाभ नपाउने घरधुरीको तुलनामा लाभ पाउने घरधुरीको कार्यक्षमता बढी भएको देखिन्छ । तथापि समितिको कोषको रकम सही ठाउँमा प्रयोग भए नभएको सवालमा लाभ नपाउने घरधुरीको तुलनामा केवल २.७% लाभ पाउने घरधुरीले सही ठाउँमा उपयोग भएको छ भन्नुले यी दुई समूहमा यस विषयमा ज्यादै ठूलो भिन्नता नरहेको देखिन्छ । यी सबै सूचकलाई मध्यनजर गर्दा कार्यक्रमले उपभोक्ता सदस्यहरुको निर्णय प्रक्रियामा र कोष सचालनमा सहभागिता बढाउन मद्दत गरेको देखिन्छ ।

समूहको कोष गरिब लक्षित हुँदै गएको र घुम्ती कोष वन समूहमा पुगेको र यसको सही प्रयोग भएको भनाई जिल्ला तथा समुदायस्तरमा भएको सामूहिक तथा जानिफकारसँगको छलफलमा पाइयो ।

**तालिका २०: व.उ.स.को कोष व्यवस्थापनमा सदस्यहरुको बुझाई**

| विवरण | लाभान्वित समूह (%) | | | | | लाभ नभएको समूह (%) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | छ | छैन | थाहा छैन | अन्य | संख्या | छ | छैन | थाहा छैन | अन्य |
| उचित कार्यमा वन उपभोक्ता समूहको कोषको उपयोग | १२१६ | ९९८ (८२.१) | ५७ (४.७) | १५३ (१२.६) | ८ (०.७) | ४२९ | २८५ (६६.४) | ३० (७.०) | ११३ (२६.३) | १ (०.२) |
| निर्णय प्रक्रिया र कोष उपयोगितामा पारदर्शिता | १२१७ | ९६६ (७९.४) | ५२ (४.३) | १९६ (१६.१) | ३ (०.२) | ४३० | २६९ (६२.६) | ३६ (८.४) | १२४ (२८.८) | १ (०.२) |
| वन उपभोक्ता समूहको लगानिको प्रतिफल | १२१४ | ९१४ (७५.३) | ८० (६.६) | २१९ (१८.०) | १ (०.१) | ४२८ | २५० ५८.४) | ५७ (१३.३) | १२१ (२८.३) | ० (०.०) |

**३.३.८ उपभोक्ताको आवश्यकता र कार्यान्वयन निकायको योजना र क्रियाकलापको मेल**

तल तालिका २१ मा यस कार्यक्रम अन्तर्गत विभिन्न कार्यान्वयन निकाय आफ्नो योजना अनुसार क्रियाकलाप गरे नगरेको तथ्याङ्क प्रस्तुत गरिएको छ । जस अनुसार समग्रमा सबै निकायले आफ्नो योजना अनुसार काम गरेको देखियो । ९१.१% र ९४.६% व.उ.स.ले वन समूहको कोषको रकम सही ठाउँमा प्रयोग भएको र सोही अनुरुप लाभ प्राप्त गरेको बताए । धनुषाको हकमा भने सो परिमाण कम (५०%) मात्र देखियो । यस अर्थमा धनुषा व.उ.स.को कोष सञ्चालन तुलनात्मक हिसाबमा कमजोर देखियो । त्यस्तै गरी कार्यान्वयन गर्ने निकायले आफ्नो योजना अनुसार क्रियाकलाप सञ्चालन गर्ने सन्दर्भमा धनुषाका ८ मध्ये ३ (३७.५%) व.उ.स.ले मात्र योजना र क्रियाकलापको मेल भएको बताए । तथापि अन्य जिल्लामा भने ७५% भन्दा बढी व.उ.स.ले व.उ.स. र कार्यान्वयन निकायको क्रियाकलाप योजना र उपभोक्ताको आवश्यकता अनुसार रहेको बताए । साथै ७८.६% व.उ.स.ले कार्यान्वयन गर्ने निकायले नियमित अनुगमन गर्ने गरेको बताए । तर सो संख्या संखुवासभा र धनुषामा केवल ५०% (४ व.उ.स.) मात्र रहेको छ । तसर्थ समग्रमा अनुगमन राम्रो भएता पनि जिल्ला अनुसार फरक रहेको देखियो ।

अनुसूची तालिका ७ (अनुसूची ८) अनुसार कार्यक्रमले उपभोक्ताको आवश्यकता अनुसार काम गरेको भन्ने पक्षमा ८७.२% लाभ पाउने घरधुरी रहेको तथ्याङ्कले कार्यक्रमका कार्यान्वयन नियमहरुका योजना उपभोक्ताहरुको आवश्यकता अनुसार भएको पुष्टि हुन्छ ।

**तालिका २१: उपभोक्ताको आवश्यकता अनुसारका क्रियाकलाप**

| जिल्ला | वन समूह संख्या | कोषको रकमको सहि सदुपयोग (%) | कोषको लगानी अनुसारको प्रतिफल (%) | व.उ.स. योजना अनुसार क्रियाकलाप (%) | कार्यान्वयन गर्ने निकाएको योजना अनुसार क्रियाकलाप (%) | उपभोक्ताको आवश्यकता अनुसारका कार्यान्वयन निकाय को क्रियाकलाप (%) | कार्यान्वयन निकायद्वारा नियमित अनुगमन (%) | जि.व.का. र गै.स.स. द्वारा सीप विकासमा सहयोग (%) |
|---|---|---|---|---|---|---|---|---|
| संखुवासभा | ८ | ७ (८७.५) | ७ (८७.५) | ६ (७५) | ३ (३७.५) | ६ (७५) | ४ (५०) | ४ (५०) |
| धनुषा | ८ | ४ (५०) | ७ (८७.५) | ५ (६२.५) | ३ (३७.५) | ४ (५०) | ४ (५०) | ५ (६२.५) |
| रामेछाप | ८ | ८ (१००) | ८ (१००) | ८ (१००) | ८ (१००) | ८ (१००) | ८ (१००) | ८ (१००) |
| पर्वत | ८ | ८ (१००) | ७ (८७.५) | ८ (१००) | ८ (१००) | ८ (१००) | ७ (८७.५) | ५ (६२.५) |
| कपिलबस्तु | ८ | ८ (१००) | ८ (१००) | ६ (७५) | ४ (५०) | ६ (७५) | ६ (७५) | ७ (८७.५) |
| सुर्खेत | ८ | ८ (१००) | ८ (१००) | ८ (१००) | ८ (१००) | ७ (८७.५) | ७ (८७.५) | ८ (१००) |
| अछाम | ८ | ८ (१००) | ८ (१००) | ८ (१००) | ८ (१००) | ८ (१००) | ८ (१००) | ७ (८७.५) |
| जम्मा | ५६ | ५१ (९१.१) | ५३ (९४.६) | ४८ (८७.५) | ४२ (७५) | ४७ (८३.९) | ४४ (७८.६) | ४४ (७८.६) |

समग्रमा व.उ.स., गै.स.स. र जि.व.का. को क्रियाकलाप योजना अनुसार भएको देखिएता पनि जिल्लाहरुमा देखिएको भिन्नताले कार्यक्रम सबै ठाउँमा समान तरिकाले प्रभावकारी नभएको देखियो ।

### ३.३.९ कार्यक्रमको कार्यान्वयन गर्ने निकायहरु बीचको समन्वय

कार्यक्रम लागु भएका जिल्लाहरुमा बार्षिक कार्यक्रमहरुको तयारी देखि कार्य सम्पन्न प्रतिवेदनसम्मको प्रक्रियामा एकरुपता ल्याइ कार्यक्रमको उद्देश्य तथा आशातीत उपलब्धीहरु हासिल गर्न तथा कार्यान्वयन निकायहरुलाई कार्यगत समन्वय कायम गर्न सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न तहहरुमा कार्यक्रम सहयोग संयन्त्रहरु गठन गरी सञ्चालनमा ल्याइएको पाइयो । यी संयन्त्रको प्रभावकारिता फरक-फरक भएता पनि यसले सम्बन्धित वन कार्यालय तथा गैससलाई कार्यक्रम कार्यान्वयनमा समन्वय तथा सहयोग पुऱ्याएको पाइयो ।

क) जिल्लास्तरीय कार्यक्रम सहयोग संयन्त्र

जिल्लास्तरमा जिल्ला वन समन्वय समिती (DFCC) को नेतृत्व तथा समन्वयमा जिल्ला वन कार्यालय तथा गैसस कार्यान्वयन निकायहरुले कार्यक्रमको कार्यान्वयन गर्ने गरेको र कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु (सरकारी तथा गैह्र सरकारी निकायहरु) बीचको समन्वयका लागि जिल्लास्तरमा जिल्ला वन अधिकृतको संयोजकत्वमा जिविस र गैसस कार्यान्वयन निकायका प्रतिनिधि सहितको एउटा जिल्ला सहयोग संयन्त्र (District Support Mechanism) को गठन भएको पाइयो । यो संयन्त्रले केन्द्रित कार्यक्रम भएका २३ वटै जिल्लाहरुमा कार्यविधि बनाई सरोकारवालाहरुको बीचको समन्वयलाई सहजीकरण गरेको पाइयो । तर यो संयन्त्र प्राय औपचारिकतामा मात्र सिमित भएको केही जिल्लाका सरोकारवालाहरुले बताए । यो संयन्त्र कार्यक्रम कार्यान्वयन गर्नका लागि मात्र बनाईएको र कार्यक्रम समाप्त भए पछि संयन्त्र पनि स्वतः निष्प्रभावी भएको पाइयो ।

ख) क्षेत्रीय कार्यक्रम सहयोग संयन्त्र

त्यस्तै क्षेत्रीय वन निर्देशकको नेतृत्वमा गै.स.स.का प्रतिनिधि तथा अनुगमन अधिकृत रहेको क्षेत्रीय कार्यक्रम सहयोग संयन्त्र गठन भएको जसले समन्वय तथा अनुगमनको भूमिका खेलेको पाइयो । तर यो क्षेत्रिय संयन्त्र पनि कार्यक्रम कार्यान्वयन गर्नका लागी मात्र बनाईएको र कार्यक्रम समाप्त भए पछि संयन्त्र पनि निष्प्रभावी भएको पाइयो ।

ग) केन्द्रिय कार्यक्रम सहयोग संयन्त्र

कार्यक्रमको उद्देश्य अनुरुप एकरुपता सहितको योजना तयार गर्न, कार्यान्वयन निकायहरुबीच सवलीकरण गर्ने तथा आवश्यक अनुगमन गर्ने/गराउने तथा कार्यान्वयन तहमा आएका सवालहरुलाई सम्बोधन गर्ने वा सम्बन्धित निकाय वा समितिमा सम्बोधनका लागि सिफारिस गर्ने उद्देश्यले एक केन्द्रिय कार्यक्रम सहयोग संयन्त्र गठन गरिएको थियो । यो संयन्त्रले आवधिक रुपमा कार्यक्रमको अनुगमन गर्ने गरेको र आवश्यक सुझाव र सिफारिहरु गर्ने गरेको पाइयो जुन प्रक्रिया कार्यक्रम कार्यान्वयन गर्नका लागि सहयोगी देखियो । यो केन्द्रिय संयन्त्र पनि कार्यक्रम कार्यान्वयन गर्नका लागि मात्र वनाईएको र कार्यक्रम समाप्त भए पछि संयन्त्र पनि स्वत: निष्प्रभावी भएको पाइयो ।

**चित्र ७: कार्यक्रमको कार्यान्वयन गर्ने निकायहरु बीचको समन्वय**




| | संखुवासभा | धनुषा | रामेछाप | पर्बत | कपिलबस्तु | सुर्खेत | अछाम | जम्मा/औसत |
|---|---|---|---|---|---|---|---|---|
| राम्रो | १०० | ६२.५ | ८७.५ | १०० | ६२.५ | ५० | ५० | ७२.७३ |
| नराम्रो | ० | ० | ० | ० | १२.५ | ० | ० | १.८२ |
| सन्तोषजनक | ० | ३७.५ | १२.५ | ० | २५ | ५० | ५० | २५.४५ |

चित्र ७ मा विभिन्न कार्यान्वयन गर्ने निकाय बीचको समन्वय बारे व.उ.स.को प्रतिक्रिया प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार (७२.७%) व.उ.स. ले कार्यान्वयन गर्ने निकायहरु बीच राम्रो समन्वय भएको बताएका छन् । संखुवासभा र पर्वत जिल्लाका सबै नमूना व.उ.स.ले कार्यान्वयन गर्ने निकाय बीच राम्रो सहकार्य रहेको बताए, तथापि सुर्खेत र अछामका ५०% व.उ.स.ले मात्र राम्रो सहकार्य रहेको र बाकि ५०% ले कार्यान्वयन निकायहरु बीचको सहकार्य सन्तोषजनक रहेको बताए ।

निजी क्षेत्रसँगको सहकार्य र सहभागिता अपेक्षा गरिए अनुसार हुन नसकेको भनाइ केही जिल्लाका सरोकारवालाहरुको थियो । साथै जिल्ला विकास समितिसगँको समन्वय कम भएको भनाइ जि.वि.स.को रह्यो ।

वन समूहको कार्ययोजना परिमार्जन तथा स्वीकृतीमा वन कार्यालयले चासो नदिएको, गै.स.स. र फेकोफन बीचको समन्वय र सहकार्यलाई बढवा दिनुपर्ने भनाई एक जिल्लाका सरोकारवालाहरुको थियो । जि.व.का.ले नेपाल सरकारको नियम अनुसार कार्यक्रम सञ्चालन गर्ने तथा वन समूहहरुलाई सहयोग दिने गरेको रहेछ भने गैसस निकायले प्रस्तावनामा उल्लेख गरिए अनुसार सिधै भुक्तानी प्रक्रिया अनुसरण गरेर गर्ने सहयोगमा फरक पाइयो । फरक प्रक्रिया तथा आर्थिक नियम अपनाउनुपर्ने बाध्यताले गर्दा कार्यक्रम कार्यान्वयनमा केही अप्ठ्यारो परेको बताइयो । समग्रमा जिल्लास्तरमा कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु बीचको समन्वय तथा सहकार्य सामान्यतया सबै जिल्लामा ठिकै प्रभावकारी रहेको पाइयो ।

### ३.३.१० कार्यक्रमको अनुगमन प्रक्रिया

कार्यक्रमको उपलब्धी र प्रतिफल प्राप्त गर्न गराउन कार्यान्वयन गर्ने निकायहरु आफैले नियमित रुपमा अनुगमन गर्ने गरेको देखिन्छ । कार्यक्रम निर्देशन समितिद्वारा नियमित वा आवधिक रुपमा कार्यक्रमको अनुगमन गर्ने गरेको तथा सबै तहमा संयुक्त अनुगमनको पद्धति स्थापित भएको पाइयो । जस्तै-

- जिल्ला वन समन्वय समितिद्वारा जिल्ला भित्रका क्रियाकलापहरुको संयुक्त नियमित अनुगमन हुने गरेको ।
- क्षेत्रीय वन निर्देशकद्वारा विभिन्न जिल्लामा क्रियाकलापहरुको समय समयमा अनुगमन हुने प्रचलन रहेको ।
- केन्द्रिय निर्देशन समितिद्वारा विभिन्न सरोकारवालाको सहभागितामा विभिन्न क्षेत्र तथा जिल्लामा संयुक्त अनुगमन भएको ।

सम्बन्धित संयन्त्र, इकाई, कार्यालय, निर्देशनालय, विभाग, मन्त्रालय, दातृ निकायहरुले आवधिक रुपमा एकल वा संयुक्त अनुगमन गर्ने गरेको रहेछ । स्वतन्त्र निकायद्वारा पनि कार्यक्रमको अनुगमन गइएको पाइयो ।

अनुगमनबाट प्राप्त नतीजा तथा प्रगति विवरण सम्बन्धित कार्यक्रमका लाभान्वित वर्ग, वन समन्वय समिति र माथिल्लो निकायमा उपलब्ध गराउनुपर्ने तथा कार्यान्वयन निकायले जिल्लामा अनुगमन, त्यसको सुझाव तथा कार्यान्वयन स्थितिको अद्यावधिक तथ्याङ्क (database) राख्नुपर्ने व्यवस्था भए पनि यो कार्य त्यति प्रभावकारी हुन नसकेको पाइयो । समुदायमा पुग्ने विकास क्रियाकलापहरुको सार्वजनिक सुनुवाइ कार्यक्रमले तोकेको कार्यविधि अनुसार अनिवार्य प्रावधान हुदाँहुदैं पनि सबै समूह तथा कार्यान्वयन निकायले यो गरेको पाइएन ।

अनुगमनको सन्दर्भमा ७८.६५ % व.उ.स.ले कार्यान्वयन निकायले अनुगमन गर्ने गरेको बताए तर जिल्ला अनुसार सो बारेमा मत फरक रहेको देखिन्छ । रामेछाप र अछामका सबै व.उ.स.ले कार्यान्वयन निकायले अनुगमन गर्ने गरेको बताए पनि धनुषा र संखुवासभाका ५० % व.उ.स.ले मात्र कार्यान्वयन निकायले अनुगमन गर्ने गरेको बताए । यसलाई आधार मान्दा अनुगमन प्रक्रिया सबैतिर समान रुपले नभएको देखिन्छ (तालिका २१) ।

कार्यक्रम कार्यान्वयनको नियमित आर्थिक तथा भौतिक प्रतिवेदन सामान्यतया चौमासिक रुपमा तयार गर्ने गरिएको र आर्थिक प्रतिवेदनमा खर्चको विवरण, बजेट सिट, पेश्कीको विवरण तथा मौज्दात सामाग्री (inventory) हरु समेतको विवरण समावेश गर्ने गरिएको पाइयो ।

कार्यक्रमको प्रभावकारिताको विषयमा जिल्ला तहका सरोकारवालाहरु तथा जानिफकार व्यक्तिहरुको विभिन्न भनाइ रहेको पाइयो । अधिकांश सरोकारवालाहरुको भनाइ कार्यक्रमको कार्यान्वयन ठिकै प्रभावकारी भएको भन्ने रह्यो र यसको कारणमा कतिपय अवस्थामा सरोकारवालाहरुको समन्वय तथा सहभागिता मध्यम स्तरको रहेको, उपभोक्ताको आवश्यकतालाई ठिक ठिकै रुपमा सम्बोधन गरिएको भन्ने थियो ।

यसरी उपभोक्ताहरुको सन्तुष्ठि र समावेशिताका आधारमा यो कार्यक्रमको प्रभावकारिता राम्रै भएता पनि कार्यान्वयन निकायहरु बीचको समन्वय, कार्यक्रमको अनुगमन र कार्यान्वयनको ढाँचा कम प्रभावकारी देखिएकाले समग्रमा यस कार्यक्रमलाई ठिकै प्रभावकारी भएको मूल्याङ्कन गरिएको छ ।

## ३.४ कार्यदक्षता

कार्यक्रमको कुल बजेट मध्ये यस मूल्याङ्कनको बेलासम्ममा ८३ % खर्च भएको जानकारी यस कार्यक्रमको प्रगति प्रतिवेदनबाट पाइयो । कार्यक्रमले वार्षिक रुपमा बजेट प्रवाह विश्लेषण (Fund Flow Analysis) गरी बजेटलाई कार्यक्रमको उद्देश्य अनुरुप खर्च भए नभएको हेर्ने तथा सोही अनुरुप पुन योजना बनाउने गरेको पाइयो ।

बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको कार्यदक्षता, बजेट विनियोजन, निकासा र खर्चको प्रक्रिया विश्लेषण गर्दा बजेट विनियोजन विपन्नमुखी र धेरै स्रोत सिधै समुदायमा पुऱ्याउने कुरामा जोड गरेको पाइयो । तर निकासा तथा खर्च समयमा नहुनु, केही कार्यान्वयन गर्ने संस्थाले स्थानीयस्तरमा सम्झौतामा तोके अनुसार समयमै किस्ता पठाउन नसक्नु र स्थानीय साझेदार संस्थाहरु मार्फत काम गर्दा कार्यक्रमका बारेमा साझा बुझाइ बन्न नसक्नु जस्ता कुराहरुले कार्यक्रमको कार्यदक्षतामा असर पारेको देखिन्छ ।

कार्यक्रमको बजेट ७० % भन्दा बढी स्थानीयस्तरमा पुऱ्याउने लक्ष्य राखिएको भएता पनि समग्रमा कार्यक्रमको करिब ८० % बजेट जिल्ला तथा स्थानीयस्तरमा पुगेको पाइयो । कार्यक्रमको बजेट उद्देश्य अनुरुप सदुपयोग भएको र ८०% भन्दा बढी बजेट स्थानीय समुदायमा पुगेको (अनुसूची ८, तालिका १२ ) भन्ने भनाई सबै जिल्लाका सरोकारवालाहरुको थियो । गैसस कार्यान्वयन निकायहरुले कूल बजेटको ९०% भन्दा बढी खर्च भएको जनाए । तर कार्यक्रमको अत्यतिर बजेट ढिला निकासा भएकोले क्रियाकलापहरुको कार्यान्वयनमा समस्या भएको महसुस सबै जिल्लामा गैसस कार्यान्वयन निकायहरुको थियो । यसले गैसस निकाय र समुदायबीचमा अविश्वास पैदा भएको पाइयो । बजेट निकासाको प्रक्रिया लामो तथा झन्झटिलो भएको र समयमा बजेट निकासा नहुने परिपाटीले कार्यान्वयनमा असर परेको भनाई प्राय सबै जिल्लाका जिल्ला वन कार्यालयहरुको थियो ।

जिल्लामा बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको बजेट विनियोजन र उपयोग क्षमताको कमी, ढिलो बजेट स्वीकृती तथा निकासा आदि कारण बजेट पूर्ण रुपमा उपयोग हुन नसकेको पाइयो । कार्यक्रम संझौता दस्तावेजमा नै बजेट निकासाकाबारेमा सबै निकायबाट सन्तोषजनक आडिट प्रतिवेदन प्राप्त भए पछि मात्र अर्को किस्ता निकासा गर्ने भन्ने प्रावधान भएकाले ४३ जिल्लामध्ये तथा कार्यान्वन निकायहरुमध्ये कुनै एकले मात्र प्रतिवेदन पठाउन ढिला भएमा बजेट निकासा रोकिने कारणले १७ प्रतिशत बजेट खर्च हुन नसकेको देखिन्छ । तर समस्या हुदाँहुँदै पनि स्थानीय साझेदार संस्थाको फिल्डस्तरमा काम प्रभावकारी गरेका हुनाले जिल्लामा बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूले निकासा भएको बजेट अनुसार खर्च गर्न सकेको देखिन्छ ।

प्रथम चरणको कार्यसम्पादन र उपलब्धी तथा बजेट खर्चलाई विश्लेषण गर्दा प्रति हेक्टर वनको संरक्षण तथा वन व्यवस्थापन खर्च करिब रु ४९०० प्रतिवर्ष भएको देखिन्छ (कार्यक्रमले ११,००० वन समूह मार्फत ७,५०,००० हेक्टर वन व्यवस्थापनमा सहयोग पुऱ्याएको आधारमा) । यहि खर्च भित्रबाट वनको संरक्षण, व्यवस्थापन, वन समूहको संस्थागत सुदृढीकरण, विपन्नलाई आयआर्जन तथा जिवीकोपार्जन सहयोग, रोजगारीको सिर्जना तथा जलवायु जोखिम कम गर्ने लगायतका क्रियाकलापहरु पनि पर्दछन् ।

तलको तालिकामा समग्र रुपमा वन समूहहरुमा बहुसरोकारवाला वन कार्यक्रमबाट भएको लगानीका आधारमा औसत निकाली लागत र लाभको विश्लेषण गरिएको छ ।

**तालिका २२: लाभ र लागत विश्लेषण**

| | २०६८/६९ ( बार्षिक औसत रु) | २०६९/७० (बार्षिक औसत रु) | २०७०/७१ (बार्षिक औसत रु) | २०७१/७२ (बार्षिक औसत रु) | २०७२/७३ (बार्षिक औसत रु) |
|---|---|---|---|---|---|
| **लागत** | २३४२५८ .१ | १२२८९५ .६ | ७२७६८ .६ | १५६९६० .० | २३२४८५ .३ |
| **लाभ** | १८६४९४ .५ | १८०४८३ .० | १२७५८७ .० | २०८०६३ .५ | १०५००० .० |
| **अनुपात** | ०.८ | १.४७ | १.७५ | १.३३ | ०.४५ |

माथि देखाईएको तालिका २२ मा सर्वेक्षण गरिएका व.उ.स.को विगत ४ आर्थिक वर्षको लाभ र लागत प्रस्तुत गरिएको छ । कार्यक्रम अवधि ४ वर्षको नगद प्रवाहको १० प्रतिशतका दरले डिस्काउण्ट गरी लाभ र लागतको अनुपात निकाली विश्लेषण गरिएको छ । आ.व २०६८/६९ देखि २०७१/७२ सम्मको तथ्याङ्क हेर्दा लाभ क्रमश बढेको पाइयो । आ.व २०६८/६९ मा समग्रमा ब.उ.स.को लागत रु १,८६,४९४.५० थियो भने २०७१/७२ मा लाभ रु २,७८,०६३ रहेको पाइयो । यस अर्थमा कार्यक्रम अर्न्तगत रहेका व.उ.स.को लाभ प्रत्येक वर्ष बढ्दै गएको पाइयो । लागतको हकमा भने प्राप्त गरिएको तथ्याङ्क अनुसार आ.व.मा लागत घटवड भएको देखियो । आ.व. २०६८/६९ मा लागत रु २,३४,२५८.१० थियो भने सो रकम २०७०/७१ मा रु ७२,७६८ मात्र रहेको पाइयो । तर आ.व.२०७१/७२ र २०७२/७३ मा लागत रकम बढेर क्रमश रु १,५६,९६० र २,३२,४८५ रहेको पाइयो ।

**चित्र ८: औसत लाभ लागत अनुपात**




उक्त तथ्याङ्क अनुसार आ.व.२०६८/६९ मा सर्वेक्षण गरिएका व.उ.स.को औषत लाभ र लागतको अनुपात ०.८ रहेको पाइयो । सो अनुपात आ.व.२०६९/७० र २०७०/७१ मा क्रमश बढेको पाइयो । आ.व.२०६९/७० र २०७०/७१ मा क्रमश १.४७ र १.७५ रहेको पाइयो । तथापि आ.व २०७१/७२ र २०७२/७३ भने लाभ र लागतको अनुपात क्रमश घटेको पाइयो । यस अर्थमा कार्यक्रमको पहिला २ वर्षमा क्रमश: लागतसँगै लाभ बढेको पाइयो भने त्यस पछिका २ वर्षमा भने लाभको तुलनामा लागत बढ्दै गएको पाइयो । आ.व.२०७२/७३ मा लागतको तुलनामा लाभ ज्यादै न्युन रहेको पाइयो । आ.व.२०७२/७३ मा सर्वेक्षण भन्दा केहि समय पहिले मात्र आर्थिक सहायता प्रदान भई लगानी भएको र सोको लाभ आइनसकेकाले लागत र लाभको अनुपात घट्दै गएको पाइयो ।

***बजेट विनियोजन तथा खर्चको दक्षता***

कार्यक्रमको बार्षिक बजेट विनियोजनलाई विश्लेषण गर्दा आ.व.२०६८।६९ देखि आ.व.२०७१।७२ सम्म बजेट क्रमशः बढ्दै गएको पाइयो । आ.व.२०६८।६९ मा रु ५९,२०,००,००० भएको बजेट आ.व.२०७१।७२ मा रु १,५५,३०,००,००० भएको पाइयो । सुरुका वर्षहरुमा संस्था छनौट लगायतका प्रक्रिया ढिलो भएको हुँदा कार्यक्रममा अन्य गतिविधिहरुमा खर्च नहुने अवस्थामा बजेट कम विनियोजन हुनु स्वभाविक देखिन्छ । यसका साथसाथै संस्था छनौटका प्रक्रिया पुरा भएपछि संस्थाहरुलाई प्रदान गरिने सहयोग पनि किस्तामा प्रदान गर्नु पर्ने नियमलाई अबलम्बन गर्दै आंशिक रकम प्रदान गरिएको हुँदा बजेट सुरुको वर्षमा केहि कम खर्च भएको देखिन्छ । तर कार्यक्रमको अन्तिम वर्षहरुमा सबैभन्दा धेरै बजेट विनियोजन हुनु तथा बजेट खर्च गर्न छिटो काम गर्नु पर्ने अवस्थाले कार्यक्रमको कामको गुणस्तरमा चुनौती थपेको देखियो । कार्यक्रम समापन गर्ने अन्तिम महिनामा हतारमा समूहमा बजेट पठाउनु परेको गैह्र सरकारी कार्यान्वयन निकायको गुनासो पाइयो ।

**चित्र ९: कार्यक्रमको बजेट विनियोजन**




कार्यक्रम दस्ताबेज अनुसार बजेटको १७ प्रतिशत सरकारी कोषबाट (on treasury) र २० प्रतिशत सरकारी माध्यमबाट सोझै भूक्तानी (government off treasury) गरी जम्मा ३७ प्रतिशत सरकारी माध्यमबाट खर्च हुने प्रावधान रहेको छ । उल्लेखित विनियोजनलाई वार्षिक रुपमा योजना तर्जुमा प्रक्रिया अनुसार कार्यक्रमको निर्देशन समितिले परिवर्तन गर्न सक्ने प्राबधान कार्यक्रम दस्ताबेजमा उल्लेख छ । यस प्रावधान अनुसार कार्यक्रम कार्यान्वयनको क्रममा विनियोजन परिर्वतन भएको पाइयो ।

चित्र १०: कार्यक्रमको बजेट प्रवाह माध्यम




तालिका २३ मा कार्यक्रमका विभिन्न उपलब्धीहरुका लागि विनियोजन गरेको बजेट र वास्तविक खर्च प्रस्तुत गरिएको छ। उक्त तालिका अनुसार उपलब्धी ३ को लागि सबै भन्दा बढी बजेट (४८%) छुट्याइएको पाइयो भने सबैभन्दा कम बजेट (८%) उपलब्धी १ मा छुट्याईएको पाइयो । तर कुल खर्चको विवरण हेर्दा कुनै पनि उपलब्धीमा शत प्रतिशत खर्च नभएको देखियो । उपलब्धी १, ३ र ४ को लागि विनियोजन गरिएको बजेट मध्ये दुइ तिहाई भन्दा बढी बजेट खर्च भएको तर उपलब्धी २ मा निकै कम (३३%) खर्च भएको देखिन्छ। कार्यक्रमको प्रगति हेर्दा पनि उपलब्धी २ निजी क्षेत्रले वन क्षेत्रमा लगानी र रोजगारी बढाउने उद्देश्यको प्रगति लक्ष्य अनुसार नभएको देखिन्छ। उपलब्धी ३- का लागि कार्यक्रमले सबैभन्दा बढी बजेट (४८%) विनियोजन गरेको देखिन्छ जुन कार्यक्रमको मुख्य लक्षित वर्ग विपन्न तथा पछाडि पारिएकाको जिविकोपार्जन सहयोग तथा जलवायु परिवर्तन जोखिम कम गर्ने क्रियाकलापसँग सम्बन्धित छ। यस उपलब्धीमा विनियोजित बजेट मध्ये ६६% बजेट खर्च भएको देखिन्छ । कार्यक्रमको उपलब्धी ४ जुन वन व्यवस्थापनसँग सम्बन्धित छ, सबैभन्दा बढी प्रतिशत (७८%) खर्च भएको देखिन्छ। यसरी कार्यक्रमको प्रगति तथा खर्चको बीच सिधा सम्बन्ध रहेको देखिन्छ।

**तालिका २३: कार्यक्रमको उपलब्धी अनुसार बजेट विनियोजन तथा खर्च विश्लेषण**

| उपलब्धी | विवरण | कुल बजेट (रु.) | कुल खर्च (रु.) | विनियोजनको तुलनामा कुल खर्च (%) |
|---|---|---|---|---|
| उपलब्धी १ | सरकारी र गैह्र सरकारी क्षेत्र (नागरिक समाज, गैह्र सरकारी संस्था, समुदाय र निजी क्षेत्र) ले मिलेर वन क्षेत्रको समावेशी रणनीति, नीति र योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्ने छन् । | ३५३,१०३,००० | २४७,२५०,१०५ | ७० |
| उपलब्धी २ | निजी क्षेत्र (किसान, उद्यमी र वित्तीय संस्था) ले वन क्षेत्रमा लगानी र रोजगारी बढाउने छ। | ६८५,१२२,००० | २२६,०४६,०५२ | ३३ |
| उपलब्धी ३ | ग्रामीण समुदाय - खासगरी गरिब, पछाडि परेका र जलवायु परिवर्तनको जोखिममा | २,१२८,७९९,००० | १,४१०,२८५,३१७ | ६६ |

| | | | | |
|---|---|---|---|---|
| | भएका व्यक्ति तथा परिवारहरु - स्थानीय वन व्यवस्थापन र अन्य लगानीबाट लाभान्वित हुने छन् । | | | |
| उपलब्धी ४ | सरकार, समुदाय र निजी क्षेत्रले वन एवं रुखविरुवाको दिगो व्यवस्थापन र अनुगमन गर्दै जलवायु परिवर्तनको सामना गर्न सक्ने वहन क्षमता बृद्धि गर्ने छन् । | १,०१६,१७८,००० | ७९५,५१६,४७१ | ७८ |
| जम्मा | | ४,४५०,०००,००० | ३,०५०,४९९,९९१ | ६९ |

कार्यान्वयन गर्ने संस्थाहरुको बजेट उपयोगको (budget utilization efficiency) दक्षताको विश्लेषण संस्थाहरुले गरेको बजेटको विषयगत बाँडफाँड र खर्चको विवरणको आधारमा गरिएको छ । यसरी विश्लेषण गर्दा कार्यान्वयन गर्ने संस्थाहरुले समग्रमा ९५% देखि ९९% सम्म विनियोजित रकमको खर्च गरेको देखिन आएको छ । वन समूह तथा कार्यान्वयन गर्ने गैह्र सरकारी निकायहरुसँगको स्थलगत छलफल तथा कार्यक्रम सञ्चालनको हिसाब किताब विश्लेषण गर्दा कार्यान्वयन गर्ने गैह्र सरकारी निकायहरुको बजेट विनियोजन तथा खर्च गर्ने क्षमता राम्रो रहेको पाइयो । खर्चको विषयगत शिर्षकहरु जस्तै जलवायु परिवर्तन न्यूनिकरण र अनुकूलन, आय आर्जन, उद्यमशिलता विकास, तथा वन व्यवस्थापनमा विनियोजित रकम खर्च गरेको पाइयो । लाभान्वित वर्गहरुमा विपन्न, महिला, दलित तथा सिमान्तिकृत समुदायका घरधुरीहरु नै परेको पाइएको छ ।

कार्यक्रमको कुल बजेटको ८३ प्रतिशत खर्च भएको, विनियोजन गर्दा विपन्नमुखी र समुदायमुखी बजेटलाई प्राथमिकता दिएको, कार्यक्रमको करिव ८०% बजेट जिल्ला तथा स्थानीय स्तरमा पुगेको कार्यक्रमले राखेका अधिकांश लक्ष्यहरु (३ वटा बाहेक) हासिल गर्न सफल भएको भएता पनि स्थानीय स्तरमा कार्यान्वयन गर्ने संस्थालाई सम्झौतामा तोके अनुसार समय मै किस्ता पठाउन नसकेको, स्थानीय साझेदार संस्थाहरु मार्फत काम गर्दा कार्यक्रमका बारेमा साझा बुझाई बन्न नसकेको र कार्यक्रमको समाप्ति हुने बेला तिर कार्यान्वयन गर्ने निकायहरु बजेटको ठूलो अंश समुदायमा पठाउने हतारमा हुनुले पनि कार्यक्रमको कुशल कार्यदक्षता नदेखिएका कारणले यो कार्यक्रमलाई समग्रमा कार्यदक्ष (३ मा) भएको स्तरीकरण गरिएको छ ।

## ३.५ प्रभाव

कार्यक्रम सुरु भएको ४ वर्षको अवधिमा कार्यक्रमको पूर्ण प्रभाव हेर्ने अवस्था भइनसकेको भएता पनि कार्यक्रमको प्रथम चरणमा निम्न अनुसारका प्रारम्भिक प्रभावहरु तथा उपलब्धीहरु हासिल भएको पाइयो ।

### ३.५.१ वन उद्यम तथा रोजगारी सिर्जना

कार्यक्रमको सहयोग तथा सहजीकरणमा निजी क्षेत्र समेतको सहभागितामा ६३३ वनमा आधारित वन उद्यमहरुको सवलीकरण गरी २५,४६४ जनाले रोजगारी पाएको देखिन्छ । यसमा ४०% महिला तथा ६०% विपन्न वर्ग रहेको पाइयो ।

**तालिका २४: कार्यक्रमको सहयोगमा वन उद्यम तथा रोजगारीको सिर्जना**

| उत्तरदाताको प्रकार | घरधुरी संख्या (%) | रोजगारी प्रकार | | | | | | | रोजगारी को औसत अवधि (महिना) | औसत आय (वार्षिक) रु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दैनिक ज्याला/ रोजगारी (%) | वन पाले (%) | वन उद्यम र वैज्ञानिक वन व्यवस्थापन (%) | गैर कृषि क्षेत्र (%) | पशुपालन (%) | कृषि (%) | गैह्र काष्ट वन पैदावार (%) | | |
| लाभान्वित | ९६ (७.९) | १५ (१५.६) | १६ (१६.७) | १२ (१२.५) | २ (२.१) | २३ (२४) | २१ (२१.९) | ७ (७.३) | १६ | ३१७१४.८ |
| लाभ नपाएका | ८ (१.९) | ० (०.०) | १ (१२.५) | १ (१२.५) | ० (०.०) | ६ (७५) | ० (०.०) | ० (०.०) | १६ | ४३५६२.५ |

माथि तालिका २४ मा कार्यक्रमद्वारा सर्जित रोजगारीको अवसर प्राप्त गर्ने घरधुरीको संख्या, रोजगारीको अवधि र वार्षिक आम्दानी प्रस्तुत गरिएको छ । यस तालिका अनुसार संख्यात्मक हिसाबले हेर्दा लाभ पाउने समूहका घरधुरीले बढी संख्यामा (७.९ % ) रोजगारी पाएको देखिन्छ । तथापि आम्दानीको हिसाबले भने लाभ नपाउने समूहका घरधुरी अगाडि रहेको देखिन्छ (वार्षिक रु ४३,५६२.५) । रोजगारीका प्रकारको हिसाबले भने लाभ पाउने घरधुरीले विभिन्न प्रकारको रोजगारी पाएको र लाभ नपाउने घरधुरी पशुपालन, वन रक्षक र वनस्रोतमा सिमित भएको देखिन्छ । रोजगारीको दायरा र क्षेत्र फराकिलो बनाउनुले पनि आगामी दिनमा घरधुरीलाई आय स्रोतको स्रोत बढाएर आफ्नो आय स्थिर र सवल बनाउन मद्दत पुग्ने देखिन्छ ।

तल तालिका २५ मा वन उद्यमका लागि वन समूहलाई प्रदान गरिएको सहयोगको वितरण प्रस्तुत गरिएको छ । जस अनुसार वन उद्यमको लागि आर्थिक र प्राविधिक सहयोग व.उ.स.लाई प्रदान गरिएको देखियो । जस अन्तर्गत आर्थिक सहयोग पाउने ७५% ले तेल उत्पादन, जडिबुटी सङ्कलन लगायतका उद्यम गरेको देखियो भने बाँकी दिगो वन व्यवस्थापनमा केन्द्रित भएको पाइयो । उद्यम सञ्चालन गरेका वन समूहले औषतमा २,०६,९२६ रुपैयाँ आर्थिक सहयोग प्राप्त गरेको पाइयो । प्राविधिक सहयोग पाउने व.उ.स.ले ४३,५०० रुपैयाँ बराबरको सहयोग गैह्रकाष्ठ वन पैदावार तथा जडिबुटी र गैह्र कृषि उद्यमको लागि पाएको देखियो । तथापि वनबाट हुने प्रत्यक्ष आम्दानी statistically significant नहुनुले यस क्षेत्रमा कार्यक्रमले धेरै प्रभाव पार्न नसकेको देखिन्छ (अनुसूची ८, अनुसूची तालिका १५) ।

**तालिका २५: वन उद्यम सम्बन्धी सहयोग**

| सहयोगको प्रकार | सहयोग प्राप्त गर्ने संस्थाको संख्या | औसत सहयोग राशी | दलित, महिला तथा विपन्नलाई सहयोग | दिगो वन व्यवस्थापन | गैह्र काष्ठ वन उत्पादन र जडिबुटी संकलन |
|---|---|---|---|---|---|
| आर्थिक | १२ (४६.७) | २०६९२६ | १(८.३३) | १ (८.३३) | ९(७५) |
| प्राविधिक | २ (३.६) | ४३५०० | ०(०.०) | ०(०.०) | १(५०) |
| जम्मा | १४ | | | | |

वन समूहका केही उपभोक्ताहरुले वनबाट रोजगारी प्राप्त गरे तापनि संभावना अनुरुपका रोजगारी सिर्जना हुन नसकेको र प्राप्त रोजगारी दिगो हुनेमा वन समूह तथा सरोकारवालाहरुको शंका थियो । साथै वन पैदावारको

तथा उत्पादनको बजारीकरण राम्रो नहुदाँ समस्या आएको भनाइ प्रायः सबै वन समूह तथा सरोकारवालाहरुको थियो ।

### ३.५.२ आयआर्जन तथा जिविकोपार्जन सुधारमा योगदान

कार्यक्रमले ७८,४०६ विपन्न घरधुरीहरुलाई विभिन्न खालका आयआर्जन तथा जीविकोपार्जनका क्रियाकलापहरु सञ्चालन गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

तालिका २६ मा आयआर्जन र जीविकोपार्जनको लागि कार्यक्रमबाट प्राप्त विभिन्न सहयोगको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस अर्थमा कार्यक्रमले सहयोग पाएका घरधुरीको आय बृद्धि गर्न सहयोग पुऱ्याएको देखिन्छ (घटना अध्ययन २) । सहयोगको प्रकार हेर्दा सबैभन्दा बढी घरधुरीले पशुपालनको लागि आर्थिक सहयोग पाएको देखिन्छ भने सबैभन्दा कम जडिबुटी खेतीको लागि ।

आर्थिक सहयोग बाहेक जिन्सी, सीप विकास तालिम र प्राविधिक सहयोग भने कम गएको देखिन्छ । छनौटमा परेका थोरै मात्र घरधुरीले प्राविधिक तालिम पाएको भन्नुले कार्यक्रम लाभ नपाउने समूह र लाभ पाउने समूहका घरधुरी बीच भिन्नता देखिँदैन । यो सँगै जिल्लागत रुपमा सबै जिल्लामा लाभान्वित घरधुरीको आम्दानी बढी देखिन्छ । साथसाथै औषत वार्षिक आम्दानी जिल्लागतस्तरमा Statistically फरक देखिन्छ (अनुसूची ८, अनुसूची तालिका १६) ।

**तालिका २६: आयआर्जन तथा जिविकोपार्जन सुधारमा सहयोगको अवस्था**

| आयआर्जनको क्षेत्र | कार्यक्रममा सहभागिताको श्रेणी | घरधुरी संख्या (%) | नगद सहयोग पाएका घरधुरी (%) | औसत सहयोग (रु) | नगद सहयोगको वर्तमान अवस्था | जिन्सी सहयोग पाएका घरधुरी (%) | सीप विकास पाएका घरधुरी (%) |
|---|---|---|---|---|---|---|---|
| वनमा आधारित | लाभान्वित | १८६ (१५.३) | ११२ (६०.२) | ५३१४.२८६ | १२९७७.२७ (सं.=४४) | ३५ (१८.८) | ६६ (३५.५) |
| | लाभ नपाएका | १६ (३.७) | १६ (१००) | ७६८५.५ | १२५०० (सं.=१२) | ० (०.०) | ० (०.०) |
| कृषिमा आधारित | लाभान्वित | २४७ (२०.२७) | २१९ (८८.७) | ९५४३.३८ | १५११६.१७ (सं.=१६७) | ३४ (१३.१ | ० (०.०) |
| | लाभ नपाएका | १२ (२.८) | ११ (९१.६) | ८९०९.१ | १८२७२.७३ (सं.=११) | १ (८.३) | ० (०.०) |
| पशुपालन | लाभान्वित | ५५९ (४५.९) | ५५६ (९९.५) | १०८१६.४४ | १५३६० (सं.=३५४) | १९ (३.४) | ० (०.०) |
| | लाभ नपाएका | ३२ (७.४) | ३२ (१००) | ८४८४.३६ | १४८२० (सं.=२५) | ० (०.०) | ० (०.०) |
| वन उद्यम | लाभान्वित | १८ (१.४) | १८ (१००) | ५९०५.५ | ४९५३ (सं.=१५) | ० (०.०) | १ (५.५) |
| | लाभ नपाएका | ५ (१.२) | ५ (१००) | ३८०० | ३४०० (सं.=५) | ० (०.०) | ० (०.०) |
| खुद्रा व्यापार | लाभान्वित | ९ (०.७) | ९ (१००) | १०८८९ | २१००० (सं.=७) | ० (०.०) | ० (०.०) |
| | लाभ नपाएका | १ (०.२) | १ (१००) | २५००० | १०००० (सं.=१) | ० (०.०) | ० (०.०) |
| जडिबुटी | लाभान्वित | ८४ | २८ | ३८४६.४ | ५८०८ | २१ | ५४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (६.९) | (३३.३) | | (सं.=२६) | (२५) | (६४.३) |
| | लाभ नपाएका | ० (०.०) | ० (०.०) | ५१७५ | १५५५० (सं.=८) | ० (०.०) | ० (०.०) |
| अन्य | लाभान्वित | ४ (०.३) | ० (०.०) | - | - | ० (०.०) | ४ (१००) |
| | लाभ नपाएका | १ (०.२) | ० (०.०) | - | - | ० (०.०) | १ (१००) |

### ३.५.३ जलवायु परिवर्तनको जोखिम न्यूनीकरणमा योगदान

कार्यक्रमले २,६०० समुदायमा आधारित जलवायु अनुकूलन योजना तयार गरी २१०० योजना कार्यान्वयन गर्न समुदायलाई सहयोग गरेको कार्यक्रमको प्रगति विवरणवाट देखिन्छ । तालिका २७ मा समुदायमा जलवायु परिवर्तन सम्बन्धी प्राप्त सहयोग र क्रियाकलापहरुको विवरण प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार लाभ पाउने घरधुरीले जलवायु परिवर्तनसँग सम्बन्धित सहयोगमध्ये वन व्यवस्थापन र पानी/जल संरक्षण लगायत अन्य क्षेत्रमा बढी सहयोग पाएको देखिन्छ । सबैभन्दा बढी सहयोग जल संरक्षण (लगभग ७%) र वन व्यवस्थापनमा रहेको देखिन्छ । वन समूहले वन संरक्षणमा मात्र नभई, कृषि र पशुपालन, भूक्षय र बाढी नियन्त्रण लगायत भौतिक पूर्वाधारको निर्माण गरी समुदायको अनुकूलन र जोखिम वहन गर्ने क्षमता अभिवृद्धि गर्न कृयाकलाप गरेको देखिन्छ ।

यसको साथै लाभ पाउने घरधुरीले रकम, जिन्सी र सीपमूलक तालिम पाउनुले कार्यक्रमले उनीहरुको जिविकोपार्जनका गतिविधिहरुमा विविधता ल्याउन विभिन्न प्रकारबाट सहयोग गरेको देखिन्छ । यी विभिन्न सहयोगको प्रभाव हेर्दा लाभ नपाएका घरधुरीको तुलनामा लगभग ५%, ३% र २% बढी लाभ पाएका घरधुरीले खानेपानीको सहजता र संरक्षण, भौतिक पूर्वाधार वृद्धि भएको र सीप विकासमा सहयोग पुगेको बताए । तर यस्ता स्थानीय अनुकूलन योजना पूर्ण कार्यान्वयनमा चूनौती रहेको भनाइ जिल्लाका सरोकारवालाहरुको थियो किनभने यसको लागि ठूलो बजेटको आवश्यकता पर्ने र थप सीप चाहिने तर सहयोग गर्ने कार्यक्रम समापन भइ सकेको अवस्थाले गर्दा यसको प्रभाव के हुन्छ भन्ने एकिन गर्न नसक्ने अवस्था छ ।

**तालिका २७: जलवायु परिवर्तन सम्बन्धी प्राप्त सहयोग र त्यसको उपयोग**

| **क्रियाकलापहरु** | लाभान्वित सं.=१२१६ (%) | लाभ नपाएका सं.=४३० (%) | सहयोगको प्रकार | लाभान्वित सं=१२१६( %) | लाभ नपाएका सं=४३० (%) | कार्यक्रम को प्रभाव | लाभान्वित सं=१२१६ (%) | लाभ नपाएका सं=४३० (%) |
|---|---|---|---|---|---|---|---|---|
| वन व्यवस्थापन | ७२ (५.९२) | १ (०.२३) | आर्थिक | २३० (१८.९१) | ४५ ( १०.४७) | कार्ययोजना नविकरण र वन व्यवस्थापन | २२ (१.८१) | ० (०) |
| जल संरक्षण | १८५ (१५.२१) | ३७ (८.६० | जिन्सी | १०१ (८.३१) | ८ (१.८६) | पानी संरक्षणमा पहुँच | १४३ (११.७६) | ३० (६.९८) |
| पहिरो नियन्त्रण | ५ (०.४१) | १ (०.२३) | सीप विकास | २५ (२.०६) | १ (०.२३) | माटो र जल व्यवस्थापन | २९ (२.३८) | ७ (१.६३) |
| बाढी रोकथाम | ३ (०.२५) | १ (०.२३) | तालिम | ५० (४.११) | १२ (२.७९) | बाढी रोकथाम | ९ (०.७४) | १ (०.२३) |
| सीप विकास | ८१ (६.६६) | १५ (३.४९) | प्राविधिक | १२ (०.९९) | ० (०) | आय आर्जन क्रियाकलापहरु बाट आम्दानी | १२६ (१०.३६) | ४० -९.३० |
| कृषि र पशुपालन | ५७ (४.६९) | ८ (१.८६) | अन्य | १ (०.०८) | १ (०.२३) | भौतिक पूर्वाधारको | ५४ (४.४४) | ८ (१.८६) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन | | | | | | विकास | | |
| पूर्वाधार विकास | ४४ (३.६२) | १ (०.२३) | | | | सीप विकास | ६९ (५६) | १४ (३.२) |
| अन्य | ९५ (७.८१) | २१ (४.८८) | | | | अन्य | १२० -९.८७) | १२० (२७.९१) |
| जम्मा | ४४.५७% | १९.७७% | | ३४.४६% | १५.५८% | | ४७.०४% | ५१.१६% |

तालिका २८ मा सर्वेक्षण गरिएका जिल्लाहरुमा विभिन्न वन समूहहरुले जलवायु परिवर्तन सम्बन्धी पाएको सहयोगको विवरण प्रस्तुत गरिएको छ । सो तालिका अनुसार जम्मा ५६ समूहमध्ये २३ (४१.१%) समूहहरुले आर्थिक सहयोग पाएको देखियो । जसमध्ये सबैभन्दा बढी सहयोग पानीको मुहान/स्रोत संरक्षणमा भएको देखियो । यस बाहेक ५ (८.९%) संस्थाले जिन्सी सहयोग पाएको बताए । जसमध्ये २ (४%) संस्थाले उक्त सहयोग मार्फत दिगो वन व्यवस्थापन गरेको भनाई पाइयो । बाँकी समूहले गरिब तथा विपन्न वर्गलाई सहयोग, सामूदायिक विकास र पानीको स्रोत संरक्षणमा खर्च गरेको देखियो ।

**तालिका २८: व.उ.स.ले प्राप्त गरेको जलवायु परिवर्तन सम्बन्धी सहयोग**

| सहयोगको प्रकार | सहयोग प्राप्त गर्ने संस्थाको संख्या (%) | औसत सहयोग राशी | गरीव, महिला तथा विपन्नलाई सहयोग (%) | दिगो वनव्यवस्थापन (%) | वन उद्यम (%) | जल संरक्षण (%) | सीप विकास (%) | सामुदायिक विकास (%) |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक | २३ (४१.१) | ६०७९२ | १ (४.३५) | ५ (२१.७४) | ३ ( १३.०४) | १२ (५२.२) | २ (८.७०) | ० (०.०) |
| जिन्सी | ५ (८.९) | ३०००० | १ (२०) | २ (४०) | ० (०.०) | १(२०) | ० (०.०) | १ (२०) |
| जम्मा | २८ (५०) | | २ (३.५) | ७ (१२.५) | ३ (५.३) | १३ (२३.२) | २ (३.५) | १ (१.७) |

### ३.५.४ दिगो वन व्यवस्थापनमा योगदान

नेपालमा समुदायस्तरमा सहभागितामूलक वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम परिक्षणको रुपमा ६ जिल्लाबाट सुरुवात भई कार्यक्रमको ४३ जिल्लामा नै विस्तार भएको थियो । हाल नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयले वैज्ञानिक वन व्यवस्थापनलाई आन्तरिकीकरण गरी प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा देशभरी नै विस्तार गर्दै लगेको छ । ३,१५० स्थानीय वन समूहहरुको विधान तथा कार्ययोजनाको परिमार्जन गरी यसलाई दिगो वन व्यवस्थापन केन्द्रित बनाउने वन समूहहरुको लक्ष्य देखियो । कार्यक्रमको केन्द्रित १४ जिल्लाहरुमा ५ वर्षे जिल्ला वन क्षेत्र योजना बनाई जिल्लाको वन स्रोतको दिगो र योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न सहयोग पुऱ्याएको पाइयो ।

**चित्र ११: दिगो बन व्यवस्थापन र वन क्षेत्रमा आएका सकारात्मक परिवर्तन**




कार्यक्रमको सहयोग पछि वनको संरक्षण, विकास तथा व्यवस्थापन राम्रो भएको भनाई सबै सरोकारवाला तथा वन समूहको थियो ।

चित्र ११ मा बहुसरोकारवाला वन कार्यक्रमको कार्यान्वयन पश्चात दिगो वन व्यवस्थापन र वन क्षेत्रमा आएका परिवर्तन बारे तथ्याङ्क प्रस्तुत गरिएको छ । तथ्याङ्क अनुसार लाभ पाएका र नपाएका दुवै समूहका सबै घरधुरीहरुले वनको राम्रो संरक्षण भएको र हरियाली बढेको बताएका छन् । युवाहरु रोजगारको खोजिमा बाहिरिदा पहाडका खेती योग्य जग्गा बाँझो रहि बुट्यानमा परिवर्तन भएर पनि हरियाली बढ्न मद्दत पुगेको भनाइ वन उपभोक्ता समूहहरुको थियो । साथै सर्वेक्षण गरिएका सबै घरधुरीले आफ्नो वनमा अपनत्व बढेको बताएका छन् । ८०% भन्दा बढी घरधुरीले आफ्नो वनमा वन्यजन्तुहरु बढेको र वनमा अनियमित कटानी तथा चोरी निकासी रोकिएको बताएका छन् । वनमा आएका हरेक सकारात्मक परिवर्तनका बारेमा यी दुई समूहको प्रतिक्रियामा संख्यात्मक हिसाबले एक दुई प्रतिशतको मात्र फरक देखिन्छ । तथापि सकारात्मक परिवर्तन मध्ये पानीको मुहान संरक्षण भएको भन्ने परिवर्तन बारे भने लाभ नपाएका समूहका घरधुरी भन्दा लगभग ७% बढी लाभ पाएका समूहका घरधुरीले परिवर्तन भएको बताएको थिए ।

### ३.५.५ समुदायमा आधारित वन व्यवस्थापन प्रणालीको बिस्तार तथा सुदृढीकरणमा योगदान

समुदायमा आधारित वन व्यवस्थापन पद्धति (सामुदायिक वन, साझेदारी वन लगायत) लाई थप सुदृढ तथा विस्तार गर्ने कार्यमा कार्यक्रमले योगदान गरेको पाइयो । कार्यक्रमको प्रथम चरणमा ६९९ नयाँ वन समूहहरु गठन भई ५१,०५० हेक्टर सरकारी वन क्षेत्र समुदायलाई हस्तान्तरण गरी उक्त वनको संरक्षण तथा व्यवस्थापनमा कार्यक्रमले सहयोग गरेको रहेछ । कार्यक्रमले पहिला नै गठन भइसकेका वन समूहहरुको संस्थागत सुदृढीकरण र समुदायलाई हस्तान्तरण भइसकेको वनको संरक्षण तथा व्यवस्थापनमा जोड दिएको थियो । यसरी कार्यक्रमले नयाँ तथा पहिला गठन भइसकेका गरी करिव ११,००० समुदायमा आधारित वन समूहहरु (सामुदायिक वन, साझेदारी वन, सार्वजनिक जग्गा व्यवस्थापन समूह लगायत) लाई प्राविधिक, संस्थागत, आर्थिक तथा वन संरक्षण तथा व्यवस्थापनमा सहयोग गरेको पाइयो ।

सबै खालका समुदायमा आधारित व्यवस्थापन प्रणालीहरु तथा समूहहरुलाई कार्यक्रमले सहयोग पुऱ्याएको पाइयो, जस्ले गर्दा विभिन्न भौगोलिक क्षेत्र तथा सरोकारवालाहरुको आवश्यकता र चाहनालाई सम्बोधन गर्न खोजेको देखिन्छ । जस्तै तराईमा सामुदायिक वनका साथै साझेदारी वन व्यवस्थापन र सार्वजनिक जग्गा व्यवस्थापन कार्यक्रमलाई कार्यक्रमले प्राथमिकताका साथ सहयोग पुऱ्याएको पाइयो । यसले तराईका टाढा रहेका उपभोक्ताहरु विशेषगरी राजमार्ग भन्दा टाढा दक्षिण तर्फ बस्ने बासिन्दालाई वन स्रोतको पहुँच बढाएको तथा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याइको देखिन्छ (घटना अध्ययन ४) ।

### ३.५.६ विपन्न वर्गको सहभागिता र सामाजिक समावेशिकरणमा योगदान

यस कार्यक्रमको मुख्य लक्षित वर्ग विपन्न तथा पछाडि परिएका वर्गका घर परिवारहरु भएकाले कार्यक्रमले यी वर्गलाई लक्षित गरी आफ्ना सहयोग तथा कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ । वन उपभोक्ता समूहका घरधुरीहरुको आर्थिक तथा सामाजिक स्तरीकरण गरी आर्थिक रुपले विपन्न घरधुरीलाई आर्थिक उपार्जनका क्रियाकलापहरु तथा सामाजिक रुपले पछाडि पारिएका घरधुरीलाई ससक्तिकरण तथा सामाजिक समावेशिकरणका क्रियाकलापहरु सञ्चालन गरेको पाइयो । साथै यी वर्गमा उपभोक्तालाई लक्षित गरेर वन उपभोक्ता समूहमा विधान तथा कार्ययोजना तयारी तथा परिमार्जन गर्ने गरेको पाइयो । कार्यक्रमले लिएको विपन्न तथा पछाडि पारिएका लक्षित रणनीति तथा विपन्नमुखी पद्वत्ति (Targetting apporach), बजेटका योजना तथा बजेट प्रवाह गर्ने पद्वत्ति (Fund Flow Analysis), वन तथा भूसंरक्षण मन्त्रालयको लैंगिक तथा सामाजिक समावेशी रणनीति, सामुदायिक वनको मार्गदर्शन आदि कारणले यो उपलब्धी प्राप्त गर्न मद्दत पुऱ्याएको देखिन्छ (घटना अध्ययन १) ।

तालिका २९ मा विगतको तुलनामा हाल विपन्न, महिला र दलितको व.उ.स. मा सहभागिता सम्बन्धि तथ्याङ्क प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्क अनुसार हरेक जिल्लामा महिला, विपन्न र दलितको सहभागिता व.उ.स मा बढेको देखियो । यस अर्थमा कार्यक्रमले वन उपभोक्ता समूहमा विपन्न तथा पछाडि पारिएका वर्गको सहभागिता बढाउन तथा स्रोतमा पहुँच र त्यसको फाइदा लिन टेवा पुऱ्याएको देखिन्छ ।

**तालिका २९: महिला, गरिब र दलित वर्गको सहभागिता**

| जिल्ला | ब.उ. समूह | बढेको (%) | उस्तै हो (%) |
|---|---|---|---|
| संखुवासभा | ८ | ८ (१००) | ० (० .०) |
| धनुषा | ८ | ७ (८७ .५) | १ (१२ .५) |
| रामेछाप | ८ | ७ (८७ .५) | १ (१२ .५) |
| पर्वत | ८ | ८ (१००) | ० (० .०) |
| कपिलबस्तु | ४ | ५१ (९२ .७) | ४ (७ .३) |
| सुर्खेत | ८ | ८ (१००) | ० (० .०) |
| अछाम | ८ | ७ (८७ .५) | १ (१२ .५) |
| जम्मा | ८ | ७ (८७ .५) | १ (१२ .५) |

### ३.५.७ सरोकारवाला निकायहरुले गरेका क्रियाकलापहरु प्रति उपभोक्ताहरुको सन्तुष्टि

विभिन्न सरोकारवाला निकायले गरेको क्रियाकलापहरु प्रति उपभोक्ताहरुको सन्तुष्टि हेर्दा लाभ पाउने घरधुरी बढी सन्तुष्ट रहेको देखिन्छ । तालिका ३० मा देखाइए अनुसार दुवै समूहका (लाभ पाएका तथा नपाएका) घरधुरी व.उ.स.को क्रियाकलापमा सन्तुष्ट रहेको देखिन्छ । तथापि संख्यात्मक हिसावमा लाभ नपाउने घरधुरीको तुलनामा लाभ पाउने घरधुरी २०% ले बढी सन्तुष्ट रहेको देखिन्छ । कार्यक्रमका गतिविधि मार्फत समूहमा सक्रियता बढ्नु यसको कारण हो भन्ने भनाई उपभोक्ताहरुको पाइयो । साथै करिव २३% बढी लाभ पाउने घरधुरीले गैससको क्रियाकलाप प्रति सन्तुष्ट रहेको देखिन्छ । तर जि.व.का.को कामप्रति भने अधिकांश लाभ पाउने घरधुरी ४४.२% सन्तुष्ट रहँदा केवल २७.१% लाभ नपाउने घरधुरी सन्तुष्ट रहेको देखिन्छ ।

**तालिका ३०: सरोकारवाला निकायले गरेको क्रियाकलापको सन्तुष्टि**

| कार्यान्वयन निकायहरु | लाभान्वित घरधुरी सं = १२१६ (%) | | | | | लाभ नपाएका घरधुरी सं = ४२८ (%) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सन्तुष्ट छु | ठिकै छु | अलिअलि सन्तुष्ट छु | छैन | थाहा छैन | सन्तुष्ट छु | ठिकै छु | अलिअलि सन्तुष्ट छु | छैन | थाहा छैन |
| वन उपभोक्ता समूह | ६९६ (५७.२) | ४३७ (३५०.९) | ७३ (६.०) | ७ (०.६) | ४ (०.३) | १६५ (३८.६) | १६६ (३८.९) | ६३ (१४.८) | ११ (२.६) | २२ (५.२) |
| जि.व.का. | ५३७ (४४.२) | ५१० (४२.०) | १३० (१०.७) | १५ (१.२) | २३ (१.९) | ११६ (२७.१) | १६१ (३७.६) | ६२ (१४.५) | ३६ (८.४) | ५३ (१२.४) |
| गैसस | ६४६ (५३.१) | ४०८ (३३.६) | १२७ (१०.४) | १६ (१.३) | १९ (१.६) | १३१ (३०.६ | १४७ (३४.३) | ७३ (१७.१) | ३० (७.०) | ४७ (११.०) |

कार्यक्रमको पद्धत्ति राम्रो भए पनि छोटो समयका लागि कार्यक्रम कार्यान्वयन भएकाले कार्यक्रमको पूर्ण प्रभाव हेर्न अझै पर्खनुपर्ने भनाई प्राय जिल्लाका सबै सरोकारवालाहरुको थियो । कार्यक्रमको सहयोगमा विपन्न, महिला तथा दलितहरुले विभिन्न आयआर्जनका क्रियाकलापहरु सञ्चालन गरी केही आयआर्जन गर्न सफल भएका र उनीहरुमा आर्थिकस्तर परिवर्तन भएको भनाइ सातै जिल्लाका सरोकारवालाहरु तथा वन समूहहरुको थियो ।

निष्कर्षमा कार्यक्रम कार्यान्वयन भएको ४ वर्षको अवधिमा कार्यक्रमको पूर्ण प्रभाव हेर्ने अवस्था भईसकेको नभएता पनि कार्यक्रमबाट केही महत्वपूर्ण उपलब्धीहरु भएको र कार्यक्रमको समुदायस्तरमा केही प्रारम्भिक सकारात्मक प्रभाव देखिन थालेको – जस्तै वन स्रोतको अवस्थामा सुधार भएको, विपन्न तथा महिलाको आयआर्जनका गतिविधिहरु सञ्चालन गरी आम्दानी गर्न सुरु गरेको, केही रोजगारी सृजना भएको आदि कारणहरुले गर्दा यो कार्यक्रमलाई ठिकै प्रभाव पारेको कार्यक्रमको रुपमा स्तरीकरण गरिएको छ ।

## ३.६ कार्यक्रमको दिगोपना

बहुसरोकारवाला वन कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु तथा क्रियाकलापहरु नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको लक्ष्य, उद्देश्य तथा प्राथमिकताका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग गर्नु रहेका थिए । त्यसै गरी कार्यक्रमका क्रियाकलापहरु जिविसको योजनामा समावेश भइ स्थानीयस्तरमा वन उपभोक्ता समूह मार्फत कार्यान्वयन हुनुले कार्यक्रमको दिगोपनालाई बल पुऱ्याएको देखिन्छ । पहिला नै गठन भएका वन समूहहरु मार्फत नै बहुसरोकारवाला वन कार्यक्रमको कार्यान्वयन गरिएको र कार्यक्रमले व.उ.स.को संस्थागत सुदृढीकरणमा सहयोग पुऱ्याएको कारणले पनि वन व्यवस्थापन तथा संरक्षण, आयआर्जन र संस्थागत विकास जस्ता गतिविधिहरुले निरन्तरता पाउने संभावना छ । बहुसरोकारवाला वन कार्यक्रमले सहयोग गरे मध्येको वैज्ञानिक वन व्यवस्थापनलाई हाल मन्त्रालयले आन्तरिकीकरण गरी प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा देशभरी नै विस्तार गर्दै लगेको छ ।

वन समूह तथा जानिफकारसँगको छलफलमा कार्यक्रमको सहयोगमा सञ्चालित केही क्रियाकलापहरुलाई निरन्तरता दिने भनाइ त पाइयो तर सबै क्रियाकलापहरुले भने निरन्तरता नपाउने भनाइ वन समूह तथा सरोकारवालाहरुको थियो । कार्यक्रम कार्यान्वयन गर्न सिर्जना गरिएका संयन्त्रहरु कार्यक्रम अन्त्य भए लगतै लगभग निष्कृय भइ सकेका थिए किनकि ती संयन्त्रहरु कार्यक्रम कार्यान्वयन गर्न मात्र सिर्जना गरिएका थिए ।

६९.६% व.उ.स.ले बाह्य सहयोग विना आफ्नो क्रियाकलापलाई निरन्तरता दिने बताए भने ८.९% व.उ.स.ले सो गर्न नसक्ने भनाई थियो । धनुषा र पर्वत जिल्लाका क्रमश ५०% (४) र ३७.५% (३) व.उ.स. बाहेक सबै व.उ.स.ले आफ्नो समूह थप बलियो र सक्रिय भएको बताए (अनुसूची ८ अनुसूची तालिका १३) ।

लक्षित वर्ग तथा गरिब, महिला र विपन्न वर्गको सहभागिताको दिगोपनामा भने यो कार्यक्रमले खासै प्रभाव पार्न सकेको देखिदैन । समूहहरुले विभिन्न क्षेत्रमा गरेका सहयोगको अपेक्षामा लाभ पाउने २३.४% घरधुरीले र लाभ नपाउने समूहका २१.४ % घरधुरीले गरिब, महिला र विपन्न वर्गलाई अझ बढी सहयोग गर्नुपर्ने बताएका छन् । साथै १८ % लाभ पाउने समूहका घरधुरी र १३.९ % लाभ नपाउने समूहका घरधुरीले सीप विकास र क्षमता अभिबृद्धिका कार्यक्रम अझ बढी सहयोग चाहिने बताएका छन् । साथै ११.६ % र ११.२ % लाभ पाउने समूहका घरधुरीले क्रमश: वन व्यवस्थापनको लागि प्राविधिक सहयोग र आर्थिक सहयोग अपेक्षा गरेको देखिन्छ । लाभ नपाउने समूहका घरधुरीले भने यी दुई क्षेत्रमा कम सहयोगको अपेक्षा गरेको देखिन्छ (अनुसूची ८, अनुसूची तालिका १४) ।

यस कार्यक्रमले सहयोग गरेका केही गतिविधिहरु जस्तै वन उद्यमहरु तथा स्थानीय अनुकूलन योजनाहरुले हालको प्रकृति हेर्दा निरन्तरता पाउने संभावना कम देखिन्छ । वन उद्यममा केही नीतिगत तथा कार्यगत अप्ठ्याराहरुका कारणले गर्दा निजी क्षेत्रले लगानी बढाउने संभावना कमै देखिन्छ । त्यस्तै अनुकूलन योजनाहरु गा.वि.स.हरुले कार्यान्वयन गर्नु पर्नेमा गाविसका कार्यक्रमहरुमा यस्ता योजनाहरु प्राथमिकतामा नपरेका र यसलाई चाहिने आवश्यक स्रोत पनि गा.वि.स.हरुसँग उपलब्ध नभएकाले यसको निरन्तरतामा प्रश्न चिन्ह देखिन्छ । यो मूल्याङ्कनको क्रममा गाविसका कर्मचारीहरु नै यस्ता योजनाहरुका बारेमा अनभिज्ञ रहेका पनि पाइयो ।

तालिका ३१ मा व.उ.स.ले बाह्य सहयोग विना आफ्नो क्रियाकलापलाई निरन्तरता दिने सम्बन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ ।

**तालिका ३१: बाह्य सहयोग विना व.उ.स को क्रियाकलापको निरन्तरता**

| जिल्ला | व.उ.स समूह | गर्न सक्छौ (%) | केहि समयलाई सहयोग चाहिन्छ (%) | गर्न सक्दैनौ (%) |
|---|---|---|---|---|
| संखुवासभा | ८ | ६ (७५) | १ (१२.५) | १ (१२.५) |
| धनुषा | ८ | २ (२५) | ६ (७५) | ० (०.०) |
| रामेछाप | ८ | ७ (८७.५) | १ (१२.५) | १ (१२.५) |
| पर्वत | ८ | ५ (६२.५) | १ (१२.५) | १ (१२.५) |
| कपिलबस्तु | ८ | ६ (७५) | १ (१२.५) | ० (०.०) |
| सुर्खेत | ८ | ७ (८७.५) | १ (१२.५) | ० (०.०) |
| अछाम | ८ | ६ (७५) | १ (१२.५) | १ (१२.५) |
| जम्मा | ५६ | ४० (६९.६) | १२ (२१.४) | ४ (८.९) |

### ३.६.१ कार्यक्रमको आर्थिक पक्षको दिगोपना

कार्यक्रम अर्न्तगत सञ्चालित दिगो वन व्यवस्थापन कार्यक्रममा आर्थिक हिसाबले दिगोपना कायम हुन सक्ने वा नसक्ने कुरा यकिन गर्न सकिने स्थिति छैन । विभिन्न जिल्लामा रहेका वन समूहहरुले वनलाई वैज्ञानिक वन व्यवस्थापन गर्दा उपभोक्ताहरुको लागि रोजगारीको अवसर सिर्जना हुने र बिक्रि भएको वन पैदावारबाट वन उपभोक्ता समूहको आम्दानी पनि बृद्धि हुने संभावना भने देखिन्छ । त्यसै गरी कार्यक्रमका केहि गतिविधिहरु जस्तै

वन समूहको घुम्ती कोष तथा आयआर्जन क्रियाकलाप आदिले समूहहरुको आर्थिक दिगोपनमा टेवा पुग्ने संभावना देखिन्छ । तर यस कार्यक्रमले सहयोग गरेका गतिविधिहरु जस्तै वन उद्यमहरु तथा अनुकूलन योजनाहरुको आर्थिक दिगोपना चूनौतीपूर्ण देखिन्छ ।

### ३.६.२ कार्यक्रमको वातावरणीय पक्षको दिगोपना

बहुसरोकारवाला कार्यक्रम वन संरक्षण र व्यवस्थापन संवन्धित भएकाले यसको कार्यान्वयनले वातावरणीय पक्षको दिगोपनालाई सुनश्चिच गर्ने देखिन्छ । वनमा आधारित उद्योगहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थ वन कार्ययोजनामा आधारित भएर संकलन गर्ने गरिएको हुनाले वातावरणीय पक्षको दिगोपनालाई कार्यक्रमको सुरुवात देखि नै ध्यान पुऱ्याएको पाईन्छ । यद्यपि वातावरणीय पक्षको दिगोपना जिल्ला र वनको अवस्था अनुसार भिन्न भिन्न पाईएको छ । प्राय जसो वनमा आधारित उद्योगहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थ सिमित रुपमा मात्र उत्पादन हुने हुनाले सिमित उद्योगहरुलाई मात्र पर्याप्त हुने देखिन्छ ।

माथि उल्लेख गरिएका तथ्य र विश्लेषणका आधारमा यो कार्यक्रमको दिगोपना समय छोटो भएका कारणले पनि खासै मजबुत देखिएन र यसलाई ठिकै दिगोपना भएको कार्यक्रमको रुपमा स्तरीकरण गरिएको छ ।

## ३.७ समग्र मूल्याङ्कन नतीजाको सारांश

सारांशमा यो कार्यक्रम सुरुदेखि नै प्रक्रियागत विवादका बीच कार्यान्वयन भएकाले यसको अन्त्य पनि अन्योल बीच नै भएको देखिन्छ । कार्यक्रम १० वर्षका लागि समझदारी हुनु तर ४ वर्ष मै कार्यक्रम बन्द हुनुले पनि कार्यक्रम पूर्ण रुपमा सफल नभएको कुरा संकेत गर्दछ । जिल्लास्तरमा काम गर्ने गैसस निकायहरु र जिल्ला वन कार्यालय बीच कतिपय विषयमा तालमेल नमिलेकाले पनि कतिपय क्रियाकलापहरु आ-आफ्नै तरिकाले कार्यान्वयन गरेको पाइयो । कार्यक्रमको प्रथम चरणमा २ वटा मुख्य कोशेढुँगाहरुः वन क्षेत्रको रणनीति तयार गर्ने र अर्को चरणको व्यवस्थापनका लागि राष्ट्रिय वन संयन्त्र निर्माण गर्ने भएकोमा वन क्षेत्रको रणनीति नेपाल सरकारले स्वीकृती गरी सकेको तर राष्ट्रिय वन संयन्त्र दातृ निकाय र मन्त्रालय बीच फरक फरक बुझाइ र अडानहरुका कारणले निर्माण हुन सकेन । सवै सरोकारवालाहरु संलग्न भई कार्यान्वयन गरिएको कार्यक्रममा कार्यक्रमको अन्त्यतिर आइपुग्दा दातृ निकाय, नेपाल सरकार र गैह्र सरकारी संस्था कसैले पनि कार्यक्रमको स्वामित्व लिन नसकेको देखियो र यसको मूख्य कारण कार्यक्रम कार्यान्वयनको संरचनामा भएको जटिलता नै हो । त्यसै गरी यो कार्यक्रम नेपालको वन क्षेत्रका लागि सान्दर्भिक तथा समुदायस्तरमा प्रभावकारी हुँदाहुँदै दातृ निकायले राष्ट्रिय वन संयन्त्रको निर्माण गर्नु पर्ने कुरा सर्तकै रुपमा राखेको र उक्त सर्त पुरा नहुदा कार्यक्रम दोस्रो चरणमा जान नसकेको पाइयो ।

कार्यक्रम कार्यान्वयन गर्ने संस्था छनौट गर्ने प्रक्रिया शुरुआतमा विवादमा आई छनौट भई सकेको संस्थालाई खारेज गरी पुनः टेन्डर आव्हान गरी दोस्रो पटक संस्था छनौट गर्दा धेरै समय लिएको र कार्यक्रमको कार्यान्वयन ढिला हुन गएको देखिन्छ । यद्यपि दोस्रो पटक संस्था छनौट गर्दा भने मापदण्डहरु बनाई समिति पनि समावेशी बनाई तठष्थता कायम गर्न सचेतता अपनाएको देखिन्छ ।

कार्यक्रम कार्यान्वयनको संरचनामा अप्ठ्यारापनहरु भएता पनि प्रथम चरणका गतिविधिहरुको कार्यसम्पादन सन्तोषजनक देखिएको र समुदायस्तरमा उपभोक्ताहरु कार्यक्रम प्रति सकारात्मक रहेको देखिन्छ । कार्यक्रमबाट प्राप्त भएका केही उपलब्धी, प्रभाव तथा सिकाईहरु स्थानीय वन समूहहरुले आन्तरिकीकरण तथा संस्थागत गर्ने प्रक्रिया सुरु भएको पाइयो ।

यस कार्यक्रमको बजेटको ठूलो अंश (८० प्रतिशत) स्थानीय तथा समुदाय स्तरमा पुगेको भएपनि कार्यक्रमको प्रथम चरणको अन्त्यतिर दातृ निकाय र कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु बीचको विश्वासको कमीले गर्दा

दातृ निकायबाट समयमा नै बजेट प्रवाह नभएकाले कार्यक्रम कार्यान्वयन तथा कार्य दक्षतामा असर परेको पाइयो ।

कार्यक्रम कार्यान्वयन भएको ४ वर्ष मात्र भएकोले यो छोटो अवधिमा कार्यक्रमको पूर्ण प्रभावको लेखाजोखा गर्न नसकिए पनि केही प्रारम्भिक प्रभावहरु जस्तै कार्यक्रमबाट गरिब तथा विपन्न वर्गको जिविकोपार्जनमा सहयोग पुगेको, वन व्यवस्थापन र वन समूहहरुको संस्थागत सुदृढिकरणमा महत्वपूर्ण सहयोग पुऱ्याएको पाइयो ।

बहुसरोकारवाला वन कार्यक्रम स्थानीयस्तरमा वन उपभोक्ता समूहहरु मार्फत कार्यान्वयन हुनु तथा यसलाई वन समूहले आन्तरिकीकरण गरेबाट कार्यक्रमका केहि गतिविधिले निरन्तरता पाउने संभावना देखिन्छ । यस कार्यक्रमले सहयोग गरे मध्येको वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमले जिल्ला वन कार्यालयको नियमित कार्यक्रम मार्फत निरन्तरता पाई सकेको छ । तर यस कार्यक्रमले सहयोग गरेका केही गतिविधिहरु जस्तै वन उद्यमहरु तथा अनुकूलन योजनाहरुले निरन्तरता पाउने संभावना कम देखिन्छ ।

मूल्याङ्कनका लागि गुणात्मक तथा परिमाणात्मक विधिबाट उस्तै प्रकृतिका प्रश्नहरुबाट प्राप्त जानकारीहरुलाईसँगै राखेर त्रिभुजीकरण विधिबाट विश्लेषण गरिएको छ र उक्त विश्लेषणलाई अनुसूची ९ मा राखिएको छ । यस विश्लेषणबाट मुख्य विषयहरुमा सबै स्रोतबाट समान खालको जानकारी पाइयो र कार्यक्रम समष्टीगत रुपमा सन्तोषजनक रहेको पाइयो ।

# परिच्छेद ४ : मूल्याङ्कनको सारांस र सिफारिसहरु

## ४.१ कार्यक्रम कार्यान्वयन गर्ने ढाँचाको (संरचना) व्यवस्था

कार्यक्रम कार्यान्वयन ढाँचाको अनुसार वन तथा भूसंरक्षण मन्त्रालय वा सरकारी निकायले कार्यक्रमको नेतृत्व गर्ने भन्ने परियोजना दस्ताबेजमा उल्लेख भएता पनि कार्यक्रमको स्वामित्व सरकारी निकायले पूर्ण रुपमा लिन सकेको पाईएन । बजेटको ठूलो हिस्सा गैह्र सरकारी निकाय मार्फत समुदायमा जाने भएकोले सरकारी निकायले त्यस प्रतिको जवाफदेहिता लिने स्थिति बनेन । कार्यक्रमबाट जिल्ला वन कार्यालयमा आउने दैनिक भ्रमण भत्ता सिमित मात्रामा हुने र अन्य निकायले गरेका कार्यक्रममा सहजीकरण गर्न जानका लागि उक्त बजेट नपुग्ने कुराले कार्यक्रमको अनुगमन र गुणस्तरमा असर परेको पाइयो ।

गैह्र सरकारी कार्यान्वयन निकाय पनि कार्यक्रमको ढाँचासँग सन्तुष्ट देखिएनन् । कार्यक्रम सहयोग इकाई (SSU) अन्तर्गतको क्ल्ष्टर कार्यालय सहयोगीको भूमिकामा नभई दाताको समानान्तर ईकाइको रुपमा रहेको उनीहरुको बुझाई पाइयो । कार्यक्रम कार्यान्वयनमा धैरै तह रहेको हुनाले कतिपय अवस्थामा स्पष्ट रुपमा सञ्चार नहुने र कार्यक्रम कार्यान्वयनमा अलमल हुने गरेको पाइयो ।

जलवायु परिवर्तन सम्बन्धी स्थानीय अनुकूलन योजनाहरु गाविसस्तरमा बनेका र गाविसका अधिकारीहरुको प्रत्यक्ष संलग्नता हुनुपर्ने भएता पनि अधिकांश गाविस सचिवहरु उक्त अनुकूलन योजना बारे अनभिज्ञ रहेको पाइयो । यो मूल्याङ्कनका लागि छनौटमा परेका जिल्लाका अधिकांश जिल्ला विकास समितिहरुका अधिकारीहरुलाई बहुसरोकारवाला कार्यक्रमका गतिविधिहरु कमै मात्र जानकारी भएको पाइयो ।

मन्त्रालयस्तरमा रहेको कार्यक्रम संयोजकको कार्यालयले कार्यक्रमको दस्ताबेजमा उल्लेख गरिए बमोजिम बहुसरोकारवाला वन कार्यक्रमलाई नेतृत्व दिन नसक्नुको कारण पनि दातृ निकायले उक्त कार्यालयलाई पूर्ण रुपमा विश्वास गर्न नसक्नु रहेको पाइयो भने मन्त्रालयका केही अधिकारीका अनुसार नै उक्त कार्यालयले समन्वयकारी र

नेतृत्वदायी भुमिका निभाउन पनि केही कमी तथा कमजोरी भएको पाइयो । कार्यक्रमको संयोजन गर्ने क्रममा मन्त्रालय भित्र नै पनि बहुसरोकारवाला वन कार्यक्रम बारे प्रयाप्त छलफल तथा सहजीकरण हुन सकेन । त्यसै गरी कार्यक्रम संयोजकको कार्यलयको वन विभाग र सरकारी निकायहरुसँग समन्वयको कमी रह्यो । कार्यक्रम सहयोग इकाई गैसस निकायहरुको व्यवस्थापन, कार्यक्रम व्यवस्थापन तथा सरोकारवालाहरुको समन्वयमा बढी केन्द्रित हुन पुगेको देखियो । कार्यक्रम सहयोग इकाइले प्राविधिक सहयोग, अनुगमन तथा गुणस्तर नियन्त्रण जस्ता विषयमा सहयोगहरु पुऱ्याउनुपर्थ्यो तर उक्त कामहरु आवश्यकता अनुसार हुन नसकेको पाइयो ।

यस कार्यक्रमका ३ वटा दातृ निकायहरुले विगतमा यस्ता वन कार्यक्रमहरु आफ्नै तरिकाले छुट्टाछुटै सहयोग तथा सञ्चालन गरी रहेकामा यस कार्यक्रम मार्फत संयुक्त रुपमा सहयोग गरेको सन्दर्भमा दातृ निकायहरुका आ-आफ्नो प्राथमिकता तथा चासोलाई व्यवस्थापन गर्नु महत्वपूर्ण कार्य थियो । तर ३ वटा दातृ निकायहरु बीच प्रभावकारी रुपमा समन्वय गर्ने काम दातृ निकायका सम्बन्धित कर्मचारीहरुबाट हुन नसकेको पाइयो जसले गर्दा दातृ निकायहरु बीच कार्यक्रमलाई हेर्ने दृष्टिकोण फरक फरक रह्यो ।

माथि उल्लेखित कारणहरुले गर्दा कार्यक्रम कार्यान्वयन ढाँचा प्रभावकारी हुन सकेन ।

## ४.२ कार्यक्रमको प्रथम चरणको कार्य सम्पादनको अवस्था

बहुसरोकारवाला वन कार्यक्रमको प्रथम चरणको लागि २०६८ पुसमा नेपाल सरकार र दातृ निकायहरुकाबीचमा सम्झौता भएता पनि विभिन्न कारणले गर्दा कार्यक्रमको पूर्ण कार्यान्वयन २०६९ चैत्र पछि मात्र सुरु भएको थियो । कार्यक्रमको प्रथम चरणमा तपशिलका उपलब्धीहरु हासिल भएको देखिन्छ ।

कार्यक्रमको प्रथम चरणका लागि २ वटा मुख्य कोसे ढुँङ्गा (Milestones) : राष्ट्रिय वन रणनीति र राष्ट्रिय वन संयन्त्रको तयारी मध्ये राष्ट्रिय वन रणनीति स्वीकृत भएको तर राष्ट्रिय वन संयन्त्रको निर्माण हुन नसकेको पाइयो । राष्ट्रिय वन संयन्त्र निर्माण गर्ने सम्बन्धमा वन तथा भूसंरक्षण मन्त्रालय तथा दातृ निकाय बीचको आ-आफ्ना अडानका कारणले उक्त संयन्त्र बन्न नसकेको पाइयो । खास गरेर अहिले भइरहेका सरकारी संयन्त्रमा के कमी कमजोरी रहे र किन नयाँ संयन्त्रको आवश्यकता पऱ्यो भन्ने औचित्य पुष्टि हुन नसकेका कारण उक्त संयन्त्र बन्न नसकेको देखिन्छ ।

वन क्षेत्रको नीति, रणनीति तथा मार्गदर्शनहरुको तयारी, परिमार्जन तथा कार्यान्वयनमा कार्यक्रमले सहयोग पुऱ्याएको पाइयो । कार्यक्रमको केन्द्रित कार्यक्रम सञ्चालित २३ जिल्लाहरुमा जिल्ला वन क्षेत्र योजना (District Forestry Sector Plan) बनाई जिल्लाको वन स्रोतको दिगो र योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न कार्यक्रमले सहयोग पुऱ्याएको देखियो ।

नेपालमा सहभागितामूलक वैज्ञानिक वन व्यवस्थापन (Scientific Forest Management) कार्यक्रम परिक्षणको रुपमा सञ्चालन भइ नेपाल सरकार वन मन्त्रालयले वैज्ञानिक वन व्यवस्थापनलाई आन्तरिकीकरण गरी प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा देशभरी नै विस्तार गर्दै लगेको छ ।

समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रको विस्तार (समुदायमा आधारित वन व्यवस्थापन समूहको गठन तथा वन हस्तान्तरण) ४०,००० (हे.) गर्ने लक्ष्य राखिएकोमा ५१,०५० हे.मा विस्तार भएको, वन क्षेत्रबाट रोजगारी सिर्जना ३२,००० जनालाई गर्ने लक्ष्य राखिएकोमा करिव २५,००० जनालाई मात्र रोजगारी सिर्जना भएको, २,२०,००० घरधुरीलाई जलवायु जोखिम कम गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिएकोमा करिव २,३०,००० घरधुरीलाई सहयोग पुऱ्याएको देखिन्छ । ७८,४०६ विपन्न घरपरिवारको आयआर्जन तथा जिविकोपार्जनमा सहयोग पुऱ्याएको देखिन्छ ।

समुदायमा आधारित वन व्यवस्थापन पद्धति (सामुदायिक वन, साझेदारी वन लगायत) लाई थप सुदृढ तथा विस्तार गर्ने कार्यमा कार्यक्रमले योगदान गरेको पाइयो । कार्यक्रमको प्रथम चरणमा ६९९ नयाँ वन समूहहरु गठन भएका पहिला नै गठन भइसकेका वन समूहहरुको संस्थागत सुदृढिकरण र समुदायलाई हस्तान्तरण भइसकेको वनको संरक्षण तथा व्यवस्थापनमा जोड दिएको थियो । यसरी कार्यक्रमले नयाँ तथा पहिला गठन भइसकेका गरी करिव ११,००० समुदायमा आधारित वन समूहहरु (सामुदायिक वन, साझेदारी वन, सार्वजनिक जग्गा व्यवस्थापन समूह लगायत) लाई प्राविधिक, संस्थागत, आर्थिक तथा वन संरक्षण तथा व्यवस्थापनमा सहयोग गरेको पाइयो ।

प्रथम चरणका लागि उपलब्ध मानवीय, बजेट तथा उपकरण लगायतका स्रोतहरु योजना अनुसार नै प्रयोग भएका पाइयो । तापनि प्रथम चरणको बजेट पूर्ण रुपमा खर्च हुन नसकेको देखिन्छ । प्रथम चरणको कुल बजेटमध्ये रु ३,६९,०६,८९,४८५ (८३ %) खर्च भएको देखिन्छ । कार्यक्रमको करिव ८०% बजेट स्थानीय तथा समुदायस्तरमा पुगेको र यसले समुदायको जिविकोपार्जनका सम्पत्ति वृद्दि गर्न महत्वपूर्ण टेवा पुऱ्याएको देखिन्छ ।

प्रथम चरणका कार्यक्रमबाट जे-जस्ता उपलब्धीहरु प्राप्त भए पनि दातृ निकायले सर्तका रुपमा राखेका २ वटा कोसेढुँङ्गामध्ये राष्ट्रिय वन संयन्त्रको निर्माण हुन नसकेका कारणले कार्यक्रम दोस्रो चरणमा प्रवेश गर्न सकेन ।

## ४.३ कार्यक्रमको सान्दर्भिकता

यस कार्यक्रमका प्राथमिकताका क्षेत्र तथा क्रियाकलापहरु नेपाल सरकारको नीति प्राथमिकता तथा कार्यक्रम अनुसार भएको देखिन्छ । नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको लक्ष्य, उद्देश्य तथा प्राथमिकताका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग पुग्ने गरी कार्यक्रमले सहयोग पुऱ्याएको पाइयो । कार्यक्रमको सोच तालिकाको विश्लेषण गर्दा कार्यक्रमको लक्ष्य गरिबी न्यूनीकरणमा योगदान गर्ने रहेको छ जुन यो कार्यक्रम कार्यान्वयन हुँदाको समय अवधिको नेपाल सरकारको तेह्रौं त्रिवर्षीय योजनाको उद्देश्यसँग मिल्छ । त्यस्तै कार्यक्रमको उद्देश्यहरुः दिगो वन व्यवस्थापन, समावेशी आर्थिक विकास, जलवायु परिवर्तनको जोखिमलाई कम गर्ने, वनमा आधारित आयआर्जन तथा उद्यम सञ्चालन गरी रोजगारी तथा जिवीकोपार्जनमा टेवा पुऱ्याउने, समावेशी तथा सुशासनयुक्त वन क्षेत्रको निमार्ण गर्ने, नेपाल सरकारको उद्देश्य अनुरुप नै छन् । नेपाल सरकारको प्राथमिकता समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमको विस्तार तथा सुदृढिकरण गर्नु रहेको र यस कार्यक्रमले समुदायमा आधारित वन व्यवस्थापनलाई मुख्य कार्यक्रमको रुपमा अंगीकार गरी सहयोग गरेको पाइयो ।

जिल्लास्तरमा कार्यक्रमको प्राथमिकता जिल्ला विकास समितिको जिल्ला आवधिक योजना तथा जिल्ला वन क्षेत्रगत कार्यक्रमले निर्दृष्ट गरे अनुसार भएको पाइयो । नेपाल सरकारको योजना तर्जुमा प्रक्रिया अनुसार नै कार्यक्रमको योजना तर्जुमा हुने तथा कार्यक्रमका सबै योजनाहरु जिल्ला परिषद्मा प्रस्तुत भई छलफल तथा स्वीकृत भएपछि मात्र कार्यान्वयन हुने गरेको पाइयो । कार्यक्रमको वार्षिक योजना तथा बजेट नेपाल सरकारको वार्षिक योजना तथा बजेटमा समाहित हुने गरेको देखिन्छ । कार्यक्रमको बजेट प्रवाह कार्यक्रम दस्ताबेजमा उल्लेख भए वमोजिम सरकारी र सोझै भुक्तानी दुवै माध्यमबाट खर्च भएको देखिन्छ । कार्यक्रम दस्ताबेज अनुसार बजेटको १७ प्रतिशत सरकारी कोषबाट (on treasury) र २० प्रतिशत सरकारी माध्यमबाट सोझै भुक्तानी (government off treasury) गरी जम्मा ३७ प्रतिशत सरकारी माध्यमबाट खर्च हुने प्रावधान रहेकोमा वाषिक स्वीकृत योजना मार्फत ३१ प्रतिशतसम्म सरकारी कोषबाट (on treasury) भुक्तानी भएको देखिन्छ । कार्यक्रम दस्ताबेजमा थोरै प्रतिशत मात्र सरकारी कोषबाट खर्च गर्ने प्रावधान भएता पनि वार्षिक कार्यक्रम मार्फत क्रमशः वृद्धि गर्दै लगेको देखिन्छ । यसबाट सरकार मातहत कार्यक्रम बजेट (on treasury) खर्च गर्ने अंश वृद्धि गर्दै लाने सिद्धान्तलाई अंगीकार गरेको देखिन्छ । यसै गरी कार्यक्रम कार्यान्वयन गर्ने गैसस मार्फत ४३ प्रतिशत खर्च गर्ने प्रावधान रहेको पाइयो ।

यसरी यो कार्यक्रमलाई सरकारको नीति प्राथमिकता र समुदायको आवश्यकतालाई सम्बोधन गर्ने दृष्टिकोणले हेर्दा निकै सान्दर्भिक देखिन्छ ।

## ४.४ कार्यक्रमको प्रभावकारिता

कार्यक्रमको प्रभावकारितालाई यसको कार्यान्वयनको ढाँचाले असर पुऱ्याएको कुरा माथि ४.१ मा विश्लेषण गरी सकिएको छ । वन मन्त्रालय, वन विभाग र जिल्ला वन कार्यालयका सम्बन्धित अधिकारीहरुसँग छलफल गर्दा यो कार्यक्रममा दातृ निकाय स्वयम् र गैह्र सरकारी संस्थाहरु बढी सक्रिय भएको र उनैले नेतृत्व गर्ने कार्यक्रम भएको बुझाइ पाइयो ।

तर स्थानीय तहमा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा सरोकारवालाहरुसँग र स्थानीय जानिफकारसँग छलफल गर्दा माथिल्लो तहमा के कस्ता विवाद छन भन्ने बारेमा जानकारी नभएको पाइयो र नीतिगत तहमा भएका संरचनागत सवालहरुले समुदायस्तरमा कार्यक्रमको प्रभावकारितामा असर नपरेको पाइयो ।

कार्यक्रमका लक्षित वर्गको सक्रिय सहभागितामा योजना तर्जुमा प्रक्रियाको विधि अपनाइ कार्यक्रमको पहिचान तथा प्राथमिकीकरण गर्ने गरेको थियो । यस प्रक्रियाबाट तर्जुमा भएका वार्षिक योजना जिल्लास्तरमा समन्वय समितिहरु मार्फत छलफल, समन्वय, एकीकरण र प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था गरिएको पाइयो । सोझै भुक्तानीबाट सम्पन्न हुने योजना तथा कार्यक्रमलाई पनि नेपाल सरकारको वार्षिक योजनामा समाहित गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको थियो । वार्षिक योजना तयार गर्दा कुल वार्षिक बजेटको कम्तिमा पनि ३५ प्रतिशत अंश विपन्न तथा लक्षित वर्गका उपभोक्ताहरुलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रमहरुका लागि छुट्याउनु पर्ने व्यवस्था रहेको र सोही अनुसार भएको पाइयो ।

कार्यक्रमको कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट दातृनिकायको नेतृत्व गर्ने स्वीस राजदुतावासको खरिद प्रक्रिया अवलम्बन गरी भएको रहेछ । प्रथम चरणमा संस्था छनौटको लागि स्वीस राजदुतावासको निश्चित मापदण्डहरु तथा प्रक्रिया अवलम्बन गरिएको रहेछ । टेन्डर आह्वान गर्नु भन्दा अगाडि कार्यक्रमको निर्देशन समितिबाट वन मन्त्रालय, दातृ निकाय, निर्देशन समिति, कार्यक्रमको संयोजकको कार्यालय तथा कार्यक्रम सहयोग इकाईको प्रतिनिधि सम्मिलित एक कार्यदल गठन गरी उक्त कार्यदलले टेन्डर प्रतिवेदन (Tender Document) तयार गरी निर्देशन समितिमा प्रस्तुत तथा छलफल गरी स्वीकृत भएको रहेछ । उक्त टेन्डर प्रतिवेदनमा कति वटा संस्था छनौट गर्ने, छनौटका मापदण्ड तथा प्रक्रिया, टेन्डरको समयावधी, प्रस्तावना मूल्याङ्कनका विस्तृत आधारहरु, कार्यान्वयन निकायको भूमिका, कार्यान्वयन निकायले कार्यान्वयन गर्नु पर्ने मुख्य क्रियाकलापहरु समेटिएको रहेछ । संस्था छनौटका लागि निर्धारित मापदण्ड, आधार तथा प्रक्रिया सार्वजनिक गरेको पाइयो । संस्था छनौटका लागि मुख्य मापदण्डमा संस्थाको दर्ता, संस्थाको कार्य अनुभव तथा प्रोफाइल, संस्थाको मानवीय स्रोत, कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक विधि तथा पद्धति तथा बजेट रहेको पाइयो ।

तर सबै मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट गरिए पनि उक्त छनौट प्रक्रिया विवाद रहित भने रहेन । कार्यक्रमको सुरुवात मै गरिएको टेन्डरको नतीजा प्रकाशित भए पछि उक्त प्रक्रियामा चाखहरुको द्वन्द्व भयो भनि विरोध आए पछि निर्देशन समितिको निर्णय अनुसार उक्त प्रक्रिया रद्द गरिएको थियो । दोस्रो पटक पुनः विज्ञापन गरी मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट प्रक्रिया सचेतता पूर्वक गरेको भएता पनि प्रक्रिया पुरा गर्न करीव ६ महिना लागेको देखिन्छ जस्ले गर्दा कार्यक्रमको कार्यान्यवनको सुरुवात नै ढिलो भएको पाइयो ।

यसरी यो कार्यक्रमका कार्यान्वयन निकायहरु बीचको समन्वय, कार्यक्रमको अनुगमन र कार्यान्वयनको ढाँचा कम प्रभावकारी देखिएकाले समग्रमा यस कार्यक्रमलाई ठिकै प्रभावकारी भएको मूल्याङ्कन गरिएको छ ।

## ४.५ कार्यक्रमको कार्यदक्षता

कार्यक्रमको कुल बजेट मध्ये यस मूल्याङ्कनको बेला सम्ममा ८३ % खर्च भएको रहेछ । कार्यक्रमले वार्षिक रुपमा बजेट प्रवाह विश्लेषण (Fund Flow Analysis) गरी बजेटलाई कार्यक्रमको उद्देश्य अनुरुप खर्च भए नभएको हेर्ने तथा सोही अनुरुप पुनः योजना बनाउने गरेको पाइयो ताकि लक्षित क्षेत्रमा बजेट विनियोजन सुनिश्चत होस् । समग्रमा कार्यक्रमको करिब ८० % बजेट जिल्ला तथा स्थानीयस्तरमा पुगेको पाइयो ।

बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको कार्यदक्षता, बजेट विनियोजन, निकासा र खर्चको प्रक्रिया विश्लेषण गर्दा बजेट विनियोजन विपन्नमुखी र धेरै स्रोत सिधै समुदायमा पुऱ्याउने कुरामा जोड गरेको पाइयो । तर निकासा तथा खर्च सम्झौता अनुरुप समुदायमा लैजानका लागि केही कार्यान्वयन गर्ने निकायले स्थानीयस्तरमा कार्यान्वयन गर्ने संस्थालाई सम्झौतामा तोके अनुसार समयमै किस्ता पठाउन नसक्नु र स्थानीय साझेदार संस्थाहरु मार्फत काम गर्दा कार्यक्रमका बारेमा साझा बुझाई बन्न नसक्नु जस्ता कुराहरु चुनौतीको रुपमा रहेको पाइयो । जिल्लामा बहुसरोकारवाला वन कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको बजेट विनियोजन र उपयोग क्षमता तथा ढिला बजेट स्वीकृत तथा निकासा हुने कारण बजेट पूर्ण रुपमा उपयोग हुन नसकेको पाइयो ।

माथि उल्लेख गरिएका तथ्यका आधारमा कार्यक्रमको कुशल कार्यदक्षता नदेखिएका कारणले यो कार्यक्रमलाई समग्रमा कार्यदक्ष (३ मा) भएको स्तरीकरण गरिएको छ ।

## ४.६ कार्यक्रमको प्रभाव

कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन भएको ४ वर्षको अवधिमा कार्यक्रमको पूर्ण प्रभाव हेर्ने अवस्था भइ नसकेको भएता पनि कार्यक्रमका प्रारम्भिक प्रभावहरु हासिल भएको पाइयो ।

कार्यक्रमको सहजीकरण तथा निजी क्षेत्र समेतको सहभागितामा ६३३ वनमा आधारित वन उद्यमहरुको सवलीकरण गरी २५,००० जनालाई रोजगारी सिर्जना गरेको पाइयो । सिर्जना भएको रोजगारी मध्ये ४०% महिला तथा ६०% विपन्न वर्गकाले पाएको देखिन्छ । ७८,४०६ विपन्न घरधुरीहरुलाई विभिन्न खालका आयआर्जन तथा जीविकोपार्जनका क्रियाकलापहरु सञ्चालन गर्न कार्यक्रमले सहयोग पुऱ्याएको देखिन्छ ।

सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार जलवायु परिवर्तनसँग सम्बन्धित सहयोगमध्ये वन व्यवस्थापन र पानी/जल संरक्षण लगायत अन्य क्षेत्रमा बढी सहयोग पाएको देखिन्छ । वन संरक्षणमा मात्र नभइ सीपमूलक तालिम, कृषि र पशुपालन व्यवस्थापन, भूक्षय नियन्त्रण र बाढी नियन्त्रण लगायतका भौतिक पूर्वाधारको निर्माणमा सहयोग गरी कार्यक्रमले घरधुरी र समुदायको अनुकूलन र जोखिम वहन क्षमता अभिवृद्धि गर्न सहयोग गरेको देखिन्छ । हाल नेपाल सरकार वन मन्त्रालयले वैज्ञानिक वन व्यवस्थापनलाई आन्तरिकीकरण गरी प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा देशभरी नै विस्तार गर्दै लगेको छ । ३,१५० स्थानीय वन समूहहरुको विधान तथा कार्ययोजनाको परिमार्जन गरी यसलाई समय सापेक्ष, उपभोक्ताको आवश्यकतालाई सम्बोधन गर्ने, समूहको क्रियाकलापलाई विपन्न र पछाडि पारिएको वर्ग लक्षित बनाउने, जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न तथा समुदायको जोखिम वहन क्षमता वढाउन क्रियाकलापहरु समेट्ने गरी परिमार्जन गर्न सहयोग पुऱ्याएको रहेछ ।

यस कार्यक्रमको मुख्य लक्षित वर्ग विपन्न तथा पछाडि पारिएका घरधुरी भएकाले कार्यक्रमले यी वर्गलाई लक्षित गरी आफ्ना सहयोग तथा कार्यक्रमहरु सञ्चालन गरेको पाइयो । वन उपभोक्ता समूहका घरधुरीहरुको आर्थिक तथा सामाजिक स्तरीकरण गरी आर्थिक रुपले विपन्न घरधुरीलाई आर्थिक उपार्जनका क्रियाकलापहरु तथा सामाजिक रुपले पछाडि पारिएका घरधुरीलाई सशक्तिकरण तथा सामाजिक समावेशीकरणका क्रियाकलापहरु

सञ्चालन गरेको जसबाट केही विपन्न घरधुरीले आम्दानी गर्न थालेको पाइयो । साथै यी वर्गका उपभोक्ताको सहभागिता उपभोक्ता समूहमा बढेको प्रमाण घरधुरी सर्वेक्षणबाट पाइयो ।

समग्रमा यो कार्यक्रमलाई ठिकै प्रभाव पारेको कार्यक्रमको रुपमा स्तरीकरण गरिएको छ ।

## ४.७ कार्यक्रमको दिगोपना

स्थानीयस्तरमा वन उपभोक्ता समूहमा कार्यक्रमको अपनत्व पाइयो । बहुसरोकारवाला वन कार्यक्रमको सहयोगमा सञ्चालित अधिकांश कार्यक्रमहरू विद्यमान संरचना जस्तैः जि.व.का, गाउँस्तरीय कृषि, वन तथा वातावरण समितिको स्थानीय वन समूहहरू मार्फत सञ्चालन गर्ने गरेको पाइयो । स्थानीयस्तरमा वन उपभोक्ता समूहहरु मार्फत कार्यक्रम कार्यान्वयन भएकाले केही क्रियाकलापहरु जस्तै व.उ.स.का. नियमित बैठकहरु, घुम्ती कोष मार्फत भएका आयआर्जनहरु जस्ता गतिविधिहरुले निरन्तरता पाउने संभावना देखिन्छ । यस कार्यक्रमले सहयोग गरेमध्ये कै वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमले जिल्ला वन कार्यालयको नियमित कार्यक्रम मार्फत निरन्तरता पाईसकेको छ । तर यस कार्यक्रमले सहयोग गरेका केही गतिविधिहरु जस्तै वन उद्यमहरु तथा अनुकूलन योजनाहरुले निरन्तरता पाउने संभावना कम देखिन्छ । कार्यक्रमले वनाएका संयन्त्रहरु निष्प्रभावी भइ सकेका छन् ।

समग्रमा यो कार्यक्रमका अधिकांश गतिविधिहरु दिगो देखिदैनन ।

## ४.८ अधिकारवालाहरुको सन्तुष्टि र समावेशिता

कार्यक्रमको कार्यान्वयन गर्ने सरकारी तथा गैह्र सरकारी निकायहरुको सेवा प्रति स्थानीय वन समूहहरुको मिश्रित सन्तुष्टि रहेको पाइयो । घरधुरी सर्वेक्षणको नतीजा अनुसार अधिकांश उपभोक्ताहरुले (८०%) सरकारी र गैह्र सरकारी निकायहरुको काम प्रति सन्तुष्ट रहेको बताए भने सर्वेक्षण गरिएका ५६ वन उपभोक्ता समूहहरुमध्ये करिव ७२ % ले गै.स.स.र जिल्ला वन कार्यालयको क्रियाकलाप प्रति सन्तुष्ट रहेको पाइयो ।

विगत ४ वर्षमा वन उपभोक्ता समूहको निर्णय प्रक्रियामा महिला, दलित, विपन्न तथा मधेसी वर्गका उपभोक्ताहरुको सहभागिता बढ्दै गएको भनाइ सामूहिक छलफलमा सरोकारवालाहरुले व्यक्त गरे । योजना तर्जुमा प्रक्रियामा महिला, दलित र विपन्नको सहभागिता बृद्धि हुदै गएको देखियो । साथै वन समितिको संरचनामा महिला, विपन्न, दलित र मधेसीको सहभागिता र संख्यामा बृद्धि भएको भनाई सबै जिल्लाका सरोकारवालाहरुको थियो । समूहस्तरमा विपन्न, दलित महिलाको सहभागिता बढेको र धेरै समूहको कार्य समितिमा पछिल्लो समयमा आएर करीव ५०% महिला रहने गरेको वन समूहसँगको छलफलमा व्यक्त गरेका थिए ।

सर्वेक्षणको नतीजा अनुसार ९८.२ % र ७३.२ % वन उपभोक्ता समूहले गै.स.स. र जि.व.का. द्वारा सहयोग गरिएका क्रियाकलापहरुले महिला, विपन्न, दलित र जनजातिले फाइदा पाएको बताए । यस अर्थमा तुलनात्मक हिसाबले हेर्दा जि.व.का.ले गरेका कामको तुलनामा गै.स.स. ले गरेका कामहरु बढी यी वर्ग प्रति लक्षित भएको र यी वर्गले फाइदा पाएको देखियो । यसबाट दलित, महिला, विपन्न वर्गको लागि गै.स.स.को क्रियाकलाप बढी प्रभावकारी देखियो ।

जिल्ला तहका सरोकारवालाहरु तथा जानिफकार व्यक्तिहरुको भनाइमा विपन्न, महिला तथा पछाडि पारिएकाहरुलाई लक्षित गरी योजना बनाएको र वन उपभोक्ता समूहमा आर्थिक स्तरीकरण गरी विपन्न

घरधुरीलाई विभिन्न आयमूलक क्रियाकलापहरु सञ्चालन गर्न कार्यक्रमले गरेको सहयोग कार्यलाई प्रभावकारी रुपमा लिएको पाइयो । रोजगारी पाएका घरधुरीहरु मध्ये ४०% महिला तथा ६०% विपन्न वर्ग भएको पाइयो ।

## मूल्याङ्कनको समग्र निष्कर्ष

| क.स | निर्णयाधार | मूल्याङ्कन (१-५) | निष्कर्ष |
|---|---|---|---|
| १ | कार्यसम्पादन | (३) सन्तोषजनक | बहुसरोकारवाला वन कार्यक्रमको प्रथम चरणको लागि कार्यक्रम सोच तालिकामा उल्लेखित मुख्य लक्ष्य (targets) हरु मध्ये धेरै सूचकहरु हासिल भएको (समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रको विस्तार ४०,००० हे. गर्ने लक्ष्य राखिएकोमा ५१,०५० हे.मा विस्तार भएको, कार्यक्रमले ३१५० वटा स्थानीय वन समूहको विधान तथा कार्ययोजनालाई उपभोक्ताको आवश्यकतालाई सम्बोधन गर्ने गरी परिमार्जन गरेको २,२०,००० घरधुरीलाई जलवायु जोखिम कम गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिएकोमा करिव २,३०,००० घरधुरीलाई सहयोग पुऱ्याएको, १५ वटा वन व्यवस्थापन सम्बन्धी राष्ट्रिय स्तरका नीतिगत दस्ताबेजहरु तयारी तथा पुनरावलोकन गर्ने लक्ष्य राखिएकोमा १६ वटा नीतिगत दस्ताबेजहरु तयार भएका र २ करोड विरुवा उत्पादन र वृक्षारोपण गर्ने लक्ष्य राखिएकोमा २ करोड २० लाख विरुवा वृक्षारोपण गरेकोमा ६० प्रतिशत विरुवा बाँच्न सफल र ७८,४०६ विपन्न घरधुरीहरुलाई जीविकोपार्जनका क्रियाकलापहरु सञ्चालन गर्न सहयोग पुऱ्याएको ।<br><br>तर कार्यक्रमको सहयोग तथा सहजीकरणमा नीजि क्षेत्र समेतको सहभागितामा वनमा आधारित वन उद्यमहरुको सवलीकरण गरी ३२,००० जनालाई रोजगारी दिने लक्ष्य राखेकोमा २५,४७४ जनालाई मात्र रोजगारी सिर्जना हुन सकेको (८० % मात्र प्रगति) । राष्ट्रिय वन संयन्त्र निर्माण गर्ने लक्ष हासिल हुन नसकेको । |
| २ | सान्दर्भिकता | (२) निकै सान्दर्भिक | यस कार्यक्रमका प्राथमिकताका क्षेत्र तथा क्रियाकलापहरु नेपाल सरकारको नीति, प्राथमिकता तथा कार्यक्रम अनुसार नै भएको । नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको लक्ष्य, उद्देश्य तथा प्राथमिकताका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग पुग्ने गरी कार्यक्रमको योजना तथा कृयाकलापहरु सम्पन्न भएको । कार्यक्रमको लक्ष्य गरिबी न्यूनीकरणमा योगदान गर्ने रहेको । जिल्लास्तरमा कार्यक्रमको प्राथमिकता जिल्ला विकास समितिको जिल्ला आवधिक योजना तथा जिल्ला वन क्षेत्रगत कार्यक्रमले निर्दिष्ट गरे अनुसार भएको । लक्षित समूह तथा जनसंख्याको आवश्यकता र मागलाई प्रत्यक्ष रुपमा |

| | | | |
|---|---|---|---|
| | | | सम्बोधन गर्ने प्रयास भएको । |
| ३ | प्रभावकारिता | (४) ठिकै प्रभावकारी | कार्यक्रमको स्वामित्व सरकारी निकायले सोच अनुरुप नलिइएको । बजेटको स्वीकृती तथा निकासा ढिला भएको । कार्यक्रममा दातृ निकायहरु र सरकारी निकाय बीचको समन्वयको कमी । कार्यान्वियन मोडलमा नेपाल सरकार वन मन्त्रालय, दातृ निकाय र साझेदारी गैह्र सरकारी संस्था कुनै पनि सन्तुष्ट नभएको ।<br><br>कार्यक्रम कार्यान्वियन गर्ने मुख्य गैसस निकायहरुको छनौट गर्न टेन्डर दस्ताबेज तयार गरी संस्था छनौटका मापदण्ड तथा प्रक्रिया, टेन्डरको समयावधी, प्रस्तावना मूल्याङ्कनका विस्तृत आधारहरु, कार्यान्वियन निकायको भूमिका, कार्यान्वियन निकायले कार्यान्वियन गर्नुपर्ने मुख्य क्रियाकलापहरु उल्लेख गरी संस्था छनौटका लागि निर्धारित मापदण्ड, आधारहरु तथा प्रक्रिया स्पष्ट रुपमा तोकिएको र सार्वजनिक गरेको । संस्था छनौटका लागि मुख्य मापदण्डमा संस्थाको दर्ता तथा कानुनी हैसियत, संस्थाको कार्य अनुभव तथा प्रोफाइल, संस्थाको मानवीय स्रोत, कार्यक्रम कार्यान्वियनका लागि प्राविधिक विधि तथा पद्धति आदि रहेको । पहिलो पटकको टेन्डर प्रक्रिया रद्द गरी दोस्रो पटक पुनः विज्ञापन गरी मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वियन गर्ने मुख्य गैसस निकायहरुको छनौट प्रक्रिया सचेतता पूर्वक गरेको भएता पनि प्रक्रिया पुरा गर्न करीव ६ महिना लागेको र कार्यक्रमको कार्यान्यिवनको सुरुवात नै ढिलो भएको ।<br><br>तर रोजगारी सृजना गर्ने, राष्ट्रिय वन संयन्त्र बनाउने र निजी क्षेत्रको लगानी आकर्षित गर्ने बाहेकका अन्य लक्ष्यहरु पूर्ण रुपमा हासिल गरेको । समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रको विस्तार ४०,००० हे. गर्ने लक्ष्य राखिएकोमा लक्ष्य भन्दा बढी उपलब्धी भएको (१२७ % प्रगति), २,२०,००० घरधुरीलाई जलवायु जोखिम कम गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिएकोमा लक्ष्य भन्दा बढी (१०५ %) प्रगति, १५ वटा वन व्यवस्थापन सम्बन्धी राष्ट्रियस्तरका नीतिगत दस्ताबेजहरु पुनरावलोकन गर्ने लक्ष्य राखिएकोमा लक्ष्यभन्दा बढी (१०७ %) प्रगति र २ करोड विरुवा उत्पादन र वृक्षारोपण गर्ने लक्ष्य राखिएकोमा लक्ष्यभन्दा बढी (११०%) प्रगति भएको । |
| ४ | कार्यदक्षता | (३) कार्यदक्ष | कार्यक्रमको कुल बजेटको ८३ प्रतिशत खर्च भएको । विनियोजन गर्दा विपन्नमुखी र समुदायमुखी बजेटलाई प्राथमिकता दिएको । कार्यक्रमको करिब ८०% बजेट जिल्ला तथा स्थानीयस्तरमा पुगेको । कार्यक्रमले राखेका अधिकांश लक्ष्यहरु (३ वटा वाहेक) हासिल गर्न सफल भएको (लक्ष्य र प्रगतिको विवरण यस तालिकाको क्र.सं ३ को |

| | | | |
|---|---|---|---|
| | | | प्रभावकारितामा उल्लेख गरिएको छ) । तर स्थानीयस्तरमा कार्यान्वयन गर्ने संस्थालाई सम्झौतामा तोके अनुसार समय मै किस्ता पठाउन नसकेको । स्थानीय साझेदार संस्थाहरु मार्फत काम गर्दा कार्यक्रमका बारेमा साझा बुझाइ बन्न नसकेको । |
| ५ | प्रभाव | (४) ठिकै प्रभाव पारेको | कार्यक्रम कार्यान्वयन भएको ४ वर्षको अवधिमा कार्यक्रमको पूर्ण प्रभाव हेर्ने अवस्था भइनसकेको । तर कार्यक्रमबाट केही महत्वपूर्ण उपलब्धीहरु भएको र कार्यक्रमको समुदायस्तरमा केही प्रारम्भिक सकारात्मक प्रभाव देखिन थालेको – जस्तै वन स्रोतको अवस्थामा सुधार भएको, विपन्न तथा महिलाले आयआर्जनका गतिविधिहरु सञ्चालन गरी आम्दानी गर्न सुरु गरेको, केही रोजगारी सिर्जना भएको आदि । |
| ६ | दिगोपना | (४) ठिकै दिगोपना | कार्यक्रम मार्फत सञ्चालन भएका वैज्ञानिक वन व्यवस्थापनले निरन्तरता पाउने संभावना भएको । वन संरक्षण र व्यवस्थापन क्रियाकलापहरु वातावरणीय दिगोपनाका हिसावले कार्ययोजनाहरु बनेको । वन उपभोक्ता समूहहरु मार्फत कार्यक्रम कार्यान्वयन हुने तथा यस्ता क्रियाकलापहरु समूहले आन्तरिकीकरण गरेकाले यस्ता गतिविधिले निरन्तरता पाउने संभावना । तर यस कार्यक्रमले सहयोग गरेका केही गतिविधिहरु जस्तै वन उद्यमहरु तथा अनुकूलन योजनाहरुले निरन्तरता पाउने संभावना कम रहेको । |
| ७ | अधिकारवालाको सन्तुष्टि | (२) निकै सन्तुष्ट | सर्वेक्षण गरिएका मध्ये ८० प्रतिशत वन समूहहरु ( अधिकारवालाहरु) कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुको सहयोग र क्रियाकलापहरु प्रति सन्तुष्ट रहेको ।<br><br>विपन्न, महिला तथा पछाडि पारिएका वर्गहरुलाई लक्षित गरी योजना बनाइएको र वन उपभोक्ता समूहमा आर्थिक स्तरीकरण गरी विपन्न घरधुरीलाई विभिन्न आयमूलक क्रियाकलापहरु सञ्चालन गर्न कार्यक्रमले सहयोग गरेको । रोजगारी पाएका घरधुरीहरु मध्ये ४०% महिला तथा ६०% विपन्न वर्ग भएको, वन उपभोक्ता समितिको संरचनामा महिला, विपन्न र दलितको सहभागिता र संख्यामा बृद्धि भएको, सर्वेक्षणको नतीजा अनुसार ९८.२ % र ७३.२ % वन उपभोक्ता समूहले क्रमशः गै.स.स. र जि.व.का. द्वारा सहयोग गरिएका क्रियाकलापहरुले महिला, विपन्न, दलित र जनजातिले फाइदा पाएको भनाइ । |
| ८ | समग्र निष्कर्ष | (३) सन्तोषजनक | यो कार्यक्रम कार्य सम्पादन, सान्दर्भिकता, कार्यदक्षता र अधिकारवालाहरुको सन्तुष्टिका आधारमा औसत भन्दा माथि |

| | | | |
|---|---|---|---|
| | | | देखिन्छ र प्रभावकारिता, प्रभाव र दिगोपनाका आधारमा मूल्याङ्कन गर्दा औसत भन्दा तल पाईएकाले १–५ को स्केलमा स्तरीकरण गर्दा समग्रमा सन्तोषजनक (३) मा स्तरीकरण गरिएको छ । |

## ४.९ निष्कर्ष

माथि उल्लेखित सूचना विश्लेषणका आधारमा यो कार्यक्रम आंशिक रुपमा मात्र सफल भएको निष्कर्ष निकाल्न सकिन्छ । यो कार्यक्रमको कार्यान्वयन ढाँचा अत्यन्त जटिल बनेका कारणले प्रभावकारी बन्न सकेन र यसले बहुसरोकारवालाहरुको चाखको स्वार्थलाई व्यवस्थापन गर्न सकेन । सबै सरोकारवालाहरु संलग्न भइ कार्यान्वयन गरिएको कार्यक्रममा कार्यक्रमको अन्त्यतिर आईपुग्दा दातृ निकाय, नेपाल सरकार र गैह्र सरकारी संस्था कसैले पनि कार्यक्रमको स्वामित्व लिन नसकेको देखियो र यसको मुख्य कारण कार्यक्रम कार्यान्वयनको संरचनामा नै हो । त्यसै गरी यो कार्यक्रम नेपालको वन क्षेत्रका लागि सान्दर्भिक तथा समुदायस्तरमा प्रभावकारी हुँदाहुँदै दातृ निकायले राष्ट्रिय वन संयन्त्रको निर्माण गर्नु पर्ने कुरा सर्तकै रुपमा राखेको र उक्त सर्त पुरा नहुदाँ कार्यक्रम दोस्रो चरणमा जान नसकेको पाइयो । कार्यक्रम १० वर्षका लागि समझदारी हुनु तर ४ वर्ष मै कार्यक्रम बन्द हुनुले कार्यक्रमको प्रभाव न्यून हुनु स्वभाविक देखिन्छ । त्यसै गरी मापदण्डहरु प्रयोग गरी कार्यक्रम कार्यान्वयन गर्ने मुख्य गैसस निकायहरुको छनौट प्रक्रिया सचेतता पूर्वक गरेको भएता पनि प्रक्रिया पुरा गर्न करीव ६ महिना लागेको देखिन्छ जस्ले गर्दा कार्यक्रमको कार्यान्यवनको सुरुवात नै ढिलो भएको पाइयो । यद्यपि अधिकाशं लाभग्राहिहरु कार्यक्रमका कार्यान्वयन निकायहरुको सहयोग र क्रियाकलापहरु प्रति सन्तुष्ट रहेको पाइयो । समग्रमा यो कार्यक्रममा कर्यान्वयन निकायहरु बीच राम्रो सहकार्य र समझदारी हुन नसकेको र यी निकायहरु कार्यक्रम प्रति सन्तुष्ट पनि हुन नसकेको तर अधिकारवालाहरु वा लाभग्राहिहरु कार्यक्रम प्रति सन्तुष्ट रहेको पाइयो ।

मूल्याङ्कनवाट प्राप्त नतीजालाई समष्टिथत रुपमा तल प्रस्तुत गरिएको छ ।

| क.स | मापदण्ड | निर्णयाधार |
|---|---|---|
| १ | कार्यसम्पादन | १.अति सन्तोषजनक २.निकै सन्तोषजनक **३.सन्तोषजनक**<br>४.ठिकै सन्तोषजनक ५.सन्तोषजनक नभएको |
| २ | सान्दर्भिकता | १.अति सान्दर्भिक २. **निकै सान्दर्भिक** ३.सान्दर्भिक<br>४.ठिकै सान्दर्भिक ५.सान्दर्भिक नभएको |
| ३ | प्रभावकारिता | १.अति प्रभावकारी २.निकै प्रभावकारी ३. प्रभावकारी<br>४. **ठिकै प्रभावकारी** ५. प्रभावकारी नभएको |
| ४ | कार्यदक्षता | १.अति कार्यदक्ष २. निकै कार्यदक्ष ३. **कार्यदक्ष**<br>४.ठिकै कार्यदक्ष ५. कार्यदक्ष नभएको |

| | | |
|---|---|---|
| ५ | प्रभाव | १.अति प्रभाव पारेको २.निकै प्रभाव पारेको ३. प्रभाव पारेको<br>४.**ठिकै प्रभाव पारेको** ५. प्रभाव नपारेको |
| ६ | दिगोपना | १.अति दिगोपना देखिएको २.निकै दिगोपना देखिएको ३. दिगो देखिएको ४. **ठिकै दिगोपना देखिएको** ५. दिगोपना नदेखिएको |
| ७ | अधिकारवालाको सन्तुष्टि | १.अति सन्तुष्टि २.**निकै सन्तुष्टि** ३.सन्तुष्टि<br>४.ठिकै सन्तुष्टि ५.सन्तुष्टि नभएको |
| ८ | समग्र निष्कर्ष | १.अति सन्तोषजनक २.निकै सन्तोषजनक **३.सन्तोषजनक**<br>४.ठिकै सन्तोषजनक ५.सन्तोषजनक नभएको |

## ४.१० सिकाईहरु

- बहुसरोकारवालाहरुले फरक फरक स्वार्थ समूहको प्रतिनिधित्व गर्दछन्, त्यसैले स्वार्थहरु बाझिने र तिनलाई व्यवस्थापन गर्ने प्रणालीको कमीका कारणले गर्दा आशातित प्रतिफल हासिल गर्न नसकिने अवस्थाहरु आउन सक्दछन् ।
  दातृ निकाय र सरकारबीच राष्ट्रिय वन संयन्त्रका विषयमा भिन्न भिन्न चाख र स्वार्थबीचको टकरावले गर्दा कार्यक्रम दोस्रो चरणमा जान नसकेको कुरा माथि उल्लेख गरी सकिएको छ । त्यसै गरी गैह्र सरकारी निकाय र दातृ निकाय बीच पनि कार्यक्रमको अन्त्यतिर केही असमझदारीहरु भएको पाइयो । त्यसै गरी जिल्ला वन कार्यालय र कार्यक्रम कार्यान्वियन गर्ने गैह्र सरकारी निकायहरु बीच वन व्यवस्थापन कार्ययोजना निमार्ण र परिमार्जन गर्ने तथा तिनलाई स्वीकृत गर्ने भूमिकाका बारेमा अष्पष्टता र आ-आफ्नै अडानहरु देखिन्छन् ।
- आर्थिक स्रोतको उपलब्धता संयुक्त अनुगमन र मूल्याङ्कन प्रणाली नियमित गर्ने उत्प्रेरक हो । बहुसरोकारवाला वन कार्यक्रमले निर्माण गरेका संरचनाहरु स्रोतको अभावका कारणले गर्दा निष्कृय देखिन्छन् । जस्तै– जिल्ला वन कार्यालयले नियमित अनुगमन, मूल्याङ्कन र प्राविधिक सहयोग पुऱ्याउनु पर्नेमा आर्थिक स्रोतको अपर्याप्ताका कारणले अनुगमनमा र अन्य सहजीकरणमा अप्ठ्यारो परेको पाइयो ।
- आर्थिक र भौतिक सहयोग वन समूह क्रियाशिल बनाउने माध्यम हो ।
  बहुसरोकारवाला वन कार्यक्रमबाट स्रोत पाएका समूहहरु अन्य समूह भन्दा सक्रिय र संस्थागत भएको देखिन्छ । सहयोग पाउने समूहले सहयोग लिनको लागि भए पनि बैठकको नियमितता र रेकर्डको अद्यावधिक व्यवस्थापन गरे पछि सो कार्यलाई उनीहरुले नियमितता प्रदान गरेको पाईन्छ । यस्ता समूहहरुमा नियमित बैठक भएको रेकर्डहरु अद्यावधिक भएको, प्रतिवेदनहरु नियमित पेश गरेको, पारदर्शि निर्णय प्रक्रिया अपनाइएको पाईन्छ ।
- लगानीको लागि उपयुक्त नीतिगत व्यवस्था तथा आम्दानी सुनिश्चितता हुने भए मात्र निजी क्षेत्रलाई वन क्षेत्रमा लगानी गर्न आकर्षित गर्न सकिन्छ ।
  बहुसरोकारवाला वन कार्यक्रममा निजी क्षेत्रको सहभागितालाई प्रमुख प्राथमिकताका साथ लिइएको छ । निष्कृय रहेका उद्यमहरुलाई सक्रिय बनाउन कार्यक्रमले मद्दत त गर्यो, तर निजी क्षेत्रलाई नीतिगत व्यवधानका कारण वन क्षेत्रमा आशातित रुपमा आकर्षित गर्न सकेन । त्यसैले निजी क्षेत्रको वन क्षेत्रमा

सहभागिता तथा लगानी अपेक्षा अनुसार भएको देखिदैन । निजी क्षेत्रलाई आकर्षित गर्ने हो भने नीतिगत सुधार गर्नु पर्छ ।

- निजी क्षेत्रको संलग्नताले वन पैदावारको बजारलाई सुनिश्चितता गर्न मद्दत गर्दछ ।
  वन पैदावारको व्यवस्थापन र विकासको लागि बजार मुख्य समस्याको रुपमा रही आएको छ । बहुसरोकारवाला वन कार्यक्रममा निजी क्षेत्रको संलग्नताले गर्दा गैह्रकाष्ठ वन पैदावारको बजारलाई सुनिश्चित गर्न केही सहजता भएको देखिन्छ ।
- वन क्षेत्रको योजनाहरु स्थानीय निकायको योजनासँग एकाकार भएर जाँदा समन्वय र कार्यान्वयन प्रभावकारी बनाउन सकिन्छ ।
- एउटै प्रकृतिका क्रियाकलापहरु भिन्न भिन्न निकायहरुले कार्यान्वयन गर्दा एउटै प्रक्रिया र आथिक कार्यविधि अवलंम्बन गर्न पर्दछ ।
  बहुसरोकारवाला वन कार्यक्रममा आय आर्जन गतिविधि सञ्चालन गर्न गैह्र सरकारी निकायले प्रति घरधुरीलाई रु १५,००० अनुदान प्रदान गरेको पाइयो भने सोही गतिविधि सञ्चालन गर्न जिल्ला वन कार्यालयले रु ५,००० मात्र अनुदान प्रदान गरेको पाइयो । जिल्ला वन कार्यालयका अनुसार रु ५,००० भन्दा बढी अनुदान दिन नमिल्ने कुरा वन तथा भूसंरक्षण मन्त्रालयको निर्देशनमा उल्लेख गरिएको छ । एउटै प्रकृतिका गतिविधिहरुमा भिन्न भिन्न अनुदान प्रदान गर्दा वन उपभोक्ताहरु वन कार्यालय प्रति सन्तुष्ट नरहेको कुरा वन कार्यालयका कर्मचारीहरुले बताए । एउटै कामका लागि भिन्न भिन्न आर्थिक कार्यविधि अवलंम्वन गर्दा कार्यक्रम कार्यान्वयनमा अप्ठ्यारो पर्नुका साथै सरोकारवालाहरुको सहकार्य दरो बन्न नसकेको देखिन्छ ।
- कार्यक्रम कार्यान्वयन गर्ने संस्थाका तहहरु (Many sub-contracts at many tiers) जति धेरै भए त्यति नै असमझदारीहरु र विवादहरु हुने गर्दछन् ।
  कतिपय अवस्थामा मुख्य गैह्र सरकारी कार्यान्वयन निकायहरु र जिल्लास्तरका उनीहरुका स्थानीय साझेदार संस्थाहरु बीच भूमिका तथा जवाफदेहिता बारे अष्पष्टता पाइयो । मुख्य कार्यान्वयन निकायले जिल्लामा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय साझेदार संस्थासँग संझौता गर्ने गरेको पाइयो । उक्त संझौतामा कार्यक्रमको समुदायस्तरमा कार्यान्वयन स्थानीय साझेदार संस्थाले गर्ने तर आर्थिक र प्रगति विवरणको जवाफदेहिता कार्यान्वयन निकायले लिनुपर्ने प्रावधानले उक्त मोडालिटि चुनौतीको रुपमा देखिन आएको देखिन्छ । त्यसै कार्यक्रमको बजेटका सोझै स्थानीय साझेदारमा नजाने हुनाले उनीहरुको स्वामित्व पनि कार्यक्रममा कम रहेको पाइयो ।

## ४.११ सुझाव तथा सिफारिसहरु

### (क) नीतिगत तह

१. विकास परियोजनामा बहुसरोकारवाला अवधारणा र पद्धति आफैमा राम्रो अभ्यासको रुपमा लिइन्छ । यस पद्धतिमा बहुसरोकारवालाहरुले फरक फरक स्वार्थ समूहको प्रतिनिधित्व गर्दछन् त्यसैले स्वार्थहरु बाझिने र तिनलाई व्यवस्थापन गर्ने प्रणालीको कमीका कारणले गर्दा आशातित् प्रतिफल हासिल गर्न नसकिने अवस्थाहरु आउन सक्दछन । दातृ निकायले सरकारले संझौतामा उल्लेख भए अनुसारको कोशेढुँगा (milestone) हासिल गर्न नसकेको गुनासोका कारण कार्यक्रमको अवधि नबढाउनु र सरकारले पनि दातृ निकाय र गैसस हावी भएको र सरकारको भूमिका न्यून भएकाले दातृ निकायका सर्तहरु मान्न बाध्य नहुने आसयको भनाइ राख्नु आफैमा भिन्न भिन्न स्वार्थ बीचको टकराव हो । त्यसै गरी गैह्र सरकारी निकाय दातृ निकायको नियन्त्रणमुखी व्यवहार प्रति सन्तुष्ट नभएको र दातृ निकाय पनि गैह्र सरकारी निकायको क्षमतासँग पूर्ण विश्वस्त हुन नसकेको देखिन्छ । त्यसै गरी जिल्ला वन कार्यालय र कार्यक्रम कार्यान्वयन गर्ने गैह्र सरकारी निकायहरु बीच वन व्यवस्थापन कार्ययोजना

निर्माण र परिमार्जन गर्ने तथा तिनलाई स्वीकृत गर्ने भूमिकाका बारेमा अष्पष्टता र आ-आफ्नै अडानहरु देखिन्छन् । त्यसैले भविष्यमा यस्ता बहुसरोकारवाला पद्धतिमा आधारित कार्यक्रमहरु निर्माण गर्दा सरोकारवालाहरुको भूमिका स्पष्ट हुनु आवश्यक देखिन्छ र प्रतिवद्धता बमोजिम सबैले भूमिका निर्वाह गर्नुपर्दछ । वन तथा भूसंरक्षण मन्त्रालय र अर्थ मन्त्रालयले कार्यक्रम तयारी तथा संझौता गर्दा सम्पन्न गर्न सकिने लक्ष्य तथा भूमिकालाई मात्रै कार्यक्रम दस्ताबेजमा प्रतिवद्धताका रुपमा राख्नु पर्दछ ।

२. बहुसरोकारवाला वन कार्यक्रमको व्यवस्थापन तथा कार्यान्वयन नेपाली संस्था तथा जनशक्तिबाट नै गर्ने, कार्यक्रमको बजेटलाई राष्ट्रिय बजेटमा समाहित गर्ने र बढी भन्दा बढी कार्यक्रमको बजेटलाई समुदायस्तरमा पुऱ्याउने अभ्यासलाई वन तथा भूसंरक्षण मन्त्रालयले नयाँ कार्यक्रमहरु निर्माण गर्दा पनि काय मै राख्नुपर्ने देखिन्छ । वन क्षेत्रमा प्राप्त हुने वैदेशिक सहयोगलाई क्षेत्रगत पद्धति (Sector Wide Approach) अनुसरण गरी नयाँ परियोजनाहरु डिजाईन गर्नु पर्दछ ।

३. तराई क्षेत्रमा सार्वजनिक तथा प्रति जग्गा प्रचुर मात्रामा रहेको र यसमा वृक्षारोपण गरी व्यवस्थापन गर्दा स्थानीय बासिन्दाहरुको वन पैदावारको आवश्यकता पुरा गर्न मद्दत पुग्नुका साथै आयआर्जनमा पनि टेवा पुग्ने देखिन्छ। तर यस्ता जग्गाको स्वामित्व तथा कानुनी हैसियतको अभाव तथा अष्पस्टताले गर्दा हाल विद्यमान रहेका २००० भन्दा बढी सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुको कानूनी हैसियतमा प्रश्नचिन्ह रहेको साथै स्थानीयले उक्त जग्गामा लगाएका रुख विरुवाको कटानी, निकासी तथा हकभोग गर्न अप्ठेरो परेको देखिन्छ । तसर्थ सार्वजनिक जग्गाको व्यवस्थापन तथा वृक्षारोपण गरी हुर्काएको वन स्रोतको हकभोगको सुनिश्चितताको लागि स्पष्ट नीतिगत तथा कानूनी व्यवस्था हुनुपर्ने देखिन्छ । यसको लागि वन तथा भूसंरक्षण मन्त्रालयले भूमिसुधार मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी कानूनी खाका तयार गर्नु पर्ने देखिन्छ ।

४. कार्यक्रमको सहयोगमा तयार भएका स्थानीय अनुकूलन योजनाहरुको गाविसहरुले अपनत्व लिन नसकेको हुनाले जनसंख्या तथा वातावरण मन्त्रालयले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी अनुकूलन योजनाहरुको वैधानिकता तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु पर्ने देखिन्छ ।

५. कार्यक्रमको कार्यान्वयनका क्रममा धेरै तह हुदाँ निर्णय ढिलो हुनुका साथै स्रोत अपेक्षित रुपमा समुदायस्तरमा कम पुग्ने जोखिमलाई न्यूनीकरण गर्न कार्यान्वयन गर्ने प्रणालीलाई सुधार गर्नु पर्ने देखिन्छ । राष्ट्रियस्तरका गै.स.स.ले जिल्लास्तरका गै.स.स.सँग साझेदारी गर्ने, जिल्लास्तरका गै.स.स.ले फेरी स्थानीयस्तरका गै.स.स.सँग साझेदारी गरी कार्यक्रम कार्यान्वयन गर्ने पद्धतिले गर्दा कार्यक्रमको जवाफदेहिता लिने कुरामा फितलोपना पाइयो । यसरी कार्यक्रम कार्यान्वयनको तह सके सम्म थोरै बनाउँदा कार्यान्वयन प्रभावकारी हुने देखिन्छ । साथै सक्षम वन उपभोक्ता समूह मार्फत स्थानीयस्तरमा सेवा दिने संभावनालाई अझ उजागर गर्दै यस्ता सक्षम वन समूह मार्फत सिधै समुदाय तथा अन्य वन समूहहरुलाई प्राविधिक र सामाजिक सेवा प्रवाह गर्ने प्रणालीलाई बढवा दिनु पर्ने देखिन्छ ।

६. वन क्षेत्र तथा वन समूहको अवको लक्ष्य गरिबी निवारण र रोजगारी सिर्जनामा केन्द्रित हुनुपर्दछ । नेपालको वन क्षेत्र मार्फत रोजगारीको अवसर वृद्धि गर्न वन उद्यमहरुलाई प्रोत्साहन गर्नु पर्दछ र यसका लागि वन तथा भूसंरक्षण मन्त्रालयले नीतिगत सुधारहरु गर्नुपर्दछ । बहुसरोकारवाला वन कार्यक्रमले १० वर्षमा ८० हजारलाई रोजगारीको अवसर प्रदान गर्ने लक्ष्य राखेको भएपनि अहिले भइरहेको सोच, नियम, कानुन आदिलाई परिवर्तन नगरी उक्त कुरा संभव छैन । साथै वन क्षेत्रले काठको व्यवस्थापन नगरी गैह्रकाष्ठ वन पैदावारको व्यवसायबाट मात्र धेरै रोजगारीको सिर्जना गर्न सक्दैन ।

७. गा.वि.स.स्तरमा वन, कृषि तथा वातावरण समिति गठन तथा परिचालन गर्नका लागि स्थानीय विकास मन्त्रालयको अगुवाइमा एक मार्गदर्शन तयार गनुपर्ने देखिन्छ । यसबाट गा.वि.स.स्तरमा स्थानीय निकायको

अगुवाइमा वन, कृषि तथा वातावरणसँग सम्बधित क्रियाकलापहरु समन्वयात्मक हिसाबले सञ्चालन गर्न मद्दत पुग्ने देखिन्छ ।

**(ख) कार्यगत तह**

१. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सुरुवात भई क्रमशः विस्तार भएको सन्दर्भमा यसलाई वन तथा भूसंरक्षण मन्त्रालयको मुख्य प्राथमिकताको कार्यक्रमको रुपमा निरन्तरता दिन र यसको प्रभावकारी कार्यान्वयनको लागि जिल्ला वन कार्यालयका कर्मचारीहरुको वन व्यवस्थापन सम्बन्धी सीप तथा क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ । जिल्ला वन कार्यालयका कर्मचारीहरुको विद्यमान भूमिका प्रशासनिक तथा कानूनी विषयमा बढी केन्द्रित रहेको र वन व्यवस्थापनका लागि आवश्यक समय र प्राविधिक सीप प्रयाप्त उपलब्ध नभएको देखिन्छ ।

२. समुदायले व्यवस्थापन गरेका वनहरुलाई संरक्षणमुखी वन व्यवस्थापनबाट सक्रिय वन व्यवस्थापन तर्फ डोऱ्याउनको लागि वन कार्ययोजना तयार तथा परिमार्जन गर्दा सक्रिय वन व्यवस्थापनको खाका र योजना बनाउन वन समूहहरुलाई अझ बढी सहजीकरण र सहयोग पुऱ्याउनु पर्ने देखिन्छ । सक्रिय वन व्यवस्थापनबाट रोजगारीका अवसरहरुलाई बढाउन सकिन्छ । यसका लागि वन समूहहरुलाई वन व्यवस्थापनको सीप तथा क्षमता अभिवृद्धि गर्ने कार्यलाई जिल्ला वन कार्यालय तथा सहयोगी निकायहरुको प्रमुख क्रियाकलापको रुपमा राख्नुपर्ने देखिन्छ ।

३.वनमा आधारित उद्यमहरु अनुदान दिए पछि आफै सञ्चालन हुन्छन् भन्ने मानसिकता कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुमा पाइन्छ । यही आधारमा कार्यक्रम अन्तर्गत वनमा आधारित उद्यमहरु बाहिरी अनुदानमा सञ्चालन भइरहेको पाइयो । जस्ले गर्दा कार्यक्रम अन्त्य भएपछि ती उद्यमहरुले निरन्तरता पाउने संभावना कमै देखिन्छ । तसर्थ दिगोपनाको लागि समूह तथा समुदायलाई वन उद्यम सञ्चालन गर्न सिधै अनुदान दिने विद्यमान प्रचलनलाई निरुत्साहित गरी क्षमता विकास तथा बजार व्यवस्थापनमा सहयोग गर्ने र पूँजीको व्यवस्था समुदाय तथा निजी क्षेत्रको साझेदारीमा नै गर्नुपर्ने देखिन्छ ।

४. नेपालको वन क्षेत्रको व्यवस्थापनबाट स्थानीय तथा राष्ट्रिय आयमा ठूलो योगदान गर्न रोजगारीको सिर्जना गर्न सकिने प्रचुर संभावना हुँदाहुँदै पनि यसमा अपेक्षित उपलब्धी हासिल हुन नसकेको देखिन्छ । नयाँ वन क्षेत्रको निती तथा रणनितीले निदृष्ट गरे अनुरुप वन क्षेत्रको अबको प्राथमिकता आर्थिक योगदान र रोजगारी सिर्जनामा हुनुपर्ने र सोही अनुसार वार्षिक योजना बनाउन जिल्ला वन कार्यालय तथा वन समूहहरुलाई अनुदान दिने (बजेट छुट्याउने) परिपाटीको सुरुवात गर्नु पर्ने देखिन्छ ।

५.वन समूहमा विपन्न, महिला तथा दलितहरुको सहभागिता र समावेशीता सुनिश्चितताका लागि यी वर्गका उपभोक्तालाई लक्षित गरी विधान तथा वन कार्ययोजनाको शंसोधन सशक्तीकरण तथा सुशासनका क्रियाकलापहरुमा अझै बढी जोड दिनुपर्ने देखिन्छ । वन समूहहरुको वार्षिक योजना तथा जिल्ला वन कार्यालय लगायतका सहयोगी निकायहरुको वार्षिक योजनामा यी वर्गलाई लक्षित गरी कम्तीमा ३५% बजेट छुट्याउने प्रावधानलाई कडाइका साथ लागु गर्ने र माथिल्लो निकायबाट यसको नियमित र प्रभावकारी अनुगमन हुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## ४.१२ कार्य योजना

(क) नीतिगत तह

| क.स | योजना | जिम्मेवारी | समय |
|---|---|---|---|
| १ | बहुसरोकारवाला पद्धतिमा आधारित परियोजनाहरु निर्माण गर्दा सरोकारवालाहरुको भूमिका स्पष्ट गर्ने र चाखहरुको स्वार्थलाई व्यवस्थापनको सुनिश्चितता गर्ने | वन तथा भूसंरक्षण मन्त्रालय र अर्थ मन्त्रालय | १ वर्ष |
| २ | बहुसरोकारवाला वन कार्यक्रमको नेतृत्व, व्यवस्थापन तथा कार्यान्वयन नेपाली संस्था तथा जनशक्तिबाट नै गर्ने, कार्यक्रमको बजेटलाई राष्ट्रिय बजेटमा समाहित गर्ने | वन तथा भूसंरक्षण मन्त्रालय | १ वर्ष |
| ३ | सार्वजनिक जग्गाको व्यवस्थापन तथा वृक्षारोपण गरी हुर्काएको वन स्रोतको हकभोगको सुनिश्चितताको लागि स्पष्ट नितिगत तथा कानूनी व्यवस्था गर्ने | वन तथा भूसंरक्षण, भूमिसुधार र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय | २ वर्ष |
| ४ | कार्यक्रमको सहयोगमा तयार भएका स्थानीय अनुकूलन योजनाहरुलाई वैधानिकता प्रदान गर्ने र प्रभावकारी कार्यान्वयनको सुनिश्चितता तथा नियमित अनुगमन र पृष्ठपोषण गर्ने | जनसंख्या तथा वातावरण मन्त्रालयल र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २ वर्ष |
| ५ | गा.वि.स.स्तरमा वन, कृषि तथा वातावरण समिति गठन तथा परिचालन गर्नका लागि मार्गदर्शन तयार गर्ने | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २ वर्ष |

(ख) कार्यगत तह

| क.स | योजना | जिम्मेवारी | समय |
|---|---|---|---|
| १ | वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि जिल्ला वन कार्यालयका कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धि गर्ने । | वन तथा भूसंरक्षण मन्त्रालय | २ वर्ष |
| २ | समूह तथा समुदायलाई वन उद्यम क्षमता विकास तथा बजार व्यवस्थापनमा सहयोग गर्ने | वन तथा भूसंरक्षण मन्त्रालय, उद्योग वाणिज्य महासंघ | २ वर्ष |
| ३ | वन समूहहरुको वार्षिक योजनामा लक्षित वर्गलाइ कम्तीमा ३५% बजेट छुट्याउने प्रावधानलाई कडाईका साथ लागु गर्ने र माथिल्लो निकायबाट यसको नियमित र प्रभावकारी अनुगमन हुने व्यवस्था मिलाउनु पर्ने । | वन तथा भूसंरक्षण मन्त्रालय | २ वर्ष |

# अनुसूचीहरु

# अनुसूची १: छनौटमा परेका स्थानीय वन समूहहरुको विवरण

**अनुसूची तालिका १: छनोटमा परेका स्थानीय वन समूहको विवरण**

| जिल्ला | छनौट भएका गाविसहरु | गाविसमा रहेका जम्मा वन समूहको संख्या | छनौट भएका वन समूहको नाम | हस्तान्तरण भएको मिति | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | मुख्य जातजाति | जम्मा वनको क्षेत्रफल ( हे.) | मुख्य वनपैदाबार | समिति संख्या(महिला र पुरुष) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | म | पु | जम्मा | |
| कपिलबस्तु | वरकूलपुर | १३ | हरियाली | ०६१/३ /३१ | ४५ | ४०० | दलित र थारु | १५७.५० | साल, सिसौ | ३ | ८ | ११ | |
| | | | कमलवाद्दिका | २०६९/६ /१९ | २६४ | १३९९ | मुसलमान र थारु | १२७.०० | साल, सिसौ | ५ | ८ | १३ | |
| | महेन्द्रकोट | १२ | वसन्तपुर | २०६६/१ /२१ | १४३ | ९५५ | दलित र थारु | ६४.७९ | साल, सिसौ | ४ | ९ | १३ | |
| | | | आदर्श | २०६६/३ /२३ | १२५ | ७४५ | मुसलमान र थारु | ११७.११ | साल, सिसौ | ५ | ८ | १३ | |
| | वसन्तपुर | ३ | किसान | २०६२/६३ | १८० | ५८३ | मुसलमान र थारु | १.६६ | सिसौ | ४ | ११ | १५ | |
| | | | जनचेतना | २०६३/६४ | १८२ | ६६४ | मुसलमान र थारु | १ | सिसौ | ३ | ६ | ९ | |
| | महुवा | ११ | गरीवनवाज | २०६५/६६ | ३० | १४१ | मुसलमान र थारु | २ | सिसौ | ४ | ७ | ११ | |
| | | | सावित्री | २०६६/६७ | ३३ | १४० | मुसलमान र थारु | २.२ | सिसौ, खयर | २ | ७ | ९ | |
| अछाम | बानतली | ७ | घाघेरान | २०५३/११/९ | १५७ | ३७५ | दलित र ठकुरी | १२५.३१ | खोटे सल्ला, कटुस | २ | ९ | ११ | |
| | | | तर्काजु | २०५३/११/९ | १७५ | ३०७ | दलित र ठकुरी | २८.२८ | खोटे सल्ला, कटुस | ५ | ६ | ११ | |
| | कुईका | १२ | देवडाडा | २०५१/१०/८ | १०८ | ३३४ | क्षेत्री, ठकुरी, ब्राह्मण | ५३ | खोटे सल्ला, कटुस | ४ | ७ | ११ | |
| | | | भेरीछडा नवासैन | २०५४/११/२४ | ३१२ | ६५० | क्षेत्री, ठकुरी | ७० | खोटे सल्ला, कटुस | ५ | १० | १५ | |
| | कुन्तीभण्डारी | १४ | लिष्टीगाड | २०६२/१/१६ | ६८ | २४० | क्षेत्री, ठकुरी, ब्राह्मण | १८४.३२ | खोटे सल्ला, कटुस | ४ | ११ | १५ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कालिका | २०६९/३/३१ | ४९१ | ८६० | क्षेत्री, ठकुरी, ब्राह्मण | १९६.९५ | कटुस र काफल | ४ | ५ | ९ | |
| | मंगलसेन | १९ | मालिका | २०५३/११/९ | ३०३ | ७५० | क्षेत्री, ठकुरी, ब्राह्मण | ७६.११ | कटुस र काफल | ५ | ६ | ११ | |
| | | | भण्डारी | २०५३/११/१६ | १८५ | ५७५ | क्षेत्री, ठकुरी, ब्राह्मण | १९४.६७ | कटुस र काफल | २ | ७ | ९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पर्वत | माझपान्ट | ४ | धुलेपाल्सिन | २०५८/११/२९ | ३६० | २०७२ | ब्राह्मण,क्षेत्री, दलित ठकुरी | १२४.२ हेक्टर | सल्ला चिलाउने, | जम्मा - महिला - पुरुष - | |
| | | | ठुलो सल्लेरी भिरमुनि | २०५२/१२/१९ २०५९/०३/३० | ५७५ | १६४९ | ब्राह्मण,क्षेत्री, दलित ठकुरी | ६९.२२ हेक्टर | साल | जम्मा - महिला - पुरुष - | |
| | बनाउ | ६ स्थानीय वन समूह | चिहानडाँडा स | २०५२/०३/२१ | २८३ | १७७२ | जनजाति(मगर) ब्राह्मण,क्षेत्री, दलित | ८.१४ हेक्टर | उत्तिस चिलाउने, | जम्मा -११ ,महिला-६ पुरुष -५ | |
| | | | फुल्छाडाँडा | २०६२/०८/०७ | १९९ | ११८९ | जनजाति(मगर) ब्राह्मण,क्षेत्री, दलित | ९५.९९ हेक्टर | उत्तिस चिलाउने,गुँरास | जम्मा -११, महिला-५ पुरुष -६ | |
| | कुँगा | १० स्थानीय वन समूह | चिसापानी देबि | २०५१/१२/२८ | १७५ | ११३७ | ब्राह्मण,क्षेत्री, दलित,जनजाति, नेवार | ९९.४१ हेक्टर | उत्तिस, कटुस, ओखर, | जम्मा -१४ ,महिला-१२, पुरुष -२ | |
| | | | सालघारी | २०५७/०३/३० | ४१३ | २५४१ | ब्राह्मण,क्षेत्री, दलित,जनजाति, नेवार | ४९.४ हेक्टर | साल,कटुस, चिलाउने | जम्मा -२३ , महिला-९, पुरुष -१४ | |
| | तिलहर | ७ | एक्लेपाखा | २०५२/०४/१४ | १७१ | १०५८ | ब्राह्मण,क्षेत्री, दलित ठकुरी | २३.८४ हेक्टर | साल,सल्ला, चिलाउने | जम्मा -११, महिला-६ पुरुष -५ | |
| | | | सामाखोरिया | २०५१/०४/०९ | १०८ | ८१३ | ब्राह्मण,क्षेत्री, दलित ठकुरी | ५.६२ हेक्टर | साल,सल्ला, चिलाउने | जम्मा -१३ ,महिला-९ पुरुष -४ | |
| सुर्खेत | विद्यापुर | ८ | भित्रिकोपीला | २०५४/५५ | १२२ | ६८३ | मिश्रित | ३४७ | साज,चिउरी | महिला-५, पुरुष -६ | |
| | विद्यापुर | | पियालभित्ती | २०५५/५६ | २५७ | ११०९ | जनजाति | ७३ | साल,सल्ला, | महिला-४, पुरुष -७ | |
| | बवियाचौर | ११ | सिद्धेश्वरी | २०५१/५२ | २४२ | १५९२ | दलित | १८० | साज,चिउरी | महिला-५, पुरुष -६ | |
| | बवियाचौर | | बराइछि | २०५१/५२ | २०० | ९८१ | दलित | २६४ | साल, साज, | महिला-७, पुरुष -६ | |
| | कुनाथरि | २२ | आमपानी | २०५२/५३ | १७२ | ४७५ | मिश्रित | ३३ | साज,चिउरी | महिला-११, पुरुष -० | |
| | कुनाथरि | | महिलातिलखाल | २०५५/५६ | १३५ | ६६९ | मिश्रित | २८८ | साल,सल्ला, | महिला-४, पुरुष -५ | |
| | पोखरीकाँडा | १० | बुलबुले | २०६४/६५ | १८८ | १००० | जनजाति | २८८ | साज,चिउरी | महिला-४, पुरुष -५ | |
| | पोखरीकाँडा | | नयाँपानी | २०६७/६८ | ८२ | ४४० | जनजाति | ५८ | साल,सल्ला, | महिला-६, पुरुष -७ | |
| रामेछाप | खिम्ति | १२ | आकाशे | ०५०/०३/०७ | ११० | ५६३ | ब्राह्मण,क्षेत्री, भुजेल, | ५५.४० | साल | जम्मा-११, महिला-६ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | पुरुष -५ | |
| | खिम्ति | १२ | धनमाने | ०६१/१०/१९ | २०० | ११०२ | ब्राह्मण,क्षेत्री, भुजेल,सार्की | ११७.५० | साल,सल्ला | जम्मा-१३, महिला-७ पुरुष -६ | |
| | नागदह | १० | यरम्बास | ०५४/०३/०२ | १८१ | ९०५ | तामाङ्ग, विक | ५७.४२ | काफल, उत्तिस,गुँरास | जम्मा-१३, महिला-७ पुरुष -६ | |
| | नागदह | १० | गजेन्द्र काफल | ०५४/०३/०२ | ९७ | ५८२ | तामाङ्ग, विक | २८.९५ | चिलाउने, काफल, | जम्मा-११, महिला-६ पुरुष -५ | |
| | ओखेनी | १४ | पटल तारलिंगा | ०५५/११/०६ | १३१ | ६५५ | तामाङ्ग, विक | १७४.४० | सल्ला,काफल | जम्मा-११, महिला-६ पुरुष -५ | |
| | ओखेनी | १४ | सिलिंगे चिप्लेदुंगा | ०६०/११/०५ | २१७ | ८६९ | तामाङ्ग, विक | ६२.२५ | गुँरास सल्ला,काफल | जम्मा-१५, महिला-७ पुरुष -८ | |
| | हिमगंगा | १४ | चिउरगौरी | ०५५/०३/१४ | ९१ | ४५८ | सुनुवार,मगर,नेपाली, विक | १५८ | साल | जम्मा-१५, महिला-७ पुरुष -८ | |
| | हिमगंगा | १४ | पंचकाली | ०५६/०२/२१ | १३१ | ६६४ | नेवार विक | १०८.४६ | साल सल्ला | जम्मा-११,महिला-५ पुरुष -६ | |
| | सिद्धपोखरी | | फागुने देउराली | ०५७/११/१५ | १२९ | | | ९३.०० | | जम्मा-११, महिला-२ पुरुष -९ | |
| | सिद्धपोखरी | | शुक्रबारे | ०५०/०१/०१ | ७७ | | | १२.२० | | जम्मा-१३, महिला-४ पुरुष -९ | |
| | बाह्रबिसे | | ठुलो पहरा | ०५६/०१/२० | १५१ | | | २१०.५१ | | जम्मा-१३, महिला-४ पुरुष -९ | |
| | बाह्रबिसे | | ढुंगे भाटभटेनी | ०५२/०५/१० | ६४ | | | २६०.५५ | | जम्मा-१०,महिला-३ पुरुष -७ | |
| | मनकामना | | माकसुवा | ०५२/०५/१० | १०३ | | | ९४.९४ | | जम्मा-१३,महिला-३ पुरुष -१० | |
| | मनकामना | | अधेरी भोगटेनी | ०५०/१२/०६ | १०५ | | | ३६.९४ | | जम्मा-१३,महिला-३ पुरुष -१० | |
| | मामलिंग | | एकमभिर | ०५०/१२/०६ | २३९ | | | २६५.६३ | | जम्मा-१३,महिला-३ पुरुष -१० | |
| | मामलिंग | | पाथीभरा | ०५८/०१/०७ | १२३ | | | १९७.९८ | | जम्मा-१५, महिला-५ पुरुष -१० | |
| धनुषा | हरिहरपुर | | सिद्धि चाँदनी | २०६५/०१ | १३० | | | १३ | | जम्मा-७, महिला-२ पुरुष -५ | |
| | | | जलाइद हरित किनारा | ०६९/०४/०१ | १५ | | | ४ | | जम्मा-५, महिला-३ पुरुष -२ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दिगम्बपुर | | जलाइद | ०७२/०३/२३ | १७२९ | | | १५ | | जम्मा-१२,महिला-३ पुरुष -९ | |
| | | | वसनिया खोला | ०६९/०६/२८ | ३० | | | | | जम्मा-६,महिला-२ पुरुष -४ | |
| | गोपालपुर | | मधुवासा | ०५३/०३/१४ | ९२ | | | ७७.२० | | जम्मा-१३,महिला-७ पुरुष -६ | |
| | | | पुष्वलपुर | २०६९ | २५ | | | ८.५ | | जम्मा-२५,महिला-१५ पुरुष -१० | |
| | लोहना | | राजदेवी | ०६६/०८/१५ | ११ | | | १ | | जम्मा-११,महिला-१ पुरुष -१० | |
| | | | भैरव सार्वजनिक कृषिवन जग्गा व्यवस्थापन | ०६६/०८/१५ | ११ | | | १ | | जम्मा-१०, महिला-२ पुरुष -८ | |

# अनुसूची २: प्रश्नावलीहरु

## २.१ घरधुरी सर्वेक्षण प्रश्नावली (Intervention Group)

कोड नं:
उत्तरदाताको नाम,थर: सर्वेक्षकको नाम:
घरमुलीको नाम, थर: अन्तर्वार्ता मिति:
जिल्ला:

**१.साधारण जानकारी**

| **क्र.स.** | **प्रश्न** | **उत्तर (उपयुक्त उत्तरमा गोलो लगाउनुहोस)** |
|---|---|---|
| १.१ | उत्तरदाताको ठेगाना | |
| १.१.१ | जिल्ला | १. संखुवासभा २. धनुषा ३. रामेछाप ४. पर्वत ५. कपिलवस्तु ६. सुर्खेत ७. अछाम |
| १.१.२ | गा.वि.स/न.पा. | न.पा./गा.वि.स. को नाम …………………… <br> वन उपभोक्ता समूहको नाम………………………… |
| १.१.३ | वडा नं | वडा नम्वर ……………………… |
| १.१.४ | टोल वा गाँउको नाम | टोल वा गाँउको नाम …………………… |
| १.२ | उत्तरदाताको लिंग | १. पुरुष २. महिला ३. तेस्रो लिङ्गी |
| १.३ | उत्तरदाताको जातजाति | १. ब्राह्मण– क्षेत्रि, ठकुरी, सन्यासी २.दलित ३.आदिवासि जनजाति ४.नेवार <br> ५. मुस्लिम ६.मधेसी ७.अन्य भएमा उल्लेख गर्ने……………… |
| १.४ | उत्तरदाताको पेशा | १. कृषि/कृषक २.सेवा(जागिर) ३.व्यापार/व्यवसाय ४.ज्यालादारी <br> ५.वैदेशिक रोजगार ६.विद्यार्थी ७.अन्य भएमा उल्लेख गर्ने………………… |
| १.५ | उत्तरदाताको शिक्षा | १. निरक्षर २.साधारण पढ्न र लेख्न सक्ने <br> ३.प्राथामिक/निम्नमाध्यमिक/माध्यमिक ४.प्रवेशिका पास <br> ५.उच्चमावि/आइए सरह ६. उच्चमावि/आईए भन्दा माथि |
| १.६ | उत्तरदाताको उमेर | …………वर्ष |
| १.७ | उत्तरदाताको परिवारका सदस्य संख्या -कतिजना परिवार सदस्य हुनुहुन्छ ? | १. जम्मा……(म……… पु ………) |
| १.८ | तपाईको आफ्नो जग्गाको उत्पादनले खान पुग्छ ? | १. पुग्छ २. पुग्दैन <br> यदि पुग्दैन भने,कति महिना पुग्छ ? <br> १) ९ महिना भन्दा बढी <br> २) ६- ९ महिना <br> ३) ३-६ महिना <br> ४) ३ महिना भन्दा कम |
| १.९ | नपुगेको महिनाको लागि कसरी पुर्याउनु भएको छ ? | यस प्रश्नको जवाफ बहुउत्तर हुन सक्दछ, तसर्थ बहुउत्तर भएमा एक भन्दा बढीमा चिन्ह लगाउने । <br> १. ज्यालादारी गरेर २.कृण लिएर ३.नोकरी गरेर ४.अन्न सापटी लिएर/किनेर ५. गाईवस्तु वा आफु सँग भएको सम्पती बेचेर <br> ६.अन्य,उपाय(उल्लेख गर्ने) …….. |
| १.१० | तपाईको परिवारको बार्षिक अनुमानित नगद आम्दानी कति होला ? | यस प्रश्नको जवाफ बहुउत्तर हुन सक्दछ, तसर्थ बहुउत्तर भएमा एक भन्दा बढीमा चिन्ह लगाउने । <br> बार्षिक आम्दानी(रु) <br> क) नोकरी/पेन्सन………….. ख) ज्याला…………………… <br> ग) व्यापार/व्यावसाय………. घ) पशु/पशु जन्य उत्पादन………………. <br> ङ) कृषि जन्य उत्पादन…………च) बैदेशिक रोजगार………… <br> छ) भाडा……………………… ज) वन स्रोतबाट <br> झ) अन्य (उल्लेख गर्ने)…………..जम्मा नगद आम्दानी रु…… <br> (नोटः यस प्रश्नबाट प्राप्त जानकारीलाई विश्लेषण गर्दा कार्यक्रमको |

| | | |
|---|---|---|
| | | आधारभुत तथ्याङ्क सँग तुलना गरिने) । |

## २. उत्तरदाताको स्थानीय वन समूहसँगको संलग्नता

| | | |
|---|---|---|
| २.१ | तपाई कुनै वन समूहको सदस्य हुनुहुन्छ ? | १.छ २.छैन<br>छ भने कुन समूह हो नाम लेख्ने ..............................<br>१..सामुदायिक वन..............२.साझेदारी वन.................<br>३. कवुलियति वन..............४.सार्वजनिक जग्गा व्यवस्थापन वन<br>५. मध्यवर्ती वन.................६.अन्य (उल्लेख गर्ने)................<br><br>एक भन्दा बढी वन समूहका सदस्य भए सबै वन समूहको नाम उल्लेख गर्ने । |
| २.२ | तपाई उक्त वन समूहको सम्पन्नता स्तरीकरणमा कुन वर्गमा पर्नु हुन्छ ? | १.उच्च २.मध्यम ३.विपन्न ४.अति विपन्न |
| २.३ | तपाई स्थानीय वन समूहको कार्य समितिमा हुनुहुन्छ ? | १.छ<br>२.छैन<br>हुनुहन्छ भने कुन पदमा हुनुहन्छ?<br>१. अध्यक्ष २. उपाध्यक्ष ३.सचिव ४.सहसचिव ५.कोषाध्यक्ष<br>६.कार्यसमिति सदस्य ७.साधरण सदस्य ८.अन्य......... (उल्लेख गर्ने) |

## ३. सान्दर्भिकता

| | | |
|---|---|---|
| ३.१ | तपाईको वन उपभोक्ता समूहले गरेका कामहरु कस्तो लाग्दछ? | १.राम्रो छ २.ठिकै छ ३.नराम्रो छ<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ३.२ | वन उपभोक्ता समूहका कामहरु वन उपभोक्ता समूहको आवश्कता अनुरुप छन् कि छैनन् ? | १. छन् २.ठिकै छ ३. छैनन्<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ३.३ | यस वन समूहमा वन सम्बन्धि काम गर्ने, सहयोग गर्ने कुनै संस्था/कार्यालय छन् ? | १. छन् २. छैनन् ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने) छन् भने नाम उल्लेख गर्नुहोस |
| ३.४ | (छन् भने मात्र) सहयोगी गैर सरकारी संस्था, निकायको योजना, कामहरु तथा सहयोग उपभोक्ताको आवश्यकता अनुसार छन् कि छैनन् ? | १. छ २. छैन ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ३.५ | जिल्ला वन कार्यलय(इलाका/रेन्जपोष्ट)को काम तथा सहयोग कति उपयुक्त र सान्दर्भिक छन् ? | १.राम्रो छ २.ठिकै छ ३.नराम्रो छ ४.थाहा छैन<br>५.अन्य..............(उल्लेख गर्ने) |
| ३.६ | समूहमा आधारित वन कार्यक्रम स्थानीय ( सामूदायिक वन, साझेदारी वन) तपाईका लागि कति उपयुक्त र सान्दर्भिक छ ? | १. छ २. छैन ३. थाहा छैन |

## ४. प्रभावकारिता

| | | |
|---|---|---|
| ४.१ | तपाईले वन उपोभक्ता समूह जि.व.का/गै.स.स.को सहयोग पाउनु भएको छ ? | १.पाएको छु २.पाएको छैन ३.थाहा छैन<br>४. अन्य..............(उल्लेख गर्ने) |
| ४.२ | यदि सहयोग पाउनु भएको छ भने के के सहयोग पाउनु भएको छ उल्लेख गर्नुहोला ? | यस प्रश्नको जवाफ बहुउत्तर हुन सक्दछ, तसर्थ बहुउत्तर भएमा एक भन्दा बढीमा चिन्ह लगाउने ।<br>१.काठ २.दाउरा ३.घाँस ४.स्याउला ५.पानीको स्रोत<br>६.स्वच्छ हावा ७.तालीम ८.रोजगारी ९.उद्यम तथा आयआर्जनका लागि घुम्तीकोष, नहर १०.जडीबुटी ११.सामुदायिक विकासका कामहरु १२.जलवायू परिवर्तन सम्बधित सहयोग<br>१३.अन्य उल्लेख गर्ने............... |
| ४.३ | कार्यान्वयन गर्ने निकाय गैर सरकारी संस्था/जिवकाले गरेका कामहरु कति प्रभावकारी छन् ? | १.प्रभावकारी छन् २.ठिकै छन् ३.अलिअलि प्रभावकारी छन्<br>४.प्रभावकारी छैनन् ५.थाहा छैन ६. अन्य..............(उल्लेख गर्ने) |
| ४.४ | गैर सरकारी संस्थाले गरेका कामहरु गरिव, महिला, विपन्न लक्षित छन् कि छैनन् ?<br>यदि छ भने सहयोगबाट गरिव, महिला, विपन्नले | १. छन २. छैनन् ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने)<br>१. छन २. छैनन् ३. थाहा छैन |

| | | |
|---|---|---|
| | फाइदा पाएका छन् ? | |
| ४.५ | बहुसरोकारवाला वन समूहका कार्यान्वयन निकायले तपाईहरुको आवश्यकता अनुसारको क्रियाकलापमा सहयोग गरेका छन् ? | १. छन २. छैनन् ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने) |

## ५. कार्यदक्षता

| | | |
|---|---|---|
| ५.१ | वन उपभोक्ता समूहको कोष वा रकम सही ठाउँमा प्रयोग भएको छ ? | १. छ २. छैन ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ५.२ | समूहको निणर्य प्रक्रिया र कोष परिचालन कति पारदर्शी छ ? | १. छ २. छैन ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ५.३ | समूहले लगानी गरेअनुसार फाईदा/प्रतिफल प्राप्त भएको छ ? | १. छ २. छैन ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ५.४ | समूहको कोषको रकम कति छ थाहा छ ? | १.थाहा छ २.थाहा छैन ३.अन्य..............(उल्लेख गर्ने) |
| ५.५ | कोष कस्ले संञ्चालन गर्छ ? | ............................ |
| ५.६ | कोषको वार्षिक लेखा परिक्षण हुन्छ कि हुदैन ? | १.हुन्छ २.हुदैन |

## ६.प्रभाव

| | | |
|---|---|---|
| ६.१ | तपाईले वा तपाईको परिवारले यस वन उपभोक्ता समूहबाट विगत तिन चार वर्षमा केही फाईदा पाउनु भएको छ ? | १. छ २. छैन ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ६.२ | फाईदा पाएको छ भने, के कस्तो फाईदा पाउनु भएको छ ? | यस प्रश्नको जवाफ बहुउत्तर हुन सक्दछ तसर्थ बहुउत्तर भएमा एक भन्दा बढीमा चिन्ह लगाउने ।<br>१.दाउरा/बास/काठ/स्याउला २.उद्यम वा आयआर्जनका लागि घुम्ती कोष/श्रृण/नगद ३.रोजगारी.............(के हो उल्लेख गर्ने)<br>४.सामुदायीक विकासमा कामहरु ..............(उल्लेख गर्ने)<br>५.जलवायू परिवर्तन अनुकुल कार्यक्रम ..............(उल्लेख गर्न)<br>६. अन्य उल्लेख गर्ने............ |

६.३ विगत ३/४ वर्षमा यदि रोजगारी पाउनु भएको छ भने

| रोजगारीको किसिम | रोजगार भएको समय (कति वर्ष/महिना/दिन) | आम्दानी रु.(वार्षिक) |
|---|---|---|
| | | |
| | | |

नोटः महिनामारी तथा दैनिक रोजगारीबाट पाउने ज्यालाको वार्षिक आम्दानी हिसाब गर्दा कुल जम्मा आम्दानी मात्र उल्लेख गर्ने । जस्तैः कुनै व्यक्ति वर्षमा ४ महिना रोजगारी पाएको छ र महिनामा रु १०,००० तलब पाउने भए वार्षिक आम्दानीमा १००००*४= रु ४०००० उल्लेख गर्ने ।

६.४ विगत ३/४ वर्षमा यदि आयआर्जन वा जिविकोपार्जनका लागि सहयोग पाउनु भएको छ भने

| क.स. | जीविकोपार्जन क्रियाकलापहरु (यहाँ उल्लेख गर्ने) | सहयोग (नगद,जिन्सि,सीप , तालिम, प्राविधिक सहयोगको परिणाम उल्लेख गर्नुहोस | सहयोगको प्रयोग के मा गर्नुभयो ? | सहयोगको हालको अवस्था कस्तो छ ? |
|---|---|---|---|---|
| १ | वनमा आधारित आयआर्जन | १.नगद रुः .................<br>२.जिन्सिः....................<br>३.सीप :......................<br>४.तालिमः...................<br>५.प्राविधिक सहयोगः...... | १. .................<br>२.....................<br>३......................<br>४.:...................<br>५.: | १.नगद रुः .................<br>२.जिन्सिः....................<br>३.सीप :......................<br>४.तालिमः...................<br>५.प्राविधिक सहयोगः |
| २. | कृषिमा आधारित आयआर्जन | १.नगद रुः .................<br>२.जिन्सिः....................<br>३.सीप :......................<br>४.तालिमः...................<br>५.प्राविधिक सहयोगः...... | १.<br>२:...................<br>३......................<br>४....................<br>५. | १.नगद रुः .................<br>२.जिन्सिः....................<br>३.सीप :......................<br>४.तालिमः...................<br>५.प्राविधिक सहयोगः |
| ३. | पशुपालनमा आधारित आयआर्जन | १.नगद रुः :...............<br>२.जिन्सिः....................<br>३.सीप :......................<br>४.तालिमः...................<br>५.प्राविधिक सहयोगः...... | १ .................<br>२.....................<br>३.......................<br>४....................<br>५. | १.नगद रुः .................<br>२.जिन्सिः....................<br>३.सीप :......................<br>४.तालिमः...................<br>५.प्राविधिक सहयोगः |
| ४. | वन उद्यम ( समिल,हाते,कागत | १.नगद रुः .................<br>२.जिन्सिः.................... | १ .................<br>२..................... | १.नगद रुः .................<br>२.जिन्सिः.................... |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उद्योग, फर्निचर, सुगन्धित तेल,जुस , अल्लो ) | ३.सीप :…………………<br>४.तालिमः……………….<br>५.प्राविधिक सहयोगः…… | ३……………………<br>४………………..<br>५. | ३.सीप :…………………<br>४.तालिमः……………….<br>५.प्राविधिक सहयोगः |
| | ५ | खुद्रा व्यापार तथा व्यवसाय | १.नगद रु ……………..<br>२.जिन्सिः…………………<br>३.सीप :…………………<br>४.तालिमः……………….<br>५.प्राविधिक सहयोगः…… | १. ……………..<br>२…………………<br>३……………………<br>४………………..<br>५. | १.नगद रु ……………..<br>२.जिन्सिः…………………<br>३.सीप :…………………<br>४.तालिमः……………….<br>५.प्राविधिक सहयोगः |
| | ६ | जडिबुटि खेति | १.नगद रु ……………..<br>२.जिन्सिः…………………<br>३.सीप :…………………<br>४.तालिमः……………….<br>५.प्राविधिक सहयोगः…… | १. ……………..<br>२…………………<br>३……………………<br>४………………..<br>५. | १.नगद रु ……………..<br>२.जिन्सिः…………………<br>३.सीप :…………………<br>४.तालिमः……………….<br>५.प्राविधिक सहयोगः |
| | ७ | अन्य (उल्लेख गर्ने) | | | |

६.५ यदि जलवायु परिवर्तनसँग सम्बन्धित सहयोग पाउनु भएको छ भने

| क्रियाकलापहरु (के) | सहयोगको प्रकार (नगद, प्राविधिक तालिम, जिन्सी) | तपाईले पाउनु भएका फाइदा/परेको प्रभाव |
|---|---|---|
| …………<br>………… | …………<br>………… | …………<br>………… |

६.६ तपाई वा तपाईको घर सदस्य भएको वनको अवस्थामा विगत ३/४ वर्ष यता के कस्ता सकारात्मक तथा नकारात्मक परिवर्तन पाउनु भएको छ ?
यस प्रश्नको जवाफ बहुउत्तर हुन सक्दछ तसर्थ बहुउत्तर भएमा एक भन्दा बढीमा चिन्ह लगाउने ।

| सकारात्मक परिवर्तन | हो /होईन | नकारात्मक परिवर्तन | हो /होईन |
|---|---|---|---|
| १) वनको संरक्षण राम्रो भएको छ ।<br>२) वनमा हरियाली बृद्धि भएको छ ।<br>३) वनमा वन्यजन्तुहरु बढेका छन् ।<br>४) चोरी निकासी तथा कटानी बन्द भएको छ ।<br>५) पानीका मुहान संरक्षण भएका छन् ।<br>६) पानीका स्रोत बढेका छन् ।<br>७) वनमा आगलागि कम भएको छ ।<br>८) वनमा जडिबुटि तथा नयाँ प्रजातिको बृद्धि भएको छ ।<br>९) यो वन हाम्रो हो भन्ने भावना स्थानीयमा आएको छ ।<br>१०) वनको व्यवस्थापन राम्रो भएको छ ।<br>११) अन्य उल्लेख गर्ने | | १. वन मासिदै गएको छ ।<br>२.वन डढेलो बढेको छ<br>३.चोरी निकासी बढेको छ ।<br>४.वनको अवस्था पहिले भन्दा खराब भएको छ ।<br>५.वनमा प्रजातीहरु मासिदै गएका छन्<br>६.वनको अतिक्रमण भएको छ ।<br>७. अन्य भए उल्लेख गर्ने | |

| | | |
|---|---|---|
| ६.७ | वन समूहको काम प्रति तपाई कति सन्तुष्ट हुनुहुन्छ ? | १. छु २. ठिकै छ ३. अलिअलि सन्तुष्ट छ ४.छैन ५. थाहा छैन |
| ६.८ | वनक्षेत्रमा काम गर्ने/सहयोग गर्ने सरकारी निकायहरु जिल्ला वन कार्यालय, सेक्टरको सहयोगबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | १. छु २. ठिकै छ ३. अलिअलि सन्तुष्ट छ ४.छैन ५. थाहा छैन |
| ६.९ | वन क्षेत्रमा काम गर्ने/सहयोग गर्ने गैह्रसरकारी निकायको सहयोग बाट यहाँ कति सन्तुष्ट हुनुहुन्छ ? | १. छु २. ठिकै छ ३. अलिअलि सन्तुष्ट छ ४.छैन ५. थाहा छैन |

## ७.दिगोपना

| | | |
|---|---|---|
| ७.१ | तपाईको वन उपभोक्ता समूह विगत ३/४ वर्षमा थप सकृय तथा वलियो भएको छ ? | १. छ २. छैन ३. उस्तै छ ४. थाहा भएन ५. अन्य (उल्लेख गर्ने ) |
| ७.२ | बाहिरी संस्थाको सहयोग नभएपनि यो समूहले हाल गरिरहेका क्रियाकलापहरुलाई निरन्तरता दिन सक्छ ? | १. सक्दछ २. केहि समयलाई त सहयोग चाहिन्छ । ३. सक्दैन ४. थाहा छैन ५. अन्य (उल्लेख गर्ने) |
| ७.३ | तपाईले सञ्चालित गर्नु भएको आयआर्जन, उद्यमलाई अन्य संस्थाबाट सहयोग नभए पनि निरन्तरता दिनुहुन्छ ? | १. दिन्छु २.दिन्न ३.अन्य (उल्लेख गर्ने) |
| ७.४ | वन समूहबाट जि.व.का वा गै.स.स बाट भविष्यमा के कस्तो सहयोगको अपेक्षा गर्नुभएको छ ? | अपेक्षाको गरेमा उल्लेख गर्ने …………………… |
| ७.५ | तपाईको घर परिवारलाई भूकम्पको असर के परेको छ ? | उल्लेख गर्ने …………………. |

## २.२ घरधुरी सर्वेक्षण प्रश्नावली (Comparision group)

कोड नं:

उत्तरदाताको नाम,थर:

घरमुलीको नाम, थर:

सर्वेक्षकको नाम:

अन्तर्वार्ता मिति:

जिल्ला:

### १.साधारण जानकारी

| क्र.स. | प्रश्न | उत्तर (उपयुक्त उत्तरमा गोलो लगाउनुहोस) |
|---|---|---|
| १.१ | उत्तरदाताको ठेगाना | |
| १.१.१ | जिल्ला | १. संखुवासभा २. धनुषा ३. रामेछाप ४. पर्वत ५. कपिलवस्तु ६. सुर्खेत ७. अछाम |
| १.१.२ | गा.वि.स/न.पा. | न.पा./गा.वि.स. को नाम ........................<br>वन उपभोक्ता समूहको नाम.............................. |
| १.१.३ | वडा नं | वडा नम्वर लेख्ने............................. |
| १.१.४ | टोल वा गाँउको नाम | टोल वा गाँउको नाम .......................... |
| १.२ | उत्तरदाताको लिंग | १. पुरुष २. महिला ३. तेस्रो लिङ्गी |
| १.३ | उत्तरदाताको जातजाति | १. ब्राह्मण क्षेत्रि, ठकुरी, सन्यासी २.दलित ३.आदिवासि जनजाति ४.नेवार ५. मुस्लिम ६.मधेसी ७.अन्य भएमा उल्लेख गर्ने.................. |
| १.४ | उत्तरदाताको पेशा | १. कृषि/कृषक २.सेवा(जागिर) ३.व्यापार/व्यवसाय ४.ज्यालादारी ५.वैदेशिक रोजगार ६.विद्यार्थी ७.अन्य भएमा उल्लेख गर्ने..................... |
| १.५ | उत्तरदाताको शिक्षा | १. निरक्षर २.साधारण पढ्न र लेख्न सक्ने<br>३.प्राथामिक/निम्नमाध्यमिक/माध्यमिक ४.प्रवेशिका पास<br>५.उच्चमावि/आइए सरह ६. उच्चमावि/आईए भन्दा माथि |
| १.६ | उत्तरदाताको उमेर | .............वर्ष |
| १.७ | उत्तरदाताको परिवारका सदस्य संख्या -कतिजना परिवार सदस्य हुनुहुन्छ ? | १. जम्मा.......(म.......... पु ..........) |
| १.८ | तपाईको आफ्नो जग्गाको उत्पादनले खान पुग्छ ? | १. पुग्छ २. पुग्दैन<br>यदि पुग्दैन भने,कति महिना पुग्छ ?<br>१) ९ महिना भन्दा बढी<br>२) ६- ९ महिना<br>३) ३-६ महिना<br>४) ३ महिना भन्दा कम |
| १.९ | नपुगेको महिनाको लागि कसरी पुर्याउनु भएको छ ? | यस प्रश्नको जवाफ बहुउत्तर हुन सक्दछ, तसर्थ बहुउत्तर भएमा एक भन्दा बढीमा चिन्ह लगाउने ।<br>१. ज्यालादारी गरेर २.ऋृण लिएर ३.नोकरी गरेर ४.अन्न सापटी लिएर/किनेर ५. गाईवस्तु वा आफु सँग भएको सम्पती बेचेर ६.अन्य,उपाय(उल्लेख गर्ने) ........ |
| १.१० | तपाईको परिवारको बार्षिक अनुमानित नगद आम्दानी कति होला ? | यस प्रश्नको जवाफ बहुउत्तर हुन सक्दछ, तसर्थ बहुउत्तर भएमा एक भन्दा बढीमा चिन्ह लगाउने ।<br>बार्षिक आम्दानी(रु)<br>क) नोकरी/पेन्सन.............. ख) ज्याला........................<br>ग) व्यापार/व्यावसाय........... घ) पशु/पशु जन्य उत्पादन....................<br>ङ) कृषि जन्य उत्पादन............च) बैदेशिक रोजगार............<br>छ) भाडा.......................... ज) वन स्रोतबाट<br>झ) अन्य (उल्लेख गर्ने)..............जम्मा नगद आम्दानी रु......<br>(नोट: यस प्रश्नबाट प्राप्त जानकारीलाई विश्लेषण गर्दा कार्यक्रमको आधारभुत तथ्याङ्क सँग तुलना गरिने) । |

### २. उत्तरदाताको स्थानीय वन समूहसँगको संलग्नता

| | | |
|---|---|---|
| २.१ | तपाई कुनै वन समूहको सदस्य हुनुहुन्छ ? | १.छ २.छैन<br>छ भने कुन समूह हो नाम लेख्ने .............................. |

| | | |
|---|---|---|
| | | १..सामुदायिक वन..............२.साझेदारी वन.................<br>३. कबुलियति वन..............४.सार्वजनिक जग्गा व्यवस्थापन वन<br>५. मध्यवर्ती वन.................६.अन्य (उल्लेख गर्ने)................<br><br>एक भन्दा बढी वन समूहका सदस्य भए सबै वन समूहको नाम उल्लेख गर्ने । |
| २.२ | तपाई उक्त वन समूहको सम्पन्नता स्तरीकरणमा कुन वर्गमा पर्नुहुन्छ ? | १.उच्च २.मध्यम ३.विपन्न ४.अति विपन्न |
| २.३ | तपाई स्थानीय वन समूहको कार्य समितिमा हुनुहुन्छ ? | १.छ<br>२.छैन<br>हुनुहन्छ भने कुन पदमा हुनुहन्छ?<br>१. अध्यक्ष २. उपाध्यक्ष ३.सचिव ४.सहसचिव ५.कोषाध्यक्ष<br>६.कार्यसमिति सदस्य ७.साधरण सदस्य ८.अन्य......... (उल्लेख गर्ने) |

## ३. सान्दर्भिकता

| | | |
|---|---|---|
| ३.१ | तपाईको वन उपभोक्ता समूहले गरेका कामहरु कस्तो लाग्दछ? | १.राम्रो छ २.ठिकै छ ३.नराम्रो छ<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ३.२ | वन उपभोक्ता समूहका कामहरु वन उपभोक्ता समूहको आवश्कता अनुरुप छन् कि छैनन् ? | १. छन् २.ठिकै छ ३. छैनन्<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ३.३ | यस वन समूहमा वन सम्बन्धि काम गर्ने, सहयोग गर्ने कुनै संस्था/कार्यालय छन् ? | १. छन् २. छैनन् ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने) छन् भने नाम उल्लेख गर्नुहोस |
| ३.४ | (छन् भने मात्र) सहयोगी गैर सरकारी संस्था, निकायको योजना, कामहरु तथा सहयोग उपभोक्ताको आवश्यकता अनुसार छन् कि छैनन् ? | १. छ २. छैन ३. थाहा छैन<br>४.अन्य..............(उल्लेख गर्ने) |
| ३.५ | जिल्ला वन कार्यलय(इलाका/रेन्जपोष्ट)को काम तथा सहयोग कति उपयुक्त र सान्दर्भिक छन् ? | १.राम्रो छ २.ठिकै छ ३.नराम्रो छ ४.थाहा छैन<br>५.अन्य..............(उल्लेख गर्ने) |
| ३.६ | समूहमा आधारित वन कार्यक्रम स्थानीय ( सामूदायिक वन, साझेदारी वन) तपाईका लागि कति उपयुक्त र सान्दर्भिक छ ? | १. छ २. छैन ३. थाहा छैन |

## ४. प्रभावकारिता

| | | |
|---|---|---|
| ४.१ | तपाईले वन उपोभक्ता समूह जि.व.का/गै.स.स.को सहयोग पाउनु भएको छ ? | १.पाएको छु २.पाएको छैन ३.थाहा छैन<br>४. अन्य..............(उल्लेख गर्ने) |
